



श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्धारा मिति २०७२/०४/३१ गते गठित छानबीन कार्यटोलीको

# अध्ययन प्रतिवेदन

२०७२ साल मंसिर





# कार्यकारी सारांश

## पृष्ठभूमि

विभिन्न कालखण्डमा गएका ठूला-ठूला भूकम्पहरूबाट अति भूकम्पीय जोखिमयुक्त मुलूकहरूको ११ औं स्थानमा रहेको नेपालमा धेरै ठूलो जनधनको क्षति पुगेको देखिन्छ। विक्रम सम्वत् २०७२ साल बैशाख १२ गते ११:५६ बजे काठमाण्डौंबाट ७६ किलोमिटर उत्तर पश्चिममा रहेको गोरखा जिल्लाको वारपाक आसपास केन्द्रविन्दु बनाई गएको म्याग्निच्युड (Magnitude) ७.६ को बिनासकारी भूकम्प तथा म्याग्निच्युड ६ माथिका ३ सहित म्याग्निच्युड ४.० माथिका ३०० भन्दा बढी पराकम्पनहरू समेतबाट देशभरमा ८,८९१ जनाको मृत्यु, २२,३०० जना घाईते एवं करिब ८० लाख जनता भूकम्पबाट प्रभावित भएको सरकारी तथ्याङ्क छ। भूकम्पबाट समग्रमा ५७ जिल्ला प्रभावित भएको र सो मध्ये १४ जिल्लामा भूकम्पको प्रभाव बढी परेकोले उक्त जिल्लाहरूलाई नेपाल सरकारले संकटग्रस्त जिल्ला घोषणा गरी खोज, उद्धार तथा राहत कार्य सञ्चालन गरेको देखिन्छ।

विनाशकारी भूकम्पबाट सरकारी तथा निजी भवन, विद्यालय तथा स्वास्थ्य संस्था, सडक, पुल, खानेपानी, सांस्कृतिक सम्पदाहरु, जलविद्युत आयोजना लगायतका क्षेत्रमा अत्याधिक क्षति पुगेको साथै लाङटाङ क्षेत्र लगायतका केही मानव वस्तीहरु पूर्ण रूपमा विस्थापित भएको पाईयो। नेपाल सरकारले भवन निर्माण आचार संहिताको प्रभावकारी कार्यान्वयन गर्न नसकेको कारण शहरी क्षेत्रमा समेत भूकम्पबाट ठूलो मानवीय तथा भौतिक क्षति पुग्न गएको देखियो। यसैगरी, ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरूको समयमै जिर्णोद्धार हुन नसक्दा अधिकांश धरोहरहरू सहित कमजोर संरचना भएका ५ लाख भन्दा बढी घरहरू नष्ट हुन गएको देखिन्छ।

## उद्धार तथा राहत कार्यमा नेपाल सरकारको पहल

विनाशकारी भूकम्प पश्चात् तत्कालै मन्त्रिपरिषद र केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठक बसी खोज तथा उद्धार कार्यमा राष्ट्रिय क्षमता अपूग रहेको भनी अन्तराष्ट्रिय सहयोगको लागि आव्हान गर्दै सबै सरकारी, गैरसरकारी तथा आम नागरिक समेतलाई उद्धार तथा राहत कार्यमा जुट्न सार्वजनिक अपील गरेको देखिन्छ। पीडितहरूको जीवितै उद्धार, खोज तथा राहत संकलन एवं वितरण कार्यलाई स्थानीय स्तरसम्म प्रभावकारी र व्यवस्थित बनाउन भूकम्प प्रभावित

जिल्लाहरूका जिल्ला दैवी प्रकोप उद्धार समितिलाई समेत तत्काल परिचालन गर्ने गरी केन्द्रबाट निर्देशन भएको देखिन्छ। यसैगरी, नेपाल सरकारबाट उद्धार तथा राहत कार्यमा प्रयोग गर्ने गरी रू.९ अर्ब ५० करोड प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरी अन्य दातृ निकाय, सर्वसाधारण समेतलाई सहयोग रकम उपलब्ध गराउन सार्वजनिक सूचना जारी गरेको देखिन्छ भने कोषमा जम्मा हुन आएको रकम रू.१६,२४,९१,६१,३३३।५१ तत्काल पीडितहरूको उपचार तथा राहतमा केन्द्रीय दैवी प्रकोप उद्धार समिति, सम्बन्धित मन्त्रालय, विभाग मार्फत खर्च गरेको देखिन्छ।

यसैगरी भूकम्पमा परी ज्यान गुमाउने पीडितहरूको लागि नेपाल सरकारले राहत स्वरूप राहत सम्बन्धी मापदण्ड, २०६४ अनुसार मृतकका नजिकका हकवालालाई प्रति मृतक किरिया खर्च रु. ४०,०००।-, थप राहत खर्च रकम प्रति मृतक परिवार रू.१,००,०००।- र घर पूर्ण रूपमा क्षति भएका परिवारलाई रू.१५,०००।- का दरले राहत रकम उपलब्ध गराएको देखियो। यसैगरी नेपाल सरकारले केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र (नेपाल खाद्य संस्थान, नेशनल ट्रेडिङ्ग लि.) को स्थापना गरी विभिन्न श्रोतहरूबाट प्राप्त हुन आएका राहत सामग्रीहरू तत्काल पीडितहरूलाई वितरण गर्ने उद्देश्यले सम्बन्धित जिल्लाहरूमा पठाई स्थानीय संयन्त्रहरूको सहयोगमा वितरण गरेको देखियो। भूकम्प पीडितहरुको खोज तथा उद्धार, राहत सामग्री तथा रकमको वितरणमा स्थानीय संयन्त्रहरू विशेष गरी जिल्ला दैवी प्रकोप उद्धार समिति, सुरक्षा निकाय, गा.वि.स. तथा वडा सचिवहरू, वडा नागरिक मञ्च, नेपाल रेडक्रस लगायत विभिन्न संघ, संस्थाहरूले प्रशंसनीय भूमिका निर्वाह गरेको पीडित, स्थानीयवासी तथा अन्य सरोकारवालाहरूसँगको छलफल, अन्तरक्रियाबाट जानकारी प्राप्त भयो।

## विपद् पछिको आवश्यकता आंकलन प्रतिवेदन र नेपालको पुनर्निमाणका लागि अन्तर्राष्ट्रिय सम्मेलन

राष्ट्रिय योजना आयोगले तयार गरेको "विपद् पछिको आवश्यकता आंकलन (Post Disaster Needs Assessment-PDNA)" प्रतिवेदनले भूकम्पबाट भौतिक क्षति तर्फ रू.५१७ अर्ब र सोबाट वस्तु तथा सेवाको उत्पादनमा बढ्ने लागत रू.१८९ अर्ब गरी जम्मा रू.७०६ अर्ब बराबरको क्षतिको मूल्यांकन गरेको र जसको पुनर्निर्माण र पुनर्स्थापनाको लागि रू.६६९ अर्ब रकम आवश्यक पर्ने देखाएको छ। मिति २०७२ असार १० गते काठमाण्डौमा सम्पन्न नेपालको पुनर्निमाणका लागि अन्तर्राष्ट्रिय सम्मेलन (International Conference on Nepal's

Reconstruction-ICNR) मा सहभागी मित्र राष्ट्र तथा दातृ निकायहरूबाट ५१३.५ मिलियन अमेरिकी डलर तत्काल प्रदान गर्ने सम्झौता भएको र रू.४१० अर्ब रकम थप सहयोग गर्ने प्रतिबद्धता प्रकट भएको देखिन्छ। यसैगरी भूकम्प पीडितहरुका लागि पुनर्बास एवं पुनर्निमाण कार्यक्रम संचालन गर्न नेपाल सरकारले रू.२०० अर्बको राष्ट्रिय पुनर्निर्माण कोष स्थापना गर्ने निर्णय गरेको र सोका लागि आ.व. ०७१/७२ मा रू.१० अर्ब रकम कोषमा जम्मा गरेको देखिएतापनि कोषको परिचालन गरी पीडितहरूको पुनर्बास तथा पुनर्निर्माण कार्यक्रम संचालन गर्न आवश्यक कानून तथा संयन्त्र विकास गर्न बाँकी रहेको देखिन्छ।

## छानवीन कार्यटोलीको गठन

विपद् व्यवस्थापनमा सारा राष्ट्र एक ठाउँमा उभिएको र नेपाल सरकार तथा मातहत निकायहरूबाट पीडितहरूको खोज, उद्धार तथा राहत कार्यमा थुप्रै प्रशंसनीय भूमिका निर्वाह गरेको देखिएतापनि केही विषयहरूलाई सरकारले नियमित गर्न नसकेको, पीडितको पहिचानमा राजनीतिक दबाव र प्रभाव रहेको, भंसार व्यवस्थापन, राहत सामग्रीहरूको सहज आपूर्ति प्रभाकारी तथा वितरण न्यायोचित हुन नसकेको, राहत स्वरूप संकलन भएको तथा अन्य सरकारी रकम मापदण्ड विपरित खर्च भएको र सम्बन्धित निकायहरूबाट अनुगमन हुन नसकेको भनी राष्ट्रिय तथा अन्तराष्ट्रिय संचार माध्यमहरूबाट समाचार प्रकाशन तथा प्रसारण भएको पाईयो। यसैगरी, गैर पीडित व्यक्तिहरूले समेत सरकारी राहत रकम तथा भूकम्प पीडित परिचय पत्र लिएको, सरकारी रकमको खर्चमा भ्रष्टाचार भएको भनी आयोगमा समेत उजुरी निवेदन पर्न आएको सम्बन्धमा ध्यानाकर्षण भई आयोगको मिति २०७२।०४।३१ गतेको निर्णय अनुसार छानवीन कार्यटोली गठन गरी राहत सामग्रीहरुको संकलन तथा वितरण वीचको सामन्जस्यता, राहत स्वरूप प्राप्त भएका रकमको उपयोग, भन्सार छुटमा आयात भएका राहत सामग्रीहरुको विक्री बितरणको अवस्था, दातृ निकायहरूबाट प्राप्त आर्थिक सहयोग एवं प्रतिबद्धता र उपयोग, नेपाल सरकारबाट विपद् व्यवस्थापनको लागि विनियोजित रकमको खर्चको अवस्था जस्ता विषयमा अध्ययन तथा छानवीन गरी प्रतिवेदन पेश गर्न निर्देश गरिएको थियो।

## कार्यटोलीको निष्कर्ष

### क. कानूनी तथा नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्था

नेपाल सरकारबाट विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६; राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७०; विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७; Nepal Risk Reduction Consortium, 2009; Guidelines on Emergency Preparedness and Disaster Management for Hospitals, 2002 लगायत धेरै कानूनी संरचनाहरू तयार गरेको, उल्लेखित कानूनी तथा नीतिगत संरचनाहरूले भूकम्प जस्ता प्राकृतिक विपत्तिमा केन्द्रीय निकाय, सो अन्तर्गतका विभागहरु र स्थानीय निकायहरूबाट सम्पादन गर्नुपर्ने कार्य तथा जिम्मेवारी लगायतका बिषयहरुको बारेमा स्पष्ट रूपमा उल्लेख गरेको भएतापनि उल्लेखित व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन भएको तथा पर्याप्त मात्रामा पूर्व तयारीका व्यवस्थाहरू गरेको देखिएन। फलस्वरूप नेपाल सरकारले भूकम्पको समयमा धेरै लोकप्रिय निर्णयहरू गरेको देखिएपनि कार्यान्वयन पक्ष आशातित सबल देखिएन। यसैगरी, नेपाल सरकारले विपद् व्यवस्थापनमा केन्द्रीय तथा समन्वयकारी भूमिका निर्वाह गर्न राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र (National Emergency Operation Center-NEOC) को व्यवस्था गरेको देखिए पनि NEOC ले आफ्नो मुख्य जिम्मेवारीको रूपमा रहेको प्रतिकार्य योजना तयार गर्ने, राहत संकलन, वितरण प्रणालीको विकास गर्ने पर्याप्त दक्ष जनशक्ति तथा संसाधनको विकास तथा संयोजन गर्ने गरेको देखिएन भने संकलन भएको राहत सामग्रीहरूको वितरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको देखिएन।

### ख. एकद्वार प्रणाली तथा राहत वितरण

पीडितहरूको लागि राहत सामग्रीहरूको संकलन तथा वितरण सम्बन्धमा नेपाल सरकारले एकद्वार प्रणाली लागू गर्ने भनी निर्णय गरेतापनि स्थायी संयन्त्रको क्षमताको अभावका कारण प्रभावकारी रूपमा लागू हुन सकेको देखिएन भने कतिपय जिल्लाहरूमा विभिन्न संघ, संस्थाहरूले सडक पहुँच भएका र आफ्नो कार्य क्षेत्रमा मात्र राहत कार्यक्रम सञ्चालन गरेको आयोगको कार्यटोलीबाट स्थलगत अध्ययनको क्रममा पीडित तथा अन्य सरोकारवालाहरूसँग गरिएको अन्तरक्रियाबाट खुल्न आयो। यसैगरी नेपाल सरकारले विपद् व्यवस्थापनमा खटिने दक्ष मानवश्रोतको पर्याप्त विकास, जोखिमको पूर्व आंकलन, साझेदारहरूको पहिचान गरी एकीकृत

कार्ययोजना तथा परिचालन रणनीति, कार्यबिधि तयार गरी कार्यान्वयनमा ल्याउन सकेको देखिएन।केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।२० गतेको निर्णयले संकटग्रस्त क्षेत्रमा पीडितको पहिचान तथा क्षतिको विवरण संकलन गर्न संक्षिप्त कार्यबिधि बनाई प्राबिधिक सहितको टोली परिचालन गरेको तर केही जिल्लाहरूमा प्राविधिकहरूले दिएको प्रतिवेदनमा उल्लेखित पूर्ण घर क्षतिको संख्या अस्वाभाविक रूपमा बढी देखिएकोले त्यसमा स्थानीय दबाव र प्रभाव परेको देखियो। सो कुराको पुष्टी विभिन्न जिल्लाहरूले गैरपीडितहरूबाट फिर्ता लिएको रकम, गैरपीडितहरुले राहत रकम लिएको भन्ने सम्बन्धमा ठूलो संख्यामा परेको उजुरी र पीडितहरूको गुनासोबाट हुने देखियो। पीडित पहिचान र क्षतिको मुल्याङ्कन गर्ने सम्बन्धमा केन्द्रबाट खटिएको प्राविधिक टोलीले तयार गरेको प्रतिवेदनमा बढी परिवार संख्या देखाउन परिवारको विखण्डन गर्ने, कृत्रिम परिवार खडा गर्ने प्रवृति देखिएकोले भविष्यमा सरकारले पीडितहरूलाई आवास निर्माण लगायतमा सहुलियत ऋण तथा अनुदान दिँदा पुनः प्रमाणीकरण गर्नुपर्ने देखियो।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा भएको १६ अर्ब भन्दा बढीको रकम केन्द्रीय दैवी प्रकोप उद्धार समिति तथा सम्बन्धित मन्त्रालयहरु मार्फत स्थानीय स्तरका निकायहरूलाई सोही कार्यालयबाट नै लेखा परीक्षण हुने गरी निकासा भएको पाईयो ।उल्लेखित रकम मध्ये १५ अर्ब केन्द्रीय दैवी प्रकोप उद्धार समिति मार्फत विभिन्न मन्त्रालयहरूको नाममा निकासा भएको र सो रकमबाट भूकम्पमा परी मृत्यु भएका परिवारको लागि राहत रकम, स्थानीय स्तरमा अत्यावश्यक रहेको सामग्रीहरूको खरिद, खानेपानी आयोजनाहरूको संचालन आदिमा खर्च गरेको देखियो तर उल्लेखित रकमको खर्च सम्बन्धमा केन्द्रस्तरबाट हालसम्म कुनै पनि अनुगमन भएको देखिएन।

## ग. गैरसरकारी संघ-संस्थाहरूको भूमिकाः

भूकम्प पश्चात् मानवीय उद्धार तथा सहायतामा स्वदेशी तथा विदेशी संघ-संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखियो तथापि केही संघ-संस्थाहरूबाट संकलन तथा वितरण भएका राहत सामग्रीहरू के-कुन श्रोतबाट संकलन गरियो? संकलन गरिए बमोजिम वितरण गरियो वा गरिएन? वितरण गर्दा नेपाल सरकारको केन्द्रीय राहत संकलन केन्द्र तथा सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिलाई जानकारी गराईयो वा गराईएन? वितरण गर्ने स्थानको चयन तथा पीडितहरूको पहिचान के को आधारमा तय गरियो? सो कार्यले नेपाल सरकारको राहत वितरण कार्यलाई कति हदसम्म सहयोग गऱ्यो? भनी नेपाल सरकारबाट अभिलेख व्यवस्थापन तथा

अनुगमन भएको देखिएन जसले गर्दा पहुँचका आधारमा सडक नजिकका गाउँ तथा वस्तीहरूंमा राहत सामग्रीको वितरण केन्द्रित रहेको र सडक सुविधा नभएका भूकम्प प्रभावित दुर्गम बस्तीहरूमा लामो समयसम्म पनि कुनै पनि निकायबाट राहत नपुगेको अवस्था देखियो। साथै राहत स्वरूप भन्सार छुट सुविधामा आयात भएका सामग्रीहरूको उदेश्य अनुरूप सदुपयोग भयो वा भएन एकिन गरी भन्न सक्ने अवस्था समेत रहेन ।

## घ. राहत सामग्रीको भन्सार व्यवस्थापन एवं अभिलेखिकरण

हवाईमार्गबाट आउने राहत सामग्रीहरूको व्यवस्थापनको लागि नेपाल सरकारले सह-सचिवको नेतृत्वमा सुरक्षा निकायहरूको प्रतिनिधिहरू समेत रहेको एक उच्च स्तरको कार्यटोली गठन गरेको देखियो तर भंसार विभागले सो सम्बन्धमा अभिलेखहरू अद्यावधिक गर्न सकेको नदेखिंदा के कति परिमाणमा राहत सामग्रीहरू भंसार छुटमा प्राप्त भए र सो को वितरण के कसरी भयो भन्न सक्ने अवस्था देखिएन भने स्थलमार्ग हुँदै आएका राहत सामग्रीहरूको हकमा पनि भंसार विभागले अभिलेख अद्यावधिक गर्न सकेको देखिएन। ठूलो परिमाणमा एकैसाथ प्राप्त भएका राहत सामग्रीहरूको तत्काल व्यवस्थापनको लागि अनलाईन फाराम तयार गरी सरल प्रक्रियाबाट जाँचपास गराएको र राहत सामग्रीहरू आयात गर्ने संघ, संस्थाहरूले आयात गरेको राहत सामग्रीहरू सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समिति र केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट प्रमाणित गराई भंसार कार्यालयमा बुझाउनुपर्ने व्यवस्था गरेको भएपनि सो कार्यान्वयन भएको देखिएन।

## ङ. मन्त्रालयगत खर्च

विपद् व्यवस्थापनको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुन आएको १६ अर्ब भन्दा बढी रकम तथा अन्य नियमित बजेटबाट समेत ठूलो रकम विनियोजन तथा खर्च गरेको देखियो। यसरी विनियोजन गरिएको रकम कतिपय अवस्थामा आवश्यकताका आधारमा भन्दा मन्त्रालयलाई प्राप्त बजेट प्रभावित जिल्लामा विनियोजन गरेको देखियो।

दाताहरूको फण्डको रूपमा रहेको Local Governance and Community Development Program (LGCDP) बाट संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले १ महिना भित्र उल्लेखित रकम उद्धार तथा राहत कार्यमा खर्च गर्ने गरी स्थानीय निकायहरूलाई खर्च गर्ने अख्तियारी दिएको रू.४८ करोड ९७ लाख रकम स्थानीय आवश्यकता अनुसार त्रिपाल, खाद्य

सामग्रीहरूको खरिदमा खर्च गरेको देखियो। यसैगरी, शिक्षा मन्त्रालयलाई निकासा भएको रू. १ अर्ब १० करोड रकम विद्यालयहरूको नाममा अस्थायी सिकाई केन्द्र (Temporary Learning Center-TLC) निर्माण तथा पीडित विद्यार्थीहरूको लागि झोला एवं पोशाक वितरण गर्न निकासा गरेको पाईयो भने अस्थायी सिकाई केन्द्रहरूको निर्माण सम्बन्धमा शिक्षा मन्त्रालयले मापदण्ड तोक्ने तथा सम्बन्धित विभाग, जिल्ला शिक्षा कार्यालयहरू मार्फत अनुगमन गरे गराएको देखिएन। कतिपय अस्थायी सिकाई केन्द्र निर्माणमा गैर सरकारी संघ-संस्थाहरू समेत संलग्न हुँदा दोहोरोपन देखिने स्थिति रहेको पाईएकोले बजेटको सदुपयोगको विश्वसनीयता कायम हुन नसक्ने स्थिति देखिएको छ।

स्वास्थ्य मन्त्रालयलाई भूकम्पबाट पीडितहरूको स्वास्थ्य उपचार र औषधि तथा औषधिजन्य सामग्री खरिद गर्न जम्मा रकम रू.१८,८६,२८,२९७।५० प्राप्त भएकोमा छोटो प्रक्रियाबाट खरिद गरी वितरण गरेको देखियो भने केही जिल्लाहरूमा स्थानीय स्तरमा प्रतिष्ठित औषधि कम्पनी, सप्लायर्स विद्यमान रहेको अवस्थामा अपायक स्थानबाट औषधि खरिद गरेको र कतिपय जिल्लाहरुले औषधि खरिद तथा राहत व्यवस्थापनको लागि निकासा भएको रकम कार्यालयका कर्मचारीहरूको खाजा तथा खाना खर्चमा समेत प्रयोग गरेको देखियो। खानेपानी डिभिजन कार्यालय, जिल्ला सिंचाई कार्यालय, जिल्ला भू-संरक्षण कार्यालयहरूलाई पनि केन्द्रबाट ठूलो रकम निकासा भएको तर उल्लेखित केही कार्यालयहरूबाट छोटो प्रक्रियाबाट खरिद गरिएका सामग्रीहरू वितरण नगरी ठूलो परिमाणमा मौज्दात राखेको देखिंदा केन्द्रबाट निकासा भएको रकम स्थानीय माग, पीडित तथा क्षतिको पहिचान गरी गरेको नदेखिएकोले निकासा तथा खर्चको औचित्य पुष्टी हुन सक्ने अवस्था देखिएन। यसैगरी, स्थानीय स्तरका कार्यालयहरूले राहत तथा उद्धार सम्बन्धी अत्यावश्यक वस्तुहरूको खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा उल्लेख भएको संक्षिप्त कार्यबिधि अपनाई खरिद गरेतापनि खरिद गरिएका सामग्रीहरूको फरक-फरक मूल्य रहेको, सम्बन्धित निकायहरुबाट हालसम्म पनि खरिद कार्यको अनुगमन नभएको अवस्था देखियो।
भूकम्प पीडितहरूको अत्याधिक मागको रूपमा रहेको त्रिपाल खरिदमा नेपाल सरकारले भारत तथा थाईल्याण्ड स्थित राजदुताबासहरू समेतलाई परिचालन गरेको र नयाँदिल्ली स्थित नेपाली दुताबासले खरिद गरेको १२० जी.एस.एम.को एक लाख थान त्रिपालको मूल्य भंसार नाकासम्म आईपुग्दा करिब रू.४।- प्रति वर्ग फिट पर्न गएको देखियो जुन मूल्य स्वदेशमै उत्पादन हुने उल्लेखित गुणस्तरको त्रिपालको भन्दा बढी हुने देखियो। यसैगरी, सहरी विकास मन्त्रालयबाट

खरिद गरिएका त्रिपालहरू समेत आपूर्तिकर्ताहरूले कम गुणस्तरको आयात गरी बढी गुणस्तरको देखाई मिलोमतोमा बिक्री वितरण गरेको देखिएकोले आयोगबाट अनुसन्धान भई सम्मानित विशेष अदालतमा मुद्दा समेत दायर भईसकेको छ। कृषि विकास मन्त्रालयबाट मृत पशु व्यवस्थापन तथा घाईते पशुपंक्षीहरूको उपचारको लागि भनी भूकम्प गएको झण्डै १ महिना पश्चात् उल्लेखित रकम निकासा गरिनु सान्दर्भिक रहेको देखिएन भने मन्त्रालयले राष्ट्रिय वीऊ बिजन कम्पनी मार्फत वितरण गरेको धानको बीउ समेत कृषकहरूले समयमै प्राप्त गर्न सकेको पाईएन।

अन्तमा मिति २०७२ साल बैशाख १२ गतेको विनासकारी भूकम्प पश्चात् नेपाल सरकारबाट भएका नीतिगत निर्णयहरूको कार्यान्वयन, निकासा भएको रकमको सदुपयोग, संस्थागत सुधार र प्रभावकारी अनुगमनको लागि नेपाल सरकारलाई सान्दर्भिक विविध बिषयहरुमा सुझाव दिन उपयुक्त हुने देखियो भने केही विषयहरूमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग स्वयंले नै थप छानबिन गरी निष्कर्षमा पुग्नुपर्ने देखिन्छ, जुन प्रतिवेदनको सुझाव खण्डमा उल्लेख गरिएको छ।

## च. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अपेक्षा

विपद्को प्रभावकारी व्यवस्थापन गर्न विगतको दुःख तथा अन्य देशबाट समेत पाठ सिकेर भूकम्प पीडितको लागि राहत तथा प्रभावित क्षेत्रको पुनर्निर्माणको लागि सम्बन्धित सबै निकायहरूले आ-आफ्नो जिम्मेवारी बोध गरी तत्काल अगाडि बढ्नु पर्ने आजको आवश्यकता हुन गएको छ। यसर्थ भविष्यमा आइपर्न सक्ने समग्र विपद् व्यवस्थापनसँग जोडिएका विषयहरू खोज तथा उद्धार, राहत संकलन तथा वितरण प्रणालीको विकास, पीडित तथा क्षतिको पहिचान गर्ने आधार, अभिलेखीकरण लगायतका कार्यलाई थप प्रभावकारी, न्यायोचित र प्रणालीमुखी बनाउन तथा पीडितहरूको पुनर्स्थापना, क्षति भएका भौतिक संरचना, ऐतिहासिक धरोहर, विद्यालय, सरकारी भवन आदिको पुनर्निर्माण लगायतका कार्यलाई व्यवस्थित तथा भूकम्प प्रतिरोधी बनाउन आवश्यक पर्ने कानूनी तथा नीतिगत सुधार, ठोस कार्ययोजना एवं आवश्यक पूर्व तयारी कार्यक्रम सहित अघि बढ्न यो प्रतिवेदनले नेपाल सरकार र अन्य सरोकारवाला निकायहरूलाई सुझाएको छ। प्रतिवेदनको निष्कर्ष तथा सुझावलाई सम्बन्धित निकायहरूले मनन् गरी प्राथमिकताका साथ कार्यान्वयन गर्नाको साथै गरिवीको रेखामुनि रहेका विपन्न वर्ग, घरवार नष्ट भई विस्थापित तथा घरवारविहीन भएका, शरीरमा एकसरो कपडा लगाउन नसकिरहेका भूकम्प पीडितहरूको दुःख दर्दलाई आत्मसात गर्दै यथोचित उद्धार हुने गरी नेपाल सरकारबाट यथाशीघ्र आवश्यक व्यवस्थापन हुनेछ भन्ने आयोगको अपेक्षा रहेको छ।

# विषयसूचि:


| सि.नं. | विषय | | | पेज नं. |
|---|---|---|---|---|
| १ | भाग १ | | **परिचय** | |
| | | १.१ | भूमिका | १-७ |
| | | १.२ | अध्ययन तथा छानवीनको उद्देश्य | ८-८ |
| | | १.३ | अध्ययन तथा छानवीनको विधि | ८-११ |
| | | १.४ | अध्ययनको सिमा | ११-११ |
| | | १.५ | अध्ययन संगठन | ११-१२ |
| २ | भाग २ | | राहत वितरणमा अनियमितता लगायतका विषयमा विभिन्न संचार माध्यमहरूमा प्रकाशित समाचारहरू तथा यस आयोगमा पर्न आएको उजुरीहरू | १३-३४ |
| ३ | भाग ३ | | | |
| | | ३.१. | **प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**<br>३.१.१.प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष | ३५-४० |
| | | ३.२. | **गृह मन्त्रालय** | **४१-६२** |
| | | | ३.२.१ केन्द्रीय दैवी प्रकोप उद्धार समिति | ४१-४७ |
| | | | ३.२.२ राष्ट्रिय आपत्कालिन कार्य सञ्चालन केन्द्र | ४७-५६ |
| | | | ३.२.३ नेपाल प्रहरी | ५७-६० |
| | | | ३.२.४ सशस्त्र प्रहरी बल, नेपाल | ६१-६२ |
| | | ३.३. | वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६३-६९ |
| | | ३.४. | उद्योग मन्त्रालय | ७०-७१ |
| | | ३.५. | परराष्ट्र मन्त्रालय | ७२-७३ |
| | | ३.६. | अर्थ मन्त्रालय | ७४-१०६ |
| | | ३.७ | वन तथा भू-संरक्षण मन्त्रालय | १०७-१०८ |
| | | ३.८. | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | १०९-११३ |
| | | ३.९. | सहरी विकास मन्त्रालय | ११४-१२० |
| | | ३.१० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १२१-१२८ |
| | | ३.११ | कृषि विकास मन्त्रालय | १२९-१३३ |
| | | ३.१२ | शिक्षा मन्त्रालय | १३४-१३५ |
| | | ३.१३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १३६-१३७ |
| | | ३.१४ | नेपाली सेना | १३८-१३८ |

| | | | | |
|---|---|---|---|---|
| | | ३.१५ | समाज कल्याण परिषद् | १३९-१४० |
| | | **मन्त्रालय/ केन्द्रीय निकायहरूलाई प्राप्त बजेट तथा खर्चको विवरण** | | १४१-१४३ |
| ४ | **भाग ४** | **जिल्लागत विवरण** | | |
| | | ४.१. | **जिल्लाहरूको स्थलगत प्रतिवेदन** | |
| | | | काठमाण्डौं | १४४-१५४ |
| | | | ललितपुर | १५५-१६१ |
| | | | भक्तपुर | १६२-१६९ |
| | | | गोरखा | १७०-२०० |
| | | | मकवानपुर | २०१-२१९ |
| | | | धादिङ्ग | २२०-२३२ |
| | | | नुवाकोट | २३३-२४८ |
| | | | रसुवा | २४९-२६४ |
| | | | काभ्रेपलाञ्चोक | २६५-२८२ |
| | | | सिन्धुपाल्चोक | २८३-२९२ |
| | | | दोलखा | २९३-२९९ |
| | | | ओखलढुंगा | ३००-३०९ |
| | | | रामेछाप | ३१०-३१८ |
| | | | सिन्धुली | ३१९-३२६ |
| | | ४.२. | भूकम्प प्रभावित जिल्लाहरूलाई प्राप्त निकासा र खर्चको विवरण | ३२७-३५३ |
| | | ४.३. | शिर्षकगत खर्चको तुलनात्मक तालिका | ३५४-३६३ |
| ५ | **भाग ५** | **निष्कर्ष तथा सुझाव** | | |
| | | ५.१ | निष्कर्ष | ३६४-३८७ |
| | | ५.२. | सबल पक्षहरू | ३८७-३८९ |
| | | ५.३. | सुझावहरू | ३८९-३९९ |
| | | ५.४. | कार्यान्वयन कार्ययोजना | ४००-४०३ |
| | | ५.५ | आयोगबाट छानवीन हुनुपर्ने क्षेत्रहरू | ४०४-४०८ |
| | | ५.६ | सन्दर्भ सामाग्री | ४०९-४०९ |
| | | ५.७ | राय सुझाव लिईएका विज्ञ तथा पदाधिकारीहरू | ४१०-४१० |
| | | ५.८ | छानवीन कार्यटोलीको विवरण | ४११-४११ |

# भाग १

## १.१ भूमिकाः

भूकम्पीय जोखिममा विश्वको ११ औं स्थानमा रहेको नेपालले बर्षेनी भूकम्प लगायत बाढी, पहिरो, आगलागि, शीतलहर, हिमपात, महामारी, दुर्घटना जस्ता प्राकृतिक र मानव सृजित विपद्हरुको सामना गर्नु परिरहेको छ। विक्रम सम्वत् २०७२ साल बैशाख १२ गते गोरखा जिल्लाको वारपाक आसपास केन्द्र विन्दु बनाई गएको ७.६ रेक्टर स्केलको विनासकारी भूकम्प तथा त्यसपछिका पराकम्पनहरूबाट राष्ट्रमा ठूलो जनधनको क्षति पुगेको तथा भौतिक संरचना एवं सांस्कृतिक धरोहरहरु नष्ट भएको सर्वबिदितै छ। भूकम्पबाट राजधानी लगायत अति प्रभावित १४ जिल्ला सहित ५७ जिल्लाहरु प्रभावित भएको र ८,८९१ जनाले ज्यान गुमाएको सरकारी तथ्याङ्क छ भने यसको असर भौतिक संरचनामा मात्र सीमित नरही सामाजिक, मनोबैज्ञानिक एवं मानव विकासका क्षेत्रमा हालसम्महासिल गरेको प्रगतिमा समेत परेको देखिन्छ।

भूकम्पको असर नपरेको क्षेत्र सायद कमै होलान् तर वित्तीय क्षेत्र, शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापार व्यवसाय, कृषि लगायतका क्षेत्रमा भने यसले अत्यासलाग्दो अवस्था श्रृजना गरेको छ जसको प्रभाव नेपालको समग्र अर्थ व्यवस्थामा दीर्घकालीन रूपमा पर्न जाने र त्यसबाट गम्भीर आर्थिक संकट उत्पन्न हुन सक्ने भनी विज्ञहरूबाट चित्रण गरिएको छ। भूकम्पको कारण विभिन्न बैंकहरूको ठूलो लगानी तथा ऋण प्रवाहको क्षेत्रको रूपमा रहेको घर जग्गा व्यवसाय, जलविद्युत आयोजनामा ठूलो क्षति पुगेको छ। बैंक तथा वित्तीय संस्थाको लगानीमा रहेको उपत्यकाका अधिकांश अपार्टमेण्ट, अग्ला भवन (High Rise Buildings), सपिङ्ग मलहरू चर्केकाले बिक्री हुने अवस्थामा छैनन् जसको प्रत्यक्ष असर बैकिङ्ग क्षेत्रमा पर्ने र अन्ततः यसले आम नागरिकको संचिती तथा लगानी समेत जोखिममा पार्न सक्ने खतरा बढाएको छ।भूकम्पबाट सरकारी भवनहरू एवं ऐतिहासिक धरोहरहरू समेतमा व्यापक क्षति पुगेकोले पुनर्निर्माण कार्यमा खर्च बढ्ने र विकास निर्माणका कार्यहरू प्रभावित हुने देखिएको छ।

मुलुकको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा ओगटेको पर्यटन क्षेत्र समेत भूकम्पबाट नराम्ररी प्रभावित हुन पुगेको छ जसका कारण प्रमुख पर्यटकीय गन्तव्यहरू प्रायः सुनसान रहेको अवस्था विद्यमान छ। विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएको एशियाली विपद् तयारी केन्द्रको प्रतिवेदनमा

भूकम्पबाट ४,५०० विद्यालयहरूमा क्षति पुगेको जसमध्ये ३५२ पूर्ण रूपमा क्षति भएको तथा ग्रामीण क्षेत्रका विद्यालयहरूमा क्षतिको असर बढी परेको उल्लेख छ जसको कारण ग्रामीण क्षेत्रका विद्यार्थीहरूको भविष्य समेत अन्योलमा पर्ने देखिन्छ।

नेपाल सरकारले विपद् व्यवस्थापनको लागि दैवी प्रकोप (उद्धार) ऐन, २०३९; विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६; राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७०; विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७; Nepal Risk Reduction Consortium, 2009; Guidelines on Emergency Preparedness and Disaster Management for Hospitals, 2002 लगायत अन्य ऐन, नियम, नियमावली, निर्देशिका, मापदण्ड तथा कार्यबिधिहरू तयार गरेको देखिन्छ भने धेरै अन्तर्राष्ट्रिय, क्षेत्रीय, द्विपक्षीय सन्धि सम्झौता तथा समझदारी पत्रमा सहमती जनाई कार्यान्वयनमा ल्याउने प्रतिवद्धता जनाएको देखिन्छ। बैशाख १२ गतेको भूकम्प पश्चात नेपाल सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा विभिन्न स्रोतहरुबाट प्राप्त हुन आएको १६ अर्ब भन्दा बढी रकम र नियमित बजेटबाट समेत राहत कार्यका लागि स्थानीय स्तरका नगरपालिका, गाउँ विकास समितिका वडा तहसम्मलाई विपद् व्यवस्थापनमा खर्च गर्ने अख्तियारी दिएर राहत कार्यमा शीघ्र जुट्न तत्काल पहल गरेको देखिन्छ। यसैगरी, सरकारले केन्द्रीय, क्षेत्रीय र जिल्ला दैवी प्रकोप उद्धार समितिलाई क्रियाशील गराई विपद् व्यवस्थापन कार्यलाई संस्थागत गर्ने, केन्द्र देखि स्थानीय स्तरका कार्यालयलाई विपद् व्यवस्थापनमा परिचालन गर्ने, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्थाहरू परिचालन गर्ने, आम नागरिकहरूलाई पीडितको उद्धार तथा राहत कार्यमा जुट्न आव्हान गर्ने जस्ता प्रशंसनीय कार्य गरेको पाईयो।

सरकारले सुरक्षा निकायहरूलाई पीडितको खोज, उद्धार तथा राहत वितरण जस्ता संवेदनशील र चुनौतिपूर्ण कार्यमा तत्काल परिचालन गरेको थियो। निजामती कर्मचारी, सुरक्षाकर्मीहरूले विपद्को अवस्थामा देखाएको उच्च व्यवसायिकता, पेशागत मर्यादा र मानवता प्रतिको समर्पण आज पनि आम नागरिकको मानसपटलमा ताजा रहेको पाईन्छ। अर्कोतर्फ, विपत्तिको समयमा पनि आम नेपालीले देखाएको धैर्यता, संयमता, भाईचारा, मानवीय भावना र सहिष्णुता अत्यन्त सकारात्मक र प्रशंसनीय देखियो। विकसित देशमा समेत विपत्तिको समयमा चोरी, लुटपाट, हुलदंगा जस्ता अपराधहरू ज्यामितीय रूपमा वृद्धि हुने गरेको र कतिपय अवस्थामा राज्यको नियन्त्रण भन्दा बाहिर जाने गरेको दृष्टान्तहरू पाईन्छ तर हाम्रा सन्दर्भमा त्यस्तो अवस्था देखिएन। यसैगरी, विपद्का समयमा मानवीय सहायता, उद्धार र राहतका निम्ति अन्तर्राष्ट्रिय जगतबाट तत्काल उपलब्ध सहयोग र उद्धारकर्मीहरूबाट गरिएको खोज तथा उद्धार कार्य अत्यन्तै सराहनीय पाईयो भने सरकारी तथा निजी

स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी, संचारकर्मी, विद्युत प्राधिकरण, नेपाल टेलीकम, स्थानीय युवा, नागरिक समाज लगायतका संस्था तथा यसका पदाधिकारीहरू अहोरात्र राहत कार्यमा जुटेको देखिएकोले मानवीय उद्धार तथा सहायतामा सबैको एक्यबद्धता देखियो जुन उदाहरणीय छ।

प्राकृतिक विपत्तिको समयमा नेपालीहरूले व्यहोरेको आहत प्रति समवेदना प्रकट गर्ने तथा राहत उपलब्ध गराउने तर्फ विशेष पहल गर्ने आम नागरिक, अन्तराष्ट्रिय मित्र तथा दातृ निकायहरूबाट तत्काल ६ अर्ब भन्दा बढी रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा भएको र ठूलो परिमाणमा राहत सामग्रीहरू समेत संकलन गरी वितरण गरेको देखिएकोले नेपालीहरू प्रति सबैको सहानुभूति ज्यादै उच्च रहेको पाईयो। साथै, राष्ट्रिय योजना आयोगले तयार गरेको “विपद् पछिको आवश्यकता आंकलन (Post Disaster Needs Assessment-PDNA)” प्रतिवेदनले भूकम्पबाट भौतिक क्षति तर्फ रू.५१७ अर्ब र सोबाट वस्तु तथा सेवाको उत्पादनमा बढ्ने लागत रू.१८९ अर्ब गरी जम्मा रू.७०६ अर्ब बराबरको क्षतिको मूल्यांकन गरेको जसको पुनर्निर्माण र पुनर्स्थापनाको लागि रू.६६९ अर्ब रकम आवश्यक पर्ने देखाएको छ। देशको अर्थ व्यवस्थामा देखिएको यस्तो विषम परिस्थिति तथा देशलाई पुनर्निर्माण एवम् विकासको बाटोमा अझ प्रभावकारी ढङ्गले अघि बढाउने नेपालको अभियानमा सहभागिताका लागि मित्रराष्ट्र, विकासका साझेदार, शुभचिन्तक, बहुपक्षीय एवम् द्विपक्षीय दातृ निकायको राजधानीमा मिति २०७२ असार १० गते सम्पन्न “नेपालको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सम्मेलन (International Conference on Nepal’s Reconstruction-ICNR)” मा सहभागी मित्र राष्ट्र तथा दातृ निकायहरूबाट ५१३.५ मिलियन अमेरिकी डलर तत्काल प्रदान गर्ने सम्झौता भएको र रू.४१० अर्ब रकम थप सहयोग गर्ने प्रतिबद्धता प्रकट भएकोले नेपाल प्रति सबैको सद्भाव रहेको देखियो।

नेपाल सरकारले विपद् व्यवस्थापनमा थुप्रै प्रशंसनीय कार्य गरेको देखिएतापनि केही विषयहरूलाई नियमित गर्न नसकेको भनी पीडित तथा अन्य सरोकारवालाहरूको आवाज दैनिक जसो आम संचार माध्यमहरूमा प्रकाशित तथा प्रशारित भएको पाईयो। बिशेषगरी, भूकम्प प्रभावित जिल्लाहरूका नागरिकहरूको उद्धार तथा राहतको लागि पठाईएका राहत सामग्रीहरूको दुरूपयोग भएको, राहत वितरण कार्य सुगम क्षेत्रमा बढी केन्द्रित भएको, वास्तविक पीडित समक्ष राहत सामग्रीहरू नपुगेको, सरकारी रकम मापदण्ड विपरित खर्च गरिएको, केही व्यापारी तथा उद्योगपतिहरूले आपतकालीन अवस्थालाई अवसरको रूपमा प्रयोग गरी राहत सामग्रीको नामबाट भंसार छुट सुबिधा लिई व्यापारिक प्रयोजनमा प्रयोग गरेको लगायतका समाचारहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय संचार

माध्ययमहरूबाट प्रकाशन तथा प्रसारण भएको पाईयो। यसैगरी, स्थानीय राजनैतिक दलहरूले राजनीतिकरण गरी दबाव, प्रभाव र पहुँचको आधारमा गैरपीडितहरूलाई समेत राहत रकम र भूकम्प पीडित परिचय पत्र वितरण गरेको भनी सरोकारवाला, पीडित तथा सर्वसाधारणहरूले आयोगमा समेत लिखित उजुरी तथा मौखिक सूचनाहरू दिएको पाईयो। नेपाल सरकारले भूकम्प प्रभावित जिल्लाहरूमा राहत वितरण, पुनर्निमाण लगायतको अवस्था बारे बुझ्न एक उच्च स्तरीय प्रशासन सुधार अनुगमन आयोग र निवृत्त विशिष्ट सरकारी अधिकारीहरूको समूह परिचालन गरेको तर राहत संकलन, वितरण प्रणाली न्यायोचित भए नभएको तथा सरकारी रकमको सदुपयोगको अवस्था बुझ्न विशेष पहल गरेको देखिएन।

प्रधानमन्त्री राहत कोषबाट १६ अर्ब तथा अन्य नियमित बजेटबाट समेत ठूलो रकम संक्षिप्त प्रक्रिया अपनाई विभिन्न क्षेत्रमा खर्च गर्ने अख्तियारी दिएको तर सो रकमको खर्च सम्बन्धमा के-कस्तो आर्थिक पारदर्शिता अपनाईएको छ भनी सम्बन्धित मन्त्रालय, विभाग तथा अन्य नियमनकारी निकायहरूबाट उल्लेखित विषयहरूको जानकारी हुँदा हुँदै पनि स्वतःस्फूर्त रूपमा प्रभावकारी अनुगमन गरेको पाईएन। सहरी विकास मन्त्रालयबाट राहत स्वरूप खरिद गरिएको त्रिपाल प्रकरणमा आयोगले सम्पन्न गरेको अनुसन्धान तहकिकातबाट अनियमितता भएको देखिएकोले दैवी विपत्तिको समयलाई पनि मानवीय संवेदना र पदीय आचरण विपरित केही सार्वजनिक पद धारण गरेका व्यक्ति तथा व्यवसायीहरूले कमिसन खाने तथा नाफा कमाउने अवसरको रूपमा उपयोग गरेको देखिएकोले सम्बन्धित अनुगमनकारी निकायहरूलाई समयमै ध्यानाकर्षण गराउन जरूरी देखियो।

प्राकृतिक विपत्तिले प्रायः ठूलो असर पारेकै हुन्छन् तर आइपर्न सक्ने विपत्ति र त्यसको प्रभावको आंकलन गरी प्रभावकारी व्यवस्थापनका पूर्व तयारी योजनाहरू बनाउन सकेमा क्षतिको न्यूनिकरण गर्न मद्धत पुग्ने कुरामा दुईमत रहन्न। विगतमा जापान, भारत र चीनले आफ्नो देशमा परेका विपत्तिलाई सही व्यवस्थापन गर्न सकेकाले मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न सफल भएका छन्। हालसालै चिलीमा गएको ८.५ रेक्टर स्केलको महाभूकम्पमा ८ जनाको मात्र मृत्यु हुनु र जापानमा गएको ९ रेक्टर स्केलको भूकम्पबाट अति न्यून क्षति हुनुले उक्त राष्ट्रहरूले आफूलाई धैरै हदसम्म भूकम्प प्रतिरोधी बनाएको र हामी सबैले त्यसलाई उदाहरणको रूपमा लिनुपर्ने देखियो तर हाम्रा सन्दर्भमा विपद् व्यवस्थापनमा नेपाल सरकारले ठूलो धनराशी खर्च गरी पूर्व तयारी कार्यक्रम, कानूनी तथा नीतिगत संरचनाहरूको तयार गरेको देखिए पनि त्यसको कार्यान्वयन पक्ष कमजोर

रहेकोले एकातर्फ ठूलो जनधनको क्षति पुग्न गएको देखियो भने अर्कोतर्फ विपद् सम्बन्धी प्रतिकार्य समेत प्रभावकारी देखिएन। हाइटीको उदाहरण हेर्ने हो भने भूकम्प पश्चात् प्राप्त अन्तराष्ट्रिय सहयोगलाई सरकारले सदुपयोग गर्न सकेन फलस्वरूप त्यहाँ मानवीय र भौतिक क्षतिसँगै भ्रष्टाचार, राजनैतिक अस्थिरता बढ्यो। हाईटीलाई प्राप्त केही अन्तराष्ट्रिय सहयोग हाईटी सरकारमा आत्मविश्वास, पारदर्शिता र क्षमता कमी रहेको भनी सम्बन्धित देशकै परियोजना मार्फत खर्च गरेको देखिएकोले पीडितको लागि भन्दा पनि प्रशासनिक खर्चमा सहयोगको ठूलो अंश सकिएको देखियो। यसर्थ, भूकम्प पीडितहरुका लागि पुनर्बास एवं पुनर्निमाण कार्यक्रम संचालन गर्न नेपाल सरकारले रू.२०० अर्बको राष्ट्रिय पुनर्निर्माण कोष स्थापना गर्ने निर्णय गरेको र सोका लागि आ.व. ०७१/७२ मा रू.१० अर्ब रकम कोषमा जम्मा गरेको, दातृ निकाय तथा मित्रराष्ट्रहरूबाट समेत ठूलो रकमको प्रविवद्धता आएको देखिएतापनि हालसम्म पनि सरकारले कोषको परिचालन गरी पीडितहरूको पुनर्बास तथा पुनर्निर्माण कार्यक्रम संचालन गर्न आवश्यक कानून तथा संयन्त्र विकास गर्न ठोस पहल नगर्नु, ठोस कार्ययोजना बनाउन नसक्नुले कतै हाईटीको उदाहरण दोहोरिने त होईन भन्ने शंका उब्जाएको छ।

विपदको समयमा गाँस, वास र कपास जन्य स्वदेशी उत्पादनहरुको टड्कारो रुपमा अभाव देखियो। त्रिपाल, जस्तापाता, खाद्यान्नको माग सर्वत्र रह्यो तर त्यसको पूर्ति स्वदेशी उत्पादनबाट हुन सक्ने अवस्था देखिएन; ग्रामीण क्षेत्रमा सडक संजाल तथा संचार सुविधा विस्तार नभएकोले पीडित तथा क्षतिको तत्काल पहिचान गर्न सकिएन भने खोज, उद्धार तथा राहत कार्य समेत समयमा हुन सकेन। साथै, छिमेकी देशका प्रमुख नाकाहरु जोड्ने स्थायी प्रकृतिका सडक संजाल (All Weather Road) निर्माण तथा विस्तार नभएकोले छिमेकी देशबाट समेत समयमा राहत आउन सक्ने अवस्था देखिएन।

गैरसरकारी संघ-संस्थाहरूले समुदायको समझदारीको आधारमा स्वतःस्फूर्त रूपमा आफ्ना कार्यक्रमहरू संचालन गर्ने हुँदा सरकारी क्षेत्रका तुलनामा बढी गतिशील, व्यवहारिक र प्रभावकारी हुने मान्यता छ तर राज्यले गैरसरकारी संघ-संस्थाहरूको व्यवस्थापन गर्न नसक्दा विकृति बढ्ने र विदेशी सहयोगको समेत सदुपयोग हुन नसक्ने देखिन्छ। भूकम्प पछिको प्रतिकार्यमा नेपाल सरकारले गैरसरकारी संघ-संस्थाहरूसँग समन्वय गरी राहत संकलन तथा वितरण कार्यलाई व्यवस्थित गर्न नसकेकोले केही संघ-संस्थाहरूबाट आफूखुसी र पायक पर्ने स्थानमा बढी केन्द्रित भई राहत सामग्री वितरण भएको, केहीले वितरण गरेको भन्दा बढी सहयोग गरेको भनी प्रचार प्रसार गरेको भनी

भूकम्प पीडितहरूको गुनासो रहेको पाईएकोले विपद्को समयमा सरकारले त्यस्ता संघ-संस्थाहरूको व्यवस्थापन तथा अनुगमन अनिवार्य रूपमा गर्नु पर्ने हुन्छ।

विनासकारी भू-कम्पबाट श्रृजित विपदको सामना गर्न आम नेपालीले सुरक्षा सचेतना अपनाउने प्रयास गरेको र सरकारी निकायले पनि कानून कार्यान्वयनमा आफूलाई खरो रूपमा प्रस्तुत हुने संकेत दिएपनि भूकम्प पश्चातको निर्माण, पुनःनिर्माण कार्यलाई हेर्दा जनमानसमा भूकम्पको प्रभावले ल्याएको सचेतनाको स्मरण दिगो रहेको देखिएन। बस्नै नहुने गरी क्षति पुगेका संरचनालाई टालटुल गरी काम चलाउने प्रवृतिले पुनः निरन्तरता पाएको देखिएकोले नेपाली समाज र सरकारी निकायले विगतको दुःखलाई चाँडै बिर्सेको र भविष्यका लागि पाठ नसिकेको आभास हुँदैछ।

उपरोक्त सन्दर्भहरूको परिप्रेक्ष्यमा नेपालको संविधानले आयोगलाई सुम्पेको जिम्मेवारी निर्वाह गर्न आम सरोकारका विषयमा आयोगको ध्यानाकर्षण भई सो सम्बन्धमा भूकम्प अति प्रभावित जिल्लाहरूको स्थलगत अध्ययन गरी भ्रष्टाचारजन्य क्रियाकलापको छानवीन गरी समस्याको पहिचान गर्ने, राष्ट्रिय विपत्तिको सामना गर्ने क्रममा भए गरेका सबल तथा दुर्बल पक्षको यथार्थ विश्लेषण गरी सम्बन्धित निकायलाई नीतिगत तथा कानुनी सुधारको लागि सुझाव दिने, आगामी दिनमा आइपर्न सक्ने ठूला प्रकृतिका विपद्मा नेपाल सरकार तथा सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराई प्रतिकार्यलाई थप व्यवस्थित, नियोजित र संयोजित बनाउने उद्देश्यले आयोगको मिति २०७२।०४।३१ गतेको निर्णय अनुसार छानवीन कार्यटोली गठन भई टोलीलाई राहत सामग्रीहरुको संकलन तथा वितरण वीचको सामन्जस्यता, राहत स्वरूप प्राप्त भएका रकमको उपयोग, भन्सार छुटमा आयात भएका राहत सामग्रीहरु विक्री बितरणको अवस्था, दातृ निकायहरूबाट प्राप्त आर्थिक सहयोग एवं प्रतिबद्धता र उपयोग, नेपाल सरकारबाट विपद् व्यवस्थापनको लागि विनियोजित रकमको खर्चको अवस्था जस्ता विषयमा अध्ययन तथा छानवीन गर्ने गरी कार्यादेश दिईएको थियो।

कार्यटोलीले छानवीनको सिलसिलामा प्रथम चरणमा केन्द्रीय स्तरमा व्यवस्थापिका संसद, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सतर्कता केन्द्र, उद्धार राहतको जिम्मेवारी पाएका मन्त्रालय, विभाग तथा अन्य सम्बन्धित निकायहरुको स्थलगत भ्रमण, अवलोकन, तथ्याङ्क संकलन र सरोकारवालाहरूसँग अन्तरक्रिया समेत गरी प्राप्त तथ्य, तथ्याङ्कहरुको अध्ययन एवं विश्लेषण गरेको छ। यसैगरी, दोश्रो चरणमा भूकम्प अति प्रभावित १४ जिल्लाको स्थलगत अध्ययन भ्रमण गरी जिल्ला दैवी प्रकोप उद्धार समितिका पदाधिकारीहरू, विपद् व्यवस्थापन एवं

पीडितहरूको उद्धार तथा राहत कार्यको जिम्मेवारी पाएका अन्य निकायका प्रतिनिधिहरू, विपद् व्यवस्थापनमा प्रत्यक्ष वा परोक्ष रूपमा खटिने व्यक्तिहरू, पीडित तथा स्थानीय बासिन्दाहरूसँग समेत अन्तरक्रिया गरी वास्तविक सूचना, अभिलेखहरू संकलन तथा विश्लेषण गरी प्रतिवेदनमा समावेश गरिएको छ। प्रतिवेदनलाई अन्तिम रूप प्रदान गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्तज्यू, माननीय आयुक्तज्यूहरु र श्रीमान् सचिवज्यू समेतबाट समय समयमा प्राप्त निर्देशन तथा सुझावले उल्लेखनीय भूमिका निर्वाह गरेको छ। साथै, राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्षज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू, विभिन्न मन्त्रालयका सचिवज्यूहरु एवं जिल्ला स्थित विभिन्न निकायका प्रमुख, स्थानीय निकायका पदाधिकारीहरु, भूकम्प पीडित जनसमुदाय, सामाजिक कार्यकर्ता, संचार माध्यम समेतबाट प्रतिवेदन तयार पार्न सहयोग प्राप्त भएको छ।

कार्यटोलीले सबै भूकम्प प्रभावित जिल्ला तथा स्थानहरूको विविध कारणले स्थलगत अध्ययन भ्रमण गर्न नसकेको, केन्द्र तथा स्थानीय निकायहरूको अभिलेखिकरणमा एकरुपता नभएको, सबै राहत सामग्रीहरूको यकिन परिमाण खुल्ने गरी अभिलेख राखेको नपाइएको र कतिपय कार्यालयको अभिलेख अद्यावधिक समेत नदेखिएकोले तथ्याङ्क विश्लेषण र अनियमितता पहिचान गर्न कठिनाई रह्यो यसकारण प्रतिवेदनमा संलग्न तथ्याङ्कहरू पूर्ण छैनन् तथापि अध्ययन भ्रमणको क्रममा तथा भ्रमण पश्चात् पनि सम्बद्ध निकायहरुसँगको निरन्तर अन्तरक्रिया गरी सम्भव भए सम्मको अभिलेखहरू संकलन तथा विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ।

भविष्यमा आईपर्ने समस्याको प्रभावकारी व्यवस्थापन र वर्तमानमा बिनासकारी भूकम्पले पुऱ्याएको विनासबाट पीडित नागरिकको जीवन स्तर तथा प्रभावित क्षेत्रहरूलाई दिगोरूपमा माथि उठाउनु आजको आवश्यकता र सरकारको प्रमुख जिम्मेवारी हो जसमा सम्बन्धित पक्षको समयमै ध्यान जानुपर्ने आयोगको मान्यता छ। यसर्थ समग्र विपद् व्यवस्थापन, राहत संकलन तथा वितरण, अभिलेखीकरण कार्यलाई आगामी दिनमा थप व्यवस्थित, पारदर्शी, छिटो छरितो, पद्धति केन्द्रित बनाउन तथा पीडितहरूको पुनर्स्थापना कार्यलाई प्राथमिकतामा राखी ठूला विपत्तिमा आईपर्ने चुनौतिहरूको सामना गर्न आवश्यक कानूनी तथा नीतिगत सुधार, ठोस कार्ययोजना एवं आवश्यक पूर्व तयारी सहित अघि बढ्न यो प्रतिवेदनले नेपाल सरकारलाई थप बल मिल्नेछ। साथै प्रतिवेदनले सुझाएका विषयहरूलाई नेपाल सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्ने छ भन्ने आयोगको अपेक्षा रहेको छ।

## १.२ अध्ययन तथा छानवीनको उद्देश्यः

२०७२ साल बैशाख १२ गते गएको शक्तिशाली विनासकारी भूकम्प पश्चात् प्राप्त राहत सामग्री संकलन, खरिद तथा वितरण लगायतका विषयहरूको छानवीन गरी वास्तविक सत्य-तथ्य पत्ता लगाउनु यस अध्ययन तथा छानवीन कार्यटोलीको उद्देश्य रहेको थियो। प्रतिवेदनमा मुख्यतया निम्न विषयहरूका बारेमा विस्तृत रूपमा सूचना, अभिलेख संकलन तथा विश्लेषण गर्ने उद्देश्य राखिएको छः

क. राहत सामग्रीहरू प्राप्त भएका श्रोतहरूको पहिचान गर्ने (विशेषगरी, स्थल तथा हवाई मार्गबाट भंसार कार्यालय हुँदै भित्रिएका सामग्रीहरू, स्वदेशी /विदेशी दातृ निकाय, गैरसरकारी संघ-संस्था, व्यक्ति तथा अन्य निकायहरूबाट प्राप्त राहत सामग्रीहरू, नेपाल सरकारले स्थापना गरेको केन्द्रीय राहत संकलन केन्द्रमा प्राप्त भएका राहत सामग्रीहरू आदि);

ख. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट विनियोजित रकम तथा सो को खर्चको अध्ययन गरी अनियमितताको क्षेत्र पहिचान गर्ने;

ग. भूकम्प पीडितहरूको पहिचान गर्ने आधारको अध्ययन गरी अनियमितताको क्षेत्र पहिचान गर्ने;

घ. राहत सामग्रीहरूको संकलन तथा वितरण सम्बन्धमा व्यवस्था गरिएका संयन्त्रहरू र यसको प्रभावकारिता र पारदर्शिताको अध्ययन गर्ने।

## १.३ अध्ययन तथा छानवीनको विधिः

राहत व्यवस्थापनमा हुन सक्ने अनियमितता सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७२।०४।३१ गतेको निर्णयबाट छानवीन कार्यटोली गठन गरे पश्चात् कार्यटोलीका सदस्यहरूबाट प्रथम चरणमा राहत व्यवस्थापनसंग प्रत्यक्ष सरोकार राख्ने केन्द्रीय स्तरका निकायहरूका पदाधिकारीहरूसँग अन्तरक्रिया गरी आवश्यक अभिलेख तथा सूचनाहरू संकलन गरियो।

भूकम्पबाट देशका प्रायः मध्य पहाडी जिल्लाहरू र केही भित्री मधेशका जिल्लाहरू समेत प्रभावित देखिए तापनि नेपाल सरकारबाट अति प्रभावित जिल्ला भनी घोषणा गरिएका १४ जिल्लाहरूमा मात्र अध्ययन केन्द्रित गरिएको थियो। यसैगरी, भूकम्प गए पश्चात् विभिन्न चरणमा निरन्तर राहत तथा पुनर्स्थापना कार्य नेपाल सरकारबाट सञ्चालन गर्दै आएकोले मिति २०७२।०३।०७ गतेसम्म केन्द्रीय स्तरबाट संकलन गरिएका अभिलेखहरू र मिति २०७२।०३।२५ गते सम्मको सम्बन्धित जिल्लाहरूबाट प्राप्त अभिलेखहरूको मात्र तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको छ। केन्द्रीय तथा स्थानीय स्तरबाट राहत सम्बन्धी अभिलेखहरू संकलन गर्ने क्रममा कतिपय कार्यालयहरूले अभिलेख दुरूस्त राखेको तथा अद्यावधिक गरेको नपाईएकोले अध्ययनको क्रममा प्राप्त हुन आएका

तथा देखिएका विवरणहरू जस्ताको तस्तै उल्लेख गरी अभिलेखिकरणमा देखिएका समस्या समेत प्रतिवेदनमा समावेश गरिएको छ। यसैगरी, राहत वितरण तथा पुनर्स्थापना लगायतका कार्यमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा सम्बन्धित मन्त्रालय, विभाग र यसका मातहत कार्यालयहरूबाट राहत तथा पुनर्निर्माण सम्बन्धमा भए गरेका खर्च विवरणहरू समेत प्रतिवेदनमा संलग्न गरिएका छन्।

यसैगरी, राहत सामग्रीहरूको अध्ययन तथा छानवीन कार्यटोलीलाई प्राप्त कार्य निर्देश शर्त (Terms of Reference) मा उल्लेख भए अनुसार उल्लेखित विषयमा प्रारम्भिक अनुसन्धानात्मक प्रतिवेदन तयार गर्दा देहाय बमोजिमको विधि अपनाई सुक्ष्म रूपमा अध्ययन गरिएको छ।

- कार्य निर्देश शर्तमा तोकिएको विषयमा भूकम्पबाट पीडितहरूको उद्धार, राहत तथा सोसँग सम्बन्धित अन्य कार्यहरू गर्ने जिम्मेवारी रहेका तथा पाएका केन्द्रीय स्तरका मन्त्रालय, कार्यालय, विभाग, समिति आदिको स्थलगत अध्ययन तथा सम्बन्धित निकायका पदाधिकारीहरूसँग छलफल, परामर्श, अभिलेख संकलन लगायतका कार्यहरू गरियो।
- नेपाल सरकारले भूकम्प अति प्रभावित जिल्ला भनी घोषणा गरेका १४ जिल्लाहरूको स्थलगत अध्ययन भ्रमण गरी कार्य निर्देश शर्तमा उल्लेख भए बमोजिमको अभिलेख संकलन, स्थानीय पदाधिकारीहरू तथा पीडितहरूसँग छलफल, अन्तरक्रिया आदि गरियो।
- राहत सामग्रीहरूको सम्बन्धमा नेपाल सरकारका केन्द्रीय निकायहरूको अभिलेखहरूमा उल्लेख भए बमोजिमको राहत सामग्रीहरू स्थानीय स्तरमा पुगे/नपुगेको तथा स्थानीय स्तरबाट भरपर्दो संयन्त्रको विकास गरी पीडितसम्म राहत सामग्रीहरूको वितरण गरे/नगरेको सम्बन्धमा तुलनात्मक रूपमा अध्ययन गरियो।
- राहत तथा उद्धार कार्य लगायत समग्र विपद् व्यवस्थापनमा नेपाल सरकारबाट भएका नीतिगत निर्णयहरू र सोको कार्यान्वयनको अवस्था समेत अध्ययन गरियो।
- राहत, उद्धार तथा खोज लगायतका कार्यहरूमा नेपाल सरकारको केन्द्रीय निकायहरूबाट विनियोजित रकम तथा स्थानीय कार्यहरूको मौजुदा बजेटबाट उल्लेखित विषयमा खर्च गरिएको रकम सम्बन्धमा के-कस्तो विधि अपनाई सो कार्य गरिएको छ? खर्च गर्दा ऐन, नियमको पालना गरी आर्थिक पारदर्शिता अपनाइएको छ, छैन? खर्च गर्दा नेपाल सरकारको नीति निर्देशन बमोजिम गरिएको छ, छैन? भूकम्प पीडितको नाममा गरिएको खर्च तोकिएको शीर्षक वा कार्यमा गरिएको छ, छैन? भन्ने सम्बन्धमा भूकम्प अति प्रभावित १४ जिल्लाहरूको स्थलगत भ्रमण गरी प्रारम्भिक छानवीन समेत गरियो।
- भूकम्प अति प्रभावित १४ जिल्लाहरूलाई मन्त्रालय/विभागहरूबाट उपलब्ध गराईएको राहत रकम, स्थानीय स्तरका कार्यालयहरूको नियमित बजेटबाट खरिद गरिएका राहत सामग्रीहरू तथा

सम्पन्न गरिएका अन्य राहतसँग सम्बन्धित निर्माण कार्यहरूमा खर्च देखाईए बमोजिम वास्तविक रूपमा कार्य भए/नभएको सम्बन्धमा नमूनाको रूपमा केही स्थानहरूको स्थलगत निरीक्षण, सम्बन्धित कागजातहरूको अध्ययन तथा अन्य सूचनाहरू समेत संकलन गरी विश्लेषण गरियो।

- राहत संकलन तथा वितरण सम्बन्धी स्थानीय संयन्त्र तथा प्रणाली भरपर्दो तथा प्रभावकारी रहे/नरहेको सम्बन्धमा समेत अध्ययन गरियो।

**स्थलगत भ्रमण गरिएका केन्द्रीय तथा स्थानीय स्तरका निकायहरूः**

| क्र.सं. | विवरण |
|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | राष्ट्रिय योजना आयोग |
| ३ | अर्थ मन्त्रालय |
| ४ | परराष्ट्र मन्त्रालय, राहत सामग्रीहरू खरिद गर्ने नेपाली राजदूतावासहरू |
| ५ | वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ६ | उद्योग मन्त्रालय |
| ७ | गृह मन्त्रालय (केन्द्रीय दैवी प्रकोप उद्धार समिति, राष्ट्रिय विपद् कार्य संचालन केन्द्र) |
| ८ | कृषि विकास मन्त्रालय |
| ९ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १२ | वन तथा भू-संरक्षण मन्त्रालय |
| १३ | शिक्षा मन्त्रालय |
| १४ | सहरी विकास मन्त्रालय |
| १५ | नेपाली सेना, बलाधिकृत विभाग |
| १६ | प्रहरी प्रधान कार्यालय |
| १७ | सशस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय |
| १८ | नेशनल ट्रेडिङ्ग लिमिटेड (केन्द्रीय राहत संकलन तथा भण्डारण केन्द्र) |
| १९ | नेपाल खाद्य संस्थान (केन्द्रीय राहत संकलन तथा भण्डारण केन्द्र) |
| २० | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भंसार कार्यालय |
| २१ | भंसार विभाग |
| २२ | शिक्षा विभाग |
| २३ | स्वास्थ्य सेवा विभाग |

| | |
|---|---|
| २४ | सडक विभाग |
| २५ | पशु सेवा विभाग, पशु स्वास्थ्य सेवा निर्देशनालय |
| २६ | खानेपानी तथा ढल निकास विभाग |
| २७ | कृषि विभाग |
| २८ | भूकम्प अति प्रभावित १४ जिल्लाहरू (दोलखा, सिन्धुपाल्चोक, काभ्रे, गोरखा, धादिङ्ग, मकवानपुर, काठमाण्डौ, भक्तपुर, ललितपुर, रामेछाप, सिन्धुली, ओखलढुङ्गा, रसुवा र नुवाकोट) का विपद् व्यवस्थापनको जिम्मेवारी पाएका कार्यालयहरू |

## १.४ अध्ययनको सीमाः

राहत संकलन तथा वितरणमा राज्यका प्रायः सबै निकायहरू परिचालित भएको देखिए तापनि अध्ययनको क्रममा विपद् व्यवस्थापनको प्रमुख जिम्मेवारी पाएका तथा नेपाल सरकारको निर्णयबाट विशेष जिम्मेवारी तोकिएका कार्यालयहरूबाट सम्पादन भएका कार्यहरूको मात्र अध्ययन गरिएको छ। त्यसैगरी, नेपाल सरकारले भूकम्प अति प्रभावित जिल्ला भनी घोषणा गरेका १४ जिल्लाहरूमा मात्र अध्ययन केन्द्रित गरिएको छ। स्थलगत भ्रमणको क्रममा कतिपय जिल्लाहरूको भौगोलिक विकटताको कारण कार्यटोली सबै स्थानमा पुग्न नसक्ने अवस्था रहेकोले नमूना छनौट गरी अध्ययन गरिएको छ। स्थलगत भ्रमणको क्रममा केन्द्र तथा स्थानीय स्तरमा अद्यावधिक गरिएका सबै अभिलेखहरू तुलना गर्न सक्ने नदेखिएकोले अभिलेख व्यवस्थापनमा देखिएका अन्तरहरू जस्ताको तस्तै उल्लेख गरी तुलना गर्न सकिने अभिलेखहरूको हकमा मात्र विश्लेषणात्मक अध्ययन गरिएको छ।

## १.५ अध्ययन संगठनः

विषयवस्तुका आधारमा प्रतिवेदनलाई ५ भागमा विभाजन गरी पेश गरिएको छ जसमध्ये भाग १ मा अध्ययनको भूमिका, उद्देश्य, विधि, सिमा र संगठन उल्लेख गरिएको छ भने भाग २ मा राहत वितरण सम्बन्धमा अनियमितता हुन सक्ने वा भएको भनी आम संचारका माध्यमबाट प्रकाशित तथा प्रसारित विषयहरू तथा आयोगमा परेका उजुरीहरू समावेश गरिएको छ। त्यस्तै, भाग ३ मा राहत व्यवस्थापनमा प्रत्यक्ष र परोक्ष रूपमा सम्बन्ध राख्ने निकायहरू र सो निकायहरूबाट भएका नीतिगत निर्णय र सम्पादन गरिएका कार्यहरू सिलसिलेवार रूपमा राखिएको छ। प्रतिवेदनको भाग ४ मा नेपाल सरकारबाट अति प्रभावित जिल्ला भनी घोषणा गरेका १४ जिल्लाहरूको स्थलगत अध्ययन भ्रमण तथा निरीक्षणका क्रममा संकलन गरिएका अभिलेख, सम्बन्धित निकायका पदाधिकारीहरूसँगको छलफल तथा अवलोकनबाट खुल्न आएका विषयवस्तुहरूलाई तुलनात्मक तथा विवेचनात्मक रूपमा प्रस्तुत गरिएको छ भने भाग ५ मा अध्ययनको निष्कर्ष र सुझावहरू र

आयोगबाट छानवीन हुनु पर्ने क्षेत्रहरू उल्लेख गरिएका छन् जसमा राहत व्यवस्थापन तथा पुनर्निमाण कार्यमा अनियमितता हुन सक्ने विषयहरू पहिचान गरी नियमनकारी निकाय तथा सम्मानित आयोगबाट थप अनुगमन तथा छानवीन हुन सुझाव समेत पेश गरिएको छ।

# भाग २

## राहत वितरणमा अनियमितता लगायतका विषयमा विभिन्न संचार माध्यमहरूमा प्रकाशित समाचारहरू तथा यस आयोगमा पर्न आएका उजुरीहरूः

राहत रकम तथा सामग्रीहरूको वितरणमा अनियमितता भएको, गैर पीडितले समेत पीडित भएको दाबी गरी राहत रकम लिएको, राहत स्वरुप प्राप्त भएका सामग्रीहरूको बिक्री वितरण गरिएको आदि विषयहरूमा आम संचार माध्यमहरूमा प्रकाशित समाचारहरू र आयोगमा पर्न आएका उजुरीहरू समेतको अध्ययन गरी केही मुख्य विषयहरूमा स्थानीय स्तरबाट समेत सूचना संकलन तथा विश्लेषण गरियो भने केही विषयहरूमा आयोगबाट अनुसन्धान समेत सम्पन्न भई आवश्यक कारवाही भईसकेको र अन्य केही विषयहरूमा स्थानीय निकायहरूलाई आवश्यक छानवीन गर्न ध्यानाकर्षण गराईयो। यस सन्दर्भमा विभिन्न संचार माध्यमहरूमा प्रकाशित तथा आयोगमा पर्न आएका उजुरीहरूलाई प्रतिवेदनमा समावेश गर्न उपयुक्त हुने देखिएकोले उल्लेखित विषयहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छः

### १) खाद्यान्नसँग सम्बन्धित समाचारहरु

**नागरिक दैनिक** (मिति २०७२।२।१४ गते)

- भूकम्प प्रभावितका लागि मित्र राष्ट्र बंगलादेशले पठाएको **१० हजार मेट्रिक टन (१ करोड के.जी.)** चामल झापाका सहायक प्रमुख जिल्ला अधिकारी कमल बहादुर थापालाई हस्तान्तरण गरिएकोमा सो मध्ये ५ हजार मेट्रिक टन (पचास लाख के.जी.) चामल केन्द्रीय स्टोरमा दाखिला नगरी बीचैमा गायब गरिएको।
- मित्र राष्ट्र बंगलादेशले पठाएको १० हजार मेट्रिक टन (१ करोड के.जी.) चामल खाद्य संस्थानको झापास्थित विर्तामोड र चन्द्रगढी गोदाममा राखेको; गृहबाट उक्त सूचना के-कति कारणले नदिएको हो मलाई थाहा भएन भनी बाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता शम्भु घिमिरेले पत्राकारहरूलाई जानकारी गराएको।

**Mysansar, on June 17th, 2015**
धेरै बोल्नै पर्दैन, फोटोले नै देखाउँछ UN को WFP ले गोरखामा कस्तो चामल बाँड्यो?

- WFP अर्थात् विश्व खाद्य कार्यक्रम संयुक्त राष्ट्र संघ (UN) को एउटा संस्था हो। यसले नेपालका भूकम्प पीडितका लागि भन्दै विश्वभर चन्दा आव्हान गरेको तपाईंहरु सबैले देख्नु भएकै होला। अनि यसले चामल चाहिँ कस्तो बाँड्दो रहेछ त?

 


श्रीबहादुर गुरुङले खिचेका यी फोटोहरु गोरखाको लाप्राक गाउँमा WFP ले पुऱ्याएको चामलको हो। हेर्दै थाहा हुन्छ चामलको गुणस्तर। यहाँ केहीले सरकार चोर हो, खत्तम हो भन्दै आइ. एन. जी. ओ.लाई धेरै विश्वास गरेका देखिन्छन्। आइ. एन. जी. ओ.को ताल पनि यस्तो छ हेर्नुस्।

- WFP ले यहाँ मात्रै होइन काभ्रेमा पनि यस्तै गुणस्तरहीन चामल बाँडेको थियो। राष्ट्रिय मानवअधिकार आयोगले विज्ञप्ति निकाल्दै काभ्रेमा WFP ले दिएको र रेडक्रसले बाँडेको चामल गुणस्तरहीन पाएकोले कारबाही गर्न भनेको थियो। गुणस्तर तथा नापतौल विभागले पनि महादेवस्थान ८ कुन्तावेशी स्थित गोदामबाट ल्याएको नमूना परीक्षण गर्दा खाद्य गुणस्तर अनुरुप नभएको बताएको थियो।

**कान्तिपुर दैनिकः**

पीडितको लागि आएको राहत सामान निजी गोदाममा भेटियो

- एक साता अघि आएको विनाशकारी भूकम्पका कारण घरबार विहीन नेपालीहरूको पीडामा मलम लगाउन यतिबेला स्वदेश तथा विदेशबाट समेत थुप्रै राहत सामग्री नेपाल भित्रिएको छ। जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रहरी उपरिक्षक राजेन्द्र ढकालका अनुसार भारतको वाराणसीमा रहेको मानव धर्म सेवा समितिले भूकम्प प्रभावितहरूको लागि पठाएको उक्त सामग्री सिद्धार्थ नगरपालिका ४ मा रहेको आचार्य राईस मिलबाट बरामद गरिएको हो। प्रहरी उपरीक्षक ढकालले यम शर्माले सञ्चालन गरेको उक्त राईस मिलको गोदामबाट यूपी ६३ जे ९१०० नम्बरको ट्रकमा ५० क्विन्टल चना, ३ क्विन्टल चियापत्ति, १० झोला पाउडर दुध, १०० कार्टुन बिस्कुट, १०० थान कम्बल, २० कार्टुन फ्रुटी र १५ थान ठूला त्रिपाल बरामद गरिएको बताए।

**नागरीक दैनिक- मङ्गलबार २६ जेष्ठ, २०७२**

राहत खाद्यान्न लुकाएर बिक्री



*प्रहरीले बरामद गरी धुलिखेल ल्याएको सरकारी राहतको चामल र चिउरा*

- बनेपा भूकम्प पीडितलाई बाँड्न काभ्रेको विकट कोशिपारी, चौबास गा.वि.स.मा लगिएको सरकारी राहतको चामल र चिउरा बेच्ने उद्देश्यले लुकाइएको खुलासा भएको छ। स्थानीयको उजुरीका आधारमा काभ्रे प्रहरीले तीन पसलबाट ४५ बोरा चामल र २० बोरा चिउरा बरामद गरेको हो। चौबासमा वितरण गर्ने भनेर लगिएको खाद्य संस्थानको चामल र चिउरा गोठपानी, सानोवाङथली र धुसेनी शिवालयका तीनवटा पसलमा बेच्ने उद्देश्यले लुकाइएको फेला पारेका हौं, जिल्ला प्रहरी कार्यालयका डि.एस.पी. राजकुमार के.सी.ले भने।

## २) आवाससँग सम्बन्धित समाचारहरु

त्रिपाल र टेन्टसँग सम्बन्धितः

अनलाइन पत्रिका, २०७२ जेठ १ गते

सरकारी त्रिपाल निजी गोदाममा पुर्‍याउने हिरासतबाट भागे

- भूकम्प पीडितलाई बाड्न नेपाल सरकारले भारतबाट किनेर नेपाल ल्याएको त्रिपाल ब्यक्तिको घरमा पुर्‍याएको अभियोगमा पक्राउ परेका आगंटासी तामाङ भागेका छन्। महानगरीय प्रहरी बृत्त बौद्धको हिरासतमा रहेका तामाङ मंगलबार आएको शक्तिशाली पराकम्पनको मौका छोपेर भागेका हुन्।
- भारत स्थित नेपाली दूतावासले किनेर पठाएको ५० लाखको त्रिपाल उनले जोरपाटीमा रहेको एक निजी गोदाममा पुर्‍याएका थिए। प्रहरीले निजी गोदाममा रहेको त्रिपाल फेला पारे पनि २ हजार थान त्रिपाल गायव थियो। त्यसमध्ये १ सय ७० पोका सिन्धुपाल्चोकमा फेला पारी प्रहरीले सबै सामग्री केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा बुझाएर तामाङलाई कारबाहीका लागि हिरासतमा राखेको थियो।

**आर्थिक दैनिक पत्रिका** (मिति २०७२।२।८ गते)

- सहरी विकास मन्त्रालयले भू-कम्प पीडितहरूको लागि भनी प्रचलित बजार मूल्य भन्दा झन्डै दुई गुणा बढी मूल्यमा त्रिपाल खरिद गरी व्यापक अनियमितता गरेको, मन्त्रालयले त्रिपाल सरदर १३ सय ६६ रुपैयाँ प्रति गोटाको दरमा खरिद गरेको जसको बजार मूल्य प्रति गोटा ६ सय देखि ७ सयको हाराहारीमा रहेको देखिएको, मन्त्रालयले सार्वजनिक खरिद नियमावली, २०६४ को धारा १ बमोजिम विशेष परिस्थितिमा विना टेन्डर सामान खरिद गरेको दावी गरे तापनि मन्त्रालयले गरेको खरिद प्रक्रियामा यस नियमावलीको अन्य प्रावधानहरूको पालना गरिएको नदेखिएको।

**कान्तिपुर दैनिक** (मिति २०७२।२।१२ गते)

- मन्त्रालयको खरिद हेर्ने प्रशासन महाशाखाले आठ किसिमका पाल खरिद गरेको जसमा सबैभन्दा बढी १५० ग्राम प्रति स्क्वायर फिट (जीएसएम) भएको ३ लाख ९६ हजार ३ सय ९ थान खरिद गरेको, यस्तो पाललाई मन्त्रालयले न्युनतम प्रति स्क्वायर फिट ६ देखि ९ रूपैया सम्ममा खरिद गरेको।
- १५ हजार थान खरिद गरिएका १६० जी.एस.एम. पाललाई प्रति जी.एस.एम. ४ रुपैया ३१ पैसा देखि बढीमा ४ रुपैया ६३ पैसा सम्म मूल्य निर्धारण गरेको।
- १७० जीएसएमका १९ हजार ४ सय ३७ थान पाललाई प्रति जीएसएम न्युनतम ४ रुपैया ७ पैसा देखि बढीमा ९ रुपैया ७८ पैसा सम्ममा खरिद गरेको,
- १८० जीएसएमको पाल २ हजार चार सय ९६ थान खरिद गरिएको,
- २ सय जीएसएमको ५ हजार १ सय ९३ थान पाललाई प्रति जीएसएम १० रुपैया ५० पैसा मूल्य राखिएको।
- २ सय २० जीएसएमको ३ हजार ७ सय २५ थान पाललाई प्रति जीएसएम ९.५ रुपैयामा खरिद गरिएको,
- २ सय ३० जीएसएमको ४ हजार २ सय ४६ थान पाललाई मन्त्रालयले प्रति जीएसएम न्युनतम १२.९ देखि बढीमा १२.७८ रुपैया तिरेको,
- दुईसय पचास जीएसएमका पाल १ हजार २ सय १० थान खरिद गरिएको, यो पाललाई प्रति जीएसएम १४ रुपैयाको दरले खरिद गरेको देखिएको,
- बैशाख १३ देखि १९ गते सम्म २७ हजार ७ सय ९ थान त्रिपाल खरिद गरिएकोमा एक सय ५० जीएसएमको पाललाई प्रति जीएसएम ९ रुपैयामा खरिद गरेको र एकै प्रकारको पाललाई फरक फरक दरमा खरिद गरिएको देखिएको,
- आवास विभागको मापदण्ड अनुसार घाम, पानी र हावाहुरीबाट बच्नको लागि पालको गुणस्तर २०० जीएसएमसम्म चाहिन्छ त्यो भन्दा कम गुणस्तरका पालहरू खरिद गरिएको छ त्यसको

काम बिस्कुन सुकाउने मात्र रहेको, २२० जीएसएम भन्दा १६० जीएसएम पाललाई बढी मूल्य तिरेको देखिएको, पाल खरिदमा ६५ देखि ६७ करोड रुपैया खर्च भएको देखिएको,

- कति पाल आयो? कति गयो? कति खरिद गरियो? भन्ने सही तथ्याङ्क मन्त्रालयले राखेको नपाईएको।

**अन्नपूर्ण पोष्ट** (मिति २०७२।२।१८ गते)

- मिति २०७२।२।१८ गते भन्दा अगाडि राहत सामग्रीहरू लिई काठमाडौं आएको ट्रकको कुनै जाँच नगरी सिधैं आपूर्ति गर्ने व्यवस्था सहरी विकास मन्त्रालयले मिलाएको, मन्त्रालयले सार्वजनिक खरिद ऐन, २०६३ अनुसार "छोटो बाटो" को टेन्डर मार्फत त्रिपाल खरिद र आपूर्ति गर्न विभिन्न ब्यापारीसंग सम्झौता गरेको, भारतको भि.के.पावर त्रिपाल कम्पनीद्वारा उत्पादित कालो, पहेलो र रातो रंगको पालमा अनियमितता भेटिएको, भि.मल्टी कन्सर्न प्रा.लि. ले एक बन्डलमा १२/१५ को १२ थान त्रिपाल भएको भनी मन्त्रालयलाई जानकारी गराएर १० थान मात्रै पोकामा हालेर आइतबार रामशाहपथ स्थित नेशनल ट्रेडिङ्ग लिमिटेडको केन्द्रीय राहत वितरण केन्द्रमा आम्दानी बाँध्ने क्रममा खुल्न आएको। भैरहवा नाकाबाट भि.मल्टी कन्सर्नले ट्रक मार्फत राजधानी भित्र्याईएको ५७७ बन्डलमा एक हजार एक सय ५४ वटा त्रिपाल कम फेला परेको।

**अन्नपूर्ण पोष्ट** (मिति २०७२।२।१९ गते)

- बैशाख १३ गते बसेको मन्त्रिपरिषद् बैठकले सहरी विकास मन्त्रालयलाई पाल खरिद गर्ने अख्तियारी दिएको।
- सहरी विकास मन्त्रालयले आफै सोझै खरिद गरेको २७,७०९ थान पाल १५० देखि २५० जीएसएम सम्मको र साइज ६ फिट चौडाई ९ फिट लम्बाई देखि ३० फिट चौडाई ४० फिट लम्बाई सम्मका पाईएको।
- सहरी विकास मन्त्रालयले यस्तो पालको मूल्य प्रति वर्ग फिट ४ रुपैया २५ पैसा देखि १२ रुपैया ९० पैसा सम्म रहेको विल पेश गरेको,
- सहरी विकास मन्त्रालयले दोश्रो चरणमा आपूर्तिकर्तासँग वार्ता गरी खरिद गरेको एक लाख २५ हजार थान पाल एक सय पचास देखि दुई सय जीएसएम र साइज ९ फिट चौडाई १२ फिट लम्बाई देखि १२ फिट चौडाई देखि १२ फिट लम्बाई र १२ फिट लम्बाई देखि १८ फिट चौडाई भएको पालको मूल्य प्रति वर्ग फिट ६ रुपैया ५० पैसा देखि ९ रुपैयासम्म रहेको।
- तेश्रो चरणमा सूचना प्रकाशित गरी खरिद गरिएका ३ लाख थान पालको जीएसएम १५० देखि १७० सम्म र साइज १२ फिट चौडाई १८ फिट लम्बाई सम्मको पालको मूल्य प्रति वर्ग फिट चार रुपैया ३१ पैसा देखि ६ रुपैया ५० पैसा सम्म परेको देखिएको।

**कान्तिपुर दैनिक** (मिति २०७२।०२।२५ गते)

- सहरी विकास मन्त्रालयले पहिलो चरणमा २७,९०० थान त्रिपाल प्रति वर्ग फिट रू.४।२५ देखि १२।९० मा खरिद गरेको विल बनाएको, दोश्रो चरणमा खरिद गरिएको १,२५,००० थान त्रिपालको प्रति वर्ग फिट रू.६।५० देखि ९।- रूपैयाँ सम्मको विल बनाएको, तेश्रो चरणमा खरिद गरिएको ३ लाख थान त्रिपालको प्रति वर्ग फिट ४ रूपैयाँ ३१ पैसा देखि ६ रूपैयाँ पचास पैसा सम्म खरिद गरेको विल रहेको, त्रिपालको न्युनतम चौडाई ९ फिट र लम्बाई १८ फिट हुनु पर्नेमा आधा भन्दा बढी त्रिपालको चौडाई ६ फिट र लम्बाई ९ फिट रहेको, यस्ता त्रिपाल बिस्कुन सुकाउन बाहेक अन्य काममा प्रयोग गर्न नमिल्ने, यस्ता साना त्रिपालको बजार मूल्यबढीमा प्रति थान ४ सय ५० रुपैया रहेकोमा मन्त्रालयले खरिद गरेको त्रिपालको औसत मूल्य प्रति थान १ हजार ५ सय रूपैयाँ रहेको।

**नागरिक दैनिक** (मिति २०७२।२।२६ गते)

- सहरी विकास मन्त्रालयले पहिलो चरणमा २७ हजार ७ सय ९ थान, दोश्रो चरणमा १ लाख २५ हजार थान र तेश्रो चरणमा ३ लाख थान पाल खरिद गर्ने निर्णय गरेको,
- पहिलो चरणमा खरिद गरिएका मध्ये ५ हजार ५ सय ३१ वटा पाल को-कसलाई वितरण गरिएको भन्ने कुनै विवरण फेला नपरेको, खरिद गरिएका पालहरू पुरा नभेटिएको, पालहरू कम गुणस्तर तथा एउटै गुणस्तरको पालको मूल्य समेत फरक-फरक पाईएको, पाल वितरणको क्रममा सहरी विकास मन्त्रालयले वस्तुनिष्ठ मापदण्ड नअपनाएको, वितरण गरिएको सामग्री लक्षित व्यक्ति तथा समूहले प्राप्त गरेको भन्ने कुनै आधार नदेखिएको, पाल वितरण गर्दा मन्त्रालयले अधिकांश व्यक्तिको नाम मात्रै उल्लेख गरेको, त्रिपाल बुझेको भरपाई कागजात संलग्न नरहेको, पहिलो चरणमा खरिद गरिएका पाल मन्त्रालयले आफै वितरण गरेको, दोश्रो र तेश्रो चरणमा खरिद गरिएका पालहरू नेशनल ट्रेडिङ्ग लिमिटेडमा दाखिला गर्नु पर्ने भए पनि सो अनुसार दाखिला गरेको नपाईएको,
- मन्त्रालयले गरेको खरिद निर्णय अनुसार आपूर्तिकर्ताले दोश्रो र तेश्रो चरणमा खरिद गरी नेशनल ट्रेडिङ्गमा दाखिला गरेका पालहरू तोकिएका भन्दा कम पाईएको, आपूर्तिकर्ताहरूले एक बण्डलमा १२ थान त्रिपाल रहेको भनी बुझाए पनि नेशनल ट्रेडिङ्गका कर्मचारीहरूले त्रिपालहरूको प्याकिङ्ग बन्डलको गणना गर्दा अधिकांशमा १० वटा मात्रै पाल भेटिएको साथै त्रिपाल खरिदमा भ्रष्टाचार भएको आशंकामा सहरी विकास मन्त्रालयले मन्त्रालयका सह-सचिव डा. महेन्द्र सुब्बाको संयोजकत्वमा गठन गरेको समितिले समेत त्रिपाल खरिदको क्रममा ब्यापक भ्रष्टाचार भएको ठहर गरेको।

**अन्नपूर्ण पोष्ट** (मिति २०७२।२।२९ गते)

- गृह मन्त्रालयले संसदीय समितिलाई उपलब्ध गराएको विवरणमा ९ लाख ४३६ त्रिपाल र टेण्ट वितरण गरेको भनी उल्लेख भए तापनि सो दावी अनुसार बाँकी दुई लाख ३९ हजार नौ सय सन्ताउन्न टेण्ट तथा त्रिपालको विवरण फरक परेको देखिएको।
- कम गुणस्तरको बजार मूल्य एक हजारमात्रै पर्ने त्रिपाल कोटेशन मार्फत सहरी विकास मन्त्रालयले तीन हजार रुपैयाका दरले एक लाख अठ्ठाईस हजार सात सय थान खरिद गरेको, जेठ १४ मा भारतको सिक्किम राज्य सरकारबाट प्राप्त ५० हजार थान, साउदी अरब सरकारबाट १२ हजार थान, बंगलादेशबाट प्राप्त आठ हजार ९१ थान टेण्ट तथा त्रिपाल मध्ये छ हजार आठ सय २१ थान र बंगलादेशबाट प्राप्त ५७ हजार थान ब्लाङ्केट अभिलेखमा समावेश भएको नदेखिएको।

**नुवाकोट जस्तापाता प्रकरणबारे ३ दिन भित्र जानकारी दिन संसदीय समितिको अल्टिमेटन (जिष्ट खबर डट कम)**

काठमाडौं, असार १, नुवाकोटका विद्यालयलाई पठाइएको ३०० बन्डल जस्तापाता बिक्री गर्न लागिएको भन्ने सम्बन्धमा भइरहेको छानवीन अविलम्ब पूरा गरी त्यसको तीन दिनभित्र जानकारी गराउन संसदीय विशेष समितिले सरकारलाई अल्टिमेटम दिएको छ।



राष्ट्रिय विपद् व्यवस्थापन अनुगमन तथा निर्देशन विशेष समितिले नेपाल इन्भेस्टमेन्ट बैंकले नुवाकोटका लागि उपलब्ध गराएको जस्तापाता बिक्रीका लागि काठमाडौं लग्न लागिएको भन्ने सन्दर्भमा छानवीन गरी कारबाहीका लागि सिफारिस गर्न सरकारलाई निर्देशन दिएको थियो।

**भूकम्प पीडितको राहतमा पनि न्याल (*अन्नपूर्ण*)**



*फोटो :अन्नपूर्ण (राहत बोकेको ट्रक पक्राउपछि जाँच गर्दै सुरक्षाकर्मी)*

**अदृश्य जालो खोज्दै सरकार, अनुसन्धान गर्दा धम्की आयोः राज्यमन्त्री**

काठमाडौंः भूकम्प पीडितका नाममा आएको राहत सामग्रीको दुरुपयोग बारे उपप्रधान तथा गृहमन्त्री बामदेव गौतम र सुरक्षा निकायबीच विवाद भएको केही दिनपछि नै **७० ट्रकभन्दा बढीको राहत सामग्रीको कालोबजारी भएको नयाँ तथ्य फेला परेको छ।** त्यसैगरी ३ लाख पाल खरिद गर्न सरकारले छोटो समयको सूचना जारी गरी प्रस्ताव आव्हान गरेकोमा **व्यापारीको इन्ट्रेष्ट पूरा हुन नसक्दा विना निर्णय हालसम्म थन्क्याएको पाइएको छ। सरकारको समेत स्वामित्व रहेको साल्ट ट्रेडिङ्ग कर्पोरेशनले ९ सय रुपैंया प्रति गोटा दिन सक्ने प्रस्ताव गरेपछि महँगोमा किन्ने प्रस्तावहरुको इच्छा पुरा हुन नसक्दा पाल आयात अनिर्णित बनेको हो।**

प्रहरीले सामान लोड गरिएको ट्रक नं. ४१४४ एचआर ६९बी-४१११ का ड्राइभर राम खिलाडी र अर्को गाडीका चालक नरेश कुमारलाई नियन्त्रणमा लिएको छ। उनीहरुले ७० ट्रकभन्दा बढी सामान ल्याएको कुरा बयानमा बताएका छन्। वाणिज्य तथा आपूर्ति राज्यमन्त्री गिरी बहादुर केसीले भने,'सरकारलाई जानकारी नदिई यस अघि पनि यस्तै गरी छलछाम गरेर सामान ल्याएको कुरा आएको छ।' **उनले पक्राउ सामान छुटाउन आफूलाई धम्की समेत आएको बताए।** तर, सामान दावी गर्न आउने व्यक्ति र धम्क्याउने व्यक्ति को थियो र किन उसलाई पक्राउ गर्न सकिएन भन्ने बारे भने उनले केही बताएनन्।

बैशाख २१ गतेको केन्द्रीय दैवी प्रकोप उद्धार तथा राहत समितिको बैठकमा मन्त्री गौतमले **भारत पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले पठाएको १ लाख थान पाल मध्ये केही सम्पर्कमा नआएको र चीनले दिएको राहत सामग्री नेपाली सेनाले जिम्मा लिएर अन्यत्रै लगेको आरोप लगाएका थिए।**

**हिमालय टाईम्स पत्रिका** (मिति २०७२।३।५ गते)

- सहरी विकास मन्त्री नारायण खड्काका अनुसार १२ वैशाखको भूकम्प पछि सोही दिन मन्त्रिपरिषद्को निर्णयले राहत र उद्धारका लागि सबै संयन्त्र प्रयोग गर्ने निर्णय गरेको र सोही निर्णयमा त्रिपाल खरिदका लागि सहरी विकास मन्त्रालय र भण्डारणका लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई तोकिएको,
- बैशाख १३ गते नै सहरी विकास मन्त्रालयले त्रिपाल खरिदका लागि बजारमा निस्किएको तर आपत्कालीन अवस्था भएको कारण बजारबाट सीधै खरिद गरेको,
- करिब डेढ लाख त्रिपाल खरिदको लक्ष्य लिएर निस्किएको मन्त्रालयले देशै भर बुझ्दा पनि ३० हजारको हाराहारीमा मात्र त्रिपाल भेट्टिएकोले अन्ततः मन्त्रालयले भारत गएर त्रिपाल खरिद गर्ने निर्णय गरेको।
- भारत र नेपालबाट बैशाख १९ गते सम्म २७ हजार बढी त्रिपाल मन्त्रालयले खरिद गरेको।

- दबाव बीच पहिलो चरणको २७ हजार त्रिपाल प्रतिस्पर्धा बिना खरिद गरिए पनि दोश्रो र तेश्रो चरणमा प्रतिस्पर्धाबाटै खरिद गरिएको।
- १२,१३ र १४ गते करिब ३ हजार त्रिपाल बाटोबाटै खोसाखोस भएको र सो को अभिलेख राख्न नसकिएको।

**राजधानी पत्रिका** (मिति २०७२।३।६ गते)

- विपद् व्यवस्थापनको लागि त्रिपाल तथा पाल खरिद गरिएको भए पनि विधी र प्रक्रिया नपुऱ्याईएको, भरपाई नभएको, विवरणको वस्तुनिष्ठ आधार, मापदण्ड नभएको पाईएको।
- राष्ट्रिय सतर्कता केन्द्रले रा.स.स.लाई उपलब्ध गराएको छानवीन प्रतिवेदनमा मन्त्रालयले पहिलो चरणमा खरिद गरिएका २७ हजार ७ सय ९ थान पाल तथा त्रिपाल मध्ये ३ हजार १ सय ९९ थानको भरपाई नभएको उल्लेख गरेको।
- त्यस्तै दोस्रो र तेस्रो चरणमा खरिद गर्ने भनिएका ४ लाख २५ हजार पालमध्ये २ लाख ६४ हजार ५ सय त्रिसठ्ठी थान पाल मात्र दाखिला भएको र अरू पाल आएको/नआएको भन्ने बारे हालसम्म कुनै पनि जानकारी नभएको पाइएको।
- खरिदकर्तासँग गरिएको सम्झौता अनुसार आपूर्तिकर्ताले तोकिएको समय सीमा भित्र पाल उपलब्ध नगराएको, सो कार्य बापत राखेको धरौटी रकम जफत गर्ने भनिएपनि त्यसो हुन नसकेको अध्ययन क्रममा पाइएको, खरिद गरिएका पालको साइज, स्पेसिफिकेशन एवं दर समेत फरक रहेको, एउटै मितिमा खरिद गरिएको भए पनि बजार मूल्य फरक परेको देखिएको, विपद्को समयमा खरिद गरिएको भए पनि तालुक निकायबाट समर्थन गराउनु पर्नेमा सो हुन नसकेको देखिएको।
- विपत्तिमा परेको अवस्थामा अस्वाभाविक रूपमा बढी दरभाउ राखी त्रिपाल आपूर्ति गर्ने आपूर्तिकर्ताको खरिद खाता, बिक्री खाता, भन्सार प्रज्ञापनपत्र, कर दाखिला लगायतका कागजातको छानवीन गरी नियमसंगत नदेखिएमा कानून बमोजिम कारवाही गर्नु पर्ने देखिएको।
- सहरी विकास मन्त्रालयले वैशाख१२ देखि १९ गतेसम्म बजारमा पाएका जुनसुकै साइज र गुणस्तरका त्रिपाल जुन मूल्यमा उपलब्ध हुन्छ सोही आधारमा २७ हजार ७ सय ९ थान पाल खरिद गरेको देखिएको।

**नागरिक दैनिक** (मिति २०७२।३।५ गते)

सहरी विकास सचिव अर्जुनकुमार कार्कीले भरपाई नभएका ३ हजार १ सय ९९ त्रिपाल मध्ये को-कसले लगेको भन्ने पत्ता लागेको र जसमा ओखलढुंगाका दुई जना सभासद्हरूले १ हजार थान त्रिपाल लगेकोमा पछि भरपाई गरी दिएको जानकारी समितिलाई दिएको।

- भरपाई नभई वितरण भएका त्रिपालहरू केही मन्त्री, सभासद्, पत्राकार, सुरक्षाकर्मीले लगेको सचिव कार्कीले समितिलाई जानकारी गराएको।

- मन्त्रालयले हालसम्म ४ लाख २५ हजार त्रिपाल खरिद गरेको र केही सयको संख्यामा मात्र त्रिपालको भरपाई नभएको देखिएको।
- सिन्धुपाल्चोकबाट निर्वाचित सांसद मोहन बहादुर बस्नेतले पनि आफुले एक हजार त्रिपाल मन्त्रालयसँग लिएर वितरण गरेको समितिलाई जानकारी गराएको।

## ३) भाडाकुडाँ

**४३ लाख किचन सामग्री खोइ** (बुधबार १६ असार, २०७२ Nagrik news)

- काठमाडौं-नेपालका प्रत्येक भूकम्प पीडित परिवारलाई पुग्ने गरी विभिन्न विदेशी संघ-संस्थाले पठाएका किचन सामग्री कहाँ पुगे भन्नेमा सरकार बेखबर छ। पूर्ण भन्सार छुटमा नेपाल भित्र्याइएका करोडौं मूल्य बराबरका ती सामग्री अधिकांश भूकम्प पीडितसम्म पुगेको छैन। भूकम्प पीडितलाई विदेशबाट आउने राहत सामग्री संकलन र वितरणको जिम्मेवारी सम्हालेको गृह मन्त्रालयसँग न यी सामग्री कसरी भित्रियो तथा कसले लग्यो भन्ने विवरण छ न त पीडितसम्म पुगेको जानकारी नै।
- वैशाख १२ गते ७.६ म्याग्निच्युडको विनाशकारी भूकम्प गएपछि जेठ २० गतेसम्म विभिन्न भन्सार नाकाबाट भन्सार छुटमा भूकम्प पीडितका लागि भन्दै लाखौं किचन सामग्री नेपाल भित्रिएका छन्। वैशाख १३ देखि जेठ २० गतेसम्म १३ वटा भन्सार नाकाबाट ४३ लाख ७६ हजार २ सय ३२ भन्दा बढी किचन सामग्री पूर्ण भन्सार छुटमा नेपाल भित्रिएको देखिन्छ। राहत सामग्रीको मूल्य र राहत सामग्री कहाँ वितरण गर्ने भन्ने स्पष्ट खुलाएपछि मात्र भन्सार छुट दिने प्रावधान भए पनि अधिकांश किचन सामग्री ल्याउनेले न त मूल्य खुलाएका छन् न वितरण गर्ने स्थान। वितरण गर्ने स्थान खुलाएका केही मध्ये अधिकांश संस्थाले काठमाडौं र ललितपुर उल्लेख गरेका छन्। सबैभन्दा बढी भूकम्प प्रभावित रहेका गोरखा, धादिङ, नुवाकोट, रसुवा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा लगायत जिल्लाको नाम निकै कम संस्थाले मात्र उल्लेख गरेका छन्। गृह मन्त्रालयले विदेशी राष्ट्र तथा संस्थाले भूकम्प पीडितलाई पठाएको नुनदेखि पानीसम्मको विवरण राखेको छ तर किचनमा प्रयोग हुने ४३ लाखभन्दा बढी सामग्रीको विवरण राखेको छैन। यो विवरण कसले राख्छ भन्ने पनि गृहलाई पत्तो छैन। गृहकै तथ्यांकअनुसार वैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पनका कारण देशभर कूल ५ लाख ९५ हजार ७ सय २८ घर पूर्णरूपमा ध्वस्त भएका छन्। आएका किचन सामग्री समानुपातिक हिसाबले बाँडेको भए प्रत्येक घरपरिवारको भागमा करिब आठवटा किचन सामग्री पर्थ्यो। विडम्वना, यी सामग्रीको उपयोग कसले गरिरहेको छ, सरकारी निकायलाई नै थाहा छैन। नागरिकलाई प्राप्त

विवरणअनुसार विदेशबाट वैशाख १३ देखि जेठ २० गतेसम्मको अवधिमा ९६ हजार ६ सय ४५ किचन सेट पूर्ण भन्सार छुटमा नेपाल भित्रिएको छ।

## ४) ब्ल्याङकेट

राहतमा अनियमितता : (५७ हजार ब्लाङ्केट हराए) सोमबार २५ जेष्ठ, २०७२

- काठमाडौं- बंगलादेशले भूकम्प पीडितको नाममा पठाएको करिब ५७ हजार थान ब्लाङ्केट हराएका छन्। वैशाख१२ गतेको शक्तिशाली भूकम्पपछि बंगलादेशले हवाई र सडक मार्गबाट ५९ हजार २ सय ७२ थान ब्लांकेट पठाएको थियो। विदेशबाट आउने राहत सामग्रीको तथ्यांक राख्ने तथा वितरण गर्ने जिम्मेवारी पाएको गृह मन्त्रालयले बंगलादेशबाट २ हजार ४ सय ७८ थान ब्लाङ्केट मात्र प्राप्त भएको देखाएको छ। अरू ब्लाङ्केट कहाँ छन् तथा कहाँ गए भन्नेमा गृह मौन छ। बंगलादेशको काठमाडौंस्थित दूतावासका अनुसार **५९ हजार २ सय ७२** थान नै ब्लांकेट तीन साता अघि नेपाल भित्रिएका हुन्।

## (५) स्वास्थ्यसँग सम्बन्धित समाचारहरु

स्वास्थ्यमा बेथिति १ : कहाँ गयो साढे १० लाख झुल प्रकाशित मितिः२०७१ चैत २० गते

- औंलो रोगको उच्च जोखिममा रहेका ३१ जिल्लामा वितरण गर्न ल्याइएका १० लाखभन्दा बढी झुल गायब पारिएको छ। ग्लोबल फन्डको सहयोगमा पपुलेसन सर्भिस इन्टरनेशनल (पिएसआई) ले खरिद गरेको २१ लाख झुलमध्ये १० लाखभन्दा बढी झुल गायब भएको हो। स्रोतका अनुसार स्वास्थ्य सेवा विभाग इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नाममा भन्सार विन्दुबाट २०७० मंसिर २६ देखि सोही वर्षको पुस ५ गतेसम्म ६ प्रज्ञापन-पत्रबाट ६१ करोड ६४ लाख ७७ हजार मूल्यका २१ लाख २९ हजार ५ सय २९ कीटनाशक झुल जाँचपास भएका थिए।
- तीमध्ये ३० करोड ९७ लाख ४३ हजारको १० लाख ६४ हजार ७ सय २९ झुलमात्र जिन्सी आम्दानी गरी औंलोग्रस्त जिल्लामा पठाइएको थियो। बाँकी ३० करोड ९८ लाख २ हजार रुपियाँ बराबरको १० लाख ६४ हजार ८ सय झुल गायब पारिएको स्रोतको दाबी छ। आर्थिक कार्यविधि नियमावली ०६४ को नियम ४९ अनुसार वस्तुगत सहायता स्वरुप प्राप्त मालसामानहरु अंकित मूल्यको आधारमा आम्दानी लेखांकन गरी वित्तीय विवरणमा समावेश गर्नुपर्ने प्रावधान छ। तर, साढे १० लाख वटा झुलको रकमको आम्दानी नदेखाई गायब पारिएको हो।

## ६) राहत रकममा अनियमितता

राहत अनियमितताबारे लेखाले चार मन्त्रीलाई डाक्ने, बिहीबार २८ जेष्ठ, २०७२

- काठमाण्डौं– लेखा समितिले राहत वितरणमा अनियमितता गरेकोबारे जानकारी लिन चार मन्त्रीलाई बोलाउने भएको छ। व्यवस्थापिका संसद अन्तर्गतको सार्वजनिक लोखा समितिको बिहीबार बसेको बैठकले विपत्ति पछि उद्धार, राहत संकलन तथा वितरण र पुनःस्थापनाको क्षेत्रमा काम गरिरहेका गृह, अर्थ, आपूर्ति र शहरी विकास मन्त्रालयका मन्त्रीहरुलाई कामको स्पष्ट विवरण सहित समितिमा उपस्थित हुन निर्देशन दिएको हो। पहिला ती मन्त्रालयहरुसँग विवरण मागेर अध्ययन गर्छौं, बैठकपछि समिति सभापति जनार्दन शर्माले भने, 'त्यसपछि सम्बन्धित मन्त्री लगायतका अधिकारीलाई उपस्थित गराएर जानकारी लिन्छौं।
- समितिले ती मन्त्रालयसँग राहतका लागि खरिद गरिएका सामग्री, सहायता रकम, भन्सार छुटमा भित्रिएका सामान लगायतका विषयमा छलफल गर्ने बताएको छ। यस क्रममा राष्ट्रिय सतर्कता केन्द्र र मन्त्रालयले नै तयार गरेको प्रतिवेदन पनि मगाएर अध्ययन गर्ने समितिले निर्णय गरेको छ। समितिले भूकम्पले घर बस्न नमिल्ने परिवारलाई वर्षा अघि नै थप ३५ हजार रुपैयाँ दिने निर्णय गरेको छ। 'सरकारले क्षतिपूर्ति स्वरुप दिने भनेको रु.२ लाखबाटै कटौती हुने गरी थप २३ हजार दिएर प्रतिपरिवार ५० हजार पुऱ्याउन निर्देशन दिन्छौं,' सभापति शर्माले भने।

काभ्रेको उग्रचण्डी नाला गा.वि.स.मा राहतमा अनियमितता साउन ३, काठमाडौं:

- राज्यले पूर्णरुपमा क्षति भएका परिवारलाई १५ हजारका दरले बाँडेको राहत रकममा अनियमितता भएका समाचार सार्वजनिक भइरहेका छन्। काभ्रे जिल्लाको उग्रचण्डी नाला गा.वि.स.मा पनि राहत रकममा व्यापक अनियमितता गरिएको सार्वजनिक भएको छ। उग्रचण्डी नाला गा.वि.स.का एकै परिवारका ६ जनाले १५ हजारका दरले राहत रकम बुझेको खुलेको छ।

राहतमा अनियमितता, मेरो अनलाईन खबर काठमाडौं, श्रावण २८

- भूकम्पले क्षति पुऱ्याएका निकुञ्जहरूका सुरक्षा पोस्ट निर्माणका लागि जस्तापाता, टेन्ट र खाद्य सामग्री खरिद गर्दा 'अनियमितता' भएको पाइएको छ। वन मन्त्रालय मातहतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले दातृ निकायको रकमबाट सिमरा स्थित हुलास स्टिलसबाट जस्तापाता र भारतबाट टेन्ट खरिद गर्दा अनियमितता गरेको पाइएको हो। भूकम्पले लाङटाङ, शिवपुरी–नागार्जुन र सगरमाथा राष्ट्रिय निकुञ्जका सुरक्षा पोष्ट भत्किएका थिए। भत्किएका सेना र निकुञ्जका सुरक्षा पोस्ट निर्माणका लागि भन्दै विभागले अमेरिकी सहयोग नियोग (यूएसएआईडी) को लगानीमा सञ्चालित 'हरियो वन कार्यक्रम' बाट रु१ करोड, जुलोजिकल सोसाइटी अफ लन्डन (जेडएसएल) बाट करिब १६ लाख, विश्व वन्यजन्तु कोष (डब्लूडब्लूएफ) नेपालबाट १० लाख र राष्ट्रिय प्रकृति संरक्षण कोषबाट करिब १० लाख राहत रकम लिएको थियो।

नागरिक दैनिक (२०७२।२।२९ गते)

- विपद् व्यवस्थापन कार्यलाई पारदर्शी तथा प्रभावकारी नबनाई बजेट निकाशा गरेको तथा सो निकासा गरिएको रकमको दुरूपयोग हुन सक्ने जोखिम बढाई सार्वजनिक खरिद ऐनका महत्वपूर्ण प्रावधानलाई समेत निलम्वन हुने गरी निर्णय गरेको।
- विपद् व्यवस्थापनको क्रममा हुन सक्ने भ्रष्टाचार नियन्त्रण गर्न राहत संकलन तथा वितरण कार्यको प्रभावकारी अनुगमन नगरेको।

६४७ नक्कली भूकम्प पीडितबाट राहत रकम फिर्ता (विजिनेस संसार **MONDAY**, NOVEMBER 9TH)

- प्रशासनले ठगी मुद्दा लगाउने भएपछि नक्कली भूकम्प पीडित भएर राहत रकम लिनेहरुले धमाधम फिर्ता गर्न थालेका छन्। भूकम्प प्रभावित ६ जिल्लाका ६ सय ४७ नक्कली भूकम्प पीडितले राहत रकम फिर्ता गरेका छन्। सरकारले भूकम्प पीडितको अस्थायी आवास निर्माण गर्ने १५ हजार रुपैयाँका दरले पीडितलाई वितरण गरेको थियो तर नक्कली पीडित भएर रकम लिनेहरुबाट अहिलेसम्म ९७ लाख पाँच हजार रुपैयाँ फिर्ता भएको छ। स्थानीय प्रशासनका अनुसार सिन्धुपाल्चोकमा तीन सय र रसुवामा १०० जना नक्कली भूकम्प पीडितले राहत रकम फिर्ता गरेका छन्। गोरखामा १० जनाले रकम फिर्ता गरेका छन्। गोरखाका सहायक सिडिओ दीपेन्द्र पौडेलका अनुसार नक्कली भूकम्प पीडितले राहत लगेको भन्दै करिब नौं सय जना विरुद्ध उजुरी परेको छ। उजुरीमाथि छानवीन भइरहेको उल्लेख गर्दै उनले भने, 'राहत रकम फिर्ता नगर्नेलाई ठगी मुद्दा अन्तर्गत कारबाही हुन्छ। काभ्रेमा उजुरी परेको २२ मध्ये ५ जनाले रकम फिर्ता गरेका छन्। सिडिओ सुदर्शनप्रसाद ढकालका अनुसार काभ्रेमा रकम फिर्ता गर्न सात दिनको म्याद दिइएको छ। उनले भने, नक्कली भूकम्पपीडितले रकम लिएको उजुरी आयो। अनुसन्धान भइरहेको छ। सात दिनको म्याद दिएका छौं। समयमा फिर्ता गरेमा कारबाही हुँदैन। नत्र ठगी मुद्दा चल्छ। ललितपुरका सिडिओ यादवप्रसाद कोइरालाले ७० भन्दा बढी उजुरी परेको जानकारी दिए। ती मध्ये ३२ नक्कली भूकम्प पीडितले रकम फिर्ता गरेका छन्। काठमाडौंका सिडिओ एकनारायण अर्यालका अनुसार दुई सय नक्कली भूकम्प पीडितले राहत रकम फिर्ता गरेका छन्। अर्यालका अनुसार अझै तीन सयजनाले नक्कली भूकम्प पीडित बनेर राहत रकम लिएको अनुमान छ। छानवीन गर्न पाँचवटा छानवीन टोली गठन गरिएको उनले बताए।

भूकम्पपछि गोरखामा घरधुरी संख्या बढेको बढ्यै, गोरखा बजार/राजधानी दैनिक

- हालै गएको भूकम्पपछि गोरखामा नयाँ घरधुरी संख्या दिनहुँ बढ्ने क्रममा छ। अहिलेसम्म पाँच हजारभन्दा बढी घरधुरी संख्या बढेको पाइएको छ। राहत रकम पाइने आशमा एकाघरमा बस्ने पनि अलग भएको भन्दै घरधुरी बढाएको पाइएको हो। जिल्ला दैवी प्रकोप उद्धार समितिका

संयोजक गोरखाका प्रमुख जिल्ला अधिकारी उद्धबप्रसाद तिमल्सेनाका अनुसार पोहोर खुला दिसामुक्त जिल्ला घोषणा गर्दा जिल्लाको घरधुरी संख्या ६५ हजार ६४७ मात्र थियो, प्रजिअ तिमल्सेनाले भने, अस्थायी आवासका लागि सरकारले १५ हजार रुपैयाँ उपलब्ध गराउने थाहा पाएपछि घरधुरी संख्या ह्वात्तै बढ्यो। पैंसठ्ठी हजारबाट बढेर घरधुरी संख्या ७० हजार ५५७ घरधुरी पुगेको छ, उहाँले भन्नुभयो, एउटै गा.वि.स.का ३००–४०० नयाँ घरधुरी छुटेको निवेदन आइरहेको छ। सबै गा.वि.स.बाट निवेदन संकलन गर्दा २० हजार घरधुरी थपिन सक्ने सम्भावना छ। छुट भएकाको सूची दिनहुँ आउने गरेको प्रजिअ तिमल्सेनाको भनाइ छ

- धादिङ, असार ३१– विनाशकारी भूकम्पपछि क्षतिको विवरण संकलन गर्दा धादिङमा अस्वभाविक रुपमा घरधुरी बढेको पाइएको छ। २०६८ सालको जनगणना अनुसार धादिङमा ७३ हजार ८ सय ४२ घरधुरी रहेकोमा भूकम्पपछि क्षति विवरण संकलन गर्दा १४ हजार ६ सय ९९ घरधुरी बढेर ८८ हजार ५ सय ४१ पुगेको छ।
- जिल्ला विकास समिति धादिङका सूचना अधिकृत भोला गौतमले उपलब्ध गराएको सूचनाका अनुसार २०६८ सालको तथ्यांकभन्दा २० प्रतिसत घर बढेका छन्। लापा गा.वि.स.मा मात्र ६० प्रतिशत घर संख्या बढेको छ। (ई- कान्तिपुर)

## नेपाल सरकारबाट भूकम्प प्रभावितहरूलाई राहत वितरण सम्बन्धमा अनियमितता भएको भनी आयोगमा पर्न आएको उजुरीहरूको संक्षिप्त विवरणः

- नेपाल सरकारबाट राहत सामग्री तथा राहत रकम वितरण गर्दा अनियमितता भएको भनी आयोगमा उजुरी गर्नेहरूको संख्या दिनानु दिन बढ्दो क्रममा रहेको छ भने आयोगमा पर्न आएका सबै उजुरीहरू उपर आयोगबाट अनुसन्धान कार्य समेत हुँदै आएको छ।

| राहतमा अनियमितता भएको भन्ने सम्बन्धी आयोगमा परेको उजुरीको संक्षिप्त विवरणः | | |
|---|---|---|
| सि.नं. | उजुरी दर्ता नं.र मिति | उजुरीको संक्षिप्त व्यहोरा |
| १ | ११७७८, २०७२।३।१ | जिल्ला नुवाकोट ककनी गा.वि.स. वडा नं. ८ मा सरकारले वितरण गरेको आकस्मिक राहत रु.७,०००।- र जस्तापाताको लागि वितरण गरेको रु.१५,०००।- लिई भूकम्प पीडितको परिचय पत्र बनाउन प्रयासरत रहेको र स्थायी बसोबास अन्यत्र सारी सकेकाले प्रायःजसो नक्कली भूकम्प पीडित बनी राहत लिन लागेको भन्ने विभिन्न व्यक्तिहरुको नाम उल्लेख भएको उजुरी। |
| २ | ११७७१, २०७२।३।१ | पिपुल इन लिड नामक संस्थाले गोरखा जिल्लाको खोलखोलेमा रहेको कोकाकोलाको डिलरमा पेप्सीको क्रेट भित्र लुकाएर राखिएको |

| | | |
|---|---|---|
| | | जस्ताका सम्बन्धमा। |
| ३ | १२११९, २०७२।३।१३ | जिल्ला ललितपुर हाल गोदावरी नगरपालिका वडा नं. ३ साबिक बिशंखुनारायण गा.वि.स. वडा नं.२ मा हालै आराधना समाज भैसीपाटी र शाखा कार्यालय गोदावरी ललितपुरबाट महाभूकम्प पीडित जनतालाई राहत स्वरुप बाँडिएको हुलासका रंगिन कर्कट जस्तापाता ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यु, क्षेत्र नं. १ का निर्वाचित सांसद, गोदावरी न.पा. ३ र ४ का सचिव, हाल गोदावरी न.पा. ३ का नेपाली कांग्रेसका कार्यकर्ता, ने.क.पा.माओबादीका वडा प्रतिनिधि समेतको मिलेमतोमा करिब रु.५०,००,०००।- (पचास लाख) बराबरको कर्कट पाता वितरणमा ब्यापक अनियमितता भएको भन्ने सम्बन्धमा। |
| ४ | १२१०६, २०७२।३।१० | बिनाशकारी महाभूकम्पबाट धनजनको क्षतिग्रस्त गा.वि.स.हरुमा तत्काल राहत स्वरुप प्रत्येक गा.वि.स.लाई प्राप्त ९ (नौ) लाख रकम मध्ये जिल्ला रसुवा धुन्चे गा.वि.स.मा भूकम्प पीडितका नाममा आएको राहत स्वरुपको रकम अनियमित तबरले विभिन्न शीर्षकमा खर्च गरी बाँकी रकमबाट समयावधि नाघेको अखाद्य वस्तुहरु खरिद गरी वितरण गर्ने गरेको भन्ने उजुरी। |
| ५ | १२१३१, २०७२।३।१३ | भूकम्प पीडितका नाममा ल्याईएका राहत सामग्रीहरु किन विमानस्थल स्टोरमा राखिएको हो? पीडित समक्ष पुग्ने वातावरणका सम्बन्धमा सरकार, मन्त्रालय, मन्त्रीज्युहरु प्रतिको असन्तुष्टि जनाउँदै सो बारेमा निग्रानी राख्नका लागि आयोगमा परेको उजुरी। |
| ६ | १२१५९, २०७२।०३।१४ | काभ्रे क्षेत्र नं.१, सिन्धुपाल्चोक क्षेत्र नं.१, र ललितपुर क्षेत्र नं. १ का सभासदहरुले जनताले पाउनुपर्ने राहतका सामान बेचेर खान समेत पछि परेनन् भन्ने उजुरी। |
| ७ | १२३५५, २०७२।३।१६ | जिल्ला भक्तपुर, सुर्य बिनायक न.पा. वडा नं. १२ स्थित देउजा गाउँ नलिनचोक बस्ने श्रीमला देउजाले राहत उपलब्ध गराई पाऊँ भनी माननीय प्रधानमन्त्रीज्यूलाई सम्बोधन गरी लेखेको उजुरी। |
| ८ | १२५३०, २०७२।३।१८ | धादिङ्ग जिल्ला तत्कालीन सुनौलाबजार गा.वि.स. वडा नं. १, २ र ५ हाल नीलकण्ठ नगरपालिका वडा नं. ३, ४, ५ र ६ मा मिति २०७२।०२।२६ र २७ गते सरकारद्वारा वितरित उक्त राहत रकम सरकारी अनुगमन टोलिको मनोमानीका कारण एकै परिवारका व्यक्तिहरुले राहत रकम लिई अनियमितता गरेको। |

| | | |
|---|---|---|
| ९ | १२५२९, २०७२।३।१८ | जिल्ला दैवी प्रकोप उद्धार समिति, दोलखाको सैलुङ्गेश्वर गाउँ विकास समितिमा भूकम्प पीडित परिचय पत्र वितरण गर्ने क्रममा दोलखा जिल्ला सैलुङ्गेश्वर गा.वि.स.को वडा नं. १, २, ३, ५, ७, ८ र ९ मा मनोमानी ढङ्गले राजनीतिक आस्थाका आधारमा भूकम्प पीडित परिचय पत्र वितरण गरिएको र त्यसमा पनि घरधुरी नै नभएका वडा नं. ७ का व्यक्तिका नाममा परिचय पत्र वितरण गाउँ विकास समितिका सचिव सहित शिक्षक प्रतिनिधिहरुको मिलेमतोमा प्रतिव्यक्ति रु.१०,०००।- का दरले लिन लगाई भूकम्प पीडित परिचय पत्र समेत बनाई राहत वितरणमा अनियमितता गरेको। |
| १० | १२५३५, ०७२।०३।२० | भूकम्प पीडितका नाममा पूर्ण भन्सार छुटमा नेपाल भित्र्याईएका करोडौं मूल्य बराबरका भान्छा सामग्री कहाँ पुगे भन्ने सरकारी निकाय नै बेखबर भन्ने मिति २०७२।०३।१६ गतेको नागरिक पत्रिकाको कटिङ्ग। |
| ११ | १३२५, २०७२।०५।०९ | नुवाकोट जिल्ला समुन्द्रादेवी गा.वि.स.का गा.वि.स. सचिवले भूकम्प पीडितलाई सरकारले दिएको रु.१५,०००।- राहतमा रु.४००।- कटाई १००० घरधुरीबाट रु.४,००,०००।- उठाई गैर कानुनी तबरले पीडितको रकम हिनामिना गरेको। |
| १२ | १३१३, २०७२।०५।२१ | गोरखा जिल्लाका भूकम्प पीडित जनताहरुलाई वितरण गर्न प्राप्त पुनः निर्माण सामग्री नेपाल सरकारका प्रहरी निरीक्षक रविन्द्र खनालले २ महिना अगाडिदेखि आफ्नो घरको गोठमा परालले छोपी लुकाई राखेको हुँदा उक्त सामान जफत गरी निजलाई हदैसम्मको कारवाही गरी पाऊँ भन्ने उजुरी। |
| १३ | १३६०, २०७२।०५।२१ | दोलखा जिल्ला काब्रे गा.वि.स.का गा.वि.स. सचिवहरुले राष्ट्रिय सम्पत्ति दुरुपयोग गरेकोले छानवीन गरी कारवाही पाऊँ भन्ने उजुरी। |
| १४ | १४९१, २०७२।०६।१२ | का.म.पा. वडा नं. १६ अन्तर्गत निर्वाचन क्षेत्र नं. ७ का भूकम्प पीडित जनताहरुले पाउनुपर्ने रकम तथा सामान व्यापक रुपमा हिनामिना भै ठूला भनौंदाहरुले मात्र पाईरहेकाले र पीडित पक्ष अन्यायमा परेकाले यथाशिघ्र त्यस वडा कार्यालयमा छानवीन गरी दोषीमाथि कारवाही गरी हामी वास्तविक पीडित पक्षलाई न्याय दिलाई पाऊँ भनि दिएको उजुरी निवेदन। |
| १५ | १५१६, | जिल्ला स्तरीय अनुसन्धान फितलो भएको हुँदा अख्तियार स्वयंले |

| | | |
|---|---|---|
| | २०७२।०६।१२ | भ्रष्टाचारी प्रहरी निरीक्षक उपर केन्द्रीय स्तरबाटै अनुसन्धान गरी पाऊँ भन्ने बारेको उजुरी निवेदन। |
| १६ | १४३०, २०७२।०६।१२ | गोरखा जिल्लाका भूकम्प पीडित जनताहरुलाई वितरण गर्न प्राप्त पुनः निर्माण सामग्री नेपाल सरकारका प्रहरी निरीक्षक रविन्द्र खनालले २ महिना अगाडि देखि आफ्नो घरको गोठमा परालले छोपी लुकाई राखेको हुँदा उक्त सामान जफत गरी निजलाई हदैसम्मको कारवाही गरीपाऊँ भनी निवेदन गरेको र सो अनुसार स्थानीय प्रशासनले छापामारी गर्दा उक्त राहतको सामान प्राप्त हुँदाहुदै पनि निज प्रहरी निरीक्षक रबिन्द्र खनाल माथि कुनै कारवाही नभई उल्टो उम्काउने र चोख्याउने प्रयास भएको हुँदा स्थानीय प्रशासन माथि पनि आदेश र निगरानी गरी पाऊँ। |
| १७ | १४६५, २०७२।०६।१२ | सिन्धुपाल्चोक जिल्लामा नेपाल सरकार र विभिन्न संघ-संस्थाहरुबाट आएका राहतमा अनियमितता र गैर कार्य भईरहेको हामी सोझा साझा जनतालाई अति असैह्य भएबाट कतैबाट पनि कुनै छानवीन नभएको हुँदा शीघ्र छानवीन गरीपाऊँ भनी माहांकाल गा.वि.स.का भूकम्प पीडितहरुले दिएको उजुरी निवेदन। |
| १८ | १६२४, २०७२।०६।१४ | झुठ्ठा विवरण पेश गरी भूकम्प पीडितलाई नेपाल सरकारले उपलब्ध गराएको अस्थायी आवास योजनाको रकम ठगी गर्ने रामेछाप जिल्लाको भटौली गा.वि.स.का विभिन्न वडाका तपसिलका व्यक्तिहरुलाई कारवाही गरी पाऊँ भन्ने उजुरी निवेदन। |
| १९ | १६२६, २०७२।०६।१४ | जिल्ला नुवाकोटका विभिन्न गा.वि.स.का प्रतिनिधिहरुले राहत रकम अनियमित गरी हिनामिना गर्ने उपर कारवाही चलाई पाऊँ भन्ने उजुरी निवेदन। |
| २० | १५४३, २०७२।०६।१४ | जिल्ला धादिङ्ग केवलपुर गा.वि.स.मा राजनैतिक दलका नेता र कर्मचारीको मिलोमतोमा आफूखूशी फारमका खाली कोठामा के-के भर्नुपर्ने हो भरी राजनीतिक पूर्वाग्रह राखी भूकम्प भन्दा अघि क्षति भएका घरहरु भन्दा बढी संख्या जनाई वास्तविक माथि अन्याय गरी आर्थिक प्रलोभनका आधारमा पूर्ण क्षति भएको घरलाई आंशिक क्षति, सामान्य वा आंशिक क्षति भएको घरलाई पूर्ण क्षति भएको भनी सो बमोजिमको वर्गमा राखी वास्तविक पीडितलाई सुविधाबाट बञ्चित गराईएकोले कारवाही गरी पाऊँ भन्ने उजुरी निवेदन। |
| २१ | १५४४, | दोलखा जिल्लाको काटाकुटी गा.वि.स.मा घरधुरी संख्याभन्दा बढी |

| | | |
|---|---|---|
| | २०७२।०६।१४ | घरधुरी संख्या देखाई भूकम्प पीडितका नाममा करोडौको आर्थिक अनियमितता गरेकोले आवश्यक छानवीन गरी कारवाही गरीपाऊँ भन्ने उजुरी निवेदन। |
| २२ | १७१६, २०७२।०७।०८ | दोलखा जिल्लाको डाँडाखर्क गा.वि.स.मा भूकम्प पीडितका नाममा आएको सामग्रीहरु भण्डारण गरी राखिएकोमा उक्त भण्डारण गरेको कोठामा ताला खोली रातको समयमा आ-आफ्नै घर घरमा लुकाई लगेकोले आवश्यक छानवीन गरीपाऊँ भन्ने उजुरी निवेदन। |
| २३ | १७१७, २०७२।०७।०८ | धादिङ्ग जिल्लाको बुढाथुम गा.वि.स.मा बृद्ध, असहाय, एकल महिला, हेरचाह गर्ने मानिस नभएको र घर पूर्ण रुपमा ध्वस्त भएका मानिसहरुलाई भूकम्प पीडितहरुको राहत वितरणमा अनियमितता गरेकाले ती कर्मचारीहरुलाई कारवाही गरीपाऊँ भन्ने उजुरी निवेदन। |
| २४ | १९०८, २०७२।०७।०८ | सिन्धुपाल्चोक जिल्लाको माङ्खा गा.वि.स.मा भूकम्प पीडितका नाममा आएको राहत सामग्रीमा स्थानीय प्रतिनिधिहरुबाटै कार्ड वितरण र रु.१५,०००।- आफुखुशी वितरण गरी लिएकोले निजहरुलाई कानून बमोजिम असुल उपर गराई कारवाही गरी पाऊँ भन्ने उजुरी निवेदन। |
| २५ | ३४७५३ २०७२/२/२९ | नुवाकोट ककनी गा.बि.स वडा नं. ८ मा सरकारले वितरण गरेको आकस्मिक राहत रु.७,०००।- र जस्तापाताको लागि रु.१५,०००।-लिई नक्कली भूकम्प पीडित परिचय-पत्र बनाउन लागेको हुँदा कारवाही गरी पाऊँ। |
| २६ | १२५३० २०७२/३/१५ | धादिङ्ग जिल्ला तत्कालीन सुनौलाबजार गा.वि.स. वडा नं. १, २ र ५ हाल निलकण्ठ नगरपालिका वडा नं. ३, ४, ५ र ६ मा मिति २०७२।०२।२६ र २७ गते सरकारद्धारा वितरित राहत रकम सरकारी अनुगमन टोलिको मनोमानीका कारण एकै परिवारका व्यक्तिहरुले लिई राहत रकम अनियमितता गरेको। |
| २७ | १२१५९ ०७२/३/१४ | सिन्धुपाल्चोक क्षेत्र नं.१ का काङ्ग्रेस सभासद मोहन बस्नेतले सरकारले उपलब्ध गराएको राहत गायव पारेको, बुढानिलकण्ठको पूर्व विद्यार्थीहरुको संस्था सेब्सले उपलब्ध गराएको राहत लुटेर लगेको, ललितपुर १ का सभासद उदय सम्शेर राणाले ठूलो मात्रामा भारतीय दुतावासबाट त्रिपाल र कम्वल लिई पीडितलाई वितरण नगरेको हुँदा कारवाही गरी पाऊँ। |

| | | |
|---|---|---|
| २८ | १३१९७<br>२०७३/३/१ | भूकम्पबाट क्षतिग्रस्त प्रत्येक गा.बि.स लाई ९ लाख उपलब्ध गराएकोमा सो रकम रसुवाको धुन्चे गा.वि.स.ले हालसम्म नबाँडेको हुँदा कारवाही गरी पाऊँ। |
| २९ | १२३३३५<br>२०७२/३/१६ | सरकारबाट आम पीडितलाई राहत उपलब्ध गराएकोमा तिम्रो भिन्न भएको सासुले राहत पाएको हुँदा तिमिले पाउदैनौ भनी भक्तपुर जिल्ला सुर्यबिनायक वडा नं.१२ का कर्मचारीले मलाई भनेको र भक्तपुर जिल्ला प्रशासन कार्यालयमा निवेदन दिई सो कार्यालयबाट आम मानिस सरह राहत दिनु भनी प्रशासनबाट आदेश हुँदा समेत सो वडा कार्यालयले मेरो निवेदन दर्ता नगरी राहत उपलब्ध नगराएको हुँदा मलाई राहत उपलब्ध गराई पाऊँ |
| ३० | ११७६१<br>०७२।०३।१ | का.जि गोकर्णेश्वर न.पा वडा नं.७ र ८ मा राहत वितरण गर्दा आफ्ना ब्यक्ति र कार्यकर्तालाई मात्र वास्ता गर्ने, पाल खाद्यन्नजस्ता आदि वितरणमा पूरै लापरवाही र ढिलासुस्ती भएको हुँदा कारवाही गरी पाऊँ। |
| ३१ | ११९४०<br>०७२/३/६ | अर्थमन्त्री डा.रामशरण महतका स्वकीय सचिव रमेश महत माथि भूकम्प पीडितका लागि पठाईएका जस्तापाता बेच्न खोजेको आरोप लागि राखेकोमा अव अर्थमन्त्रालयका बिभिन्न निकायबाट राहत सामग्री कति-कति बुझेर कहाँ लगेका छन्, कहाँ-कहाँ पुग्यो, कति नगद लगेका छन्, कति जिन्सी लगेको छन्, कुन-कुन गाउँमा लगेर बाँडिएको छ, के-कति लगेर बेचिएको छ, त्यो सबै खोजी होस्। |
| ३२ | १२३<br>०७२/४/८ | सिन्धुपालञ्चोक जिल्लाको मछे गा.वि.स.मा १५ हजार राहत वितरण गर्दा लापरवाही साथ गैरपीडितलाई दिईएको, राहत-कार्ड गैरपीडितलाई वितरण गरेको, नभत्केको ढलान घरको पनि भत्केको भनी राहत दिएको हुँदा कारवाही गरी पाऊँ। |
| ३३ | ३६८९५<br>०७२/३/३० | सिन्धुपालञ्चोक जिल्लाको महाङ्काल गा.वि.स.मा भूकम्प पीडित राहत परिचयपत्र वितरण गर्दा एकै परिवारका ब्यक्तिहरुलाई भिन्न भएको भनी परिचय-पत्र दिई सरकारलाई ठूलो आर्थिकभार पारेको हुँदा कारवाही गरी पाऊँ। |
| ३४ | १९५<br>०७२/४/५ | अस्थाई कटेरो बनाउन दिएको राहत रकम काठमाडौं बस्ने, गाउँमा आर.सी.सी. घर हुने, पाँच बर्ष पहिले भत्केको घर देखाई, दाजुभाई छुटिएको विवरण बनाई राहत लिएको हुँदा कारवाही गरी पाऊँ। |
| ३५ | ४४५<br>०७२/४/२० | का.जि शंखारापुर न.पा वडा नं.१३ मा नगद राहतवितरण गर्दा अनियमितता भएको हुँदा कारवाही गरी पाऊँ साथै साबिक बज्र-योगिनी गा.वि.स.का उपाध्यक्ष कर्णबहादुर के.सी, नागरिक वडा |

| | | |
|---|---|---|
| | | मञ्चका अध्यक्ष बद्री के.सी. समेतले पक्की घर हुँदाहुँदै नगद राहत लिएको हुँदा कारवाही गरी पाऊँ। |
| ३६ | ४४७<br>०७२/४/२० | सिन्धुली जिल्ला पुरानो झाँगाझोलि गा.बि.स मा ९०० घरधुरीलाई मात्र राहत वितरण गर्नुपर्नेमा १५०० घरधुरीलाई राहत वितरण गरेको देखाई भ्रष्टाचार गरेको हुँदा कारवाही गरीपाऊँ। |
| ३७ | ८७९<br>०७३/४/३२ | काभ्रेपलाञ्चोक जिल्लाको फलाटे गा.वि.स. बस्ने लालबहादुर क्षेत्री लगायत उजुरीमा उल्लेखित २० जना ब्यक्तिहरु २० बर्ष अगाडिदेखि नै फलाटे गा.वि.स.लाई छाडी काठमाडौंमा सुबिधायुक्त घरमा बस्दै आएकोमा निजहरुले राहत रकम लिएको हुँदा कारवाही गरी पाऊँ। |
| ३८ | ९४३<br>०७२/५/१ | सिन्धुपाल्चोक जिल्लाको जलविरे गा.वि.स. लाई नेपाल सरकारबाट ९ लाख निकासा भएकोमा गा.वि.स.को राजनैतिक संयन्त्र र कर्मचारीको मिलेमतोमा पातलो जस्ता ल्याई सो जस्ता वितरण नगरी नक्कली बिल बनाई पेश गरेको हुँदा छानवीन गरी कारवाही गरी पाऊँ। |
| ३९ | ३९२<br>०७२/५/१ | नेपाल सरकारको राहत एवं भूकम्प पीडित परिचयपत्र वितरण गर्न जारी गरेको निर्देशिका बिपरित नुवाकोट जिल्ला गेर्खु गा.वि.स.का सचिव, प्राबिधिक सहायक र राजनैतिक दलका संयन्त्रले घर नभत्किएका, घर नभएका, काठमाडौं तथा सदरमुकाममा घर भएका ब्यक्तिहरुलाई परिचयपत्र दिएको हुँदा कारवाही गरी पाऊँ। |
| ४० | १२४२<br>०७२/५/८ | गोरखा जिल्ला वारपाक गा.वि.स.का रसकुमार घले, गणेशबहादुर गुरुङ्ग, दुर्गाबहादुर घले सहितका उजुरीमा उल्लेखित ६१ जनाको गाउँमा नै पक्कीघर तथा काठमाडौमा घर भएकोमा निजहरुले समेत नगद रु.१५ हजार राहत बुझिलिएको हुँदा कारवाही गरी पाऊँ। |
| ४१ | १२४६<br>०७२/८/५ | सिन्धुपाल्चोक जिल्लाको थाम्पालधाप गा.वि.स.मा ८०० घरधुरीलाई मात्र राहत वितरण गर्नुपर्नेमा १२०० घर धुरीलाई रु.१५ हजार राहत रकम वितरण गरेको हुँदा छानवीन गरी कारवाही गरी पाऊँ। |
| ४२ | ८३४<br>०७२/५/५ | रामेछाप जिल्ला मन्थली न.पा. १४ मा झुठ्ठा विवरण पेश गरी भूकम्प पीडितहरुलाई सरकारले उपलब्ध गराएको अस्थायी आवास योजनाको रकम ठगी गर्ने ब्यक्तिहरुलाई कारवाही गरी पाऊँ। |
| ४३ | १२५२<br>०७२/५/८ | तनुहँ जिल्लाको भानु गा.वि.स.मा भूकम्प पीडितको अभिलेख संकलनमा चलखेल भएको र आँशिक क्षतिलाई पनि पूर्ण क्षति बनाई |

| | | |
|---|---|---|
| | | अनियमिता गरेको हुँदा छानवीन गरी कारवाही गरी पाऊँ। |
| ४४ | १४५८<br>०७२/५/८ | जिल्ला धादिङ्ग निलकण्ठ गा.वि.स. लगायत बिभिन्न गाउँमा घर नभत्किएका, पक्की ढलान घरभएका ब्यक्तिहरुले तथा छुट्टाभिन्न नभएका एकै परिवारका ५ जना ब्यक्तिहरुले समेत छुट्टा भिन्न भएको भनी १५ हजार लगायतको राहत सामग्री बुझेको हुँदा छानवीन गरी कारवाही गरी पाऊँ। |
| ४५ | ८७४३२<br>०७२/४/३२ | सोलुखुम्बु जिल्लाको नेचा बेलघारे गा.वि.स.मा घर क्षति नै नभएका ब्यक्तिहरुले समेत पूर्ण क्षति भएको भनी एकाघरका मानिसहरु छुट्टिएको देखाई सरकारी रकम ठगी गरेको हुँदा छानवीन गरी रकम फिर्ता गराई पाऊँ। |
| ४६ | १६३<br>०७३/५/१ | सिन्धुपाल्चोक जिल्लाको जलवीरे गा.वि.स.मा रहेको भूकम्पबाट क्षति भएको आनन्द उच्च मा.वि. मर्मतको लागि बिभिन्न दातृनिकायबाट बीस लाख भन्दा बढीको नगद तथा जिन्सी सहयोग उपलब्ध भएकोमा विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष संचवीर तामाङ्ग र प्र.अ. योगेश्वर रावतले दुई दिन डोजर लगाई ८/१० जना श्रमिकलाई काममा लगाई सो रकम सकेको बताई भ्रष्टाचार गरेको हुँदा कारवाही गरी पाऊँ। |
| ४७ | ११७८<br>०७२/५/७ | दोलखा जिल्लाको मालु गा.वि.स. ६ का बाबुराम खत्री, नवराज पोखरेल, हरीशंकर पोखरेल राहत सिफारिस समितिमा रहेकोमा निजहरुले आमाबाबु, दाजुभाई र दिदिवहिनीलाई भिन्न बसेको देखाई राहत सामग्री लिएको, एक बर्ष भन्दा बढी पुग्ने गरी राहत सामग्री खाद्यान्न आफ्नो घरमा राखेको, त्रिपाल जस्तापाता र नगद १५ हजार समेत बुझेको, अंशबण्डा हुदै नभएको स्थितिमा समेत छुट्टाभिन्न भएको भनी आफन्तहरुलाई नगद तथा जिन्सी मालसामान लिए दिएको, नवराज पोखरेलको घर काठमाडौं ठिमीमा भए पनि आफै शिफारिस गरी नगद तथा जस्तापाता लिएको हुँदा कारवाही गरी पाऊँ। |
| ४८ | २२५<br>०७२/२/१७ | रामेछाप जिल्ला बेथान गा.वि.स. ३ झिंगटी टोल बस्ने हरी खड्काको घर चर्किएको र एउटा घर भएकोले रु.१५ हजार मात्र पाउन पर्नेमा त्यही घरका अन्य ६ जना सदस्यहरुले १५/१५ हजार रकम लिएको हुँदा कारवाही गरी पाऊँ। |
| ४९ | १६२३<br>०७२/५/१६ | राहतको सामान बिक्रि गरेको आशंकामा स्थानीय प्रशासनले बनेपा न.पा. वडा नं.३ स्थित सुनिता सापकोटा र बलराम गौतमको |

| | | |
|---|---|---|
| | | पसलमा अनुगमन गरेको छ रु.१६ सय पर्ने चामल रु.८०० मा बिक्रि गरेको उजुरीपछि स्थानीय प्रशासनले अनुगमन गरेको हो। |
| ५० | १८७१<br>०७२/५/२५ | काभ्रे कुशादेवीका पूर्व गा.वि.स. अध्यक्ष भीम न्यौपानेको निर्देशनमा गा.वि.स.सचिव गंगालाल हाकाजु, सहायक रामहरि थापा र कर्मचारीहरु समेतको मिलेमतोमा भूकम्प पीडित ३५० देखि ४५० नक्कली घरधुरी खडागरी ५५ लाख रकम दुरुपयोग गरेको हुँदा छानवीन गरी कारवाही गरीपाऊँ। |
| ५१ | १८७३<br>०७२/५/२३ | सिन्धुपाल्चोक जिल्ला सिरुवारी गा.वि.स.को भूकम्प पीडितहरुको लागि आएको राहत रकम अनियमितता भएको हुँदा कारवाही गरी पाऊँ। |
| ५२ | १२४५९<br>०७२/३/१७ | पूर्ण घरक्षेती भएकाले मात्र १५ हजार पाउनेमा का.जि. तारकेश्वर न.पा. १६ र १७ मा न.पा.का कर्मचारी दिपक लामिछाने र बिकास महर्जन समेतका कर्मचारीहरुले आंशिक क्षति भएका घरधनीलाई रु.१५ हजार उपलब्ध गराएको हुँदा छानवीन गरी पाऊँ। |
| ५३ | २९३<br>०७२/४/११ | सिन्धुपाल्चोक जिल्ला घुम्थाङ्ग गा.वि.स. ७ मा भूकम्प राहत रकम सोझै भ्रष्टाचार भएको हुँदा छानवीन गरी पाऊँ। |
| ५४ | ३६००८<br>०७२/३/११ | का.जि. तारकेश्वर न.पा. ७ र ८ बाट त्रिपाल खरिदमा ब्यापक अनियमितता भएको हुँदा छानवीन गरीपाऊँ। |
| ५५ | २८०<br>०७२/४/११ | नेपाल सरकार जिल्ला विकास समिति लगायतका बिभिन्न दातृ निकायबाट नुवाकोट जिल्ला मदनपुर गा.वि.स.का भूकम्प पीडितहरुको लागि प्राप्त अनुदान राहत सामग्रीमा भ्रष्टाचार भएको हुँदा कारवाही गरी पाऊँ। |
| ५६ | २९४<br>०७२/४/११ | का.जि. कागेश्वरी मनोहरा न.पा.का कार्यकारी अधिकृत लक्ष्मीसुन्दर अवाल, सभासद दिपक कुईकेल, पूर्व गा.वि.स. अध्यक्ष राजाराम पूडासैनी, ने.का. क्षेत्रीय सभापति उपेन्द्र कार्की समेतले २२ लाखको त्रिपाल खरिदमा अनियमितता गरेको हुँदा कारवाही गरी पाऊँ। |

# भाग ३

## विपद् व्यवस्थापनमा संलग्न केन्द्रीय निकायहरूः

### ३.१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषः

विपद् व्यवस्थापनको लागि राष्ट्रिय नीति तथा रणनीति तर्जुमा गर्ने कार्यमा आवश्यक निर्देशन, समन्वय र सहयोग पुऱ्याउने कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुँदै आएको देखियो। साथै, उक्त कार्यालयले प्रधानमन्त्री राहत कोष सञ्चालन गरी उद्धार, राहत, पुनर्निमाण तथा पुनर्स्थापना कार्यमा सहयोग समेत उपलब्ध गराउँदै आएको पाईयो। विपद् व्यवस्थापन सम्बन्धी दीर्घकालीन, आवधिक र बार्षिक योजना तर्जुमा गर्ने तथा विपद्बाट क्षति भएका संरचनाहरूको पुनर्निमाण तथा प्रभावितहरूको पुनर्स्थापनाका लागि द्विपक्षीय, बहुपक्षीय एवं अन्तर्राष्ट्रिय सहयोग जुटाई आयोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने नीतिगत कार्यहरू गर्दै आएको पाईयो। यस सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषद्बाट राहत व्यवस्थापन लगायतका विषयहरूमा भएका नीतिगत निर्णयहरूको अध्ययन गर्नु आवश्यक देखिन आयो।

मिति २०७२ साल वैशाख १२ गते विनाशकारी भूकम्प गए पश्चात् सोही मितिमा नै बसेको मन्त्रिपरिषद्को बैठकले खोज, उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निम्न बमोजिमको सिफारिशलाई अनुमोदन गरेको पाईयो।

- खोज, उद्धार तथा राहत कार्यको लागि तत्काल ५० करोड रूपैंया केन्द्रीय दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने,
- दैवी प्रकोप उद्धार ऐन, २०३९ को दफा ३ बमोजिम ११ जिल्लाहरु (काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ्ग, दोलखा, रामेछाप र गोरखा) लाई बढी प्रभावित जिल्ला घोषणा गरी १ महिनाको लागि संकटग्रस्त क्षेत्र घोषणा गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने,
- केन्द्रीय कमाण्ड पोष्ट खडा गर्ने तथा उद्धार समन्वय केन्द्र स्थापना गरी खोज, उद्धार र राहत कार्यलाई तीव्र बनाउने,

- सरकारी तथा गैरसरकारी क्षेत्र वीच समन्वय कायम गरी उद्धार र राहत कार्यमा संलग्न हुने र सो कार्यमा अन्तर्राष्ट्रिय सहायताका लागि समेत आव्हान गर्ने,
- भूकम्पको कारणबाट चोटपटक लागेका व्यक्तिहरुलाई सार्वजनिक, सामुदायिक र निजी अस्पताल समेतबाट सम्पूर्ण आकस्मिक उपचारको व्यवस्था निःशुल्क गर्ने,
- खाद्यान्न, औषधि, पानी, आवास र अन्य अत्यावश्यक वस्तुको नियमित आपूर्तिको व्यवस्था वाणिज्य तथा आपूर्ति मन्त्रालय, सहरी विकास मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने।

**नेपाल सरकारबाट विपद् व्यवस्थापन सम्बन्धमा भए गरेका केही महत्वपूर्ण निर्णयहरूः**

**मिति २०७२।१।१३ गते** बसेको मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयहरुः

- दैवी प्रकोप उद्धार ऐन, २०३९ को दफा ३ बमोजिम १ महिनाको लागि सिन्धुली जिल्लालाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने,
- भूकम्पबाट क्षतिग्रस्त भएका सडक तथा पुलहरु तत्काल मर्मत गरी यथाशीघ्र सञ्चालनमा ल्याउने व्यवस्था भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले मिलाउने,
- भग्नावशेष हटाउने कार्य (Debris Management) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले समन्वयात्मक रूपमा तत्काल शुरू गर्ने,
- खाद्यवस्तु तथा अन्य आधारभूत वस्तुहरुको सहज उपलब्धताको लागि सम्बन्धित सरोकारवाला पक्षहरुसँग समन्वय गर्ने,
- विपद् व्यवस्थापन कार्यमा मित्र राष्ट्रहरु तथा दातृ निकायहरुबाट लिने आवश्यक सामग्रीहरुको सूची गृह मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई उपलब्ध गराउने र परराष्ट्र मन्त्रालयले सो बमोजिम सहायता प्राप्त गर्ने व्यवस्था मिलाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा कार्यरत कार्यटोलीलाई जानकारी गराउने,
- दाहसंस्कार गर्न आवश्यक खर्च गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारी मार्फत तत्काल उपलब्ध गराउने,
- मिति २०७२।०१।१२ गते मुलूकमा आएको विनाशकारी भूकम्पबाट हुन गएको आकस्मिक क्षति, मृत्यु, घाइते, उद्धार, स्वास्थ्य उपचार तथा तत्काल राहत उपलब्ध गराउने कार्यका लागि तत्काल रू. ५० करोड निकासा अर्थ मन्त्रालयबाट गरी गृह मन्त्रालयलाई उपलब्ध गराउने। (मिति २०७२।०१।१३ गतेको निर्णय नं.१)

- विपद्को उचित व्यवस्थापनको निमित्त सरकारको मात्र प्रयासले सम्भव नदेखिएको हुँदा निजी क्षेत्र, नागरिक समाज, द्विपक्षीय एवं बहुपक्षीय दातृ समुदाय, संयुक्त राष्ट्र संघ लगायत क्षेत्रीय अन्तर्राष्ट्रिय संघ-संस्थाहरू, मित्र राष्ट्रहरू एवं स्वदेश तथा विदेशमा रहेका नेपाली समुदायलाई सहयोगको लागि आव्हान गर्दै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खाता नं. सार्वजनिक संचार माध्यमबाट प्रचार प्रसार गर्ने। (मिति २०७२।०१।१३ गतेको निर्णय नं.२)

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७२।०१।१३ मा निजी क्षेत्रसँग तत्काल समन्वय गरी तयारी खाद्यवस्तु, आधारभूत खाद्यान्न, पेट्रोलियम पदार्थ तथा पानी लगायतका सामग्री उपलब्ध गराउने र पसलहरू खुलाई आपूर्ति व्यवस्था सहज गराउने कार्य गृह मन्त्रालयसँग सहयोग लिई वाणिज्य तथा आपूर्ति मन्त्रालयले तत्काल गर्ने, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सह-सचिवको संयोजकत्वमा कृषि विकास मन्त्रालय तथा नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधि समेत रहेको समितिले सो कार्यको अनुगमन गर्ने, प्रभावित जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा आवश्यकता अनुसार अन्य प्रतिनिधिहरू समेत रहने गरी निर्णय भएको देखियो।

त्यस्तै, **मिति २०७२।१।१४ गते** बसेको मन्त्रिपरिषद्को बैठकले निम्न बमोजिम निर्णय गरेको देखियोः

- विनासकारी भूकम्पबाट प्रभावित नागरिकहरुको खोज, उद्धार, राहत तथा पुनर्स्थापना लगायतको काम गर्नका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्न एक अर्व रुपैयाँ अर्थ मन्त्रालयले निकासा दिने,
- अत्यावश्यक बस्तुको आपूर्ति नगर्ने र कालोबजारी, कार्टेलिङ, सिण्डीकेट, मूल्यबृद्धि लगायत आपूर्ति व्यवस्थालाई असहज बनाउने व्यक्तिहरूलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गरी गृह मन्त्रालयले तत्काल कानून बमोजिम कारवाही गर्ने, वित्तीय संस्था तथा बैकलाई तत्काल खोल्न लगाउने र सो कार्य गर्न अटेर गर्नेलाई अर्थ मन्त्रालयले कारवाही गर्ने।

त्यस्तै, **मिति २०७२।१।१७ गते** बसेको मन्त्रिपरिषद्को बैठकले निम्न बमोजिम निर्णय गरेको देखियोः

- भूकम्पमा परी मृत्यु भएकाहरूको किरिया खर्च बापत मृतकका एकाघरका निकटतम् परिवारजनलाई प्रति मृतक चालिस हजार रूपैयाँ गृह मन्त्रालयले उपलब्ध गराउने;
- मृत्यु भएका व्यक्तिको एकाघरको प्रत्येक परिवारलाई एक लाख रूपैयाँ उपलब्ध गराउने।

- भूकम्पमा परी घरवार विहीन भएका परिवारलाई नेपाल सरकारले अस्थायी आश्रयस्थलको बन्दोबस्त गर्ने काम सहरी विकास मन्त्रालय, गृह मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सहयोगमा तत्काल युद्धस्तरमा प्रारम्भ गरी अविलम्ब सम्पन्न गर्ने। सो कार्यको लागि त्रिपाल, टेण्ट, प्लास्टिक सिट वा अन्य स्थानीय निर्माण सामग्री प्रयोग गर्ने।
- पुरानो घरबासमा घर चर्केको कारणले घर फर्कन नसक्ने अवस्था एवं सबै परिवारजन गुमाई असहाय भएकाहरूका लागि सुरक्षित स्थानमा शिविर स्थापना गरी राख्ने र अर्को व्यवस्था नभएसम्म खाने बस्ने व्यवस्था गृह मन्त्रालयले गरी दिने।
- भूकम्पले चर्केको घरहरू मर्मतका लागि पछि घर निर्माण तथा पुनर्बास र स्थानान्तर सम्बन्धी कुनै पनि सुबिधा नपाउने शर्तनामा गराई प्रति घर परिवार मर्मत बापत पच्चीस हजार रूपैयाँसम्म अनुदान गृह मन्त्रालय मार्फत उपलब्ध गराउने।
- भूकम्पबाट क्षति भएका भौतिक संरचना, सरकारी तथा सार्वजनिक भवन र विद्यालय, ऐतिहासिक, धार्मिक र पुरातात्विक सम्पदाको पुनर्निर्माण तथा भूकम्पग्रस्त जिल्लाहरूमा स्वीकृत डिजाईन अनुसार उपयुक्त प्रविधिका घर र सुविधायुक्त बस्ती निर्माणमा भूकम्प पीडितहरूलाई सहयोग लगायतका पुनर्वास एवं पुनर्निर्माण कार्यक्रम सञ्चालन गर्न दुई सय अर्बको राष्ट्रिय पुनर्निर्माण कोष स्थापना गर्ने। सो कार्यका लागि राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालय एवं अन्य सम्बन्धित मन्त्रालय निकाय समेतको समन्वय र सहयोगमा अविलम्ब कार्यक्रम तयार पार्ने। यस प्रयोजनको लागि नेपाल सरकारको तर्फबाट बीस अर्ब रूपैयाँ प्रदान गर्ने र बाँकी अन्तर्राष्ट्रिय एवं अन्य स्रोतबाट परिचालन गर्ने। माथि उल्लेखित उद्देश्य पुरा गर्न आवश्यकता अनुसार चालु आ.व.को विनियोजन बजेट पुनःसंरचना गर्ने र आगामी आ.व.मा बजेट सम्बन्धित मन्त्रालयहरूले व्यवस्था समेत गर्ने।
- अभिभावक नभएका बालबालिकाको राहत रकम नावालकका नाममा जिल्ला महिला तथा बालबालिका कार्यालय संरक्षक भई बैंक खाता खोलेर राखिदिन र नावालक वालिग भएपछि सम्बन्धितलाई दिने।
- दैवी प्रकोप उद्धार ऐन, २०३९ को दफा ३ बमोजिम मिति २०७२।१।१२ मा घोषणा गरिएको सङ्कटग्रस्त क्षेत्रमा मिति २०७२।१।१२ गतेदेखि नै लागु हुने गरी ओखलढुङ्गा र मकवानपुर जिल्लाहरू थप गरी राजपत्रमा अतिरिक्ताङ्क गरी सूचना प्रकाशित गर्ने।
- भूकम्पबाट घाईते भएकाको ईम्प्लाण्ट तथा सो सम्बन्धी शल्यक्रिया, औषधि, ईम्प्लाण्ट झिक्ने र झिकेपछिको एक अनुगमनसम्मको सम्पूर्ण खर्चका लागि प्रति व्यक्ति एकमुष्ट पच्चीस हजार

रूपैयाँका दरले अस्पताललाई उपलब्ध गराउने र सो रकम भुक्तानी दिएपछि सम्बन्धित व्यक्ति र सरकारसँग अस्पतालले कुनै रकम नलिने र नउठाउने।

- भूकम्प प्रभावितहरूको लागि आवश्यक पर्ने टेण्ट र टारपोलिन खरिद गर्ने अख्तियारी सहरी विकास मन्त्रालयलाई प्रदान गर्ने र खरिदबाट प्राप्त सामग्री माननीय वाणिज्य तथा आपूर्ति मन्त्रीको रेखदेख र नियन्त्रणमा नेपाल सरकारबाट संचालित केन्द्रीय गोदाममा दाखिला गरी तहाँ बाटै वितरण गर्ने व्यवस्था गर्ने।

## प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषः

प्रशासकीय कार्यबिधी (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३ बमोजिम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष गठन गरेको देखिन्छ। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष संचालन नियमावली, २०६३ को नियम ३ अनुसार कोषमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्य, संवैधानिक निकायका पदाधिकारी, सांसद, निजामती, जंगी, प्रहरी कर्मचारीहरुले प्रदान गरेको रकम, सरकारी तथा गैरसरकारी संस्था, व्यक्ति, राजनैतिक दल, नागरिक समाज लगायतले स्वेच्छाले प्रदान गरेको रकम, दातृ मुलूक, संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले उपलब्ध गराएको रकम, नेपाल सरकारले उपलब्ध गराएको रकम जम्मा हुने व्यवस्था रहेको देखिन्छ। यसैगरी, कोषको रकम खर्च सम्बन्धमा ऐ. नियमावलीको नियम ४ मा व्यवस्था भएको पाईन्छ जस अनुसार दैवी प्रकोपबाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र संरक्षण गर्ने, अस्थायी शिविर खडा गर्ने, पीडितको भरणपोषणको लागि खाद्यान्न, औषधि उपचारमा खर्च गर्ने, मृतकका काज किरियाका लागि आर्थिक सहयोग गर्ने लगायतका व्यवस्था भएको पाईन्छ भने नियम ५ अनुसार कोषको रकम कर्मचारीहरूलाई पारिश्रमिक, तलव भत्ता सुविधा, भ्रमण खर्च, पुरस्कार, चन्दा, उपहार आदिमा प्रयोग गर्न नसकिने देखिन्छ।

कोष सञ्चालन तथा व्यवस्थापनको लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष संयोजक रहेको तथा अन्य सम्बन्धित ८ मन्त्रालयका सचिवहरू सदस्य रहेको कोष सञ्चालन समिति गठन गरी सोही समितिको निर्णयबाट कोषमा जम्मा हुन आएको रकम विनियोजन गर्ने कानूनी व्यवस्था रहेको छ। त्यस्तै, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३ को नियम ९ मा कोषको आम्दानी र खर्चको लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ भन्ने व्यवस्था छ। बैशाख १२ गतेको भूकम्प पश्चात् कोषमा जम्मा हुन आएको रकमबाट केन्द्रीय दैवी प्रकोप उद्धार समिति मार्फत सम्बन्धित मन्त्रालय, विभाग, जिल्ला दैवी प्रकोप उद्धार समिति हुँदै सम्बन्धित

कार्यालयहरूबाट नै लेखा परीक्षण हुने गरी रकम विनियोजन तथा खर्च गरेको पाईयो तर स्थानीय कार्यालयहरूबाट भएको खर्च अनुगमन गर्ने सम्बन्धमा नियमावलीमा अनुगमन संयन्त्रको व्यवस्था रहेको देखिएन र कोषबाट समेत निकासा भएको रकमको अनुगमन गरेको देखिएन।

कोषमा जम्मा हुन आएको रकमको विनियोजन तथा खर्च तर्फ अध्ययन गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ३१।०७२।७३।८७९ मिति २०७२।०५।०७ गतेको पत्र तथा मिति २०७२।०५।११ गतेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रेस विज्ञप्ति अनुसार विभिन्न व्यक्ति तथा निकायहरूबाट रू.६,७४,९१,६१,३३३।५१ र अर्थ मन्त्रालयबाट रू.९,५०,००,००,०००।- गरी जम्मा रू.१६,२४,९१,६१,३३३।५१ कोषमा जम्मा भएकोमा सो रकम मध्येबाट केन्द्रीय दैवी प्रकोप उद्धार समितिलाई रू.१५,००,००,००,०००।- निकासा दिएको देखिन्छ भने केन्द्रीय दैवी प्रकोप उद्धार समितिको विभिन्न मितिको निर्णय अनुसार मिति २०७२।०५।०१ सम्ममा जिल्ला दैवी प्रकोप उद्धार समिति, विभिन्न मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल समेतका निकायलाई जम्मा रू.१४,२७,३४,५८,७८३।२५ निकासा दिएको देखिन्छ। त्यस्तै, केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा एशियाली विकास बैंकबाट शिक्षा क्षेत्रमा खर्च गर्ने गरी प्राप्त हुन आएको रू.३०,००,००,०००।- Brief Narrative and Financial Report का आधारमा दातृ संस्था र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई उपलब्ध गराउनु पर्ने गरी गृह मन्त्रालय मार्फत शिक्षा मन्त्रालयलाई उपलब्ध गराईएको देखियो। त्यसैगरी, Nick Simon Institute बाट स्वास्थ्य क्षेत्रमा खर्च गर्ने गरी प्राप्त रकम रू.१०,१६,००,०००।- केन्द्रीय दैवी प्रकोप उद्धार समिति मार्फत सीधै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खर्च गर्ने गरी सोही मन्त्रालयको नाममा निकासा गरेको देखियो।

## ३.२ गृह मन्त्रालय,

### ३.२.१. केन्द्रीय दैवी प्रकोप उद्धार समितिः

दैवी प्रकोप उद्धार कार्य सम्बन्धी नीतिको तर्जुमा गर्न, कार्यक्रम बनाउन र कार्यान्वयन गर्न तथा तत् सम्बन्धी अन्य आवश्यक काम कारवाही गर्न गराउनका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी केन्द्रीय दैवी प्रकोप उद्धार समिति गठन गर्न सक्ने दैवी प्रकोप उद्धार ऐन, २०३९ को दफा ५ मा व्यवस्था भएको देखिन्छ भने ऐ. ऐनको को दफा ५ को उपदफा २(१) अनुसार उक्त समितिमा विभिन्न मन्त्रालय, सुरक्षा निकाय लगायतको प्रतिनिधित्व रहने र समितिको अध्यक्षता गृहमन्त्रीले गर्ने व्यवस्था उल्लेख छ। यसरी कानूनतः दैवी प्रकोप व्यवस्थापनमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको अहम् तथा नेतृत्वदायी भूमिका रहेको देखिएकोले समितिबाट बैशाख १२ गतेको भूकम्प पश्चात् भए गरेका निर्णयहरू र त्यसको कार्यान्वयन पक्षको अध्ययन हुनु आवश्यक देखियो।

२०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प पश्चात् सोही मिति (२०७२।१।१२ गते) मा नै केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठक बसेको र सो पश्चात् आवश्यकता अनुसार विभिन्न मितिमा समितिको बैठक बसी तत्काल खोज, उद्धार तथा राहत कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने सम्बन्धमा नीतिगत निर्णयहरू गरेको देखियो।

मिति २०७२।१।१२ गते केन्द्रीय दैवी प्रकोप उद्धार समितिले विनासकारी भूकम्पका कारण आपूर्ति एवं आधारभूत सुविधाहरू अस्तव्यस्त भएकाले अत्यावश्यक सेवा र कार्यहरू सञ्चालन गरी स्थितिलाई काबुमा लिन देशभर दैवी प्रकोप उद्धार ऐन, २०३९ को दफा ३ बमोजिम १ महिनाका लागि भूकम्प अति प्रभावित जिल्लाहरूलाई संकटग्रस्त क्षेत्र घोषणा गर्न सोही ऐनको दफा ६ बमोजिम नेपाल सरकारलाई सिफारिश गरेको र विभिन्न मन्त्रालयहरूका सचिवहरू रहने गरी केन्द्रीय कमाण्ड पोष्ट स्थापना तथा जिल्ला दैवी प्रकोप उद्धार समितिहरूको बैठक तत्काल गर्न गराउन निर्देशन दिई उद्धार तथा राहत कार्यलाई तीव्र पारेको देखियो।

त्यसैगरी, शीघ्र प्रतिकार्यमा राष्ट्रिय क्षमता अपुग हुने देखिएकोले अन्तर्राष्ट्रिय सहायताको लागि आव्हान गरिएको र नेपाल सरकारको आव्हानमा खोज, उद्धार तथा राहत कार्यका लागि आउने विदेशी मानवीय सहायताकर्मीहरूको सहज आवागमन तथा निजहरूले ल्याउने उद्धार सामग्रीहरूमा भंसार महशुल छुट गराई २४ घण्टा अध्यागमन कार्यालय खुल्ला राखेको देखिन्छ।

त्यसैगरी विनासकारी भूकम्प प्रभावित क्षेत्रमा राहत स्वरूप औषधि, खाद्यान्न, पाल, खानेपानी लगायत अत्यावश्यक राहत सामग्रीहरू जुनसुकै माध्यमबाट भएपनि प्राप्त गरी वा खरिद गरी तुरून्त उपलब्ध गराउने भनी केन्द्रीय दैवी प्रकोप उद्धार समितिले मिति २०७२।१।१४ गते निर्णय गरेको देखिन्छ भने स्थानीय स्तरबाट समेत राहत तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन प्रकोप अति प्रभावित

(संकटग्रस्त जिल्ला) का जिल्ला विकास समिति, नगरपालिका एवं गाउँ विकास समितिहरूले उद्धार तथा राहत सामग्री जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय बमोजिम वितरण गर्नु परेमा सोही प्रयोजनका लागि उपलब्ध रकम नपुग भएको अवस्थामा जुनसुकै वजेट शीर्षकबाट रकमान्तर गरी खरिद गर्न सक्ने अख्तियारी दिएको देखिन्छ।

मिति २०७२।१।१७ गते बसेको केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठकले गृह, वाणिज्य तथा आपूर्ति, अर्थ, उद्योग, कृषि, सहरी विकास मन्त्रालयका सचिवहरूलाई संयुक्त रूपमा भूकम्प पीडितहरूको राहतको लागि आवश्यक पर्ने सामग्रीहरूको सूची तयार गर्ने जिम्मेवारी दिएको देखियो। यसैगरी, भूकम्प प्रभावित जिल्लाका हरेक निर्वाचन क्षेत्रमा १ जना सह-सचिवको नेतृत्वमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल समेत रहेको टोली गठन गरी परिचालन गर्ने गरी केन्द्रीय दैवी प्रकोप उद्धार समितिले मिति २०७२।१।१७ गते निर्णय गरेको देखियो।

यसैगरी, विभिन्न गैर सरकारी संस्था तथा निजी क्षेत्रबाट संकलन गरिने राहत सामग्रीहरू मापदण्ड बनाई दोहोरो नपर्ने गरी प्रमुख जिल्ला अधिकारीले तोकेको स्थानमा सरकारी निकायको रोहवरमा मात्र वितरण गर्ने व्यवस्था मिलाउने भनी केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।१।१७ गतेको बैठकले निर्णय गरेको देखियो।

भूकम्प पीडितहरुलाई राहत उपलब्ध गराउन चाहने संघ-संस्थाहरुले जिल्ला दैवी प्रकोप उद्धार समितिमा राहतको सूची दर्ता गरी राहत वितरण समितिसँग समन्वय गरी राहत वितरण गर्ने व्यवस्था सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिले मिलाउने भनी मिति २०७२।१।२० को केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठकबाट निर्णय भएको देखिएतापनि उल्लेखित निर्णयहरू केही जिल्लाहरूमा कार्यान्वयन भएको देखिएको र केही जिल्लाहरूमा स्थानीय स्तरमा कार्यरत संघ-संस्थाहरूले आफूखुसी राहत वितरण गरेको बुझिन आयो।

| 20 | **Medicines (Carton, Box, Pcs, Bag…)** | 79480 | 93 | 5 | 2498 | 23 | 0 | 0 | 8 | 31 | 282 | 0 | 104276 | 3286 | 1500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 191482 |
| 21 | **Juice (Carton, Ltr, Bag,…)** | 508 | 0 | 0 | 323 | 102 | 15 | 0 | 33 | 168 | 20 | 0 | 18 | 6 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 5 | 0 | 0 | 6 | 0 | 0 | 1204 |
| 22 | **Tea and Coffee (Pkt, Carton, Bag, ……)** | 530 | 14 | 195 | 22 | 2 | 0 | 0 | 143 | 143 | 1001 | 0 | 480 | 1 | 161 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 0 | 0 | 2694 |
| 23 | **Oil (Ltr, Kg, Carton, Bag, Pcs)** | 408 | 154 | 187 | 123 | 187 | 0 | 0 | 15 | 344 | 320 | 0 | 652 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 10 | 425 | 0 | 2825 |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 24 | **Torch, Battery and Solar Items (Pcs, Carton, Box, Bag, …)** | 963 | 46 | 25 | 144 | 0 | 2256 | 0 | 191 | 1010 | 2561 | 0 | 4196 | 123 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 11515 |
| 25 | **Transformer and Accessories (Pcs)** | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 140 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 140 |
| 26 | **Dalmod and Fried Foods** | 1966 | 129 | 903 | 303 | 302 | 0 | 0 | 423 | 2539 | 453 | 0 | 6407 | 208 | 1163 | 0 | 116 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 14912 |
| 27 | **Gas Range/Cylinder (Pcs, Box, Carton)** | 0 | 0 | 0 | 0 | 540 | 0 | 0 | 582 | 306 | 594 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2022 |
| 28 | **Miscellenous (Carton, Box, Pcs, Bag…Kg…)** | 22438 | 5291 | 2747 | 1202 | 2043 | 0 | 0 | 29 | 2452 | 2211 | 51 | 931 | 5 | 1120 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 4 | 0 | 1 | 0 | 5 | 0 | 40530 |

*श्रोतःवाणिज्य तथा आपुर्ति मन्त्रालयबाट प्राप्त अभिलेख*

## ३.४. उद्योग मन्त्रालयः

केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा उद्योग मन्त्रालयको प्रतिनिधित्व नदेखिए तापनि नेपाल सरकार मन्त्रिपरिषद् तथा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्णयबाट उद्योग मन्त्रालयलाई विपद् व्यवस्थापनमा केही जिम्मेवारी दिईएको पाईयो।

**केन्द्रीय दैवी प्रकोप उद्धार समितिबाट भएका उद्योग मन्त्रालयसँग सम्बन्धित निर्णयहरू :**

१. भूकम्प प्रभावितहरूका लागि आवश्यक पर्ने त्रिपाल लगायतका गैर-खाद्य सामग्रीहरुको खरिद सहरी विकास मन्त्रालयले, खाद्य सामग्रीहरूको खरिद बाणिज्य तथा आपूर्ति मन्त्रालयले, सुख्खा खाद्य सामग्री (बिस्कुट, चाउचाउ आदि) को खरिद उद्योग मन्त्रालयले र उक्त सामग्रीहरू विदेशबाट खरिद गर्नु परेमा सम्बन्धित मन्त्रालयको अनुरोधमा ती सामग्रीहरूको खरिद परराष्ट्र मन्त्रालयले गर्ने र खाद्य तथा गैर-खाद्य सामग्रीको वितरणको व्यवस्था गृह मन्त्रालयसँग समन्वय गरी बाणिज्य तथा आपूर्ति मन्त्रालयले मिलाउने भनी केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।२० गतेको निर्णयको बुँदा नं. १२ मा उल्लेख भएको पाईयो।

२. त्यस्तै, माथि बुँदा नं. १ मा उल्लेख भए बमोजिम सुख्खा खाद्य सामग्री बिस्कुट, चाउचाउ आदि खरिद गर्न उद्योग मन्त्रालयलाई रू.५,००,००,०००।- (पाँच करोड) निकाशा दिने भनी मिति २०७२।०१।२० गतेको निर्णयको बुँदा नं. १३ मा उल्लेख भएको पाईयो।

**उद्योग मन्त्रालयबाट सम्पादित कार्यहरूः**

१. मिति २०७२।०१।१२ गतेको भूकम्प पश्चात् पीडितहरूलाई तत्काल आवश्यक खाद्यबस्तु बिस्कुट तथा चाउचाउ खरिद गर्न आवश्यक भएकोले सो को व्यवस्था उद्योग मन्त्रालयले गर्ने भनी निर्णय भए बमोजिम बिस्कुट तथा चाउचाउ उत्पादक संघका प्रतिनिधिहरूसँग समेत समन्वय गरी कारखाना (Ex-factory) मूल्यमा आवश्यक परिमाणमा बिस्कुट तथा चाउचाउ खरिद गर्ने र सो को अभिलेख उद्योग विभागले राखी बिल बिजक उद्योग मन्त्रालयलाई उपलब्ध गराई १५ दिन भित्र रकम भुक्तानीको व्यवस्था मिलाउने भनी मिति २०७२।०१।१४ गते उद्योग मन्त्रालयका सचिवको संयोजकत्वमा चाउचाउ बिस्कुटका उत्पादकहरू समेतको उपस्थिति रहेको बैठकबाट निर्णय भएको देखियो र सोही बमोजिम उद्योग विभागको च.नं. १३९५ मिति २०७२।०१।१५ गतेको पत्र मार्फत विस्कुट तथा चाउचाउ उत्पादकहरूलाई पत्राचार गरेको देखियो।

२. माथि बुँदा नं. १ मा उल्लेख भए बमोजिम उद्योग विभागले च.नं.२८८ मिति २०७२।०२।१ गतेको पत्र मार्फत नेविको प्रा.लि., पशुपति बिस्कुट प्रा.लि, सि.जि. फुड्स प्रा.लि, स्मार्ट फुड प्रा.लि., कर्माचार्य बेक्स एण्ड फुड्स प्रा.लि., एसियन बिस्कुट एण्ड कन्फेक्सनरी प्रा.लि., पोखरा नुडल्स प्रा.लि. र जगदम्बा फुड्स प्रा.लि.बाट प्राप्त हुन आएका उत्पादित सामानहरूको दररेट खुलेको विवरणहरू उद्योग मन्त्रालयलाई पठाएको देखियो।

उद्योग मन्त्रालयको च.नं. २१२ मिति २०७२।२।३१ गतेको पत्रबाट प्राप्त विवरण अनुसार उद्योग मन्त्रालयले खरिद गरेको सुख्खा खाद्य वस्तुको वितरण देहाय बमोजिम रहेको देखिन आयो।

| **सि.नं.** | **बस्तु उत्पादन कम्पनी** | **मालसामानको विवरण** | **परिमाण (कार्टुन)** | **परिमाण (के.जी.)** | **जम्मा भुक्तानी रकम रू.** |
|---|---|---|---|---|---|
| १. | पोखरा फुड्स प्रा.लि. | विस्कुट | ९१२८ | ३९४४३ | ४६,८३,५८३।- |
| २. | श्री पशुपति विस्कुट इन्ड्रस्ट्रिज प्रा.लि. | विस्कुट | १२५१२ | ६५६३५ | ८४,६६,०१३।- |
| ३. | पशुपति डाईट एण्ड फुड प्रा.लि. | बिस्कुट | १४८८ | ७५४४ | ११,१४,१३१।- |
| ४. | कर्मचार्य बेक्स एण्ड फुड्स प्रा.लि. | बिस्कुट | ३३३१ | ११८५४ | १४,६७,१३१।- |
| ५. | एसियन बिस्कुट एण्ड कन्फेसनरी प्रा.लि. | बिस्कुट | १८७० | - | १३,७९,३४७।- |
| ६. | स्मार्ट फुड एण्ड स्न्याक्स प्रा.लि. | चाउचाउ | २५४५० | - | ८५,०९,७१६।- |
| ७. | पोखरा नुडल्स प्रा.लि. | चाउचाउ | १६४०५ | - | ६२,१५,०५४।- |
| ८. | जगदम्बा फुड्स प्रा.लि. | चाउचाउ | १७४९३ | - | ६२,९१,५५८।- |
| ९. | सि.जी. फुड्स (नेपाल) प्रा.लि. | चाउचाउ | २२३०३ | - | ९१,५५,६४९।- |
| **जम्मा** | | | | | **४,७२,८२,१८२।-** |
| **बाँकी रकम** | | | | | **२७,१७,८१८।-** |

## ३.५ परराष्ट्र मन्त्रालय

मिति २०७२।१।१२ गतेको विनाशकारी भूकम्प पश्चात् भारत र थाईलैण्ड स्थित नेपाली राजदूताबासहरूलाई क्रमशः १ लाख ५० हजार र ५० हजार गरी जम्मा २ लाख थान टारपोलिन तत्काल खरिद गरी छिटो माध्यमबाट नेपाल पठाउन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने भनी केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।१७ गतेको बैठकबाट निर्णय भएको देखिन्छ। विदेश स्थित नेपाली कूटनीतिक नियोग मार्फत त्रिपाल/पाल खरिद गर्नका लागि र पाकिस्तानबाट सहायता स्वरूप प्राप्त हुने त्रिपाल कलकत्ता बन्दरगाहबाट काठमाण्डौसम्म ढुवानी गर्नको लागि परराष्ट्र मन्त्रालयलाई केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट रू.१२,००,००,०००।- निकासा दिने भनी केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।२० गतेको बैठकबाट निर्णय भएको देखिन्छ जसअनुसार केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट रू.१२ करोडको चेक मिति २०७२।०१।२४ मा परराष्ट्र मन्त्रालयलाई उपलब्ध गराएको देखिन्छ। नेपाली राजदूतावास बैङ्कक थाईलैण्डले तत्काल राजदूतावासमा संकलन भएको सहयोग रकमबाट रू.५२,६८,७७१।२० मूल्यको २२१० थान (६३,३६०.७१ वर्ग मिटर) त्रिपाल खरिद गरी नेपाल एयरलाईन्सको विभिन्न उडानबाट निःशुल्क कार्गो गरी नेपाल पठाएको र उल्लेखित २२१० थान त्रिपाल खरिद भएकोमा थाईल्याण्ड स्थित बिभिन्न संघ-संस्था र व्यक्तिबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाउने गरी उठेको सहायता रकम मध्येबाट रू.५२,६८,७७१।२० खर्च गरिएको र सो रकम परराष्ट्र मन्त्रालयबाट टारपोलिन खरिद गर्ने रकम मध्येबाट सोझै बैंकक नपठाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दाखिला गरी दिन भनी थाईल्याण्ड स्थित राजदुताबासबाट अनुरोध भई आए अनुसार परराष्ट्र मन्त्रालयबाट मिति २०७२।०३।२१ मा चेक नं. १००००५५९१७ बाट प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा दाखिला गर्नुको साथै नेपाली राजदुताबास बैंकक्को खर्च शोधभर्ना गरी बाँकी रहेको रकम रू.१,४१,३१,२२८।८० मिति २०७२।०३।२१ गते केन्द्रीय दैवी प्रकोप उद्धार कोषमा फिर्ता पठाईएको देखिन्छ। यसरी नेपाली राजदूतावास, बैंककबाट खरिद गरिएको त्रिपालको औसत मूल्य प्रति वर्ग फिट रू.९।५० पर्न गएको देखिन्छ।

यसैगरी, परराष्ट्र मन्त्रालयको च.नं. २५२६ मिति २०७२।१।२० गतेको पत्रबाट तत्काल ५० हजार र कूल १ लाख थान त्रिपाल खरिद गरी पठाउन नेपाली राजदूतावास, नयाँ दिल्लीलाई पत्राचार गरेको देखिन्छ। उल्लेखित परराष्ट्र मन्त्रालयबाट प्रेशित पत्रको व्यहोरामा नेपाली राजदूतावासले त्यस पूर्व नै च.नं. ४७ मिति २०७२।१।२० गतेको पत्रबाट खरिद गरिने

त्रिपालको स्पेशिफिकेसन मन्त्रालयलाई स्वीकृतिको लागि पठाएको देखिन्छ। नेपाली राजदूतावास, नयाँदिल्लीले परराष्ट्र मन्त्रालयबाट रकम प्राप्त गर्नु पूर्व नै मिति २०७२।१।२० मा Armaan Building Solutions सँग १२० जी.एस.एम.का ५० हजार थान बिभिन्न साईजका त्रिपाल मूल्य रू.४,५५,०४,७३५।९४ बराबरको खरिद गर्न सम्झौता गरेको देखिन्छ। त्यस्तै, परराष्ट्र मन्त्रालयले मिति २०७२।०१।३० गते नेपाली राजदूतावास, नयाँ दिल्लीलाई रू.१०,००,००,०००।- (दश करोड) को हुन आउने अमेरिकी डलर ९,७१,६५९.१२ टेलीग्राफिक ट्रान्सफर गरी पठाएको देखिन्छ भने दूतावासले मिति २०७२।१।२० गते (३ मे, २०१५) दूतावासको मौज्दात रकमबाट उल्लेखित त्रिपाल सप्लायर्सलाई सम्झौता अनुसार अग्रीम भुक्तानी स्वरूप भा.रू. ३० लाख दिएको र अन्य रकमहरू क्रमशः भुक्तानी गरेको देखिन्छ।

यसैगरी, नेपाली राजदूतावास, नयाँ दिल्लीले बाँकी ५० हजार थान त्रिपाल खरिदको लागि भारतका अन्य विभिन्न व्यापारिक फर्महरूसँग दरभाउ पत्र माग गरी माग अनुसारको टारपोलिन उपलब्ध गराउन प्रतिबद्ध रहेका **Veekay International,** नयाँ दिल्लीबाट १२० GSM को मूल्य रू.१,५८,७०,९७३।५० बराबरको २५००० थान टारपोलिन र **Gujarat Craft Industries Ltd. Ahmadabad** बाट १२० जी.एस.एम.को मूल्य रू.१,६६,६७,३७०।- बराबरको बाँकी २५००० थान टारपोलिन खरिद गरेको देखिन्छ। यसरी नेपाली राजदूतावास, नयाँ दिल्लीले खरिद गरेको सम्पूर्ण त्रिपालको जम्मा मूल्य रू.७,८०,४३,०७९।४४ पर्न गएको देखिन्छ भने उल्लेखित १ लाख थान त्रिपालको ढुवानी भाडा रू.२७,१२,९८०।७९ भुक्तानी दिएको देखिन्छ।

यसैगरी, परराष्ट्र मन्त्रालयबाट अमेरिकी डलरमा राजदूतावासलाई रकम उपलब्ध गराएको र दूतावासले त्रिपाल बिक्रेता फर्महरूलाई भा.रू.मा रकम उपलब्ध गराउँदाको विनिमय घाटा रू.३,७१,२३५।८२ समेत गरी जम्मा रू.७,८९,२९,९९८।६६ खर्चको विल भर्पाई उपलब्ध गराएको देखिन्छ भने टारपोलिन खरिद गरी बाँकी रहेको रू.**२,०८,२७,३१५।४४** मन्त्रालयमा फिर्ता पठाउन वा दूतावासलाई निकास हुने नियमित बजेटबाट कट्टा गरी पठाउने सम्बन्धमा आवश्यक निर्देशनको लागि परराष्ट्र मन्त्रालयमा पत्राचार गरेको च.नं. ०५ मिति २०७२।५।५ को नेपाली राजदूतावास, नयाँदिल्लीको पत्रबाट देखिन्छ।

## ३.६ अर्थ मन्त्रालय

अर्थ मन्त्रालयसँग सम्बन्धित मन्त्रिपरिषद्को निर्णयः

- तत्काल उद्धार र राहत कार्यमा प्रयोग गर्ने गरी रू.५०,००,००,०००।— दैवी प्रकोप उद्धार राहत कोषमा निकासा दिने भनी मिति २०७२।०१।१२ गते निर्णय भएको पाईयो।
- भुकम्पबाट भएको क्षतिलाई तत्काल व्यवस्थापन, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउन सम्पूर्ण राष्ट्रसेवकहरू, आमनागरिक समुदाय, नीजिक्षेत्र तथा द्विपक्षीय/बहुपक्षीय दातृ निकायहरूलाई हार्दिक अपिल गर्ने भनी मिति २०७२।०१।१३ गते निर्णय भएको पाईयो।
- भुकम्प पीडितहरुलाई तत्काल राहत सहयोग, पुनर्वास तथा पुनर्निर्माण कार्यक्रम संचालन गर्न नेपाल सरकारले २०० अर्वको राष्ट्रिय पुनर्निर्माण कोष स्थापना गर्ने र सो कार्यको लागि राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालय तथा संवन्धित मन्त्रालय/निकायहरुको समन्वय र सहयोगमा अविलम्व कार्यक्रम तयार गर्ने गरी उक्त कार्यक्रम संचालन गर्न नेपाल सरकारको तर्फबाट तत्काल रु.२० अर्व उपलव्ध गराउने र बाँकी रकमको लागि अन्तराष्ट्रिय ऋण, सहयोग तथा अन्य श्रोत समेत जुटाई, माथि उल्लेखित अपेक्षा पुरा गर्न आवश्यक्ता अनुसार चालु आ.व.को विनियोजित बजेटबाट पुन संरचना गर्ने र आगामी आ.व.को वजेटमा संवन्धित मन्त्रालयहरुले बजेट व्यवस्था समेत गर्ने भनी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७२।०१।१७ मा निर्णय भएको देखिन्छ।

मिति २०७२।०१।१२ गते आएको भूकम्प पश्चात सोही मितिमा नै बसेको मन्त्रिपरिषदको बैठकले तत्काल उद्धार तथा राहत कार्यमा प्रयोग गर्ने गरी रू. ५० करोड दैवी प्रकोप राहत कोषमा निकासा दिने निर्णय गरे बमोजिम अर्थ मन्त्रालयले उल्लेखित रकम सहित रू.९ अर्ब ५० करोड विभिन्न मितिमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको पाईयो।

यसैगरी भूकम्पबाट क्षति भएका भौतिक संरचना सरकारी तथा सार्वजनिक भवन/विद्यालय, ऐतिहासिक, धार्मिक र पूरातात्विक सम्पदाको पुनः निर्माण तथा भूकम्पग्रस्त जिल्लाहरूमा स्वीकृत डिजाइन अनुसार उपयुक्त प्रविधिका घर र सुविधायुक्त बस्ती निर्माणमा भूकम्प पीडितहरूलाई सहयोग लगायतका पुनर्वास एवं पुनः निर्माण कार्यक्रम सञ्चालन गर्न दुई सय अर्बको राष्ट्रिय पुनः निर्माण कोष स्थापना गर्ने, सो कार्यको लागि राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालय एवं अन्य सम्बन्धित मन्त्रालय/निकाय समेतको समन्वय र सहयोगमा अविलम्ब कार्यक्रम तयार गर्ने, यस प्रयोजनका

लागि नेपाल सरकारको तर्फबाट बीस अर्ब रुपैयाँ प्रदान गर्ने, बाँकी अन्तर्राष्ट्रिय एवं अन्य स्रोतबाट परिचालन गर्ने, माथि उल्लेखित उद्देश्य पुरा गर्न आवश्यकता अनुसार चालू आ.व.को विनियोजन बजेटबाट पुनःसंरचना गर्ने र आगामी आ.व.मा बजेट सम्बन्धित मन्त्रालयहरूले व्यवस्था गर्ने भनी मन्त्रिपरिषदको मिति २०७२।०१।१७ गतेको निर्णय भएको पाईयो।

**अर्थ मन्त्रालयबाट हालसम्म प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा भएको रकमको विवरणः**

| सि.नं | रकम निकासा मिति | रकम रू. | कैफियत |
|---|---|---|---|
| १. | २०७२।०१।१४ | ५०,००,००,०००।- | |
| २. | २०७२।०१।१६ | १,००,००,००,०००।- | |
| ३. | २०७२।०१।२२ | २,००,००,००,०००।- | |
| ४. | २०७२।०२।०५ | २,००,००,००,०००।- | |
| ५. | २०७२।०२।२७ | २,००,००,००,०००।- | |
| ६. | २०७२।०३।२७ | २,००,००,००,०००।- | |
| **जम्मा निकासा** | | **९,५०,००,००,०००।-** | |

**मिति २०७२।०१।१२ को विनाशकारी भूकम्पपछि राहत सामग्री व्यवस्थापन सम्बन्धी अर्थ मन्त्रालयबाट सम्पादन भएका कार्यहरूः-**

- मिति २०७२।०१।१२ को मन्त्रिपरिषद् र मिति २०७२।०१।१७ गतेको केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठकको निर्णयानुसार मिति २०७२।०२।०३ गतेको गृहमन्त्री स्तरको निर्णय बमोजिम स्वीकृत राहत सामग्री सूची अनुसार मिति २०७२।०२।१२ गतेसम्म (१० दिनको लागि) भन्सार छुट दिइएको पाईयो।
- मिति २०७२।०२।१३ को गृहमन्त्रीस्तरको निर्णयानुसार स्वीकृत राहत सामग्रीको सूची अनुसार राजस्व छुट हुने अवधि मिति २०७२।०२।२० गते सम्मको लागि थप भए अनुसार कार्यान्वयन गरिएको पाईयो।
- **त्यसरी स्वीकृत राहत सामग्रीको सूचीमा देहायका सामग्री समावेश रहेको पाईयो।**
    1. **Medical-** Medical Consumables, Drugs and Orthopedic Implants/equipment's गरी ३ शीर्षकमा २१९ किसिमका वस्तु/सामान समावेश रहेको;
    2. **SHELTER-** (Tent, Plastic sheets, Tarpaulins, Mats, Blankets, Mobile Toilets, Chargeable lamps, storage bags, Inflatable water tanks, Generators)

3. **Hygiene/Sanitation-** Water purifiers, Sanitation kits, First Aid Kits, Aqua Tab, Piuyush.
4. **FOOD-** Rice, Bitten rice, Wheat flour, Litto, Lentils/pulses, cooking oil, milk powder)

- अर्थ मन्त्रालयबाट मिति २०७२।०१।१८ गतेको निर्णयबाट त्रिपाल आयातमा मिति २०७२।०२।२० गतेसम्मको लागि भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर छुट दिइएको पाइयो।
- अर्थ मन्त्रालयबाट उल्लेखित स्वीकृत सूची बाहेकको राहत तथा पुनः निर्माणजन्य सामग्रीहरूमा पटके निर्णयबाट राजस्व छुट दिइने निर्णय गरेको देखियो।

**अर्थ मन्त्रालय र मातहतका विभागहरु:**

- नेपाल सरकारले राष्ट्रिय पुनः निर्माण कोष संचालन गरी भुकम्प पीडितहरुको पुनर्वास एवं पुनर्निर्माण सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न केन्द्रीय स्तरमा पुनर्निर्माण प्राधिकरण गठन गर्ने सरकारी नीति अनुसार अध्यादेश तर्जुमा भए पनि सो अनुसार ऐन, नियम तथा निर्देशिकाहरु हालसम्म नवनेको अवस्था विद्यमान छ। नेपाल सरकारको उपरोक्त निर्णय अनुसार तत्काल गठन गर्नु पर्ने पुनर्निर्माण प्राधिकरण गठन नभएकोले भुकम्पबाट भएको क्षतिको पुनर्निर्माण कार्य प्राय ठप्प भएको छ। यसरी २०७२ वैशाख १२ गतेको विनाशकारी भुकम्प र तत्पश्चातको पराकम्पनबाट भएको अकल्पनीय क्षतिको तत्काल पुनर्निर्माण कार्य संचालन गर्नु पर्ने र सो कार्य पुनर्निर्माण प्राधिकरणले गर्ने गरी सरकारी नीति तय भए पनि हालसम्म उक्त प्राधिकरणको गठन हुन सकेको छैन। यसबाट यति ठूलो प्राकृतिक विपत्ति ओझेलमा पर्न गएको मात्र नभै दातृ निकायहरुमा पनि नकारात्मक प्रभाव पर्न सक्ने अवस्थालाई दृष्टिगत गरी यस विषयलाई सरकारले पहिलो प्राथमिकतामा राखी तत्काल पुनर्निर्माण प्राधिकरण गठन गरी सो सम्वन्धि ऐन, नियम र निर्देशिका समेत तर्जुमा गर्नु पर्नेमा सो हालसम्म भएको देखिएन।
- अर्थ मन्त्रालयबाट विपद व्यवस्थापनको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा मिति २०७२।०१।२४ गतेदेखि २०७२।०३।२७ गतेसम्म पटक-पटक गरी रु.९ अर्व ५० करोड निकासा भएको पाईयो। विनियोजित वजेट खर्च भयो, भएन र खर्च भएको रकमको सदुपयोग सम्बन्धमा अर्थ मन्त्रालय, मुल्यांकन तथा अनुगमन महाशाखा र सम्वन्धित मन्त्रालयहरुले समेत प्रभावकारी रुपमा अनुगमन तथा मुल्यांकन गरेको देखिएन।

- २०७२ साल आषाढ १० गते (२५ जुन २०१५) काठमाण्डौमा सम्पन्न भएको भुकम्पबाट भएको क्षतिको पुनः निर्माणको लागि आयोजित अन्तर्राष्ट्रिय सम्मेलनको अवसरमा भारत, चीन, जापान, संयुक्त राज्य अमेरिका, विश्व बैंक, एशियाली विकास बैंक, युरोपियन युनियन, तथा संयुक्त राष्ट्र संघ लगायतका २५ दातृ राष्ट्र/निकाय (Development Partner) बाट अनुदान स्वरुप USD १,९७,१५,१९,९१५ र सहुलियतपूर्ण ऋण USD २,१३,८०,००,०००।- समेत जम्मा USD ४,१०,९५,१९,९१५ बरावरको रकम नेपाल सरकारलाई उपलव्ध गराउने आश्वासन दिएका थिए। तत्पश्चात् उपरोक्त रकमहरु निम्नलिखित आयोजनाहरुमा खर्च गर्ने गरी नेपाल सरकार तथा दाता निकायहरुवीच ऋण र अनुदान संझौता समेत सम्पन्न भैसकेको अवस्था विद्यमान छ तर दाता राष्ट्र तथा निकायहरुले नेपालले अचानक भोग्नु परेको प्राकृतिक विनास र सोबाट उत्पन्न मानवीय पक्षलाई समेत मनन गरी स्वत स्फुर्त रुपमा सहयोग गर्ने वनचबद्धता दिएका थिए सो अनुसारको संयन्त्र र कार्य योजना भने नेपाल सरकारले अझै तयार गरेको देखिएन।

## भन्सार छुट सम्बन्धी

- मिति २०७२।०२।२० गते स्वीकृत राहत सामग्री सूचीको छुटको म्याद समाप्त हुने भएकोले पछिको मितिमा यस्तो सामग्रीहरूको पैठारीलाई व्यवस्थित, नियन्त्रित र प्रक्रियागत रूपमा सरल बनाउन अर्थ मन्त्रालयले दैवी प्रकोप उद्धार तथा राहत सामग्रीको आयातमा लाग्ने राजस्व छुट सम्बन्धी कार्यविधि, २०७२ मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयन गरेको पाईयो।

- दैवी प्रकोप उद्धार तथा राहत सामग्रीको आयातमा लाग्ने राजस्व छुट सम्बन्धी कार्यविधि, २०७२ को दफा ४ (२) अनुसार समितिको मिति २०७२।०२।२७ गते बसेको बैठकले मिति २०७२ आषाढ ७ गते पछि कुनैपनि प्रकारका राहत सामग्रीहरू स्वीकार नगरिने हुँदा त्यस्ता सामग्रीहरूमा महशुल छुट नहुने भनी निर्णय गरिसकेकाले सोको सार्वजनिक सूचना प्रकाशन गरिसकेकोमा पुनः समितिको मिति २०७२।०३।१८ मा बसेको बैठकबाट सोको म्याद २०७२ साल असार मसान्तसम्म थप गर्ने सिफारिश सहित निर्णय भए बमोजिम मन्त्रिपरिषद्को मिति २०७२।०४।०१ गतेको निर्णय अनुसार असार मसान्तसम्मलाई भन्सार छुट थप भएको देखियो। उपरोक्त समितिले स्वीकृत गरेको राहत तथा पुनर्निर्माण सम्वन्धी सामग्री बाहेक ५९ गोटा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरुले समेत भाद्र मसान्तसम्म पैठारी गर्ने र गरेका राहत सामग्रीहरुको हकमा समेत अर्थ मन्त्रालयले राजस्व छुट दिएको देखियो।

- भन्सार विभाग अन्तर्गत ५० शीर्षकमा विवरण उपलव्ध हुने Automated System For Customs Data (Asycuda) कम्प्युटरकृत प्रणाली अन्तर्गतको भन्सार प्रज्ञापनपत्र कार्यान्वियन भईरहेको भए पनि केही ठुला भन्सार कार्यालयहरुमा अत्याधिक मात्रामा राहत सामग्रीहरु पैठारी हुन आएको हुँदा हाल कार्यान्वयनमा रहेको भन्सार घोषणा प्रज्ञापनपत्र हुवहु कार्यान्वयन गर्दा समय लाग्ने मात्र नभै दाताले उपलव्ध गराएको राहत सामग्रीहरुको घोषणा पनि स्पष्ट रुपमा नभै पोका, गुण्टा, तौल, वण्डल र रोल जस्ता अस्पष्ट विवरणमा पैठारी हुन आएकोले सरल, सहज तथा छिटो छरितो किसिमबाट राहत सामग्रीहरु जाँचपास गर्ने उद्धेश्यले भुकम्प पीडितको राहतको लागि जाँचपास गरिएका सामग्रीहरुको लागि छुट्टै भन्सार घोषणा फाराम कार्यान्वयनमा ल्याएको देखिन्छ। उक्त भन्सार घोषणा फाराम अनुसार पैठारी भएका राहत सामग्रीहरुको यकिन विवरण आउन नसक्ने व्यहोरा फाराममा घोषणा गर्नु पर्ने विवरणहरुले आफै प्रष्ट गरेको छ। भन्सार प्रज्ञापन पत्रको सट्टा तयार गरिएको भन्सार घोषणा फाराम वनाउँदा राहत स्वरुप पैठारी हुने मालवस्तुहरुको सवै विवरणहरु नआए पनि अधिकांस विवरणहरु (तथ्याङ्क) स्पष्ट हुने गरी केहि महलहरु थप गरी फाराम तयार गरिएको भए वा वर्तमान भन्सार प्रज्ञापन पत्र नै कार्यान्वयनमा ल्याई राहत स्वरुप पैठारी भएका सामानहरु Green Channel (निकासी वा पैठारीकर्ताको घोषणालाई स्वीकार गरी सामानको भौतिक परीक्षण नै नगरी तत्काल सामान जाँचपास गर्ने प्रक्रिया) अन्तर्गत राहत स्वरुप पैठारी भएको सामान जाँचपास गरिएको भए पनि तथ्याङ्क संकलनमा खासै समस्या देखिने थिएन। यस विषयमा अर्थ मन्त्रालय/भन्सार विभागबाट कमजोरी भएको देखियो। जसले गर्दा राहत स्वरुप राजस्व छुटमा पैठारी भएका सामग्रीहरु कति आयो, कति मुल्यको थियो, कस्ता सामानहरु पैठारी भए, कति राजस्व छुट दिइयो र वास्तवमै उक्त सामग्रीहरु पीडित समक्ष पुग्यो पुगेन भन्ने सम्वन्धमा अनुगमन र अनुसन्धान गर्न समस्या उत्पन्न भएको छ।

- राहत सामग्री आयात गर्ने निकाय र व्यक्तिलाई घोषणा फाराममा उल्लेखित सामग्रीहरु कुन स्थानमा कस-कसलाई बुझाईयो भन्ने सम्वन्धमा भन्सार कार्यालयले सामान जाँचपास गरेको १ महिना भित्र पैठारीकर्ता आफैले भन्सार कार्यालयमा भर्पाई बुझाउनु पर्ने शर्त राखेकोमा ज्यादै न्यून पैठारीकर्ताहरुले मात्र भर्पाई बुझाएको पाइयो। यसबाट राहत स्वरुप पैठारी भएका सामग्रीहरु कतै अपचलन त भएनन् भनी आशंका गर्ने ठाउँ दिएको देखिन्छ।

**अर्थ मन्त्रालयलाई दातृ निकायबाट प्राप्त सहयोग सम्बन्धमाः**

२५ जुन २०१५ (२०७२ साल असार १० गते) मा सम्पन्न नेपालको पुनःनिर्माणको लागि आयोजित अन्तर्राष्ट्रिय सम्मेलनको अवसरमा प्राप्त Pledging रकम मध्ये निम्न आयोजनाहरूको रकम प्राप्त गर्ने विषयमा नेपाल सरकार र देहाय अनुसारका दाताहरूसँग अनुदान ऋण सहायता सम्झौता सम्पन्न भएको पाईयो।

| क्र.स. | ऋण /अनुदान प्राप्त देश/ अन्तराष्ट्रिय संस्था | संझौता भएको रकम (USD) | ऋण /अनुदान | क्षेत्र |
|---|---|---|---|---|
| १. | विश्व बैक | ३०० मिलियन | सहुलियत पूर्ण ऋण | २००मिलियन आपतकालिन घर निर्माण र १०० मिलियन Development Policy Credit-DPC को रूपमा |
| २. | एसियाली विकास बैक | २०० मिलियन | सहुलियत पूर्ण ऋण | विद्यालय निर्माण, ग्रामीण सडक तथा जिल्ला स्तरीय सरकारी भवन निर्माण |
| ३. | एसियाली विकास बैक | ३ मिलियन | अनुदान | प्रधानमन्त्री राहत कोषमा जम्मा भएको |
| ४. | चीन सरकार | १० मिलियन | नगद अनुदान | नेपाल सरकारको प्राथमिकता प्राप्त क्षेत्र |
| ५. | FAO | ०.५ मिलियन | प्राविधिक सहायता | कृषि क्षेत्र |

## Pledges by development partners at ICNR 2015 (Preliminary record)

| SN | COUNTRY | GRANT (A) (USD) | SOFT LOAN (B) (USD) | TOTAL (A+B) (USD) | REMARKS |
|---|---|---|---|---|---|
| 1 | CHINA | 766,927,000 | 0 | 766,927,000 | |
| 2 | INDIA | 650000000 | 750000000 | 1,400,000,000 | |
| 3 | JAPAN | 52000000 | 208000000 | 260,000,000 | |
| 4 | NORWAY | 15,965,500 | 0 | 15,965,500 | |
| 5 | USA | 130000000 | 0 | 130,000,000 | |
| 6 | ADB | 0 | 600000000 | 600,000,000 | |
| 7 | WB | 0 | 500000000 | 500,000,000 | |
| 8 | EU | 111,890,000 | 0 | 111,890,000 | |
| 9 | EU (TA) | 5,594,500 | 0 | 5,594,500 | |
| 10 | UK (DFID) | 110,000,000 | 0 | 110,000,000 | |
| 11 | AUSTRIA | 1,200,000 | 0 | 1,200,000 | |
| 12 | AUSTRALIA | 4,635,300 | 0 | 4,635,300 | |
| 13 | CANADA | 10500000 | 0 | 10,500,000 | TBC |
| 14 | BANGLADESH | 502,815 | 0 | 502,815 | |
| 15 | ROK | 10,000,000 | 0 | 10,000,000 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 16 | PAK | 1,000,000 | 0 | 1,000,000 | |
| 17 | SWITZERLAND | 25,000,000 | 0 | 25,000,000 | |
| 18 | SRI LANKA | 2,500,000 | 0 | 2,500,000 | |
| 19 | SAUDI ARABIA | 0 | 30000000 | 30,000,000 | |
| 20 | NETHERLANDS | 26,000,000 | 0 | 26,000,000 | |
| 21 | SWEDEN | 10,000,000 | 0 | 10,000,000 | |
| 22 | FINLAND | 2,237,800 | 0 | 2,237,800 | |
| 23 | GERMANY | 33,567,000 | 0 | 33,567,000 | |
| 24 | TURKEY | 2,000,000 | 0 | 2,000,000 | |
| 25 | IMF | 0 | 50,000,000 | 50,000,000 | |
| | **Grand Total** | 1,971,519,915 | 2138000000 | **4109519915** | |
| All currencies converted to US$ using Oanda.com on 26 June 2015 | | | | | |
| Note: In the case of India $400 million from an existing commitment of loan of $1 billion was converted into grant; $250 million of the new commitment is grant | | | | | |

## भन्सार विभागः

### केन्द्रीय दैवी प्रकोप उद्धार समितिबाट भएको भन्सार विभागसँग सम्बन्धित निर्णयहरूः

मिति २०७२।०१।१२ गतेको निर्णय:

- विभिन्न मुलुक तथा अन्तराष्ट्रिय संघ-संस्थाहरूबाट खोज तथा उद्धार कार्यमा उपयोगी साधन एवं राहत सामग्रीको भन्सार महशुल छुट सम्बन्धमा द्विपक्षीय सहायता अन्तर्गत विभिन्न मुलुकहरूबाट उपलब्ध हुने राहत सामग्री सम्बन्धी सहायता स्वीकार गर्ने नगर्ने प्रयोजनका लागि संयुक्त कार्य संचालन टोली गठन गरी औचित्य हेरी पूर्व स्वीकृति दिने र सहायता स्वीकार गर्ने, स्वीकृति पत्र नै नलिएका वा स्वीकृति पत्रमा उल्लेख नै नभएका वा उल्लेख हुन छुटेका साधन वा राहत सामग्रीको हकमा उक्त टोलीले औचित्यताका आधारमा निर्णय लिने भनी उल्लेख भएको पाईयो।

मिति २०७२।०१।१७ गतेको निर्णय:

- भूकम्प पीडित राहत सम्बन्धमा त्रिभुवन विमानस्थल मार्फत अन्तराष्ट्रिय दातृ संस्था एवं गैर-सरकारी संस्थाहरूको तर्फबाट प्राप्त भएका उद्धार सामग्री तथा उद्धार टोलीको उपकरण, यन्त्र तथा खाद्य सामग्रीहरू त्रिभुवन विमानस्थल भन्सार कार्यालयले सम्बन्धित संस्थाको नेपाल स्थित निकायको नाममा लाग्ने सम्पूर्ण कर, महशूल तथा शुल्क लगतमा राखी जाँचपास गर्ने,

- लगतमा पैठारी भएका मालवस्तुहरू नेपाल सरकारले तोकेको मापदण्ड भित्र वितरण गरे पश्चात् सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराई ३० दिन भित्र भन्सार कार्यालयमा पेश गरेपछि भन्सार कार्यालयबाट लगत कट्टा गरिने र तोकिएको अवधि भित्र प्रमाणित गरी सम्बन्धित भन्सार कार्यालयमा पेश नगरेमा भन्सार प्रमुखले नियमानुसार लाग्ने महशुल तथा कर शुल्क एवं जरिवाना अशुल उपर गरी कानून बमोजिम थप कारवाही समेत गर्ने भनी उल्लेख भएको पाईयो।

- त्रिभुवन विमानस्थल बाहेक अन्य भन्सार कार्यालयहरूको हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थानीय विकास अधिकारी, सुरक्षा निकायका प्रमुखहरू र सम्बन्धित भन्सार कार्यालयको प्रमुख रहेको राहत सामग्री सिफारिश समिति गठन गरी सो समितिले औचित्य र आवश्यकताका आधारमा सिफारिश गरे बमोजिम पैठारी हुने उद्धार तथा राहत सामग्रीमा लाग्ने सम्पूर्ण कर, महशूल तथा शुल्क लगतमा राखी जाँचपास गर्ने। यसरी पैठारी भएका सामग्रीहरूको विवरण प्रमुख जिल्ला अधिकारीले तत्काल केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा पठाउने।

- व्यक्तिगत रुपमा राहत तथा उद्धारका लागि प्राप्त भएका औषधि, खानेपानी, खाद्यन्न तथा उद्धारका उपकरणहरू नेपाल सरकारले खोलेका केन्द्रीय वा जिल्ला स्थित वेयर हाउसमा जम्मा भएमा वा नेपाल स्थित अन्तराष्ट्रिय एजेन्सी र स्वीकृत प्राप्त गैर नाफामुलक स्वदेशी तथा विदेशी संस्थाहरूले बुझी लिई केन्द्रीय दैवी प्रकोप उद्धार समिति र जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी वितरण गर्ने भएमा तोकिएको मापदण्ड पूरा गरी त्यस्ता मालवस्तुहरू उल्लेखित समितिको सिफारिशमा कर, महशूल तथा शुल्कको लगत राखी जाँचपास गर्ने तर यस्ता संस्था तथा व्यक्तिहरूले भन्सारमा मालवस्तुको घोषणा गर्दा संस्था दर्ताको प्रमाणपत्र, सम्पर्क नम्बर, संस्थाको आधिकारिक व्यक्तिको नाम, ठेगाना, राहत वितरण गर्ने स्थान र आफूले घोषणा गरेको व्यहोराको सत्यता प्रमाणित गरेको हुनुपर्ने,

## दैवी प्रकोप उद्धार तथा राहत सामग्रीमा लाग्ने महशुल छुट सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७२

२०७२ साल वैशाख १२ गते नेपालमा गएको विनाशकारी भूकम्प र त्यसपछि गएका ठूला पराकम्पन एवं बाढी र पहिरोबाट ठूलो जनधनको क्षति भई आम जनसमुदायले महाविपद्को सामना गर्नु परेको छ। सोबाट राहत प्राप्त गर्न, खोज उद्धार तथा राहतका लागि बिदेशबाट पैठारी हुने राहत सामग्रीहरूमा मिति २०७२।०१।१२ गते भएको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, मिति २०७२।०१।१७ को केन्द्रीय दैवी प्रकोप उद्धार समितिको

निर्णय र मिति २०७२।०२।०३ गते एवं मिति २०७२।०२।१३ गतेको माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीस्तरीय निर्णयबाट राजस्व छुट प्रदान भईरहेको थियो तर सो अवधि मिति २०७२।०२।२० गतेसम्म मात्र कायम रहेकोले सो मिति पछि प्राप्त हुने राहत सामग्रीको पैठारीमा लाग्ने महशुल छुटलाई व्यवस्थित गर्न, प्रक्रियागत सरलीकरण गर्ने र हालसम्ममा बिभिन्न निर्णयहरूबाट पैठारी भएका राहत सामग्रीहरूमा लाग्ने राजस्व समेत छुट गर्न "दैवी प्रकोप उद्धार तथा राहत सामग्रीमा लाग्ने महशुल छुट सम्बन्धी कार्यविधि, २०७२" नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७२।०२।२२ गतेको निर्णयबाट स्वीकृत भएको थियो। स्वीकृत कार्यविधिको दफा ४(६) र दफा ४(७) को व्यवस्थानुसार मिति २०७२ आषाढ ७ गते भित्र भन्सार कार्यालयमा आईपुगेमा नेपाल सरकारको केन्द्रीय वेयर हाउस (गोदाम घर) मा जम्मा हुने गरी राहत सामग्रीमा महशुल छुट प्रदान गरिएको थियो। सो मिति पश्चात् भन्सार परिसरमा प्राप्त भएका यस्ता राहत सामग्रीहरूलाई महशुल छुट सुविधामा जाँचपास गर्ने म्याद २०७२ आषाढ मसान्तसम्म थप गर्न गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रको च.नं. ७१६ मिति २०७२।०३।१८ गतेको पत्रबाट राहत सामग्री पैठारीको म्याद थप गरिएको देखिन्छ।

**भन्सार छुटमा आयात भएका सामानहरूको विवरण, परिमाण र संलग्न कम्पनी/संस्थाः**

नेपाल सरकार, केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।१७ गतेको निर्णयानुसार भूकम्प पीडितहरूका लागि राहत सामग्रीहरूको सूची तयार गरी केन्द्रीय दैवी प्रकोप उद्धार समितिका संयोजकबाट अनुमोदन गराई सार्वजनिक गर्ने निर्णय भएको पाईयो। सोही अनुरूप नेपाल सरकार, गृह मन्त्रालयको मिति २०७२।०२।०३ गतेको पत्रानुसार भूकम्प पीडितहरूको लागि प्राप्त हुने राहत सामग्रीहरूको प्राथमिकीकरणको सूची सोही मितिमा स्वीकृत भएको पाईयो। सो बमोजिम चार समूह (औषधि, आवास, सरसफाई र खाद्यान्न) मा बिभाजन गरी कुल २३९ राहत सामग्रीमा भन्सार छुटको लागि सूची तयार गरेको र सो सूचीमा उल्लेखित राहतका सामग्रीलाई भन्सार छुट दिने गरी बिभिन्न भन्सार कार्यालयहरूलाई कार्यान्वयनका लागि लेखी पठाएको पाईयोः

**राहत सामग्रीको सूचीः**

| 1.MEDICAL CONSUMABLES, DRUGS ANDORTHOPEDIC IMPLANTS/EQUIPMENT | | |
|---|---|---|
| **S.N.** | **A. MEDICAL CONSUMABLES** | **B. LIST OF DRUGS** |
| 1 | ADHESIVE TAPE4" | AMOX + CLAV625 |

| | | |
|---|---|---|
| 2 | ARM SILLINGPOUCHA | AMOX+CLAV |
| 3 | BABY OIL,100ML | AMICACININJ |
| 4 | CAST PAD6" | ACECLOFENAC100 |
| 5 | CAST PAD4" | ALPRAZOLAM0.25 |
| 6 | CERVICALCOLLOR | AMOXYCILLIN250 |
| 7 | CHLOROXYLENOL 4.8% (DETTOL)5LT | AMOXYCILLIN500 |
| 8 | COTTON400GM | AMOXYCILLIN DIATAB125 |
| 9 | CREPE BANDAGE 6" | AMPI + CLOX500 |
| 10 | CREPE BANDAGE4" | AMPI + CLOX DIS TAB125 |
| 11 | CRUTCHES ALUMINIUM ALLSIZE | AMPI + CLOX DIS TAB250 |
| 12 | DISPOSABLE GOWN(NON- | AMPI + CLOX500 |
| 13 | DISPOSABLECAP | GENTAMYCIN 80MG |
| 14 | DISPOSABLEMASK | ANALGESICSPRAY |
| 15 | DISPOSABLE SYRINGE -20ML | ANTACID |
| 16 | DISPOSABLE SYRINGE -5ML | ANTICOLD |
| 17 | DISPOSABLE SYRINGE - 10ML | ATROPINE |
| 19 | DISPOSABLE SYRINGE -50ML | AZITHROMYCIN500 |
| 20 | ECG LEADES (CHESTLEADES) | AZITHROMYCIN SYR.15ML |
| 21 | ELASTOPLAST4" | BUPIVACAINE HEAVY (SENSORCAIN)20 |
| 22 | FISTULANEEDLE | CALCIUM CARBONATE500 |
| 23 | FOLEYSCATHETER | CEFEXIME SYR.30ML |
| 24 | GALLYCUP | CEFIXIME200 |
| 25 | GAUZE THAN SUP DEL 18M*90C450G | CEFTRIAXONE SOD 1GM/VS |
| 26 | GLOVESEXAMINATION | CETRIZINE HCL10 |
| 27 | GLOVESSTERILE | CIPROFLOXACIN EYE/EAR |
| 28 | HAND SANITIZER(HANDRUB) | CIPROFLOXACIN 2MG/ML -100ML/VS |
| 29 | HANDYPLAST | CIPROFLOXACIN500 |
| 30 | IV CANULA18G | CLINDMYCININJ |
| 31 | IV CANULA20G | CLOTRIMAZOLE VAGINAL 100 (CANDIDV6) |
| 32 | IV CANULA22G | CLOXACILLIN500MG/VS |
| 33 | IV CANULA24G | CO-TRIMOXAZOLEDS |
| 34 | IVSET | COUGH EXPECTORANT 100ML (VASODRYLEXP.) |
| 35 | PLASTER OF PARIS6" | COUGH EXPECTORANT PAEDIATRIC60ML |
| 36 | PLASTER OF PARIS4" | DEXTROSE SALINE SOLUTION 500 |
| 37 | POVIDON IODINE 5% - 100ML | DICLOFENAC GEL30GM |
| 38 | CATGUT/ PROLENE 2.0CB | DICLOFENAC SOD 25MG/ML -3ML/AMP |

| | | |
|---|---|---|
| 39 | CATGUT/ PROLENE 3.0CB | DICLOFENAC SODIUM/ POTASSIUM50 |
| 40 | RECTIFIED SPIRIT 400ML | DOMPERIDON SYP.30ML |
| 41 | ROLLER BANDAGE6" | DOXYCYCLINE100 |
| 42 | ROLLER BANDAGE4" | ETOPHYLINE + THEOP R300 |
| 43 | SPINAL NEEDLE25G | FERROUS SULPHATE200 |
| 45 | SURGICALBLADE | FLUCLOXACILLIN 500MG |
| 46 | SUTURE NEEDLE CUTTING BODY | FLUCLOXACILLIN 500 MGINJ |
| 47 | TRIANGULARSLING | INJ CLOXACILLINE 500MG |
| 49 | UROBAG | INJ CEFAZOLIN1GM |
| 50 | VICRYL2-0 | INJ VANCOMYCIN 300MG |
| 51 | VICRYL3-0 | INJPANTRAPRAZOL |
| 52 | POLYGLYCON | INJOFLOXACINE |
| 53 | NYLONMICROFILAMENT | HAEMACELINJ |
| 54 | SKINSTAPLE | HYDROCORTISONE SUCCINATE100MG/CS |
| 55 | SURGICALGELFORM | HYOSCINE BUTYLBROMIDE |
| 56 | FEBRILEGLUE | IBUPROFEN +PARACETAMOL |
| | | IBUPROFEN+PARACETAMOL SYR.30ML |
| | | LEVOCETRIZIN5MG |
| | | LIGNOCAINE 2% -30 ML/VS |
| | | MANITOL 20%,100ML |
| | | METRONIDAZOLE400 |
| | | METRONIDAZOLE 5MG/ML100ML/VS |
| | | METACLOPRAMIDE INJ5MG/2ML |
| | | NEFIDIPINE5MG |
| | | NEOSPORINE SKIN 15GM. |
| | | NORFLOXACIN400 |
| | | OMEPRAZOLE20 |
| | | ONDANSETRON 2 MG/5ML SYP.30ML |
| | | ONDANSETRON4 |
| | | ORAL REHYDRA SALT 20GM |
| | | PANTOPRAZOLE40 |
| | | PARACETAMOLINJ |
| | | PARACETAMOL 60 MLSYR. |
| | | PROCHLORPERRAZINE5 |

| | |
|---|---|
| | PROPOFOL 10 MG / ML 20 ML/VS |
| | RANITIDINE150 |
| | RANITIDINE25MG/ML-2ML/AMP |
| | RINGER LACTATE -500ML GLASSBOTTLE |
| | SALBUTAMOL4 |
| | SILVERSULPHADIAZINE CREAM 250gm |
| | SODIUM CHLORIDE0.9%-500ML(NS) |
| | SOFRAMYCIN SKINOINT |
| | TINIDAZOLE500MG |
| | TRAMADOL 50MG/ML,3ML |
| | TABCIFIXIME |
| | ZINC |
| | CHLORINE |
| | INJ KETOROL 30MG |
| | INJDOPAMINE |
| | INJNORADRENALIN |
| | INJMIDAZOLAM |
| | INJPROPOFOL |
| | INJTHYOPENTONE |
| | |

| **2.** | **SHELTER** |
|---|---|
| **SN** | **ITEMS** |
| 1. | TARPAULINS /PLASTICSHEETS/TENTS |
| 2. | MATS |
| 3. | BLANKETS |
| 4. | MOBILE TOILETS (FOR SCHOOLS AND CAMPSONLY) |
| 5. | CHARGEABLE LAMPS (PREFERABLYSOLAR) |
| 6. | STORAGEBAGS |
| 7. | INFLATABLE WATERTANKS |
| 8. | GENERATORS (FOR SCHOOLS AND CAMPS ONLY) |

| **3.** | **HYGIENE/SANITATION** |
|---|---|
| **SN** | **ITEMS** |
| 1. | WATER PURIFIERS(HOUSEHOLD) |

| | |
|---|---|
| 2. | SANITATION KITS |
| 3. | FIRST AID KITS |
| 4. | AQUATAB |
| 5. | PIUYUSH |

| **4.** | **FOOD** |
|---|---|
| **SN** | **ITEMS** |
| 1. | RICE |
| 2. | BITTEN RICE (RICEFLAKES) |
| 3. | WHEATFLOUR |
| 4. | LITTO |
| 5. | LENTILS/PULSES |
| 6. | COOKING OIL |
| 7. | MILK POWDER |

उक्त सूची स्वीकृत भएको मितिले १० दिनसम्मको लागि भन्सार छुट गरिएको र सोही बमोजिम कार्यान्वयन गर्न भन्सार विभागलाई लेखी पठाएकोमा भन्सार विभागबाट राहत सामग्रीहरूको भन्सार जाँचपास सम्बन्धी अत्यन्त जरूरी सूचना प्रकाशित गरेको पाईयो। उक्त सूचना बमोजिम केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।१७ गतेको निर्णयानुसार कर महशुल लगतमा राखी भन्सार जाँचपास गराई राहत सामग्रीहरू वितरण गरेको प्रमाण/निस्सा/कागजात सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराई ३० दिन भित्र सम्बन्धित भन्सार कार्यालयमा अनिवार्य रुपमा पेश गरी लगत कट्टा गराउने व्यहोरा समेत उल्लेख भएको पाईयो। त्यस्तै, सोही मितिको निर्णयमा "पैठारी भएका मालबस्तुहरू नेपाल सरकारले तोकेको मापदण्ड भित्र वितरण गरे पश्चात् सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराई ३० दिन भित्र भन्सार कार्यालयमा पेश गरेपछि भन्सार कार्यालयले लगत कट्टा गर्नेछ र तोकिएको अवधि भित्र प्रमाणित गरी सम्बन्धित भन्सार कार्यालयमा पेश नगरेमा भन्सार प्रमुखले नियमानुसार लाग्ने महशुल तथा कर शुल्क एवं जरिवाना असुल उपर गरी कानून बमोजिम थप कारवाही समेत गर्नेछ" भनी उल्लेख भएको पाईयो तर भन्सार महशुल छुट भई आयात भएका सामग्रीहरूको विवरणमा गम्छा, टी-सर्ट, सर्ट, टावेल, अन्डरगार्मेन्ट जस्ता कपडाहरु, जुत्ता, टुथपेस्ट, तयारी रोटी, तरकारी, माछा लगायत राहत सामग्रीको सूचीमा उल्लेख नै नभएका खाद्य तथा अखाद्य चिजवस्तुहरू समेत राहतका रुपमा आयात भएको भन्सार विभागको अभिलेखबाट देखियो।

दैवी प्रकोप उद्धार तथा राहत सामग्रीमा लाग्ने महशुल छुट सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७२ को दफा ६ मा "मिति २०७२।०२।०३ गतेको निर्णयबाट सूचिकृत भएका राहत सामग्रीहरू मिति २०७२ आषाढ मसान्त भित्र भन्सार कार्यालयमा आईपुगेमा नेपाल

सरकारको केन्द्रीय वेयर हाउसमा जम्मा गर्ने गरी साविकको प्रक्रिया बमोजिम राजस्व छुट दिई जाँचपास गरिनेछ" भनी नेपाल सरकारको मिति २०७२।०४।०१ गतेको निर्णयबाट कार्यविधि संशोधन भएको देखियो। प्रस्तुत प्रावधानले उक्त कार्यविधिको दफा ४(२) बमोजिम राहत सामग्री सिफारिस समितिबाट विभिन्न मितिमा गरिएका निर्णयहरू (भरपाई पेश गर्नुपर्ने)बाट तोकिएका प्रक्रियालाई सरल बनाई राहत सामग्री केन्द्रीय वेयर हाउस वा जिल्ला दैवी प्रकोप उद्धार समितिमा बुझाएको भरपाई/निस्सा पेश गर्नु नपर्ने गरी भन्सार छुट दिएको पाईएकोले भन्सार छुटमा आयात गरिएका राहत सामग्रीहरूको सदुपयोग भएको भन्न सक्ने अवस्था देखिएन। यसर्थ प्रस्तुत निर्णयबाट परेको प्रभावका सन्दर्भमा नेपाल सरकारबाट अनुगमन तथा मूल्याङ्कन हुनुपर्ने देखिन्छ।

**राहत सामग्री आयात गर्ने प्रक्रियाः**

मिति २०७२।०१।१२ गतेको भूकम्प पश्चात् नेपालका विभिन्न भन्सार नाकाहरूमा स्थलमार्गबाट र त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा हवाईमार्गबाट विभिन्न मित्र राष्ट्रहरु, दातृ निकाय, सरकारी तथा गैर सरकारी संस्थाहरूको नामबाट (व्यवसायिक फर्म वाहेक) खाद्यान्न, औषधि, लत्ताकपडा, त्रिपाल लगायतका राहत तथा उद्धारसँग सम्बन्धित सामग्रीहरू प्राप्त हुने क्रम सोही मितिबाट नै शुरुवात भएको देखिन्छ।

यसरी प्राप्त हुने राहत सामग्रीहरूको आयात प्रयोजनको लागि भन्सार विभागले Online Form तयार गरी सम्बन्धित सवै भन्सार कार्यालयहरूमा पठाईएको देखिन्छ। राहत सामग्रीहरू मित्र राष्ट्रहरु, दातृ निकाय, सरकारी तथा गैर-सरकारी संस्थाहरूबाट भन्सार विन्दुहरूसम्म ल्याई पुऱ्याए पश्चात् भन्सार प्रक्रिया अन्तर्गत सम्बन्धित सामग्रीको घोषणा फाराममा पठाउने व्यक्ति/संघ-संस्थाको नाम, देश र सामान प्राप्त गर्ने संघ-संस्थाको नाम, ठेगाना, सम्पर्क नम्बर तथा राहत सामग्री लैजाने जिल्ला/न.पा./गा.वि.स. समेत खुलाई सम्बन्धित राहत सामग्रीको विवरण, परिमाण, अनुमानित मूल्य र लाग्ने महशुल खुलाई सो को लगत राखी जाँचपास गर्ने प्रक्रिया रहेको पाईन्छ।

**राहत सामग्रीको जाँचपास र सो को अभिलेख सम्बन्धमाः**

बैशाख १२ र १३ गतेको भूकम्प पश्चात् तत्काल नै विभिन्न देशका सरकारका तर्फबाट प्राप्त भएका राहत सामग्रीहरू मध्ये सुरक्षा निकाय र आकस्मिक सेवाको लागि प्राप्त भएका सामग्रीहरू सुरक्षा निकायले त्रिभुवन विमानस्थलबाट नै बुझी लिएको कारण ती सामग्रीहरूको विवरण अध्यावधिक हुन नसकेको, प्राप्त राहत सामग्रीहरू शीघ्र जाँचपास गर्ने प्रयोजनको लागि विभागबाट समेत थप जनशक्ति खटाई तत्कालै जाँचपास गर्ने व्यवस्था मिलाईएको र भन्सार घोषणालाई सरल बनाउन संक्षिप्त घोषणा फाराम समेत विकास गरी Online मार्फत राहत सामग्री घोषणा गर्ने व्यवस्था मिलाईएको, राहतका लागि प्राप्त भएका सामग्रीहरू मध्ये अधिकांश

सामग्रीहरूमा भन्सार छुट गर्ने नेपाल सरकारको निर्णय बमोजिम राजस्व छुट दिने बस्तु र सो को परिमाण यकिन गर्नुका साथै त्रिभुवन विमानस्थल स्थित HAS (Humaniterian Sterelalised Area) मार्फत विभिन्न जिल्लामा बाँडफाँड गर्न गृह मन्त्रालयका सहसचिव श्री सागरमणि पराजुलीको संयोजकत्वमा अर्थ मन्त्रालय समेतको टोलीको सिफारिस बमोजिम नेपाल सरकारले निर्दिष्ट गरेको राहत सामग्री र अन्य राहत सामग्रीको हकमा समेत नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार भन्सार बिन्दुमा लाग्ने सम्पूर्ण भन्सार महसुल छुट दिएको। तराईका प्रमुख भन्सार कार्यालयहरूबाट जाँचपास भएका राहत सामग्रीहरू मध्ये अधिकांश राहत सामग्रीहरू नेपाल सरकारले प्राप्त गर्ने गरी जाँचपास भएको र यसरी जाँचपास भएको सामग्रीहरू काठमाण्डौं स्थित केन्द्रीय गोदाममा जम्मा गर्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी काठमाण्डौं पठाईएको र केही राहत सामग्रीहरू भूकम्प प्रभावित विभिन्न जिल्लाका दैवी प्रकोप उद्धार समितिमा जम्मा गर्ने गरी जाँसपास गर्ने गरेको र यस्ता सामग्रीहरू उक्त समिति मार्फत वितरण गरेको भन्ने समेत व्यहोराको भन्सार विभागको चलानी नं. २४० मिति २०७२।०७।२३ गतेको पत्रबाट देखिन आयो तर भन्सार विभागको पत्रमा उल्लेख भए बमोजिम केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र एवं जिल्ला दैवी प्रकोप उद्धार समितिहरूले भन्सारबाट प्राप्त राहत सामग्रीहरूको यकिन परिमाण, प्रकार खुल्ने गरी अभिलेख राखेको देखिएन।

**आयात भएका राहत सामग्रीहरूको विवरणः**

- नेपालमा आएको विनाशकारी भूकम्प पश्चात् राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्ति/संघ-संस्थाबाट विभिन्न राहतका सामग्रीहरू आयात भएको पाईयो तर सो आयात गरिएका राहत सामग्रीहरूको अभिलेख एकै किसिमको राहत सामग्रीलाई समेत अलग-अलग तरीकाले बोरा, के.जी., प्याकेट, कार्टुन, मिटर, अदत, क्वीन्टल, थान, ब्याग, बक्स, रोल जस्ता ईकाईमा राखेको पाईयो भने कतिपय महलमा राहत सामग्रीको नाम, राहत सामग्रीको अनुमानित मूल्य, भन्सार छुट मूल्य नखुलाई अभिलेख राखेको पाईयो। यसैगरी, कतिपय राहत सामग्रीहरू एकमुष्ट रुपमा विभिन्न जिल्लाहरूका लागि जाँचपास गरी पठाईएको भनी अभिलेख राखेको पाईयो भने कतिपय राहतका विभिन्न सामग्रीहरू एकै महलमा एकमुष्ट रुपमा परिमाण उल्लेख गरी अभिलेख राखेको पाईएकोले भन्सार महशुल छुट कार्यविधि, २०७२ बमोजिम स्पष्ट तथा एकरुपता हुने गरी अभिलेख राखेको पाईएन। उक्त अभिलेखलाई विश्लेषण गर्दा आयात गरिएका कुल राहत सामग्रीको परिमाण, अनुमानित मूल्य तथा भन्सार छुट मूल्य लगायत सरकारी वा गैर-सरकारी संघ-संस्था/व्यक्तिले आयात गरेको परिमाण, केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र र भूकम्प प्रभावित जिल्लाहरूमा पठाईएका राहत सामग्रीहरूको

ठोस तथा यकिन परिमाण भन्न सक्ने अवस्था देखिदैन। तथापि, भन्सार विभाग, त्रिपुरेश्वरबाट प्राप्त अभिलेखमा यकिन परिमाण तथा मूल्य नखुलेको बाहेक रु.६,४०,७१,९८१।- बराबरको चामल, रु.१६,४८,९६,६९०।- बराबरको ब्लाङ्केट, रु.४८,७३,२५,४६७।- बराबरको टेन्ट/त्रिपाल, रू.१,५०,६१,२५१।- बराबरको चिउरा, रू.३७,०४५।- बराबरको सुख्खा खाद्यान्न, रू.१८,७०,४३६।- बराबरको पिठो, रु.६,६२,७३,४१९।- बराबरको औषधि र रू.३,४२,७२,३८२।- बराबरको भाडाकुँडा आयात भएको देखियो भने उल्लेखित सामग्रीहरू मध्ये चामलमा रु.४४,५३,३०२।-, चिउरामा रु.१७,०४,८६०।, ब्लाङ्केटमा रु.१६,७०,८३,९८४।-, ड्राई फुडमा रू.८,३६२।-, पिठोमा रू.५,५५,४१४।-, औषधिमा रू.४,३९,२१,५४०।-,टेन्ट/त्रिपालमा रू.८५,६९,९०,५१३।- र भाँडाकुँडामा रु.१,७०,२४,६४७।- (भन्सार छुट गरिएको मूल्य नखुलेको बाहेक) भन्सार छुट गरी राहत सामग्री आयात गरेको देखिन्छ। मिति २०७२।०१।१२ गते देखि मिति २०७२।०३।३२ गतेसम्म उपरोक्त घोषणा बमोजिम विभिन्न भन्सार नाकाहरूबाट जाँचापास भई आयात भएको राहत सामग्रीहरूको विवरण देहाय बमोजिम रहेको पाईयो।

| राहत सामग्रीको नाम | ईकाई | परिमाण | अं.मूल्य | भन्सार छुट मूल्य |
|---|---|---|---|---|
| Blanket | | 5320 | | |
| | 10 | 10 | 10000 | 63 |
| | 1000 | 20 | 500 | |
| | 11500 | | 920000 | 524523 |
| | 3000 | 3000 | | |
| | 4.82 | 3420 | 16484 | |
| | 500 | 42 | 200 | |
| | Adat | 404 | | |
| | BAG | 2594 | 583984 | 168752 |
| | BDL(५-२० ) | 5566 | 4850950 | 1477594 |
| | BOX (१) | 1629 | 4995315 | 2159633 |
| | CR(१) | 80 | 200000 | 114026 |
| | CTN(१) | 3118 | 1402620 | 121266 |
| | KGM(२-५) | 88053 | 599449 | 30000 |
| | NA | 5000 | | |
| | Pallet | 42 | 23350 | |
| | PCS | 1552322 | 151159535 | 36442993 |
| | PKT(१) | 745 | 134301 | 17134 |
| | ROL | 4 | 2 | |

| | | | | |
|---|---|---|---|---|
| **Total Blanket** | | | **164896690** | ४१०५५९८४ |
| Chiura | BAG | 9308 | 4658660 | 457454 |
| | CTN | 200 | | |
| | KGM | 495220 | 10366791 | 1231102 |
| | PKT | 4218 | 10000 | 5360 |
| | SACK | 24 | 25800 | 10944 |
| **Total Chiura** | | | **15061251** | **1704860** |
| Dry Food | BAGS | 13 | 15000 | 7195 |
| | BDL | 7 | 1400 | 672 |
| | BOX | 184 | 2643 | 495 |
| | CTN | 382 | 18000 | |
| | KGM | 1450 | 1 | |
| | PCS | 10 | | |
| | PKT | 16 | 1 | |
| **Total Dry Food** | | | **37045** | **8362** |
| Flour | BAG | 3095 | 443506 | 39256 |
| | BAGS | 765 | | |
| | CTN | 922 | 81000 | 4050 |
| | KGM | 420532 | 1343929 | 511608 |
| | PKT | 1228 | 2001 | 500 |
| **Total Flour** | | | **1870436** | **555414** |
| Medicine | 856 | 2 | 11400 | |
| | Adat | 53 | | |
| | BAG | 156 | 800000 | |
| | BAG/PCS | | 703387 | 1 |
| | Bags | 2 | | |
| | BDL | 261 | 302000 | 45597 |
| | BOX | 2300 | 2058797 | 308680 |
| | BTL | 78140 | 7 | |
| | CR | 75 | 20000 | 5973 |
| | CTN | 13968 | 50248578 | 12908101 |
| | Doz | 3 | | |
| | GADI | 2 | | |
| | ITEMS | 22 | 0 | |
| | JAR | 3 | | |
| | KGM | 81051 | 7586364 | |
| | KRT | 14 | | |
| | NA | 2 | | |
| | PATTA | 6250 | 2 | |
| | PCS | 258441 | 1359864 | 546482 |
| | PKT | 101639 | 1533094 | 13180 |
| | SET | 4495 | | |

| | | | | |
|---|---|---|---|---|
| | STP | 52900 | 1590400 | |
| | TAB | 105102 | 40000 | 11946 |
| | TUBES | 5000 | 1 | |
| | UNT | 90 | 19525 | |
| **Total Medicine** | | | **66273419** | १३८३९९६० |
| Rice | BAG(५,२०,३०,५०kg) | 37616 | 40368509 | 219939 |
| | BAGS(५,२०,३०,५०kg) | 1465 | | |
| | CTN(10kg ) | 1251 | 10000 | 3529 |
| | KGM | 15421114 | 20394931 | 4214374 |
| | PCS(20-50kg) | 5833 | 225544 | 8 |
| | PKT(5-10 kg) | 1421 | 3034347 | 1811 |
| | QTL | 30 | | |
| | SACK(30-50kg) | 47 | 38650 | 13641 |
| | TON | 6 | | |
| | TONES | 3 | | |
| | TRUCK(8-10 tones) | 2 | | |
| **Total Rice** | | | **64071981** | **4453302** |
| Tent | | 5155 | | |
| | 100 | 100 | | |
| | 165 | | 200 | |
| | 21.79 | 1320 | 28762 | |
| | 250 | 42 | 600 | 6306300 |
| | 4500 | 900 | 59400 | |
| | 50 | 15 | 100000 | |
| | 500 | 1000 | | |
| | 60 | 10 | 100000 | 63 |
| | Adat(1) | 813 | 40848 | |
| | BAG(1) | 1313 | 976200 | 439290 |
| | BDL(5-8) | 10135 | 5301963 | 2864151 |
| | BOX(2-5) | 1213 | 24828565 | 2679152 |
| | CTN(1) | 3287 | 671695 | 64522 |
| | KGM(3-10) | 330940 | 4586024 | 730100 |
| | KIT(1) | 8250 | 2227500 | 1673083 |
| | LBS(5-10) | 26000 | | |
| | Minater(3*4) | 250 | 100 | |
| | MTR(3*4) | 43307 | 747600 | |
| | MTRS(3*4) | 500 | | |
| | NA | 2740 | 80000 | |
| | Pallet | 462 | 356132 | |
| | PCS | 1528934 | 428977147 | 204507581 |
| | PKT(1) | 29085 | 4173424 | 1582385 |
| | Psc | 24 | 10587 | |

| | | | | |
|---|---|---|---|---|
| | QTL(3-8) | 11 | 88000 | |
| | ROL(10-20) | 57 | 416000 | 225331 |
| | SET | 3833 | 13336970 | 5299555 |
| | TRUCK(5000) | 1 | | |
| | UNT | 783 | 217750 | |
| **Total Tent** | | | **48,73,25,467** | २२००६५२१३ |
| Utensil | PCS | 98 | 100 | 57 |
| | | | | |
| | 38 | 660 | 25080 | |
| | 500 | 500 | | |
| | 7.36 | 720 | 5299 | |
| | BAG | 26 | 38000 | 8050 |
| | BDL | 11 | 50000 | |
| | BOX | 895 | 3641975 | 2076413 |
| | CTN | 781 | 206250 | 82050 |
| | KGM | 6943 | 220464 | 81850 |
| | KIT | 1700 | 1147500 | 654229 |
| | KITS | 400 | 271000 | 154506 |
| | LTR | 200 | | |
| | PCS | 427243 | 14628835 | 10653098 |
| | PKT | 50 | | |
| | SET | 107347 | 14037879 | 3314394 |
| **Total Utensil** | | | **34272382** | **17024647** |

*श्रोतः भन्सार विभागबाट प्राप्त अभिलेख*

उल्लेखित राहत सामग्रीहरू पठाउने व्यक्ति/संस्थाहरूको नाम, राहत सामग्रीको परिमाण लगायतको विस्तृत विवरण समावेश गरी तयार गरिएको अभिलेख भन्सार विभागले आयोगमा पठाएको देखिन्छ।

**छुटमा आयात भएका सामानहरूको प्राप्तिको प्रक्रिया, केन्द्र तथा जिल्लामा प्राप्ति/पहुँचको प्रक्रिया तथा वितरणः**

केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।१७ गतेको निर्णयानुसार गृह, वाणिज्य, उद्योग, कृषि, अर्थ र शहरी विकास मन्त्रालय अन्तर्गतका सचिवहरूले भूकम्प पीडितहरुका लागि आवश्यक पर्ने राहत सामग्रीहरूको सूची तयार गर्ने र विभिन्न गैर-सरकारी संस्था तथा निजी क्षेत्रबाट संकलन गर्ने राहत सामग्रीहरूको मापदण्ड बनाई दोहोरो नपर्ने गरी

प्रमुख जिल्ला अधिकारीले तोकेका स्थानमा सरकारी निकायको रोहवरमा वितरण गर्ने व्यवस्था मिलाईएको पाईयो।

**छुटमा प्राप्त सामानहरूको वितरण प्रक्रिया र वितरण स्थिति, मौज्दात विवरणः-**

विभिन्न भन्सार नाकाहरू मार्फत राहत तथा उद्धारका सामग्रीहरू जाँचपास भई सामान आयात गर्ने सम्बन्धित व्यक्ति/संस्थाले नेपाल सरकारले स्थापना गरेका केन्द्रीय वा जिल्ला स्थित वेयर हाउसहरूमा जम्मा गरी नेपाल सरकारले तोकिएको मापदण्ड अनुसार वितरण गरेको र सो को अनुगमन सम्बन्धित केन्द्रीय तथा जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत हुने गरेको जानकारी प्राप्त हुन आएको।

**सरकारले छुट दिएको राजस्व रकमको विवरणः**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७२।१।१७ गतेको निर्णय बमोजिम राहत सामग्रीहरूमा भन्सार छुट गरी जाँचपास भई आयात भएको पाईयो। उल्लेखित सामग्रीहरू जाँचपासको अभिलेखमा शुरुका केही दिन परिस्थितिजन्य कारण र प्रक्रिया निर्धारण भई नसकेको कारण केही भन्सार नाकाहरूबाट प्राप्त राहत सामग्रीहरूको अनुमानित मूल्य र छुट मुहसुल उल्लेख नगरी जाँचपास गरेको पाईयो। सो पश्चात् जाँचपासको लागि भन्सारले तयार गरेको घोषणा फाराम बमोजिमको अनुमानित मूल्य तथा सो को भन्सार छुट महशुलको विवरण देहाय बमोजिम रहेको पाईयो।

**भन्सार जाँचपास भै आयात गरिएका राहत सामग्रीको अनुमानित मूल्य तथा महशूल छुटको विवरणः**

| सिनं | भन्सार कार्यालयको नाम | अनुमानित मूल्य रू. | अनुमानित छुट रू. |
|---|---|---|---|
| १ | पशुपतिनगर भन्सार कार्यालय | ८२,८३,३८०।- | ३०,११,३८०।- |
| २ | मेची भन्सार कार्यालय | ४,२२,५६,०९१।- | १,९८,१८,१२३।- |
| ३ | विराटनगर भन्सार कार्यालय | २०५७४७३९४।- | ८,९२,७२,४६०।- |
| ४ | सुनसरी भन्सार कार्यालय | २,३०,१६१।- | ७१,५७६।- |
| ५ | राजविराज भन्सार कार्यालय | १९,१७,८९२।- | ९,४१,०३९।- |
| ६ | जलेश्वर भन्सार कार्यालय | २,६०,३५,२३२।- | अनुमानित महशुल उल्लेख नगरिएको |
| ७ | जनकपुर भन्सार कार्यालय | १,४०,५६,४१०।- | ४७,४७,६५४।- |
| ८ | गौर भन्सार कार्यालय | १,०६,८०,५५६।- | ४८,८७,२५१।- |
| ९ | सर्लाही भन्सार कार्यालय | ६८,२७,९००।- | २८,४५,७८९।- |
| १० | विरगन्ज भन्सार कार्यालय | ६,२१,८३,६६,३२।- | ३२,९८,४१,६००।- |
| ११ | सुख्खा वन्दरगाह, भन्सार कार्यालय | ५,७६,१३,९७९।- | १,७०,६०,१७७।- |
| १२ | भैरहवा भन्सार कार्यालय | २२,३१,६७,४९२।- | २,३५६।- |
| १३ | कृष्णनगर भन्सार कार्यालय | २०५९५६६८।- | ६२७५२१८।- |
| १४ | नेपालगन्ज भन्सार कार्यालय | ५१९५०२३८।- | ७८२००९८।- |
| १५ | कैलाली भन्सार कार्यालय | १८५२८८८३।- | ७५८६२६०।- |
| १६ | कन्चनपुर भन्सार कार्यालय | ३२६४२६३।- | १२९३०७९।- |
| १७ | तातोपानी भन्सार कार्यालय | ६९०००००।- | ००.०० |
| १८ | त्रि.वि. भन्सार कार्यालय | ४९६६८१६१।- | २५००१।- |
| **जम्मा** | | **१३,६९,५६०,३३२।-** | **४९,५५,०९,०६१।-** |

*श्रोतः भन्सार विभागबाट प्राप्त अभिलेख*

**भन्सार विभागबाट सम्पादन भएका कार्यहरूः**

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७२।०२।२२ गतेको निर्णयबाट भन्सार महशुल छुट सम्बन्धी कार्यविधि, २०७२ स्वीकृत भएको पाईयो र उक्त कार्यविधिमा “मिति २०७२।०२।०३ को निर्णयानुसार सूचीकृत भएका राहत सामग्रीहरु मिति २०७२।०२।२०

गते भन्दा पूर्व विदेशबाट चलान भई भन्सार कार्यालयमा आउन बाँकी रहेका भए त्यस्ता सामग्री २०७२ आषाढ ७ गते भित्र भन्सार कार्यालयमा आई पुगेमा नेपाल सरकारको केन्द्रीय वेयर हाउस (गोदाम घर) मा जम्मा गर्ने गरी साविकको प्रक्रिया बमोजिम राजस्व छुट दिई जाँचपास गरिने भनी उल्लेख भएको पाईयो। यसरी पैठारी भएका मालबस्तुहरूको परिमाण, मूल्य, छुट गरिएको महशुल र लगतमा राखिएको उपकरणहरूको विवरण सम्बन्धित भन्सार कार्यालय, भन्सार विभाग तथा केन्द्रीय दैवी प्रकोप उद्धार समितिले अध्यावधिक राख्नु पर्ने भनी उल्लेख भएकोलाई भन्सार विभागको च.नं. १४५८ मिति २०७२।०२।२५ गतेको पत्र मार्फत उक्त कार्यविधि कार्यान्वयनका लागि सवै भन्सार कार्यालयहरूलाई पत्राचार गरेको देखियो।

**भन्सार छुटमा व्यवसायिक फर्महरूले आयात गरेका त्रिपाल सम्बन्धमाः**

भन्सार विभाग, त्रिपुरेश्वरबाट प्राप्त अभिलेख अनुसार व्यवसायिक फर्महरूले नेपालका विभिन्न नाकाहरूबाट राहत सामग्री आयात गरेको देखिन्छ जसमध्ये कतिपय व्यवसायिक फर्महरूले खरिद गरी ल्याएका सामानहरू भन्सार तिरी आयात गरेको देखिन्छ भने अधिकांश व्यवसायिक फर्महरूले राज्यले दिएको भन्सार छुटमा समेत राहत सामग्री आयात गरेको देखिन्छ। त्यस्तै, भन्सार छुटमा आयात गरेका उल्लेखित व्यवसायिक फर्महरूले आफूले कारोवार गर्न पाउने गरी स्वीकृति पाएका सामान बाहेकका सामग्रीहरू समेत भन्सार छुटमा खरिद गरी आयात गरेको देखिन्छ।

मिति २०७२ साल बैशाख १२ गते देखि ऐ. आषाढ मसान्तसम्ममा जम्मा अनुमानित रकम रू.२,७९,१९,७४,२९३।- मूल्य बराबरको त्रिपाल नेपाल सरकार, व्यवसायिक फर्म, NGO/INGO बाट आयात भएको देखिन्छ। जसमध्ये रू.७९,४१,१८५।- मूल्य बराबरको ७६,७१०.७ के.जी. र रू.४,३१,५४,७९८।- मूल्य बराबरको २,८९,७६८.८८ थान गरी जम्मा रू.४,८१,६४,७७२।- मूल्य बराबरको त्रिपाल भन्सार तिरी आयात गरेको देखिन्छ भने उल्लेखित अवधिभित्र नेपाल सरकारबाट रू.१८,४३,७६,८१५।-, भूकम्प उद्धार राहत समूहको नामबाट रू.५८,३२,९७,२६५।-, व्यवसायिक फर्महरूले **रु.१,६७,५६,२९,२९४।- रकम बराबरको १,६७,३१७.१६ के.जी. र २२,६६,१३३.४४ थान टेन्ट/त्रिपाल** आयात गरेको देखिन्छ तर धेरै मूल्य तथा परिमाणमा सरकारद्वारा भन्सार महशुल छुट दिई व्यवसायिक फर्महरूबाट आयात गरिएका उल्लेखित सामग्रीहरू के-कति मूल्य वा सहुलियतमा बिक्री वितरण गर्ने भन्ने मापदण्ड केन्द्रबाट निर्धारण गरेको तथा सो विक्री वितरणका लागि प्रभावकारी अनुगमन समेत भएको

पाईएन। भन्सार छुटमा व्यवसायिक फर्महरूले आयात गरेका टेन्ट/त्रिपालको एकमुष्ट विवरण निम्नानुसार देखिएको छ;

| PAN NO | IMPORTERS NAME | Unit1 | CIF_Value | Qty1 |
|---|---|---|---|---|
| 602493851 | GALAXY INTERNATIONAL CONSULTANCY PL | UNT | 250049535 | 167506 |
| 302800115 | Krishna International/Krishna | UNT | 72366128 | 41833 |
| 300230017 | Kamala International | UNT | 67317203 | 44213 |
| 300032226 | Sarawagi Brothers | UNT/KGM | 63573720 | 32836.5UNT, 41965.73 KGM |
| 303926906 | Sahil & Babli Arder Suppliers | UNT | 60388394 | 235186.1 |
| 302122457 | V. Multy Concern Pvt. Ltd | UNT | 58481475 | 61845 |
| 300879043 | BANIYA TRADERS | UNT | 56727474 | 62429 |
| 300041178 | KANTIPUR TRADER & SUPPLIERS | UNT | 52926081 | 123795.88 |
| 300138584 | HANUMAN CONSTRUCTION | UNT | 51660459 | 48832 |
| 602494500 | WELCOME AGRO NEPAL PVT.LTD. | UNT | 31324059 | 55078 |
| 305611291 | Maruti Plastic Udyog | UNT/KGM | 30611439 | 39000KGM, 57000.03 UNT |
| 601435290 | Future Enterprises | UNT | 28649830 | 27650 |
| 300122747 | Mamata Enterprises | UNT | 27457497 | 25000 |
गृह मन्त्रालय, केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट संकटग्रस्त भूकम्प पीडित जिल्लामा शिविर निर्माण र खानेपानी वितरण व्यवस्थापनको लागि प्राप्त रकम रू.१४ करोडको २०७२ साल श्रावण १९ गते सम्मको खर्चको विवरणः

| सि.नं. | मन्त्रालयबाट पठाइएको निकासा विवरण | निकासा रकम (रू.) | खर्च रकम (रू.) | फिर्ता रकम (रू.) |
|---|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भक्तपुर | १००००००।- | ५०४६९९४।१३ | ४९५३००५।८७ |
| २. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय काठमाण्डौ | १००००००।- | ५९९२८७९।७१ | ४००७१२०।२९ |
| ३. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय ललितपुर | १००००००।- | ० | १००००००।- |
| ४. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय दोलखा | १००००००।- | १००००००।- | ० |
| ५. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय सिन्धुपाल्चोक | १००००००।- | ९९९६८८६।- | ३११४।- |
| ६. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रसुवा | ५०००००।- | ४९१३९४६।- | ८६०५५४।- |
| ७. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय नुवाकोट | १००००००।- | २५३३६४०।- | ७४६६३६।- |
| ८. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, मकवानपुर | २५०००००।- | १२७४३६६।- | १२२५६३४।- |
| ९. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, ओखलढुङ्गा | २५०००००।- | १५००११५।- | ९९९८८५।- |
| १०. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, रामेछाप | ५०००००।- | ३७५६३६१।१३ | १२४३६३८।८७ |
| ११. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सिन्धुली | ५०००००।- | ६५३४५।- | ४९३४६५५।- |
| १२. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, काभ्रेपलान्चोक | १००००००।- | ६३१३८८५।- | ३६८६११५।- |
| १३. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय,धादिङ्ग | १००००००।- | ९९९४५४३।- | ५४५७।- |
| १४. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय,गोरखा | १००००००।- | ९९६४७४४।- | ३५२५६।- |
| | **जम्मा** | **१०,१०,००,०००।-** | **७,१३,५३,७०४।९७** | **३,२७,०१,०७१।०३** |

## ३.१० स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

केन्द्रीय दैवी प्रकोप उद्धार समितिबाट भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धित निर्णयः

मिति २०७२।०१।१२ गतेको निर्णयः

- सबै अस्पतालहरू खुल्ला गर्ने र सबै डाक्टरहरू तथा स्वास्थ्यकर्मीहरूलाई समेत आ-आफ्नो कार्य क्षेत्रमा उपस्थित गराउने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने,
- घाइतेहरूको उद्धार गरी अस्पतालसम्म लैजाने व्यवस्थाको लागि सम्बद्ध सबै सरकारी तथा गैरसरकारी निकायहरू पूर्ण रुपमा परिचालित हुन र उद्धार कार्यमा समन्वयात्मक ढंगले काम गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्देशन दिने,
- भूकम्पको कारणबाट चोटपटक लागेका व्यक्तिहरूलाई सार्वजनिक, सामुदायिक र निजि अस्पताल समेतबाट सम्पूर्ण आकस्मिक उपचारको व्यवस्था गरी उद्वार गर्न सम्पूर्ण स्वास्थ्य संस्थालाई अनुरोध गर्ने,

मिति २०७२।०१।१७ गतेको निर्णयः

- माननीय स्वास्थ्यमन्त्रीको संयोजकत्वमा गठित कार्य टोलीले विभिन्न दाताहरूबाट प्राप्त भएका तथा खरिद गरिएका औषधि तथा अन्य स्वास्थ्य सामग्रीहरूको व्यवस्थापन र समुचित वितरणको प्रभावकारी व्यवस्था गर्ने, स्वास्थ्य मन्त्रालयले यस क्रममा भएको तथा हुने निःशुल्क उपचार सम्बन्धी प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद्मा ल्याउने,

मिति २०७२।०१।२० गतेको निर्णयः

- भूकम्पबाट घाईते भएका व्यक्तिहरूको उपचारको लागि विभिन्न देशका ७० भन्दा बढी अन्तराष्ट्रिय मेडिकल टोलीहरू परिचालित भएकोमा उनीहरूले हालसम्म गरेको कामको प्रगति स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बुझाउन लगाउने, घाईते भएका व्यक्तिहरूको उपचार गर्न आवश्यक जनशक्तिको प्रक्षेपण गरी हाल परिचालित बिदेशी मेडिकल टोलीहरूको उपयोगिता/आवश्यकताको लेखाजोखा गरी तिनको उपयुक्त परिचालन र निकासको बारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक निर्णय लिने,
- भूकम्प पीडितहरूको स्वास्थ्य उपचारको क्रममा आवश्यक हुने अति आवश्यक औषधि उपकरणहरूको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले परराष्ट्र मन्त्रालयमा पठाउने र परराष्ट्र मन्त्रालयले सहयोगको लागि आह्वान गर्ने,

- भूकम्प प्रभावित जिल्लाहरूमा ८०% भन्दा बढी स्वास्थ्य संस्थाहरू क्षतिग्रस्त भै स्वास्थ्य सेवा प्रभावित हुन गएकोले त्यस्ता स्वास्थ्य संस्थाहरूलाई निरन्तर सेवा संचालन गर्ने अवस्थामा ल्याउन तत्काल टेन्ट/पाल आदि व्यवस्था आपूर्ति समितिले मिलाउने र त्यस्ता संस्थाहरूको संचालनको लागि आवश्यक कर्मचारी, औषधि, उपकरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने। स्वास्थ्य संस्थाहरूको संचालनका लागि स्थानीय बस्तु, बाँस, ब्लक र फेब्रिकजस्ता सामग्री प्रयोग गरी न्यूनतम भौतिक पूर्वाधार तयार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यसै आ.व. भित्र (वर्षायाम अगावै) व्यवस्था मिलाउने,

- भूकम्पबाट घाइते भएका बिरामीहरूलाई औषधि उपचार पश्चात् अस्पतालबाट डिस्चार्ज गर्दा निजको कुनै सम्बन्धित व्यक्ति वा नातेदार नभएको अवस्थामा निज बिरामीले आफ्नो गाउँ फर्कन चाहेमा निजलाई स्वीकृत प्रकोप पीडित राहत मापदण्ड बमोजिम यातायात खर्चको व्यवस्था जिल्ला दैवी प्रकोप उद्धार समितिले गर्ने र आफन्त कोही नभएको वा घर भत्की तथा अन्य कारणले गाउँ फर्किन सक्ने अवस्था नरहेमा निजलाई गैरसरकारी संस्थाहरू समेतको सहयोगमा अस्थायी आश्रयस्थल वा पुनःस्थापना केन्द्रमा राख्ने व्यवस्था सहरी विकास मन्त्रालयले मिलाउने,

- निजी तथा सामुदायिक अस्पतालमा भएका मेजर अप्रेसनका लागि एकमुष्ट रु.२,५०,००,०००।- र अति आवश्यक औषधि तथा औषधिजन्य उपकरणहरू जिल्लास्तरमा खरिद गर्न तथा केन्द्रीय स्तरबाट खरिद गरी आवश्यक स्थानमा परिचालन गर्न रु. ३,००,००,०००।- सहित जम्मा रु. ५,५०,००,०००।- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निकासा दिने।

<u>मिति २०७२।०१।२७ गतेको निर्णयः</u>

- भूकम्प प्रभावित क्षेत्रमा क्षति पुगेका स्वास्थ्य संस्थाहरूको आवश्यक मर्मत सम्भार तथा अस्थायी भवन वा संरचना निर्माण गरी तत्काल स्वास्थ्य सेवा संचालनमा ल्याउने, सम्भावित महामारी नियन्त्रणको कार्य योजना बनाई लागु गर्ने, स्वास्थ्य संस्थाहरूको पुनःनिर्माणका लागि मध्यकालीन र दीर्घकालीन योजना बनाई कार्यन्वयनमा ल्याउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्य योजनाको आधारमा अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निकासा दिने, भूकम्प प्रभावित गा.वि.स.मा कम्तिमा १ जना चिकित्सक (डा.) उपलब्ध गराउने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने,

<u>मिति २०७२।०१।२९ गतेको निर्णयः</u>

- मिति २०७२।०१।२९ गते दिउसो १२.५० बजे दोलखा केन्द्रबिन्दु बनाई गएको भूकम्पको धक्काबाट दोलखा र सिन्धुपाल्चोक जिल्लामा बढी क्षति भएको भन्ने प्रारम्भिक जानकारी प्राप्त भएकोले उक्त जिल्लाहरूमा तत्कालै उपलब्ध सबै हेलिकप्टर, अत्यावश्यक औषधि सहितको

मेडिकल टोली र खोज तथा उद्धार टोली त्यसतर्फ पठाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने,

- घाइतेको उपचारका लागि सबै अस्पताल तथा स्वास्थ्य निकायहरूलाई तयारी अवस्थामा राख्ने तथा घाइतेको उपचार तदारुकताका साथ गर्ने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने,

**रकम विनियोजनतर्फः**

| | | |
|---|---|---|
| १. | केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट प्राप्त रकम | - रु.५,५०,००,०००।- |
| २. | विश्व स्वास्थ्य संगठनबाट प्राप्त रकम | - रु.१,७५,२८,२९७।५० |
| ३. | मन्त्रालयले विभिन्न जिल्ला र अस्पताललाई अख्तियारी दिएको रकम | - रु.१,४५,००,०००।- |
| ४. | निक साइमन (Nick Simon) संस्थाबाट प्राप्त रकम | - रु.१०,१६,००,०००।- |
| | **जम्मा रकम** | **- रु.१८,८६,२८,२९७।५०** |

**भूकम्पग्रस्त जिल्लालाई पठाइएको रकम :-**

| सि.नं. | विवरण | दैवी प्रकोप उद्धार कोषबाट (रू.) | मन्त्रालयबाट (रू.) | जम्मा (रू.) |
|---|---|---|---|---|
| १ | जिल्ला अस्पताल, नुवाकोट | - | ५,००,०००।- | ५,००,०००।- |
| २ | जिल्ला जनस्वास्थ्य कार्यालय, नुवाकोट | ८,००,०००।- | ५,००,०००।- | १३,००,०००।- |
| ३ | जिल्ला स्वास्थ्य कार्यालय, रसुवा | ५,००,०००।- | ५,००,०००।- | १०,००,०००।- |
| ४ | जिल्ला स्वास्थ्य कार्यालय, धादिङ्ग | १०,००,०००।- | ५,००,०००।- | १५,००,०००।- |
| ५ | जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | १५,५०,०००।- | ५,००,०००।- | २०,५०,०००।- |
| ६ | जिल्ला स्वास्थ्य कार्यालय, गोरखा | १५,००,०००।- | ५,००,०००।- | २०,००,०००।- |
| ७ | जिल्ला स्वास्थ्य कार्यालय, काठमाण्डौ | ५,००,०००।- | ३,००,०००।- | ८,००,०००।- |
| ८ | जिल्ला स्वास्थ्य कार्यालय, भक्तपुर | २,००,०००।- | २,००,०००।- | ४,००,०००।- |
| ९ | जिल्ला स्वास्थ्य कार्यालय, ललितपुर | २,००,०००।- | २,००,०००।- | ४,००,०००।- |
| १० | जिल्ला स्वास्थ्य कार्यालय, मकवानपुर | २,००,०००।- | ५,००,०००।- | ७,००,०००।- |
| ११ | जिल्ला स्वास्थ्य कार्यालय, रामेछाप | ३,००,०००।- | ५,००,०००।- | ८,००,०००।- |
| १२ | जिल्ला स्वास्थ्य कार्यालय, दोलखा | ५,००,०००।- | ५,००,०००।- | १०,००,०००।- |
| १३ | जिल्ला स्वास्थ्य कार्यालय, काभ्रेपलान्चोक | १५,००,०००।- | ५,००,०००।- | २०,००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १४ | जिल्ला स्वास्थ्य कार्यालय, र सोलु अस्पताल सोलुखुम्बु | ८,००,०००।- | ५,००,०००।- | १३,००,०००।- |
| १५ | जिल्ला स्वास्थ्य कार्यालय, ओखलढुङ्गा | ३,००,०००।- | - | ३,००,०००।- |
| १६ | जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुली | ४,००,०००।- | - | ४,००,०००।- |
| १७ | जिल्ला अस्पताल, सिन्धुपाल्चोक | ५,००,०००।- | - | ५,००,०००।- |
| | जम्मा | १,१६,५०,०००।- | ६२,००,०००।- | १,७८,५०,०००।- |

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य संस्थाहरूलाई उपलब्ध रकम तथा खर्च सम्बन्धी विवरणः

| २०७२ बैशाख १२ र २९ गते गएको भूकम्पमा प्राप्त रकम र खर्च विवरण | | | |
|---|---|---|---|
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा प्राप्त रकम | विश्व स्वास्थ्य संगठन | दैवीप्रकोप उद्धार कोषबाट | निक साईमनबाट |
| | १,७५,२८,२९७५० | ५,५०,००,०००।- | १०,१६,००,०००।- |

## खर्चको विवरणः

| संस्थाकोनाम | विश्व स्वास्थ्य संगठन (रू.) | दैवीप्रकोप उद्धार कोषबाट (रू.) | अख्तियारी दिएको (रू.) | जम्मा (रू.) |
|---|---|---|---|---|
| निजामति कर्मचारी अस्पताल | ५००,०००।- | १,०००,०००।- | १,०००,०००।- | २,५००,०००।- |
| ट्रमा सेन्टर विर अस्पताल | १,५००,०००।- | ४,५००,०००।- | १,०००,०००।- | ७,०००,०००।- |
| भक्तपुर अस्पताल | १,५००,०००।- | ५००,०००।- | १,०००,०००।- | ३,०००,०००।- |
| त्रि.वि. शिक्षण अस्पताल | १,५००,०००।- | ४,५००,०००।- | १,०००,०००।- | ७,०००,०००।- |
| पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | ५००,०००।- | २,०००,०००।- | १,०००,०००।- | ३,५००,०००।- |
| स्वास्थ्य सेवा विभाग | १,०००,०००।- | ५,०००,०००।- | | ६,०००,०००।- |
| जिल्ला अस्पताल नुवाकोट | | | ५००,०००।- | ५००,०००।- |
| जिल्ला जनस्वास्थ्य कार्यालय नुवाकोट | | ८००,०००।- | ५००,०००।- | १,३००,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय रसुवा | | ५००,०००।- | ५००,०००।- | १,०००,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय धादिङ | | १,०००,०००।- | ५००,०००।- | १,५००,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय सिन्धुपाल्चोक | | १,०५०,०००।- | ५००,०००।- | १,५५०,०००।- |
| जिल्ला जनस्वास्थ्य कार्यालय गोर्खा | | १,५००,०००।- | ५००,०००।- | २,०००,०००।- |
| जिल्ला जनस्वास्थ्य कार्यालय,काठमाण्डौ | | ५००,०००।- | ३००,०००।- | ८००,०००।- |
| जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर | | २००,०००।- | ३००,०००।- | ५००,०००।- |
| जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुर | | २००,०००।- | ३००,०००।- | ५००,०००।- |
| जिल्ला जनस्वास्थ्य | | २००,०००।- | ५००,०००।- | ७००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| कार्यालय,मकवानपुर | | | | |
| जिल्ला स्वास्थ्य कार्यालय रामेछाप | | ३००,०००।- | ५००,०००।- | ८००,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय दोलखा | | ५००,०००।- | ५००,०००।- | १,०००,०००।- |
| जिल्ला जनस्वास्थ्य कार्यालय काभ्रे | | १,५००,०००।- | ५००,०००।- | २,०००,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बु तथा सोलु अस्पताल | | ८००,०००।- | ५००,०००।- | १,३००,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय लम्जुङ | | २००,०००।- | | २००,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय ओखलढुंगा | | ३००,०००।- | | ३००,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय कास्की | | २००,०००।- | | २००,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय स्याङजा | | २००,०००।- | | २००,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय खोटाङ | | ३००,०००।- | | ३००,०००।- |
| नेपाल ए.पि.एफ. अस्पताल | ३००,०००।- | | ५००,०००।- | ८००,०००।- |
| वीरेन्द्र सैनिक अस्पाल | ५००,०००।- | ५०००००।- | १००००००।- | २,०००,०००।- |
| नेपाल प्रहरी अस्पताल | ३००,०००।- | | ८००,०००।- | १,१००,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय सिन्धुली | | ३००,०००।- | | ३००,०००।- |
| जिरी अस्पताल | | ४००,०००।- | | ४००,०००।- |
| पश्चिमाअञ्चल क्षेत्रिय अस्पताल | | ५००,०००।- | ५००,०००।- | १,०००,०००।- |
| शहिद मेमोरियल अस्पताल | | ४७५,०००।- | | ४७५,०००।- |
| काठमाडौ मेडिकल कलेज | | १,२००,०००।- | | १,२००,०००।- |
| अन्नपूण न्युरो अस्पताल | | ११२,५००।- | | ११२,५००।- |
| वी.एण्ड वी अस्पताल | | १,२३७,- | | १,२३७,५००।- |
| हस्पिटल फर एडभान्स मे एण्ड सर्जरी | | ३७,५००।- | | ३७,५००।- |
| नेपाल अर्थोपेडिक अस्पताल | | १,०२५,०००।- | | १,०२५,०००।- |
| मनमोहन मेडिकल कलेज | | ४५०,०००।- | | ४५०,०००।- |
| कान्तिपुर अस्पताल | | १३७,५००।- | | १३७,५००।- |
| ग्राण्डी इन्टनेशनल अस्पताल | | ४७५,०००।- | | ४७५,०००।- |
| जनमैत्री अस्पताल | | ९१२,५००।- | | ९१२,५००।- |
| रिपुमर्दिनी पेट्रोल स्टेशन | ५८१,९५२।८० | | | ५८१,९५२।८० |
| विकाश सर्जिकल तथा राधा सर्जिकल | ४५,७१४।१५ | | | ४५,७१४।१५ |
| कमला ईन्टनेशनल | २,९७३,७७६।७२ | | | २,९७३,७७६।७२ |
| दीर्घायु गुरु हस्पिटल एण्ड रिसर्च सेन्टर | | १७५,०००।- | | १७५,०००।- |
| जिल्ला स्वास्थ्य कार्यालय मनाङ | ३०,०००।- | | | |
| विविध | १५,६००।- | | | |
| चिरायु नेशनल अस्पताल | | २००,०००।- | | |
| ब्लुक्रस हस्पिटल | | ५०,०००।- | | ५०,०००।- |
| धुलिखेल अस्पताल | १,०००,०००।- | | | १,०००,०००।- |
| ओम हस्पिटलएण्ड रिसर्चसेन्टर | | ९१२,५००।- | | ९१२,५००।- |
| नागरिक अस्पताल | | २७५,०००।- | | २७५,०००।- |

| | | | | |
|---|---|---|---|---|
| दैनिक भम्रमण भत्ता | ९५,९३०।- | | | ९५,९३०।- |
| हाम्रो मेडिकल कन्सर्न | ६३४,८२७।५० | | | ६३४,८२७।५० |
| जयमा मेडिकल | २९५,९५०।- | | | २९५,९५०।- |
| नेशनल हेल्थ केयर | १,६८२,३९७।- | | | १,६८२,३९७।- |
| हेल्पिङ हेन्डस् सामुदायिक अस्पताल | | ११२,५००।- | | ११२,५००।- |
| सुमेरु अस्पताल प्रा.लि. | | २१२,५००।- | | |
| सुषमा कोइराला मेमोरियल अस्पताल | | ३२५,०००।- | | |
| **१५,४५५,९२३।२७** | **३७,७७५,०००।-** | **१०१,६००,०००।-** | **१४,२००,०००।-** | **६६,१४८,०४८।१७** |

*श्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त अभिलेख अनुसार*

केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट प्राप्त रू.२ करोड र नेपाल सरकारको रू.१ करोड ३० लाख गरी हालसम्म जम्मा रू.३ करोड ५८ लाख रुपैया बराबरको बजेट रकम औषधि, उपकरण र प्रकोप नियन्त्रण कार्यमा मात्र खर्च गर्ने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७१।०१।१९ गते विभिन्न स्वास्थ्य संस्थाहरूलाई निकासा गरेको देखियो।

**निक साईमनबाट प्राप्त रकमको बाँडफाँड सम्बन्धी विवरणः**

निक साइमन्सबाट प्राप्त रकमको बाँडफाँड स्वीकृतका लागि सिफारिस :-

| सि.नं. | विवरण | रकम रू. |
|---|---|---|
| १. | निजी क्षेत्रका अस्पतालहरूलाई मेजर शल्यक्रियाबापत भुक्तानी (शोध भर्ना ५० प्रतिशतले हुने रकम भुक्तानी | १,५०,००,०००।- |
| २. | सामान्य रूपमा क्षतिग्रस्त हे.पो.हरूको मर्मत एवं पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराको OT र POST UP PRE FAB निर्माणको लागि | २,७५,००,०००।- |
| ३. | विभिन्न अस्पतालहरूमा घाइतेहरूको उपचार यस पूर्व भएका रकम शोधभर्ना 'एवं फलोअप सेवाको अनुदानको लागि | ३९०,००,०००।- |
| ४. | PDNAको आधारमा क्षतिग्रस्त जिल्लाहरूमा निर्माण कार्यका लागि जिल्लाहरूलाई अनुदान दिने | १,६०,००,०००।- |
| ५. | विविध | ४१,००,०००।- |
| | **जम्मा** | **१०,१६,००,०००।-** |

निक साइमन्सबाट प्राप्त रकम विभिन्न अस्पतालहरूमा घाइतेहरूको उपचार, यस पूर्वको खर्च भएका रकम सोधभर्ना एवं फलोअप सेवाको लागि भएको खर्च रकमः

| सि.नं. | अस्पतालको नाम | रकम रू. |
|---|---|---|
| १. | राष्ट्रिय ट्रमा सेन्टर महाबौद्ध | ४०,००,०००।- |
| २. | वीर अस्पताल महाबौद्ध | १०,००,०००।- |
| ३. | त्रि.वि. शिक्षण अस्पताल | ३०,००,०००।- |
| ४. | मनमोहन कार्डियाे भास्कुलर | १०,००,०००।- |
| ५. | वीरेन्द्र सैनिक अस्पताल | ४०,००,०००।- |
| ६. | निजामति कर्मचारी अस्पताल | ४०,००,०००।- |
| ७. | धुलिखेल अस्पताल | ४०,००,०००।- |
| ८. | नेपाल प्रहरी अस्पताल | १०,००,०००।- |
| ९. | पाटन अस्पताल | ५०,००,०००।- |
| १०. | सशस्त्र प्रहरी अस्पताल | १०,००,०००।- |
| ११. | अर्थोपेडिक अस्पताल | १०,००,०००।- |
| १२. | वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | १०,००,०००।- |
| १३. | पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | १०,००,०००।- |
| १४. | भरतपुर अस्पताल | १०,००,०००।- |
| १५. | जिल्ला अस्पताल गोरखा | १०,००,०००।- |
| १६. | जिल्ला अस्पताल धादिङ | ५,००,०००।- |
| १७. | जिल्ला अस्पताल नुवाकोट | ५,००,०००।- |
| १८. | जिल्ला अस्पताल रसुवा | ५,००,०००।- |
| १९. | जिल्ला अस्पताल सिन्धुपाल्चोक | १०,००,०००।- |
| २०. | जिल्ला अस्पताल दोलखा | ५,००,०००।- |
| २१. | जिल्ला अस्पताल रामेछाप | ५,००,०००।- |
| २२. | जिल्ला अस्पताल सिन्धुली | ५,००,०००।- |
| २३. | जिल्ला अस्पताल ओखलढुङ्गा | ५,००,०००।- |
| २४. | जिल्ला अस्पताल मकवानपुर | ५,००,०००।- |
| २५. | बाँकी रकम (अस्पताल अनुगमनको लागि थप गर्न सकिने) | १०,००,०००।- |
| **जम्मा रकम** | | **३,९०,००,०००।-** |

सामान्य रूपमा क्षतिग्रस्त हे.पो.हरूको मर्मत एवं पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराको OT र POST UP PRE FAB निर्माणको लागि बाँडफाँड रकमः

| सि.नं. | विवरण | जिल्ला | दर | रकम |
|---|---|---|---|---|
| १. | बढी क्षतिग्रस्त ५ जिल्लाहरू | गोरखा, धादिङ, दोलखा, सिन्धुपाल्चोक, र नुवाकोट | २०लाख | १,००,००,०००।- |
| २. | तुलनात्मक रूपमा कम ८ क्षतिग्रस्त जिल्लाहरू | रामेछाप, ओखलढुङ्गा, काभ्रे, मकवानपुर, ललितपुर, सिन्धुली, भक्तपुर, काठमाण्डौ | १०लाख | ८०,००,०००।- |
| ३. | कम क्षतिग्रस्त ३ जिल्लाहरू | रसुवा, सोलुखुम्बु, र लमजुङ | ५लाख | १५,००,०००।- |
| ४. | पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराको OT र POST UP PRE FAB बाट निर्माण गर्न | | ७५लाख | ७५,००,०००।- |
| ५. | स्पाइनर इन्जुरी पुनः स्थापना केन्द्र | | १लाख ५०हजार | १,५०,०००।- |
| ६. | विविध अन्य | | | ३,५०,०००।- |
| **जम्मा रकम** | | | | **२,७५,००,०००।-** |

## ३.११ कृषि विकास मन्त्रालय

**मन्त्रिपरिषद् तथा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्णयले कृषि विकास मन्त्रालयलाई तोकेको जिम्मेवारीः**

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र केन्द्रीय दैवी प्रकोप उद्धार समितिबाट राहत व्यवस्थापन सम्बन्धमा कृषि विकास मन्त्रालयलाई देहाय बमोजिमको जिम्मेवारी तोकेको पाईयो। मिति २०७२।०१।१७ गतेको केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्णयले जिल्ला पशु सेवा कार्यालयले प्राविधिक टोलीलाई प्रत्येक जिल्ला र निर्वाचन क्षेत्रमा राहत व्यवस्थापन कार्यको लागि केन्द्रबाट खटिने अन्य टोली सँगसँगै पठाई मरेका पशुहरूको व्यवस्थापन गर्ने व्यवस्था मिलाईएको पाईयो।

**कृषि विकास मन्त्रालयबाट प्राप्त अभिलेख अनुसार उक्त मन्त्रालयबाट सम्पादित कार्यहरू :**

१ भूकम्पबाट हुन गएको व्यापक क्षति सन्दर्भमा अल्पकालीन एवं मध्यकालीन अवधिको करिव ८ अर्ब १६ करोड रूपैयाँ बराबरको राहत तथा पुर्नस्थापना कार्यक्रम राष्ट्रिय योजना आयोगमा पेश गरिएको जस अन्तर्गत नेपाल सरकारद्वारा प्रस्तुत २७ बुँदे संकल्प प्रस्तावमा उल्लेखित विषयहरूमा कृषि विकास मन्त्रालयसँग सम्बन्धित कार्यक्रम (करिब ७ अर्ब ८० करोड बराबरको रकम) राहत कार्यक्रम प्रधानमन्त्री कार्यालयमा पेश गरेको,

२ प्रत्येक निर्वाचन क्षेत्रमा खटिने सह-सचिव सहितको विपद् व्यवस्थापन टोलीमा सामाबेश हुने गरी जिल्ला पशु सेवा कार्यालयको कार्यालय प्रमुखले १ अधिकृत प्रतिनिधि खटाई मरेका पशुहरूको व्यवस्थापन गर्नका लागि सहयोगी भूमिका खेल्न पशु सेवा विभागबाट जिल्ला पशु सेवा कार्यालयहरूलाई निर्देशन दिए अनुसार कार्य क्षेत्रमा काम भईरहेको,

३ कृषि विकास मन्त्रालयको समन्वयमा Food Security Co-leads and Members हरूका तर्फबाट WFP लगायतका दातृ एवं सहयोगी निकायहरूको समन्वयमा भूकम्प बढी प्रभावित १४ जिल्लाहरूका भूकम्पपीडित जनताहरूलाई १०,३७१ मेट्रिक टन खाद्यान्न वितरण गरेको,

४ UN-FAO ले राहत कार्यक्रम गर्न भनिएका ६ जिल्लाहरू (सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, गोरखा, धादिङ्ग र दोलखा) मा १९८ मेट्रिक टन र अन्य ८ जिल्लाहरूका लागि नेपाल सरकारको दायित्वमा २२५ मेट्रिक टन गरी जम्मा ४२३ मेट्रिक टन धानको वीऊ प्रचलित ऐन नियम अनुसार राष्टिय वीऊ बिजन कम्पनीको मुख्य शाखा कार्यालयहरूबाट र अपुग परिमाण कृषक समूह, सहकारी तथा निजि कम्पनीहरूबाट खरिद एवं ढुवानी गरी राष्ट्रिय वीऊ बिजन कम्पनी लिमिटेडबाट भुक्तानी लिन निर्देशन पठाईएको,

५ सिन्धुलीमा ४० मेट्रिक टन, मकवानपुरमा ३५ मेट्रिक टन, भक्तपुरमा ५ मेट्रिक टन र रामेछापमा ४ मेट्रिक टन राहतको वीऊ वितरण भै सकेको र वितरण कार्य जारी रहेको तथा काभ्रे जिल्लामा ६० मेट्रिक टन राहतको धानको वीऊ पूर्ण अनुदानमा वितरण भएको,

६ पशु सेवा विभाग अन्तर्गतका निर्देशनालयबाट मिति २०७२।०१।२० गते सि.पा., रसुवा, नुवाकोट, गोर्खा, धादिङ्ग, दोलखा, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, मकवानपुर र रामेछाप जिल्लाहरूमा मृत पशु व्यवस्थापन, घाईते पशु पन्छीको उपचार र रोगको महामारी फैलिन नदिनको लागि कुल रू.१४,३५,०००।- बराबरको औषधि तथा भ्याक्सिनहरू पठाईएको र सोही कार्यको लागि काभ्रे, धादिङ्ग, रसुवा, नुवाकोट, गोरखा र सिन्धुपाल्चोक जिल्लाहरूमा नेपाल पारा भेटनरी एण्ड लाईब स्टोक एसोसिएसन केन्द्रीय कार्यालय त्रिपुरेश्वरले रू.५,२९,६१६।- बराबरको औषधिहरू सम्बन्धित जिल्लाको दैवीप्रकोप उद्धार समिति रामेछाप र दोलखामा रू.१,५०,०००।- का दरले जम्मा रू.३,००,०००।- बराबरको औषधि र प्राविधिक टोली पठाईएको,

७ नेपाल भेटेनरी एसोसिएशनले मिति २०७२।०२।०३ गते भेटेनरीहरूको ५ वटा टोली गठन गरी नुवाकोट, धादिङ्ग, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक र गोरखामा रू.१३,५०,०००।- बराबरको औषधि पठाई मृत पशु व्यवस्थापन तथा उपचार र रोग नियन्त्रणको कार्य भइरहेको,

८ घाइते तथा बिरामी पशु पन्छीको उपचार, खोप तथा पीडित कृषकहरूको राहतको लागि रू.२ करोड पचास लाख केन्द्रीय दैवीप्रकोप व्यवस्थापन समितिबाट बजेट स्वीकृत र रकम समेत प्राप्त भै कार्यान्वयनको क्रममा पशु स्वास्थ्य निर्देशनालयबाट मिति २०७२।०२।१२ गते ५ दिनको म्याद राखी पत्रिकामा टेन्डर प्रकाशित गरिएकोले मिति २०७२।०२।१८ गतेबाट १४ जिल्लामा उक्त कार्यक्रम संचालनमा आईसकेको,

## पशु सेवा विभाग

पशु सेवा विभाग अन्तर्गतका निर्देशनालयहरूबाट मिति २०७२।०१।२० गते सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, गोरखा, धादिङ्ग, दोलखा, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, मकवानपुर र रामेछाप जिल्लाहरूमा मृत पशु व्यवस्थापन, घाईते पशुपन्छीको उपचार र रोगको महामारी फैलिन नदिनको लागि कूल रू.१४,३५,०००।- बराबरको औषधि तथा भ्याक्सिनहरू पठाईएको र सोही कार्यको लागि काभ्रे, धादिङ्ग, रसुवा, नुवाकोट, गोरखा र सिन्धुपाल्चोक जिल्लाहरूमा नेपाल पाराभेटेरीनरी एण्ड लाईभस्टक एसोसिएसन केन्द्रीय कार्यालय त्रिपुरेश्वरले रु.५,२९,६१६।- बराबरको औषधिहरू सम्बन्धित जिल्लाको दैवीप्रकोप उद्धार समिति रामेछाप र दोलखामा

रू.१,५०,०००।- का दरले जम्मा रु.३,००,०००।- बराबरको औषधि सहित प्राविधिक टोली पठाईएको देखियो।

भूकम्पबाट घाईते पशुपंक्षी तथा पीडित कृषकहरूलाई मापदण्ड बमोजिम राहत दिने कार्यको लागि कृषि विकास मन्त्रालयबाट मिति २०७२।०२।०६ मा २ करोड ५० लाख पशु स्वास्थ्य निर्देशनालयलाई उपलब्ध गराईएकोमा सो निर्देशनालयबाट निम्न बमोजिम ८ वटा प्याकेज बनाई टेण्डर प्रक्रियाबाट रू.२,०९,६८,५७६।- को सामान खरिद गरी बाँकी रू.४०,३१,४४२।- गृह मन्त्रालयमा फिर्ता पठाएको देखिन्छ।

**पशु स्वास्थ्य निर्देशनालय, त्रिपुरेश्वरबाट खरिद गरिएको सामानहरूको विवरणः**

| सि.नं. | सामानको नाम | विक्रेता कम्पनी | मूल्य (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | Disinfectants /Antiseptics | साल्घारी मेडिहेल्थ कन्सर्न गोठाटार ७, काठमाडौं | ४७,६३,४७८।- | Turpentine- oil 400 bottle, विभिन्न औषधिहरू |
| २ | FMD vaccine and vaccination materials | सरल मेडिसिन डिष्ट्रिव्युटर मध्यपुर ठिमी १६,भक्तपुर | १४,८७,५३८।- | ७३०० थान भ्याकसिन (७३हजार थान निडल र १२हजार थान सिरिन्ज) |
| ३ | Veterinary Medicine and Mineral mixture calcium | कान्तिपुर भेट त्रिपुरेश्वर काठमाडौं | ३०,८६,८३३।- | विभिन्न प्रकारका औषधिहरू |
| ४ | Surgical materials | जी.एच. मेडिहेल्थ कोटेश्वर काठमाडौं | ७,८६,३१६।- | विभिन्न नामका औषधिहरू |
| ५ | Temporary Shelter | लक्की ए.एस. ववरमहल काठमाडौ | ३९,५०,३८९।- | टारपोलिन(त्रिपाल १६३० वटा) १८*२० प्रति ईकाई मूल्य रू २१८४।९५ |
| ६ | Utenslis (Feederer and Waterer ) | नासा ट्रेड कन्सर्न, कोटेश्वर | २९,२२,१८०।- | ६हजार थान प्लास्टिकका भाडा |
| ७ | Animal Feed | कान्तिपुर फिड प्रा. ली. ब्यासी भक्तपुर | २०,५०,०००।- | ६० हजार के.जी. दाना |
| **राहत सामग्री प्राप्त गर्ने जिल्लाहरु ढुवानी खर्च** | | | **१९,१४,८४२।-** | |
| **जम्मा** | | | **२,०९,६८,५७६।-** | |

यसरी खरिद भएका राहत सामग्री भूकम्प प्रभावित जिल्लाका जिल्ला पशु सेवा कार्यालयहरूलाई उपलब्ध गराएको देखिन्छ।

## कृषि विभाग

१ UN-FAO ले राहत कार्यक्रम गर्न भनिएका ६ जिल्लाहरू (सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, गोरखा, धादिङ्ग र दोलखा) मा १९८ मेट्रिक टन र अन्य ८ जिल्लाहरूका लागि नेपाल सरकारको दायित्वमा २२५ मेट्रिक टन गरी जम्मा ४२३ मेट्रिक टन धानको वीऊ प्रचलित ऐन नियम अनुसार राष्ट्रिय वीऊ बिजन कम्पनीको मुख्य शाखा कार्यालयहरूबाट र अपुग परिमाण कृषक समूह, सहकारी तथा निजी कम्पनीहरूबाट खरिद एवं ढुवानी गरी राष्ट्रिय वीऊ बिजन कम्पनी लिमिटेडबाट भुक्तानी लिनका लागि जिल्ला कृषि विकास कार्यालयहरूलाई निर्देशन पठाईएको देखिन्छ।

२ सिन्धुलीमा ४० मेट्रिक टन, मकवानपुरमा ३५ मेट्रिक टन, भक्तपुरमा १५ मेट्रिक टन र रामेछापमा ४ मेट्रिक टन राहत स्वरूप धानको वीऊ वितरण भै सकेको र काभ्रे जिल्लामा ६० मेट्रिक टन पूर्ण अनुदानमा धानको बिउ वितरण भएको भनी कृषि विभागबाट जानकारी प्राप्त भयो।

### मिति २०७२।०२।३१ गतेसम्म वितरण गरिएका धानको विउ लगायतका सामग्रीहरुः

| जिल्ला | तोकिएको धानको वीऊ परिमाण (मे टन) | | | जिल्लाको आजसम्मको धानको वीउ वितरणको अवस्था (मे टन) | | | वाँकी वीऊको परिमाण | अन्य सामग्री वितरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | FAO | नेपाल सरकार | जम्मा | FAO | नेपाल सरकार | जम्मा | | SGB | Thresher | Veg Kit | Storage Bag | वीऊ |
| ललितपुर | ० | १० | १० | ० | १० | १० | ० | ✓ | ✓ | | | ०.४ |
| काठमाडौं | ० | १५ | १५ | ० | ५.५ | ५.५ | ४.५ | | | | | ० |
| नुवाकोट | ६० | ० | ६० | ६० | ० | ६० | ० | | | १०४०० | | ० |
| भक्तपुर | ० | १५ | १५ | ० | २० | २० | ० | | | | | ० |
| दोलखा | १० | ० | १० | १० | ० | १० | ० | ४९६० | | २४८० | | ० |
| धादिङ्ग | ५० | ० | ५० | ५० | ० | ५० | ० | | | १०३७० | ८३०० | २८.८ |
| काभ्रे | ० | ६० | ६० | ० | ६० | ६० | ० | | | | | ३ |
| सि.पा. | ५० | ० | ५० | ४८ | ० | ४८ | २ | ८७४० | | ८७४० | | ० |
| मकवानपुर | ० | ३५ | ३५ | ० | ३५ | ३५ | ० | | | | | १३ |
| रामेछाप | ० | २० | २० | ० | २० | २० | ० | | | | | १८.१ |
| सिन्धुली | ० | ४० | ४० | ० | ४० | ४० | ० | | | १२५ | | ० |
| रसुवा | ८ | ० | ८ | ८ | ० | ८ | ० | १२६० | | ६०० | | ० |
| गोरखा | २० | ० | २० | २० | ० | २० | ० | | | १०२९० | | ११५ |
| ओखलढुँगा | ० | ३० | ३० | ० | १७ | १७ | १३ | | | | | ० |
| **जम्मा** | **१९८** | **२२५** | **४२३** | **१९६** | **२०८** | **४०४** | **१९.५** | **१४९६०** | | **४३००५** | | **१७८.६** |

**विनासकारी भूकम्प पश्चात् मिति २०७२।०२।३२ गते गरिएका मुख्य मुख्य क्रियाकलापहरुः**

## १. दूध, तरकारी, फलफूल र अण्डाको आपूर्ति स्थिति (काठमाडौं उपत्यका)

| मिति | दूध वितरण (लिटर) | तरकारी | फलफूल | माछा | अण्डा |
|---|---|---|---|---|---|
| २०७२।१।१२ | १,२४,००० | १८०मे टन | | | |
| २०७२।१।१४ | ४२,००० | ५२मे टन | | | १,५०,००० गोटा |
| २०७२।१।१५ | ६५००० | ७३ मे टन | | - | २,९४,००० गोटा |
| २०७२।१।२९ | १०२००० | २८० मे टन | | | ८९२५०० गोटा |
| २०७२।१।३० | १०२००० | १६१ मे टन | ४८ मे टन | | ५९६६१० गोटा |
| २०७२।१।३१ | ९०००० | ९६ मे टन | ४१ मे टन | ६ मे टन | ४७३९७० गोटा |
| २०७२।०२।०७ | ९४८०० | १७७ मे टन | ४० मे टन | ३ मे टन | ७०८३३० गोटा |
| २०७२।०२।१० | ९५३०० | १४५ मे टन | ९६ मे टन | ९ मे टन | ६२१८१० गोटा |
| २०७२।०२।११ | ९६२४३ | २७९ मे टन | २४ मे टन | १.५ मे टन | ८४६५१०गोटा |
| २०७२।०२।१२ | ९७००० | ३७५ मे टन | ७२ मे टन | ७ ५ मे टन | ५२९२०० गोटा |
| २०७२।०२।१४ | ९७८२३ | ३१३ मे टन | २४ मे टन | ७.५ मे टन | ४५८४३० गोटा |
| २०७२।०२।१६ | १००००० | ३७० मे टन | ३१ मे टन | | ७५९७८० गोटा |
| २०७२।०२।१८ | ९९७९२ | २९८ मे टन | १०२ मे टन | ७.५ मे टन | ४६९९८० गोटा |
| २०७२।०२।१९ | १००४०० | २३२ मे टन | ७२ मे टन | १.५मे टन | ९७२९६० गोटा |
| २०७२।०२।२० | १०४६७० | १८२ मे टन | ७४ मे टन | ७.५मे टन | ५७३९३० गोटा |
| २०७२।०२।२१ | १०४५५२ | १६० मे टन | ६७ मे टन | ६ मे टन | ७१७३६० गोटा |
| २०७२।०२।२२ | १०४५१० | २४४ मे टन | ५६ मे टन | ७.५ मे टन | ७१४८४० गोटा |
| २०७२।०२।२३ | १०३५८० | २२३ मे टन | ७० मे टन | ६ मे टन | ६५७७२० गोटा |
| २०७२।०२।२४ | १०४७५२ | २२८ मे टन | ७८मे टन | १३.५मे टन | ५९९३४० गोटा |
| २०७२।०२।२५ | १०४८५३ | २४० मे टन | ७० मे टन | मे टन | ७२४९२० गोटा |
| २०७२।०२।२६ | १०४८३२ | २४२ मे टन | ६५ मे टन | ६ मे टन | ७१७३६० गोटा |
| २०७२।०२।२७ | १०५११३ | मे टन | मे टन | मे टन | ६४०२९० गोटा |
| २०७२।०२।२८ | १०५९९२ | १७७ मे टन | ७६ मे टन | १३.५मे टन | ६१०२५० गोटा |
| २०७२।०२।२९ | १०६५०० | ३०० मे टन | ८५ मे टन | ७ मे टन | ७४००४० गोटा |
| २०७२।०२।३१ | १०८७१२ | ३७५ मे टन | ११० मे टन | ६ मे टन | ६३१२६० गोटा |
| २०७२।०२।३२ | १०९७६२ | ४३० मे टन | ८० मे टन | ८ मे टन | ९३७८६०गोटा |
| २०७२।०३।०१ | ११०००० | | | | अनुमानित |

*श्रोतः दुग्ध विकास संस्थान, कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति र नेपाल अण्डा उत्पादक संघ*

## ३.१२ शिक्षा मन्त्रालयः

**प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट मिति २०७२।०२।०८ गते भएको शिक्षा मन्त्रालयसँग सम्बन्धित निर्णयः**

एसियाली विकास बैंकबाट कोषमा प्राप्त हुन आएको रकम मध्ये रू.३० करोड शिक्षा क्षेत्रमा खर्च गर्ने गरी गृह मन्त्रालय मार्फत शिक्षा मन्त्रालयलाई उपलब्ध गराउने र उक्त मन्त्रालयले सो रकमको प्रयोग Brief Narrative and Financial Report को आधारमा दातृ संस्थालाई उपलब्ध गराई कोष तथा गृह मन्त्रालयमा जानकारी गराउने।

**केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।२७ गतेको शिक्षा मन्त्रालयसँग सम्बन्धित निर्णयहरूः**

भूकम्प प्रभावित क्षेत्रमा क्षति पुगेका विद्यालयहरूको आवश्यक मर्मत संभार तथा अस्थायी कक्षा कोठा निर्माण गरी कक्षा संचालनमा ल्याउने, भूकम्पका कारण बालबालिकामा भएको मानसिक तनाव हटाउने कार्यक्रम संचालन गर्ने, उक्त विद्यालयहरूको पुनर्निर्माणको लागि मध्यकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयनमा ल्याउन शिक्षा मन्त्रालयलको कार्य योजनाको आधारमा अर्थ मन्त्रालयले शिक्षा मन्त्रालयलाई रकम निकासा दिने।

नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग कार्यक्रम तथा बजेट शाखाको च.नं.३०७ मिति २०७२।०१।२७ गतेको पत्र अनुसार तत्कालीन रूपमा पठनपाठन सुचारु गर्न अत्यावश्यक बजेट खर्च गर्ने सम्बन्धमा भूकम्प प्रभावित जिल्लाका जिल्ला शिक्षा कार्यालयलाई जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिशमा तत्काल अनुदान रकम उपलब्ध गराई पठनपाठन सुचारु गर्ने व्यवस्था मिलाउन हुन र अनुदान निकासाको रकम र विवरण शिक्षा विभाग, कार्यक्रम तथा बजेट शाखामा देहाय अनुसार गर्ने गरी लेखी पठाएको शिक्षा विभागको पत्रबाट देखिन आयो।

| क्र सं | विद्यालय | अनुदान रकम (रू.) | |
|---|---|---|---|
| | | पूर्ण क्षति भएका विद्यालयहरू | आंशिक क्षति भएका विद्यालयहरू |
| १. | प्राथमिक विद्यालय १-३ | ७५,०००।- | ३५,०००।- |
| २. | प्राथमिक विद्यालय १-५ | १,२५,०००।- | ६०,०००।- |
| ३. | निम्न माध्यामिक विद्यालय १-८ | २००,०००।- | १,००,०००।- |
| ४. | माध्यामिक विद्यालय १-१० | २,५०,०००।- | १,२५,०००।- |
| ५. | उच्च माध्यामिक विद्यालय १-१२ | ३,००,०००।- | १,५०,०००।- |

## भूकम्प पश्चात् विद्यालय सञ्चालनका लागि आ.व.२०७१/७२ मा पठाइएको बजेट (रु. हजारमा)

| क्र.स. | जिल्ला | क्षतिग्रस्त विद्यालयको कक्षा सञ्चालन गर्न पूर्व तयारी अनुदान | अस्थाई सिकाई कक्षा निर्माण अनुदान | शौचालय निर्माण अनुदान | विद्यालय पोशाक तथा ब्याग | | जम्मा बजेट |
|---|---|---|---|---|---|---|---|
| | | बजेट | बजेट | बजेट | लक्ष्य | बजेट | |
| १ | ओखलढुंगा | १६२५७ | ६९३३ | ०० | १०६०० | १०६०० | ३३७९० |
| २ | सिन्धुली | ०० | ४६८०० | ०० | १२७०४ | १२७०४ | ५९५०४ |
| ३ | रामेछाप | ०० | ३२१७५ | ०० | २६७४३ | २६७४३ | ५८९१८ |
| ४ | दोलखा | ३६८९२ | ३७६४८ | १३१० | ४८८८० | | १२४७३० |
| ५ | सिन्धुपाल्चोक | ४३६८० | ४५३२० | ०० | ६३८८५ | ६३८८५ | १५२८८५ |
| ६ | रसुवा | ६७७० | ८३५५ | ०० | ७०४० | ७०४० | २२१६५ |
| ७ | धादिङ्ग | ३३७०३ | ०० | ०० | ४३७४१ | ४३७४१ | ७७४४४ |
| ८ | नुवाकोट | ३६५३० | ५६७०० | ०० | ५७९४३ | ५७९४३ | १५११७३ |
| ९ | काठमाण्डौ | २४१९५ | २५०० | ०० | ३६९७३ | ३६९७३ | ६३६६८ |
| १० | ललितपुर | १२४५० | ३४०५० | ०० | १६३४४ | १६३४४ | ६२८४४ |
| ११ | भक्तपुर | ०० | ६८२० | ०० | १८९०० | १८९०० | २५७२० |
| १२ | काभ्रेपलान्चोक | ०० | ७७७८० | १०००० | ४९९३३ | ४९९३३ | १३७७१३ |
| १३ | मकवानपुर | ०० | २६२१५ | ०० | १५०१२ | १५०१२ | ४१२७७ |
| १४ | गोरखा | ४१९०० | ११४७५ | ०० | ४४६५० | ४४६५० | ९८०२५ |
| | कुल जम्मा | | | | | | ११,०९,८५६।- |

## ३.१३ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः

नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७२।०१।२५ गतेको निर्णय अनुसार देहाय बमोजिमको निर्णय भएको र उक्त निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालय, विपद् व्यवस्थापन महाशाखाबाट लेखी आएको देखियो।

१. भूकम्पबाट क्षति भएका भवनले आसपासमा सुरक्षित रहेका भवनहरूलाई जोखिम पुऱ्याएको अवस्था देखिएमा त्यस्तो जोखिम पुऱ्याउने गरी क्षति भएका भवनहरू भत्काउने सिफारिश गर्न सहरी विकास मन्त्रालयका सहसचिव शिवहरि शर्माको संयोजकत्वमा ८ सदस्यीय समिति गठन गरिएको,

२. यसरी निर्णय नं. १ बमोजिमको समितिको सिफारिशबाट भत्काउनुपर्ने भवनहरू भत्काउनको लागि नेपाली सेनाको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, सम्बन्धित म.न.पा/उ.म.न.पा/न.पा.को प्रतिनिधि समेत रहेको टोली निर्माण गरिएको,

३. भवन भत्काउनका लागि हेभी ईक्वीप्मेन्ट, जनशक्ति र ईन्धन सहितको व्यवस्था भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आवश्यक भएमा भाडामा समेत लिई उपलब्ध गराउनुपर्ने,

४. घर पूर्ण रूपमा नभत्केको तर घर बस्न योग्य नभएको भनी घरधनी स्वयंले घर भत्काएर व्यवस्थापन गर्न चाहेमा त्यस्ता घरको अग्रीम लगत राखी उक्त घरधनीलाई पनि अन्य प्रभावितले पाए सरहको राहत उपलब्ध हुने कुराको जानकारी सम्बन्धितलाई गराउन सबै जिल्ला दैवी प्रकोप उद्धार समितिलाई निर्देशन दिने,

५. केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।१।२२ गते बसेको बैठकको निर्णय अनुसार अवरूद्ध सडक खोल्ने कार्य र उद्धार, राहत तथा भग्नावशेष हटाउने कार्यका लागि परिचालित हेभी ईक्वीप्मेन्टको तेल र अपरेटर खर्चको लागि दश करोड (१०,००,००,०००) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निकासा भएको पाईयो जसमध्ये अवरुद्ध सडक खोल्न, उद्धार, राहत तथा भग्नावशेष हटाउने कार्यको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सडक विभागलाई रू.६ करोड र नेपाली सेनालाई रू.७५ लाख निकासा गरी खर्च गरेको देखियो।

सडक विभाग अन्तर्गतः

केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट माथि उल्लेख गरिए बमोजिम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई प्राप्त रू.६ करोड रकम विभिन्न क्षेत्रीय सडक निर्देशनालयहरूलाई वितरण गरको रकम सम्बन्धी विवरणः

| सि.नं. | कार्यालयको नाम | सडक विभागबाट निकासा गरिएको रकम | डिभिजन कार्यालयहरूले गरेको खर्च (रु.) | | | |
|---|---|---|---|---|---|---|
| | | | हेभि ईक्युपमेन्टको भाडा | हेभि ईक्युपमेन्टको ईन्धन खर्च | हेभि ईक्युपमेन्टको अपरेटर खर्च | जम्मा |
| १ | डि.स.का.भरतपुर | 2,500,000।- | 26,577।- | 140,373।- | 30,950।- | 1,97,900।- |
| २ | डि.स.का.चरिकोट | 14,000,000।- | - | 1,150,000।- | 50,000।- | 12,00,000।- |
| ३ | डि.स.का.नुवाकोट | 10,000,000।- | 1,388,163।- | 820,164।- | 22,400।- | 22,30,727।- |
| ४ | डि.स.का.हेटौडा | 1,500,000।- | - | 153,670।- | - | 1,53,670।- |
| ५ | डि.स.का.जनकपुर | 2,000,000।- | - | - | - | - |
| ६ | डि.स.का.खुर्कोट | 5,000,000।- | 1,440,000।- | 432,347.64 | 97,825।- | 19,70,172.64 |
| ७ | डि.स.का.च.पुर | 1,500,000।- | - | - | - | - |
| ८ | डि.स.का.हर्कपुर | 1,000,000।- | 182,971।- | 188,417।- | 25,111।- | 3,96,499।- |
| ९ | डि.स.का.ललितपुर | 2,500,000।- | 37,800।- | 75,422।- | - | 1,13,222।- |
| १० | डि.स.का.भक्तपुर | 2,500,000।- | - | - | - | - |
| ११ | डि.स.का.टेकु,काठ | 2,500,000।- | - | - | - | - |
| १२ | डि.स.का.मिनभवन, काठ | 2,500,000।- | - | - | - | - |
| १३ | ११ किलो छेपेटार योजना का.गोरखा | 4,000,000।- | 884,000।- | 359,000।- | 14,750।- | 12,57,750।- |
| १४ | हेभी ईक्वीपमेन्ट डि.का.मिनभवन | 5,000,000।- | - | 906,952।- | - | 9,06,952।- |
| १५ | हेभी ईक्वीपमेन्ट डि.का.हेटौडा | 1,500,000।- | - | 275,600।- | - | 2,75,600।- |
| १६ | यान्त्रिक तालिम केन्द्र पाटनढोका ललितपुर | 2,000,000।- | - | 207,487.77 | - | 2,07,487.77 |
| **जम्मा** | | **6,00,00,000।-** | **3,959,511।-** | **4,709,433.41** | **2,41,036।-** | **89,09,980.41** |

## ३.१४ नेपाली सेनाः

विपद् व्यवस्थापनमा नेपाली सेनाको नेतृत्वदायी भूमिका रहेको, कतिपय बैदेशिक राहत सामग्रीहरू Military to Military Aid को रूपमा आएको देखिएको, कतिपय जिल्ला दैवी प्रकोप उद्धार समितिको विपद् व्यवस्थापन तथा अभिलेखिकरणको क्षमता कम रहेकोले नेपाली सेनाको जिल्ला स्थित कार्यालयहरूबाट अभिलेख व्यवस्थापन समेत गरेको देखिएकोले नेपाली सेनाबाट राहत सामग्रीहरुको संकलन, वितरण तथा अभिलेखीकरण सम्बन्धमा आधिकारिक अभिलेख उपलब्ध गराउन कार्यटोलीले रक्षा मन्त्रालय मार्फत नेपाली सेनाको बलाधिकृत विभागलाई पत्राचार गरिए तापनि हालसम्म कुनै पनि अभिलेख उपलब्ध हुन आएन।

## ३.१५ समाज कल्याण परिषद

समाज कल्याण परिषदबाट भू-कम्प पीडितहरुका लागि खरिद गरेका राहत सामग्रीहरु गुणस्तरहीन र वितरणमा अनियमितता भएको साथै परिषदमा भएका अन्य अनियमितताका सम्बन्धमा परेका उजुरी सम्बन्धमा छानवीन गर्न मिति २०७१।०३।०१ गतेको राष्ट्रिय सतर्कता केन्द्रको निर्णय अनुसार २ सदस्यीय छानवीन टोली गठन भएकोमा उक्त टोलीले मिति २०७२।०२।२४ मा पेश गरेको प्रतिवेदन सहित आयोगमा प्राप्त कागजातहरुको अध्ययनबाट निम्नानुसार रहे भएको पाईयो।

**राहत खरिदका लागि रकम विनियोजनः**

समाज कल्याण परिषद्को कार्य संचालन समितिको मिति २०७२।०१।२१ गतेको बैठक अनुसार भूकम्प पीडितहरुलाई तत्काल राहत पुऱ्याउन परिषद उपकार कोषको स्वीकृत वजेटका विभिन्न शीर्षकबाट **शीर्षक नं. १.५ उपकार कोषको बजेट प्राकृतिक प्रकोप/प्रकोप व्यवस्थापन पूर्व तयारी एवं राहत सहयोगमा** गरीव, असहाय, अपाङ्गहरुको सहायता कार्यक्रमबाट रु.५,००,०००।-, सहीद परिवार छात्रवृत्ति कार्यक्रमबाट रु.१,००,०००।-, असहाय, वाल वच्चाको लागि छात्रवृत्ति कार्यक्रमबाट रु.११,००,०००।-, जेष्ठ नागरिक, अपाङ्ग तथा असहाय सहयोग कार्यक्रमबाट रु.३८,००,०००।-, धार्मिक स्थल मर्मत/निर्माण तथा जीर्णोद्धारबाट रु.१४,००,०००।-, संघ-संस्था अनुदानबाट रु.३६,००,०००।— गरी जम्मा रु.१,०५,००,०००।— रकमान्तर तथा कोषमा रहेको रु.१०,००,०००।- समेत गरी उक्त शीर्षकमा कुल जम्मा रकम रु.१,१५,००,०००।- सार्वजनिक खरिद ऐन, को दफा ४१(१) को खण्ड छ(३) वमोजिम सोझै बजारबाट राहत सामग्रीहरु त्रिपाल (१२×१५) १२० GSM ५००० थान, सोना मन्सुली चामल १००० क्वी. समेत खरिद गर्ने निर्णय गरेको देखिएको।

**उक्त निर्णय अनुसार खरिद गरिएका राहत सामग्रीहरुको देहाय बमोजिम भुक्तानी गरेको पाईयोः**

| सि.नं. | फर्मको नाम | विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १। | देउराली खाद्य उद्योग कपिलवस्तु | सोनामन्सुली चामल | १००० क्वी. | ३,९००।- | ३९,०००।- |
| २। | स्टार सप्लायर्स प्रा.लि. परिषदका कोषाध्यक्षको संयोजकत्वमा गठित छानवीन समितिले GSM पुगेकालाई स्वीकार गरी भुक्तानी दिएको, १८७५ थान | विभिन्न नापका त्रिपाल | १८७५ गोटा | ६.११ प्राविधिक भ्याट बाहेक | २०,६२५००।- (२३,३०,६२५।-) भ्याट समेत |

**राहत सामग्रीहरु खरिद तथा वितरण प्रक्रियामा देखिन आएका अनियमितताहरुः**

१ खरिद गरिएको चामलमा कुनै पनि ब्राण्ड उल्लेख नहुनु, २० के.जी. का सादा काला प्लाष्टिकमा प्याकेट भएका चामल वितरण हुनु।

२ जम्मा ५ प्रकारका त्रिपाल मात्र १२० जी.एस.एम. उल्लेख भएको पाईएको, १२×१५ साईजका त्रिपालहरु आपूर्ति गरेको नपाईएको।

राहत सामग्री वितरण गरेको भरपाईमा कतै संख्या खाली रहेको, सि.नं. नमिलेको, कतिपयमा बुझी लिनेको सही छाप नभएको, कतिपय स्थानमा बुझि लिनेको ठेगाना र बुझाईएको सामानको परिमाण स्पष्ट रुपमा उल्लेख नगरेको, मिति २०७२।०३।१४ गते रोहबरमा रहेका प्रतिनिधिहरुको हस्ताक्षर समेत भईसकेको भरपाईमा राहत बुझ्ने व्यक्तिहरुको नाम मात्र रहेको, चामल र त्रिपाल बुझाईएको भरपाईमा परिमाण खाली राखी व्यहोरा प्रमाणित गरिएको पाईयो।

# मन्त्रालय/ केन्द्रीय निकायहरूलाई प्राप्त बजेट तथा खर्चको विवरण:

| सि.नं. | निकासा दिने निकाय | निकासा रकम | खर्च शीर्षक | खर्च रकम | मौज्दात एवं फिर्ता हुनुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **गृह मन्त्रालय अन्तर्गत केन्द्रिय दैवी प्रकोप उद्धार समिति** | | | | | |
| | प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष | १५,००,००,००,०००।- | मन्त्रालय तथा जिल्ला दैवी प्रकोप उद्धार समितिलाई निकासा | १४,२७,३४,५८,७८३।२५ | ७२,६५,४१,२१६।७५ | |
| २ | **सहरी विकास मन्त्रालय** | | | | | |
| | के.दै.प्र.उ.बाट | ४०,००,००,०००।- | त्रिपाल खरिद | १८,३५,७७,३१८.९२ | २४,८५,९३,१८७।०८ | २०७२।०१।२० गते अगावै सोझै खरिद |
| | | १४,००,००,०००।- | खानेपानी डिभिजन कार्यालयलाई निकासा | १०,१०,००,०००।- | | |
| | | | विभागबाट चर्पी समेतको खरिद | ६८,२९,४९४।- | | |
| | **जम्मा** | **५४,००,००,०००।-** | | **२९,१४,०६,८१२।९२** | | |
| ३ | कृषि मन्त्रालय | २,५०,००,०००।- | औषधि खरिद | १,०१,२४,१७४ | ४०,३८,४२४।- | |
| | | | Temporary Shelter खरिद | ३९५०३८९ | | |
| | | | Feederer a nd Waterer खरिद | २९२२१८० | | |
| | | | Animal Feed खरिद | २०५०००० | | |
| | | | ढुवानी खर्च | १९१४८४२ | | |
| | **जम्मा** | **२,५०,००,०००।-** | | **२,०९,६१,५७६।-** | **४०,३८,४२४।-** | |
| ४ | परराष्ट्र मन्त्रालय | १२,००,००,०००।- | पाल खरिद | **८,४१,९८,७६९।८६** | **३,५८,०१,२३०।१४** | |
| ५ | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय | १०,००,००,०००।- | सडक विभागलाई बाटो खुलाउन | ७,०२,७७,१९१।- | १,५१,२२,८०९।- | मिति २०७२।०२।०१ को पत्र द्धारा |
| | | | नेपाली सेनालाई बाटो खुलाउने कार्यको लागि | ७५,००,०००।- | | मिति २०७२।०२।०१ को पत्र द्धारा |
| | | | नेशनल ट्रेडिङ्गलाई ढुवानीको लागि( प्रहरी प्रधान कार्यालयबाट पेश्कीस्वरूप लिएको रकम) | ७१,००,०००।- | | २०७२।०२।१८को पत्र द्धारा |
| | **जम्मा** | **१०,००,००,०००।-** | | **८,४८,७७,१९१।-** | **१,५१,२२,८०९।-** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | वाणिज्य तथा आपूर्ति मन्त्रालय | १५,००,००,०००।— नेपाल प्रहरीबाट रू.८५,७६,०००।- | खाद्य संस्थानलाई चामलको सोधभर्ना | १०,४६,६८,११५।- | ३,६१,३६,६३७।- | मिति २०७२।०१।२७ को निर्णयको बुँदा नं ५ |
| | | | चिउरा खरिद | ५६,७५,०००।- | | |
| | | | चिनी, नुन खरिद | ३५,२०,२४८।- | | |
| | | | राहत ढुवानी खर्च | ८५,७६,०००।- | | |
| | **जम्मा** | **१५,८५,७६,०००।-** | | **१२,२४,३९,३६३।-** | **३,६१,३६,६३७।-** | |
| ७ | उद्योग मन्त्रालय | ५,००,००,०००।- | सुख्खा खाद्य खरिद ( चाउचाउ बिस्कुट) | ४,७२,८२,१८२।- | २७,१७,८१८।- | |
| ८ | **स्वास्थ्य मन्त्रालय** | | | | | |
| | केन्द्रीय दैवी प्रकोप उद्धारसमिति | ५,५०,००,०००। | के.दै.प्र.उ.बाट प्राप्त रकम मध्येबाट स्वास्थ्य संस्थालाई | ३,७७,७५,०००।- | १९५९७३७४।२३ | |
| | मन्त्रालयबाट | १,४५,००,०००।- | मन्त्रालयबाट प्राप्त रकम मध्येबाट विभिन्न स्वास्थ्य संस्थालाई | १,४२,००,०००।- | | |
| | Nick simons institute | १०,१६,००,०००।- | विभिन्न अस्पताललाई निकासा दिएको | १०,१६,००,०००।- | | |
| | बिश्व स्वास्थ्य संगठन | १,७५,२८,२९७।५० | WHO बाट प्राप्त रकम मध्येबाट विभिन्न स्वास्थ्य संस्थालाई | १,५४,५५,९२३।२७ | | |
| | **जम्मा** | **१८,८६,२८,२९७।५०** | | **१६९०३०९२३।२७** | **१९५९७३७४।२३** | |
| ९ | शिक्षा मन्त्रालय | के.दै.प्र.उ.समिति (ADB) ३०,००,००,०००।— शिक्षा मन्त्रालयबाट १,१०,९८,५६,०००।- | क्षतिग्रस्त विद्यालयको कक्षा सञ्चालन गर्न पूर्व तयारी अनुदान | २५,२३,७७,०००।- | ३०,००,००,०००।- | खर्चको विवरण प्राप्त नभएको |
| | | | अस्थाई सिकाई कक्षा निर्माण अनुदान | ३९,२७,७१,०००।- | | |
| | | | शौचालय निर्माण अनुदान | १,१३,१०,०००।- | | |
| | | | विद्यालय पोशाक तथा ब्याग | ४०,४४,६८,०००।- | | |
| | **जम्मा** | **१,४०,९८,५६,०००।-** | | **१,१०,९८,५६,०००।-** | **३०,००,००,०००।-** | |
| १० | नेपाली सेना | १०,००,००,०००।- | | १०,००,००,०००।- | - | |
| ११ | नेपाल प्रहरी | १३,००,००,०००।- | राहत सामान खरिद तथा ढुवानी | ५९४७२२४९।- | ७,०५,२७,७५१।- | |
| १२ | सशस्त्र प्रहरी बल, नेपाल | १०,००,००,०००।- | राहत सामग्री खरिद | ५,८९,३८,९११।- | ४,१०,६१,०८९।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | वन तथा भूसंरक्षण मन्त्रालय | २०,००,००,०००।— ६,००,०००।- | पहिरो नियन्त्रणको लागि भूकम्प प्रभावित जिल्ला समेतका ३७ जिल्लाहरूमा निकासा दिएको | २०,०६,००,०००।- | - | |
| १३ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | १,००,००,००,०००।- | जनसहभागितामा आधारित विकास कार्यक्रम (सांसद कोष) | २,४७,६३,०००।- | ९७,५२,३७,०००।- | |
| | | ४८,९७,००,०००।- | स्थानिय सासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) | ४८,९७,००,०००।- | - | |
| | **जम्मा** | **१,४८,९७,००,०००।-** | | **५१,४४,६३,०००।-** | | |

# भाग ४

## जिल्लागत विवरणः

## ४.१. जिल्लाहरूको स्थलगत प्रतिवेदनः

## काठमाण्डौ जिल्लाः

### १. भूकम्प पीडितहरूको लागि राहत सामग्रीहरूका सम्बन्धमाः

### १.१. राहत सामग्रीको श्रोत, संकलन तथा वितरणको विस्तृत विवरणः

नेपाल सरकारको केन्द्रीय गोदाम (नेपाल खाद्य संस्थान, थापाथली र नेशनल ट्रेडिङ लिमिटेडको अभिलेख) बाट जिल्ला दैवी प्रकोप उद्धार समिति, काठमाण्डौंलाई पठाईएका राहत सामग्रीहरूको विवरणः

| सि.नं. | सामग्रीको नाम | परिमाण |
|---|---|---|
| 1 | **Rice (Quintal)** | 3954 |
| 2 | Salt (Quintal) | 154 |
| 3 | Sugar (Quintal) | 24 |
| 4 | Noodles (Carton) | 26195 |
| 5 | **Beaten Rice (Quintal)** | 771 |
| 6 | Biscuit (Carton) | 19399 |
| 7 | **Tripal/Tent (Pcs)** | 58774 |
| 8 | Water (Case) | 47694 |
| 9 | Potato (Quintal) | 73 |
| 10 | Wheat/Flour (Quintal) | 33 |
| 11 | Pulse (Quintal) | 148 |
| 12 | Mixed Food (Carton/Kg..) | 3820 |
| 13 | Gud/Shakkhar (Kg/Box) | 1509 |
| 14 | **Bedsheet/Blanket (Pcs/Bundle/…)** | 22063 |
| 15 | Clothes and Accessories (Pcs/Bundle/Cartoon..) | 10704 |
| 16 | Utensils (Pcs/Carton, Bag…Pair) | 29205 |
| 17 | Sanitary Items (Box, Carton, Pair, Pcs..) | 39675 |
| 18 | Baby Food (Carton, Kg, Bag,….) | 4095 |
| 19 | Spices (Pcs, Kg, Box, Carton, Quintal) | 376 |
| 20 | Medicines (Carton, Box, Pcs, Bag…) | 104276 |
| 21 | Juice (Carton, Ltr, Bag,…) | 18 |
| 22 | Tea and Coffee (Pkt, Carton, Bag, ……) | 480 |
| 23 | Oil (Ltr, Kg, Carton, Bag, Pcs) | 652 |
| 24 | Torch, Battery and Solar Items (Pcs, Carton, Box, Bag, …) | 4196 |
| 25 | Transformer and Accessories (Pcs) | 140 |
| 26 | Dalmod and Fried Foods | 6407 |
| 27 | Gas Range/Cylinder (Pcs, Box, Carton) | 0 |
| 28 | Miscellenous (Carton, Box, Pcs, Bag…Kg…) | 931 |

### राहत सामग्रीको प्राप्तिको विस्तृत विवरणः

| क्र.सं. | सामानहरूको विवरण | प्राप्तिको श्रोत | जम्मा परिमाण | वितरण भएको परिमाण | बाँकी |
|---|---|---|---|---|---|
| १ | चामल | केन्द्र/ अन्य | ५२४० क्वीन्टल | ५२०८ | ३२ |
| २ | चिनी | केन्द्र/ अन्य | ९४ क्वीन्टल | ९४ | |
| ३ | नून | केन्द्र/ अन्य | १४८८५ पाकेट | १४८८५ | |
| ४ | चाउचाउ | केन्द्र/ अन्य | ९८१७कार्टून | ९८१७ | |
| ५ | बिस्कुट | केन्द्र/ अन्य | ११२३१ कार्टून | ११२३१ | |
| ६ | दालमोठ | केन्द्र/ अन्य | | | |
| ७ | मिक्स खाद्यवस्तु | केन्द्र/ अन्य | १३२८१ कार्टून | १३२८१ | |
| ८ | चिउरा | केन्द्र/ अन्य | ७२५ क्वीन्टल | ७२५ | |
| ९ | तेल | केन्द्र/ अन्य | ७६०८ लिटर | ७६०८ | |
| १० | लन्च प्याकेट | केन्द्र/ अन्य | १३७२० प्याकेट | १३७२० | |
| ११ | टेन्ट | केन्द्र/ अन्य | ४८८० थान | ४८३९ | ४१ |
| १२ | त्रिपाल | केन्द्र/ अन्य | ५४४११ | ४९११७ | ५२९४ |
| १३ | कम्मल | केन्द्र/ अन्य | ४१८०१ | ४०६१४ | ११८७ |

केन्द्रीय गोदामबाट जिल्लालाई प्राप्त राहत सामग्री र जिल्लाबाट वितरण भएको राहत सामग्रीहरू वीचको सामन्जस्यताः

केन्द्रीय दैवी प्रकोप उद्धार समिति तथा विभिन्न संघ-संस्थाहरूबाट पठाएका राहत सामग्रीहरू जिल्ला दैवी प्रकोप उद्धार समिति, काठमाण्डौंमा जम्मा वा जानकारी गराई वितरण स्थलमा पठाउने गरेको तथा जिल्लामा प्राप्त हुन आएका राहत सामग्रीहरू जिल्ला दैवी प्रकोप उद्धार समितिले आम्दानी बाँधी भूकम्प पीडित क्षेत्रमा वितरण गरेको देखिन्छ। साथै उल्लेखित राहत सामग्रीको अभिलेख केही हदसम्म जिल्ला दैवी प्रकोप उद्धार समिति, काठमाण्डौंले व्यवस्थित गर्न खोजेको भए तापनि केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र (केन्द्रीय गोदाम) र जिल्ला दैवी प्रकोप उद्धार समितिको अभिलेखमा यकिन परिमाण खुल्न सक्ने तथा एकरुपता नपाईएको तथा दुईवटा परिमाण बीच ठूलो अन्तर देखिएको हुँदा केन्द्रीय गोदामबाट काठमाण्डौं पठाएका राहत सामग्रीहरू र प्राप्त

गरेको राहत सामग्री बीच तुलना गरी यकिन गर्न सक्ने अवस्था देखिएन। तथापि काठमाण्डौले प्राप्त गरेको मुख्य-मुख्य राहत सामग्रीको तुलनात्मक अभिलेख निम्नानुसार उल्लेख गरिएको छः

| सामानको विवरण | | सामानको परिमाण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | KG | BAG | BDL | PCS | SET | CTN |
| चामल | केन्द्रबाट पठाईएको | ३९५४०० | | | | | |
| | जिल्लामा प्राप्त | ५२४००० | | | | | |
| टेन्ट त्रिपाल | केन्द्रबाट पठाईएको | | | | ५८७७४ (PC/BDL) | | |
| | जिल्लामा प्राप्त | | | | ५९२९१ | | |
| चिउरा | केन्द्रबाट पठाईएको | ७७१०० | | | | | |
| | जिल्लामा प्राप्त | ७२५०० | | | | | |
| ब्लाङ्केट | केन्द्रबाट पठाईएको | | | | २२,०६३ (PC/BDL) | | |
| | जिल्लामा प्राप्त | | | | ४१,८०१ | | |
| मिक्स फुड | केन्द्रबाट पठाईएको | १५०९ (CTN/KG) | | | | | |
| | जिल्लामा प्राप्त | | | | | | १३२८१ |
| भाँडा कुँडा | केन्द्रबाट पठाईएको | | २९२०५ (BAG/ Pair) | | | | |
| | जिल्लामा प्राप्त | | | | | २१०० | |
| औषधि | केन्द्रबाट पठाईएको | | | | १०४२७६ (CTN/PC/ BAG…) | | |
| | जिल्लामा प्राप्त | | | | | | ३३८१ |

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट जिल्ला दैबी प्रकोप उद्धार समिति, काठमाण्डौंमा ३,९५,४०० के.जी. चामल पठाएको देखिन्छ भने उल्लेखित जिल्लामा सो परिमाण भन्दा बढी चामल अर्थात ५,२४,३०० के.जी. चामल प्राप्त गरेको देखिन्छ। त्यस्तै, केन्द्रीय अभिलेख अनुसार काठमाण्डौं जिल्लाका लागि ५८,७७४ बन्डल/पिस त्रिपाल पठाएको देखिन्छ भने उल्लेखित जिल्लाले ५९,२९१ पिस त्रिपाल/टेन्ट प्राप्त गरेको देखिन्छ। त्यस्तै, भाँडाकुँडाको हकमा केन्द्रबाट २९,२०५ बोरा/जोडी भाँडाकुँडा पठाएको देखिन्छ भने उल्लेखित जिल्लाले २,१०० सेट भाँडाकुँडा प्राप्त गरेको देखिदा केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र

तथा जिल्ला दैवी प्रकोप उद्धार समितिले राखेको अभिलेखमा एकरुपता नभएको र अद्यावधिक गरिएको अभिलेखमा यकिन परिमाण खुल्न नसक्ने हुँदा केन्द्रीय र जिल्लाले प्राप्त गरेको राहत सामग्रीको तुलनात्मक अध्ययन गर्न कठिन देखियो।

### १.२ राहत सामग्रीहरूको वितरणको प्रक्रिया र वितरणको स्थितिः

- जिल्ला दैवी प्रकोप उद्धार समितिमा संकलन भएको राहत सामग्रीहरू सकेसम्म एकद्वार प्रणाली अपनाई स्थानीय संयन्त्र (न.पा., गा.वि.स., वडा) बाट वितरण गरिएको तथा राहत वितरण कार्यमा स्थानीय स्तरमा गठित सर्वदलीय समितिले समेत संयोजनकारी भूमिका निर्वाह गरेको पाईयो।

### १.३ वितरण प्रक्रिया र सदुपयोग बारे पीडितहरूको प्रतिक्रियाः

- स्थानीय स्तरमा गठित सर्वदलीय समिति मार्फत वितरण भएका राहत सामग्रीहरू वास्तविक पीडितको पहिचान गरी राहत वितरण गर्ने भन्दा पनि आफू नजिकका व्यक्तिलाई वितरण गरेको।
- भूकम्पबाट पुगेको भौतिक तथा मानवीय क्षतिको आधारमा प्राथमिकीकरण गरी राहत वितरण कार्य हुन नसकेको।
- कतिपय स्थानहरूमा दबाब र प्रभावको आधारमा दोहोरो तेहोरो पर्ने गरी राहत वितरण गरेको।
- वितरण भएका राहत सामग्रीहरू समेत समयमै उपलब्ध हुन नसकेको।
- राहत वितरण गर्दा सडक पहुँच भएका बस्तीहरूमा बढी केन्द्रित भएको।

## २. प्राप्त रकमको खर्च तथा मौज्दात विवरणः

### २.१ जिल्ला दैवी प्रकोप उद्धार कोषः

| क्र.सं. | रकम विनियोजन गर्ने निकाय | प्राप्त रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | के.दै.प्र.उ.स. | ९८,३०,००,०००।- | |

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण | दर (रु.) | खर्च रकम (रु.) |
|---|---|---|---|---|
| १ | किरिया खर्च | ११२० | ४०,०००।- | ४,४८,००,०००।- |
| २ | मृतक परिवार राहत | ७०० | १,००,०००।- | ७,००,००,०००।- |
| ३ | अस्थायी आवास | ४६६०० | १५,०००।- | ६९,९०,००,०००।- |
| जम्मा | | | | ८१,३८,००,०००।- |

**नोटः** नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार मृतकको किरिया खर्चको लागि रू.४०,०००।- र मृतकको पीडित परिवारलाई रू.१ लाखका दरले रकम वितरण गरिएको र पूर्ण घर क्षति भएको भनी केन्द्र तथा जिल्लाबाट खटिएका प्राविधिक टोलीको सिफारिशको आधारमा रू.१५,००० तथा भूकम्प पीडित परिचय पत्र वितरण गरिएको पाईयो।

## २.३ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ

**जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौले खरिद गरेको त्रिपाल सम्बन्धमाः**

- जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौले राहत सामग्री स्वरूप नेपाल सरकार केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्देशन समेतको आधारमा चालू आ.व. ०७१।०७२ को सार्वजनिक निर्माण तर्फ विनियोजित बजेटबाट रु.७५,४७,७७७।- बराबरको ३०५० थान त्रिपाल खरिद गरेको पाईयो।
- उल्लेखित त्रिपालहरू सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) बमोजिम छोटो प्रक्रियाद्वारा सोझै बजारबाट खरिद गरेको पाईयो।
- त्रिपाल खरिद गर्दा विभिन्न साईजको खरिद गरिएको जसको औषत मूल्य प्रति वर्ग फिट रू. ९ देखि १४ रूपैयाँ सम्म पर्न गएको देखिएको।
- खरिद गरिएको त्रिपालको नमूना संकलन गरी गुणस्तर परीक्षण गर्ने कार्य गरेको नदेखिएको।
- खरिद गरिएको त्रिपालको कतिपय बिजकमा गुणस्तर नखुलेको।
- फरक फरक फर्महरुसँग फरक फरक मितिमा खरिद गरिएको कतिपय त्रिपालको मूल्य एउटै रहेको देखिएको।
- सहरी विकास मन्त्रालयले नेपाल टेण्ट एन्ड टारपोलिन प्रा. लि. बाट खरिद गरेको त्रिपाल सम्बन्धमा अनुसन्धान हुँदा उक्त प्रा.लि. ले आयात गरेको त्रिपालको गुणस्तर १७० जिएसएम भन्दा बढिको नदेखिएको तथा उक्त प्रा.लि. ले जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौलाई ६ x १८ साइजको त्रिपालको गुणस्तर नखुलाई प्रति वर्ग फिट रु.१४।७५ मा उपलब्ध गराएको देखिदा उल्लेखित मूल्य स्वभाविक नदेखिएको।
- उल्लेखित त्रिपालहरू का.म.न. पा. तथा अन्य न.पा.हरूमार्फत वितरण गर्न पठाईएको।

## २.४ जिल्ला शिक्षा कार्यालय ,काठमाण्डौ

**भूकम्प प्रभावित विद्यालयहरुका लागि जिल्ला शिक्षा कार्यालयले निम्न शीर्षकमा रकम निकासा गरेको देखिन्छः**

१. अस्थायी सिकाई केन्द्र (TLC) - २,४१,९५,०००।-
२. विद्यालय मर्मत - २५,००,०००।-
३. पोशाक तथा झोला - ३,६९,७३,०००।-

१) **सरकारी खर्चमा निर्माण सम्पन्न TLC-** १४७ वटा विद्यालयलाई २,४१,९५,०००।- पेश्की निकासा गरिएकोमा भौतिक सुधार तर्फको नियमित बजेटबाट रु.८,००,०००।- थप गरी जम्मा रू.२,४९,९५,०००।— खर्च गरेको पाईयो। यसैगरी यूनिसेफबाट १९९ अस्थाई सिकाई केन्द्र निर्माण गर्ने प्रतिवद्धता गरेको बुझियो।

२) **विद्यालय मर्मतः-** मर्मत शीर्षकमा विनियोजित रु.२५,००,०००।- खर्च नभएको पाईयो।

**३) पोशाक तथा झोला वितरण सम्बन्धमाः-** पोशाक तथा झोला वितरण शीर्षकमा जिल्ला शिक्षा कार्यालय, काठमाण्डौंलाई प्राप्त भएको जम्मा रु.३,६९,७३,०००।— सम्पूर्ण विद्यालयका विद्यार्थीहरूलाई पीडित सो सरह नै दामासाहीमा रकम वितरण गरेको देखियो।

## २.५ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,काठमाण्डौ

- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, काठमाण्डौंलाई भूकम्प प्रभावित राहत व्यवस्थापनका लागि रू.१,००,००,०००।- प्राप्त भएकोमा सो रकम स्थानीय रुपमा उपलब्ध व्यवसायीसँग कोटेशन माग गरी प्राप्त कोटेशनका आधारमा न्यून मूल्य पेश गर्ने कोटेशनकर्ता छनौट गरी रू.५९,९२,८७९।७१ को एच.डी.पी. पाईप र फिटिङ खरिद गरेको देखियो। स्थानीय पीडितबाट प्राप्त निवेदनका आधारमा कार्यालयले निर्णय गरी उक्त सम्पूर्ण खरिद गरेका एच डी पी पाईप र फिटिङ वितरण गरेको देखियो। उक्त सामान वितरण गर्दा क्षतिको मुल्याङ्कन, जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय समेतलाई आधार मानेको देखिएन।

- **खानेपानी आयोजनामा क्षति पुगेको विवरण :-** भूकम्पबाट काठमाण्डौं जिल्लाका क्षति पुगेका खानेपानी आयोजनाको स्थानीय स्तरमा गठित खानेपानी उपभोक्ता समितिको माग तथा निवेदनको आधारमा खानेपानी तथा सरसफाई क्षेत्रीय अनुगमन कार्यालय समेतको संलग्नतामा  क्षतिको मूल्यांकन गरेको पाईयो।

- **खानेपानी कार्यालयबाट भएको खरिद प्रक्रिया र खरिद भएका सामानहरूको विवरणः**

| क्र.सं. | रकम खर्च शीर्षक | खर्च रकम (रु.) | खर्च प्रक्रिया | कैफियत |
|---|---|---|---|---|
| १ | HDP Pipe र फिटिङ | ५९,९२,८७९।७१ | कोटेशन | |

- **उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरणः-**

भूकम्पबाट प्रभावित खानेपानी आयोजनाको स्थानीय स्तरमा गठित खानेपानी उपभोक्ता समितिको माग तथा निवेदनको आधारमा खानेपानी तथा सरसफाई क्षेत्रीय अनुगमन कार्यालयले निर्णय गरी  HDP Pipe र फिटिङ वितरण गरेको पाईयो। HDP Pipe र फिटिङको मौज्दात रहेको पाईएन।

## २.६ जिल्ला भू-संरक्षण कार्यालय ,काठमाण्डौ

- **प्राप्त रकमः-** रू.१,२५,००,०००।-
- **जिल्ला स्थित भू-क्षय वा संभावित भू-क्षयबाट पुगेको वा पुग्न सक्ने क्षतिको विवरणः-** क्षतिको मूल्यांकन भएको नदेखिएको।
- **भू-संरक्षण कार्यालयबाट भएको खरिद प्रक्रिया र खरिद भएका सामानहरूको विवरणः** जिल्ला भू-संरक्षण कार्यालय, काठमाण्डौंलाई भूकम्पबाट भएको वा हुन सक्ने भू-क्षय नियन्त्रणका लागि रकम रू.१,२५,००,०००।- प्राप्त भएको। सो रकम खर्च गर्न सार्वजनिक खरिद ऐनको छोटो प्रक्रिया अवलम्बन गरी ७ दिने बोलपत्र आव्हान गरी सामान खरिद गरेको पाईयो।

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण | खर्च रकम (रु.) | खर्च प्रक्रिया |
|---|---|---|---|---|
| १ | जीआइ तार हेभी | ४०टन | ४१,५८,४००।- | बोलपत्र |

- **उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरण :-** जिल्लामा तत्काल भूक्षय भएको भनी निवेदन भूकम्पबाट सिर्जित भूक्षयको रोकथामको प्रयोजनार्थ भने पनि सामान वितरण नभई मौज्दातमा नै रहेको।

## २.७ जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौं

- **प्राप्त रकमः-** रू.८,००,०००।-
- **औषधि प्राप्ति र वितरणको विवरण :-** स्वास्थ्य सेवा विभाग, आपूर्ति महाशाखाबाट हस्तान्तरण भई प्राप्त औषधिहरु विभिन्न स्वास्थ्य सेवा केन्द्र मार्फत वितरण।
- **जिल्ला जनस्वास्थ्य कार्यालयबाट भएको खरिद प्रक्रिया र खरिद भएका केही सामानहरूको विवरणः**

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण | दर (रु.) | खर्च रकम (रु.) | खर्च प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फिनेल ५ लि. | 100 jar | 320 | 32000 | सोझै | बंगलामुखी मेडिसिन सप्लायर्स, भक्तपुर |
| २ | Microlyse 500 ml | 40 Jar | 1885 | 75400 | | |
| ३ | Cotton 400 grm | 200 Roll | 190 | 38000 | | |
| ४ | Savinox 1000ml | 100 Jar | 360 | 36000 | | |
| ५ | Mask | 2500 | 4 | 10000 | | |
| ६ | Antacid | 50000 | 1/45 | 72500 | | |
| ७ | chlorpheniramine | 100000 | 0.77 | 77000 | सोझै | देवकोटा मेडिकल हल, जिरी दोलखा |
| ८ | Salbutamol | 100000 | 0.79 | 79000 | | |
| ९ | Ciprofloxaclline Dro. | 2000 vil. | 23/19 | 46980 | | |
| १० | Ciprofloxaclline oint. | 45000 | 1/29 | 58050 | | |
| १२ | Hysocine tab. | 5000 | 4/5 | 22500 | सोझै | रमास मेडिसन सप्लायर्स, काठ. |
| १३ | Ciprofloxaclline Dro. | 2000 vil. | 20 | 40000/- | | |

जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौंलाई औषधि खरिद समेतका लागि रू. ८,००,०००।- प्राप्त भएकोमा उल्लेखित रकम निम्म बमोजिम खर्च गरेको तथा काठमाण्डौको लागि खरिद गरिएको औषधिहरू भक्तपुर तथा दोलखा जिल्ला स्थित फर्महरूबाट खरिद गरेको देखिँदा खरिद प्रक्रिया स्वभाविक देखिन आएन।

- औषधि - रू.६,९७,०००।-
- गाडी भाडा - रू.२१,७००।-
- माईक भाडा - रू.१३,५००।-
- फोटोकपी - रू.८,५००।-
- प्लाष्टिक प्याकेट - रू.३,०००।-
- खाजाखर्च - रू.५६,३००।-

**जम्मा - रू. ८,००,०००।-**

## २.८ जिल्ला पशु सेवा कार्यालय, काठमाण्डौ

- **प्राप्त रकम :-** रू.५,००,०००।-
- **जिल्लागत पशु, चौपायाको विवरण :-**
  **जिल्ला पशु कार्यालयबाट भएको खरिद प्रक्रिया र खरिद भएका सामानहरूको विवरणः**

| क्र.सं. | रकम खर्च शीर्षक | खर्च रकम | खर्च प्रक्रिया |
|---|---|---|---|
| १ | महामारी रोग विरुद्धको खोप | १,५०,०००।- | सोझै |
| २ | उन्नत घाँसको वीऊ | १,५०,०००।- | सोझै |
| ३ | निसंक्रमणको लागि विभिन्न औषधि | २,००,०००।- | सोझै |

- **उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरण :-** सेवा केन्द्र मार्फत कृषकहरुलाई वितरण गरिएको।
- जिल्ला पशु सेवा कार्यालयमा नियमित बजेट तर्फ हिउँदे, वर्षे तथा बहुवर्षे घाँसको वीऊ खरिदको लागि क्रमशः रू. ९,९१,०००।- रू. ५,८०,०००।- र रू. १,६०,०००।- विनियोजन भई घाँसको वीऊ वितरण क्षेत्र समेत निर्धारण भैसकेको अवस्थामा पुनः जिल्ला विकास समिति कार्यालय, काठमाण्डौबाट अनुदान स्वरूप प्राप्त रकम रू. १,५०,०००।- को घाँसको वीऊ शीर्षकमा नै खर्च गरेको देखिएको; यसरी खर्च गर्दा मिति २०७२।०२।१८ गते पेश्की लिई सोही दिन शिव एग्रोभेट रामग्राम, नवलपरासीबाट खरिद गरी दाखिला तथा वितरण गरेको पाईयो।

## २.९ जिल्ला कृषि विकास कार्यालय ,काठमाण्डौ

- **प्राप्त रकमः-** ५,००,०००।- ( जि.वि.स.बाट प्राप्त)
- **विउ, विजन प्राप्ति र वितरणको विवरण :**
  **जिल्ला कृषि विकास कार्यालयबाट भएको खरिद प्रक्रिया र खरिद भएका सामानहरूको विवरणः**

| रकम खर्च शीर्षक | परिमाण | दर | खर्च रकम | खर्च प्रक्रिया |
|---|---|---|---|---|
| धानको विउ (धानको विउ खरिद मिति २०७२।०२।२१) | ४.५ मेट्रिक टन | | ३,६०,०००।- | सोझै |

| | | | | |
|---|---|---|---|---|
| तरकारी किट पूर्ण प्याकेज | ६०० पाकेट | | ३,१६,५००।- | |
| प्लाष्टिक टनेलको लागि प्लाष्टिक त्रिपाल खरिद | २०० थान | ६०००।- | १२,००,०००।- | |
| कपर अक्सी क्लोराइड | ११० के.जी. | १२००।- | १,३२,०००।- | |
| तरकारी खेतीको लागि तालिम | | | १,८३,५००।- | |

**नोटः** उल्लेखित खरिद गरिएको कृषि सम्बन्धी सामग्री बाहेक राष्ट्रिय वीऊ विजन कम्पनीबाट प्राप्त १ मे.टन. धानको वीऊ समेत जिल्ला कृषि विकास कार्यालयबाट वितरण गरेको देखियो। यसरी, राष्ट्रिय वीऊ विजन कम्पनी मार्फत तथा स्थानीय सहकारी मार्फत खरिद गरी वितरण गरिएका धानको वीऊ समयमा कृषकहरूलाई वितरण गरेको नदेखिदा उल्लेखित शीर्षकमा भएको खर्च सदुपयोग भएको भन्न सक्ने अवस्था देखिएन।

## २.१० डिभिजन सडक कार्यालय ,काठमाण्डौ

- **डिभिजन सडक कार्यालय, काठमाण्डौलाई अवरूद्ध सडक सुचारू गर्ने तथा भग्नावशेष हटाउने शीर्षकमा जम्मा रू.**५०,००,०००।—प्राप्त भएकोमा सडक खण्डमा रहेको भग्नावशेष हटाउने कार्यमा इन्धन र उपकरण भाडा बापत रु.२३,१३,६३०।५६ खर्च भई बाँकी रु.२६,८६,३६९।४४ फिर्ता गरेको देखिएको।

## २.११ त्रिपाल खरिद विवरण :-

| सि.नं | खरिद गर्ने निकाय | विक्रेता/ फर्म | GSM | त्रिपालको साईज | खरिद त्रिपाल संख्या | प्रति थान त्रिपालको मूल्य | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | काठमाण्डौ म.न.पा. | न्यू चौधरी ट्रेडर्श | - | ३५३७३८ वर्ग फिट | २६७५ | ७।— व.फि. | २४७६१६६।- | भ्याट वाहेक |
| | | क्षित्तिज ट्रेड इन्टरनेशनल | | ३८३०४ वर्ग फिट | ४० | ७।— व.फि. | २६८१२८।- | |
| | | जि.वि.स.पर्सा | | १२१६५६ वर्ग फिट | | ६।७८ प्रति व.फि. | ८२४८२७।६८ | |
| | | क्षित्तिज ट्रेड इन्टरनेशनल | | १६४४०२ वर्ग फिट | ३६२ सिलपोलिन | १२।— प्रति व.फि. | १९७२८२४।- | |
| | | **जम्मा** | | | | | **५५४१९४५।६८** | |
| २. | जि.प्रशा.कार्यालय | विभिन्न | | | २०० | | ३२४०००।- | |
| ३. | जि.वि.स. काठमाण्डौ | न्यू पशुपति ट्रेड एन्ड,सप्लायर | - | १२ -१८ | १३८ | २५९२।- | ३५७६९६।- | |
| | | सेविका इन्टरप्राइजेज | २३० | १२-१५/ १२-१८/ १५-१८/ २०-२० | ३५२ | | ९४९११०।- | |
| | | न्यू पशुपति ट्रेड एन्ड,सप्लायर | - | १२-१५/१२-१८ | १३१३ | | ३१८७२५६।- | |
| | | दीपेश इन्टरप्राइजेज | २३० | १२-१५/१५-१८/१२-१२ | ८०० | | १९४८९६८।- | |
| | | न्यू पशुपति ट्रेड एन्ड,सप्लायर | - | १२-१८/१२-१५ | ३०२ | | ८३४७५३।६० | |
| | | नेपाल टेन्ट एन्ड टारपोलिन प्रा.लि. | - | ६-१८ | १५० | | २७००१४।- | |
| | | **जम्मा** | | | | | **७५,४७,७९७।६०** | |

काठमाण्डौ महानगरपालिका तथा जिल्ला स्थित अन्य नगरपालिकाहरूबाट खरिद गरिएका त्रिपालहरूको खरिद प्रक्रिया, मूल्य र गुणस्तरको अध्ययन गर्दा छोटो प्रक्रिया अपनाई खरिद गरेको तर खरिद गर्दा अपनाउनुपर्ने गुणस्तर परीक्षण, प्राविधिक परामर्श, नमूना संकलन जस्ता कार्य गरेको देखिएन। यस्तै, खरिद गरिएको त्रिपालको मूल्यमा विविधता देखियो भने महानगरपालिका लगायत अन्य न.पा. हरूले खरिद गरेको त्रिपालमा गुणस्तर (जिएसएम) खुलेको नदेखिएको तथा वितरण प्रक्रिया समेत पारदर्शी नभएको पाईएकोले सो विषयमा छानवीन हुनुपर्ने देखियो।

# ललितपुर जिल्लाः

## १. भूकम्प पीडितहरूको लागि राहत सामग्रीहरू सम्बन्धमाः

### १.१. राहत सामग्रीको श्रोत र संकलन तथा वितरणको विस्तृत विवरणः

केन्द्रीय निकाय (नेपाल खाद्य संस्थान थापाथाली र नेशनल ट्रेडिङ लिमिटेडको अभिलेख) को अभिलेख बमोजिम काठमाण्डौं पठाईएका राहत सामग्रीको विवरणः

| सि.नं. | राहत सामग्रीको नाम | परिमाण |
|---|---|---|
| 1 | Rice (Quintal) | 1582 |
| 2 | Salt (Quintal) | 33 |
| 3 | Sugar (Quintal) | 11 |
| 4 | Noodles (Carton) | 12490 |
| 5 | Beaten Rice (Quintal) | 402 |
| 6 | Biscuit (Carton) | 2280 |
| 7 | Tripal/Tent (Pcs/Bundle) | 20219 |
| 8 | Water (Case, Truck) | 17001 |
| 9 | Potato (Quintal) | 22 |
| 10 | Wheat/Flour (Quintal) | 36 |
| 11 | Pulse (Quintal) | 10 |
| 12 | Mixed Food (Carton/Kg..) | 2562 |
| 13 | Gud/Shakkhar (Kg/Box) | 0 |
| 14 | Bedsheet/Blanket (Pcs/Bundle/…) | 6989 |
| 15 | Clothes and Accessories (Pcs/Bundle/Cartoon..) | 157 |
| 16 | Utensils (Pcs/Carton, Bag…Pair) | 32339 |
| 17 | Sanitary Items (Box, Carton, Pair, Pcs..) | 6032 |
| 18 | Baby Food (Carton, Kg, Bag,….) | 154 |
| 19 | Spices (Pcs, Kg, Box, Carton, Quintal) | 0 |
| 20 | Medicines (Carton, Box, Pcs, Bag…) | 3286 |
| 21 | Juice (Carton, Ltr, Bag,…) | 6 |
| 22 | Tea and Coffee (Pkt, Carton, Bag, ……) | 1 |
| 23 | Oil (Ltr, Kg, Carton, Bag, Pcs) | 0 |
| 24 | Torch, Battery and Solar Items (Pcs, Carton, Box, Bag, …) | 123 |
| 25 | Transformer and Accessories (Pcs) | 0 |
| 26 | Dalmod and Fried Foods | 208 |
| 27 | Gas Range/Cylinder (Pcs, Box, Carton) | 0 |
| 28 | Miscellenous (Carton, Box, Pcs, Bag…Kg…) | 5 |

भन्सार विभागको अभिलेख बमोजिम विभिन्न संघ-संस्था, व्यक्तिहरूले भन्सार नाकाहरूबाट सोझै ललितपुर जिल्लामा पठाईएको राहत सामग्रीहरूको विवरण:

| सि.नं. | सामानको नाम | सामानको परिमाण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | KGM | BAG | BDL | PCS | SET | CTN |
| १ | चामल | ६८१५० | १२७ | | | | |
| २ | चिउरा | ५४३० | ८० | | | | |
| ३ | ब्लाङ्केट | | ९ | २७१ | ११४३२९ | | |
| ४ | भाँडाकुँडा | | | | | | |
| | PLASTIC BUCKET WITH LID` | | | ९१ | २४५४१ | ११४८ | |
| | BUCKET SET | | | | ३३१५ | | |
| | Steel Plate | | | | ८० | | |
| | Kitchen set | | | | | १९३९२ | |
| | PLASTIC BUCKET | | | | ३२५० | | |
| ५ | मेडिसिन | ७२०३ | २१ | | | | १२४ |
| ६ | मिक्स फुड | २९५ | | | | ११५० | ६६० |
| ७ | टेन्ट त्रिपाल | | | | | | |
| | Tarpaulins /Plastic Sheets/Tents | | २६७ | ९० | ५२५६२ | | |
| | FAMILY TENT | | | १०२ | | | |
| | Plastic tops (Tripal) | | | | २२१० | | |
| | POLYTHIN SHEET | | | | ६६० | | |
| ८ | अन्य तर्फ | | | | | | |
| | Torch light | | | | १८ | | २ |
| | Led light, emergency assistance. | | | | १२०० | | |
| | Led tourch light | | | | ११० | | |

जिल्ला दैवी प्रकोप उद्धार समिति, ललितपुरमा प्राप्त राहत सामग्रीको विवरण:

| क्र.सं. | सामानहरूको विवरण | प्राप्तिको श्रोत | जम्मा परिमाण | वितरण भएको परिमाण | बाँकी |
|---|---|---|---|---|---|
| १ | चामल | केन्द्र | १४४३ क्वीन्टल | १३४३ | १०० |
| २ | चिनी | केन्द्र | २० वोरा | २० | |
| ३ | नून | केन्द्र | ९० वोरा | ९० | |
| ४ | चाउचाउ | केन्द्र/खरिद | ८६३२कार्टून | ८६३२ | |
| ५ | बिस्कुट | केन्द्र/खरिद | १६५२ कार्टून | १६५२ | |
| ६ | दालमोठ | खरिद | ४५ वोरा | ४५ | |
| ७ | मिक्स | केन्द्र | २३६५ कार्टून | २३६५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | खाद्यवस्तु | | | | |
| ८ | चिउरा | केन्द्र/खरिद | २१२४ बोरा | २१२४ | |
| ९ | टेन्ट | केन्द्र | ८९ थान | ८९ | |
| १० | त्रिपाल | केन्द्र | ३५१९६ थान | ३३१९६ | २००० |
| ११ | कम्मल | केन्द्र | १३३५६ थान | १२७५६ | ६०० |

केन्द्रबाट पठाईएका राहत सामग्री र जिल्लामा प्राप्त राहत सामग्रीहरू वीचको सामन्जस्यताः

| सि. नं. | राहत सामग्री पठाउने निकाय/ संघसंस्था | त्रिपाल | ब्ल्याङ्केट | चिउरा (के.जी.) | चामल ९के.जी.० |
|---|---|---|---|---|---|
| १. | केन्द्रबाट पठाइएको परिमाण | २०२१९ (थान/बण्डल) | ६९८९ (पिस/बण्डल) | ४०२०० | १५८२०० |
| २. | जिल्लामा प्राप्त हुन आएको कुल परिमाण | ३५१९६ थान | १३३५६ थान | २१२४ बोरा | १४४३०० |

माथि उल्लेखित तालिकाहरूलाई विश्लेषण गर्दा जिल्ला दैवी प्रकोप उद्धार समितिमा केन्द्रीय निकाय लगायत विभिन्न संघ-संस्थाहरूले पठाएको त्रिपाल, ब्ल्याङ्केट लगायतका सामानहरूको अभिलेख केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र र जिल्ला दैवी प्रकोप उद्धार समितिले प्राप्त गरी राखेको अभिलेख भिन्न भिन्न रहेको पाईयो। यसैगरी, नेपाल सरकारको केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट जिल्ला दैवी प्रकोप उद्धार समितिलाई १,५८,२०० के.जी. चामल पठाएकोमा जिल्ला दैवी प्रकोप उद्धार समिति, ललितपुरले १,४४,३०० के.जी. मात्र चामल प्राप्त गरेकोले जिल्लामा १३,९०० के.जी. चामल कम प्राप्त भएको अभिलेखबाट देखिन्छ। त्यस्तै, केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट २०,२१९ थान त्रिपाल पठएको र जिल्लाले ३५,१९६ पाप्त गरेको देखियो भने केन्द्रबाट ६,९८९ थान/बन्डल ब्ल्याङ्केट पठाएकोमा ललितपुर जिल्लामा १३,३५६ थान प्राप्त गरेको अभिलेखबाट देखियो।

यसरी, केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रले त्रिपाल, ब्लाङ्केट लगायतका सामग्रीहरूको अभिलेख थान तथा वण्डलमा राखेको तथा उल्लेखित सामग्री प्राप्त गर्ने जिल्ला दैवी प्रकोप उद्धार समितिले राखेको अभिलेखमा थान मात्र खुल्ने देखिएकोले केन्द्र र जिल्लाको अभिलेख तुलना गर्न सकिने अवस्था देखिएन।

### १.२ राहत सामग्रीहरूको वितरणको प्रक्रिया र वितरणको स्थितिः-

नेपाल सरकारले राहत वितरणमा एकद्वार प्रणाली लागु गर्ने नीति लिएतापनि जिल्ला दैवी प्रकोप उद्धार समितिले उपलब्ध गराएको अभिलेखमा विभिन्न संघ-संस्थाहरू मार्फत वितरण भएका राहत सामग्रीहरूको विवरण अभिलेखीकरण नगरिएको देखिदा नेपाल सरकारले लिएको एकद्वार नीति प्रभावकारी रूपमा लागु भएको देखिएन।

### १.३ वितरण प्रक्रिया र सदुपयोग बारे पीडितहरूको प्रतिक्रियाः-

राहत सामग्रीहरूको वितरण सम्बन्धमा उपत्यकाका पीडितहरूले राहत सामग्रीहरू पाएको तर जिल्लाका दुर्गम भेगका पीडितहरुले समयमा राहत सामग्रीहरू नपाएको गुनासो रहेको पाईयो।

## २. प्राप्त रकमको खर्च तथा मौज्दात विवरणः

### २.१ जिल्ला दैवी प्रकोप उद्धार कोष, ललितपुर

| क्र.सं. | रकम विनियोजन गर्ने निकाय | प्राप्त रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | के.दै.प्र.उ.स. | ४६,७१,००,०००।- | |

| क्र.सं. | रकम खर्च शीर्षक | संख्या | दर (रु.) | खर्च रकम (रु.) |
|---|---|---|---|---|
| १ | किरिया खर्च | १८२ | ४००००।- | ७२,९०,०००।- |
| २ | मृतक परिवार राहत | १५६ | १०००००।- | १,५५,९०,०००।- |
| ३ | अस्थायी आवास निर्माण | २७३२१ | १५०००।- | ४०,९७,९५,०००।- |

### २.२ जिल्ला विकास समितिको कार्यालय, ललितपुरः

- जिल्ला विकास समितिको कार्यालयले ४५ बोरा दालमोठ रु. १,९९,४५०।- र ७५ बोरा चिउरा रु.७१,२५०।- मा खरिद गरी जिल्ला प्रशासन कार्यालय मार्फत वितरण गरेको देखिएको।
- जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय, ललतिपुरले २,४८० कार्टून चाउचाउ खरिदको लागि रू.६,०८,३६३।- भूक्तानी दिएको।

- गा.वि.स. र न.पा.लाई प्राप्त रकम निर्देशिका/निर्देशानुसारको प्रक्रिया अपनाई सर्वदलीय संयन्त्रको सिफारिशको आधारमा आवश्यक सामग्रीहरू खरिद गरि वितरण गरेको।

## २.३ जिल्ला शिक्षा कार्यालय, ललितपुर

भूकम्प प्रभावित विद्यालयहरुका लागि जिल्ला शिक्षा कार्यालयले निम्न शीर्षकहरूमा रकम निकासा गरेको देखियोः

- अस्थायी सिकाई केन्द्र (TLC) - रु.३,४०,५०,०००।-
- विद्यालय मर्मत - रु. १,२४,५०,०००।-
- पोशाक तथा झोला खरिद - रु. १,६३,४४,०००।-

**अस्थायी सिकाई कक्षा (Temporary Learning Center-TLC) निर्माण सम्बन्धी**

- प्राप्त रकम रू.३,४०,५०,०००।-
- सरकारी खर्चमा निर्माण सम्पन्न TLC -१२ वटालाई १८ लाख पेश्की निकासा दिएको।
- विभिन्न संघ-संस्थाहरूबाट १९५ वटा अस्थायी सिकाई केन्द्रहरू निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको।

**विद्यालय पोशाक तथा झोला वितरण सम्बन्धमाः-**

२०७१ को Flash Report मा उल्लेखित विद्यार्थी सख्यालाई आधारमानी उल्लेखित शीर्षकमा प्राप्त रकम रू. १,६३,४४,०००।- सबै विद्यार्थीहरूलाई पीडित मानी दामासाहीले वितरण गर्ने गरी विद्यालयको खातामा निकासा गरेको तथा विद्यालय मर्मत शीर्षकमा निकासा भएको रू.१,२४,५०,०००।-मध्येबाट रू.१,२१,७५,०००।- पेश्की निकासा गरेको देखिएको। उल्लेखित रकम पेश्की फछ्यौटको क्रममा रहेकोले के कसरी खर्च गरिएको छ भन्ने सम्बन्धमा सम्बन्धित निकायबाट अनुगमन हुनुपर्ने देखियो।

## २.५ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ललितपुर

- ललितपुर जिल्ला अन्तर्गत भूकम्पबाट क्षति पुगेका खानेपानी आयोजनाहरूको मर्मत तथा पुनः संचालनको लागि रू.१,००,००,०००।— निकासा भएको र सो जिल्ला अन्तर्गत कुनै पनि खानेपानी आयोजनाहरूमा क्षति नपुगेको कारण उक्त रकम फिर्ता भएको देखियो।

## २.६ जिल्ला भू-संरक्षण कार्यालय, ललितपुर

- **प्राप्त रकमः-** रू.१,५०,००,०००।-
- **जिल्ला स्थित भू-क्षय वा संभावित भू-क्षयबाट पुगेको वा पुग्न सक्ने क्षतिको विवरणः-** क्षतिको मूल्यांकन भएको नदेखिएको।
- **भू-संरक्षण कार्यालयबाट भएको खरिद प्रक्रिया र खरिद भएका सामानहरूको विवरणः-**

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण | खर्च रकम (रु.) | खर्च प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|
| १ | जीआइ तार हेभी | ४५००० के.जी. | ४६,०१,९२५।- | बोलपत्र (७ दिने सूचना प्रकाशित गरी) | मौज्दातमा रहेको |
| २ | जीआई तयारी बक्स मेशिनमेड हेभी | १२०० थान | ४३,१४,७९२।- | बोलपत्र (७ दिने सूचना प्रकाशित गरी) | मौज्दातमा रहेको |

- **उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरण :-** भूकम्पबाट सिर्जित भूक्षयको रोकथामको प्रयोजनार्थ उल्लेखित सामग्रीहरू खरिद भनिएतापनि २०७२ भाद्र मसान्तसम्म वितरण नगरी मौज्दात राखेको देखिदा खरिदको औचित्य पुष्टी हुने देखिएन।

## २.७ जिल्ला जनस्वास्थ्य कार्यालय, ललितपुर

- **प्राप्त रकमः-** रू.४,००,०००।—
- **खर्च रकमः रू.** २,००,०००।— (फिनेल, मास्क, आयोडिन, औषधि लगायतका सामग्रीहरू सीधै बजारबाट खरिद)
- **औषधि प्राप्ति र वितरणको विवरण :-** स्वास्थ्य सेवा विभाग आपूर्ति महाशाखाबाट हस्तान्तरण भई प्राप्त औषधिहरु अभिलेख राखी विभिन्न स्वास्थ्य सेवा केन्द्र मार्फत वितरण भएको देखिएको।

## २.८ जिल्ला पशु सेवा कार्यालय, ललितपुर

- **प्राप्त रकमः-** रू.६०,०००।— (पशु स्वास्थ्य निर्देशनालयबाट समेत प्राप्त सामग्रीहरु ढुवानीमा खर्च भएको)

## २.९ जिल्ला कृषि विकास कार्यालय, ललितपुर

जिल्लामा वितरण गर्नुपर्ने १०.४ मे.टन. धान मध्ये ३.४ मे.टन राष्ट्रिय वीऊ विजन कम्पनीबाट प्राप्त भएको र बाँकी ७.० मेट्रिक टन धानको वीऊ जिल्ला कृषि विकास कार्यालयलाई नै खरिद गर्न रू. ५,३५,८७५।— प्राप्त भएकोमा जिल्ला स्थित विभिन्न सहकारीहरू मार्फत खरिद गरि वितरण गरिएको।

## २.१० डिभिजन सडक कार्यालय, ललितपुर

- क्षति पुगेको सडक खण्डमा यातायात सुचारू गर्न रू.२५,००,०००।— निकासा भएकोमा रु.१,५५,९५१।-खर्च भई बाँकी रु.२३,४४,०४९।— फिर्ता भएको देखिएको।

## २.११ त्रिपाल खरिद विवरण :-

| सि.नं | खरिद गर्ने निकाय | | बिक्रेता/ फर्म | GSM | त्रिपालकोसाईज | खरिद गरेको त्रिपाल संख्या | प्रति वर्ग मिटरको मूल्य | प्रति थान त्रिपालको मूल्य | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | ललितपुर | ल.पु.उ.म.न.पा. | विभिन्न | नखुलेको | नखुलेको/ पाल | ४ | | ५०००।- | २००००।- | |
| | | | | | १५ X२१ त्रिपाल | ३ | ७।३० | २३००।- | १३८००।- | |

## भक्तपुर जिल्लाः

### १. भूकम्प पीडितहरूको लागि राहत सामग्रीहरू सम्बन्धमाः

### १.१ राहत सामग्रीको श्रोत र संकलन तथा वितरणको विस्तृत विवरणः

केन्द्रीय निकाय (नेपाल खाद्य संस्थान थापाथाली र नेशनल ट्रेडिङ लिमिटेड) को अभिलेख बाट जिल्ला दैवी प्रकोप उद्धार समिति, भक्तपुर पठाईएका राहत सामग्रीहरुको विवरण निम्नानुसार रहेको देखियो ।

| सि.नं. | राहत सामग्री | परिमाण |
|---|---|---|
| 1 | Rice (Quintal) | 1521 |
| 2 | Salt (Quintal) | 42 |
| 3 | Sugar (Quintal) | 23 |
| 4 | Noodles (Carton) | 17444 |
| 5 | Beaten Rice (Quintal) | 485 |
| 6 | Biscuit (Carton) | 5567 |
| 7 | Tripal/Tent (Pcs/Bundle) | 10932 |
| 8 | Water (Case, Truck) | 20037 |
| 9 | Potato (Quintal) | 12 |
| 10 | Wheat/Flour (Quintal) | 5 |
| 11 | Pulse (Quintal) | 14 |
| 12 | Mixed Food (Carton/Kg..) | 15015 |
| 13 | Gud/Shakkhar (Kg/Box) | 1295 |
| 14 | Bedsheet/Blanket (Pcs/Bundle/…) | 3208 |
| 15 | Clothes and Accessories (Pcs/Bundle/Cartoon..) | 3805 |
| 16 | Utensils (Pcs/Carton, Bag…Pair) | 3000 |
| 17 | Sanitary Items (Box, Carton, Pair, Pcs..) | 119 |
| 18 | Baby Food (Carton, Kg, Bag,….) | 136 |
| 19 | Spices (Pcs, Kg, Box, Carton, Quintal) | 384 |
| 20 | Medicines (Carton, Box, Pcs, Bag…) | 1500 |
| 21 | Juice (Carton, Ltr, Bag,…) | 0 |
| 22 | Tea and Coffee (Pkt, Carton, Bag, ……) | 161 |
| 23 | Oil (Ltr, Kg, Carton, Bag, Pcs) | 0 |
| 24 | Torch, Battery and Solar Items (Pcs, Carton, Box, Bag) | 0 |
| 25 | Transformer and Accessories (Pcs) | 0 |
| 26 | Dalmod and Fried Foods | 1163 |
| 27 | Gas Range/Cylinder (Pcs, Box, Carton) | 0 |
| 28 | Miscellenous (Carton, Box, Pcs, Bag…Kg…) | 1120 |

भन्सार विभागको अभीलेख बमोजिम विभिन्न संघ-संस्था, व्यक्तिहरूले भन्सार नाकाहरूबाट सोझै भक्तपुर जिल्लामा पठाईएका राहत सामग्रीको विवरण निम्नानुसार रहेको पाईयो।

| सि.नं. | सामानको नाम | सामानको परिमाण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | KGM | BAG | BDL | PCS | PKT | CTN |
| १ | चामल | २६०६० | ४२ | | | | |
| २ | चिउरा | | ८ | | | | |
| ३ | ब्लाङ्केट | | ९ | १०० | १८१४२ | | |
| ५ | मेडिसिन | | | | ४ | | १ |
| ६ | मिक्स फुड | | | | | | ४ |
| ७ | **टेन्ट त्रिपाल** | | | | | | |
| | Tarpaulins /Plastic Sheets/Tents | २४७ | | | ९६१७ | ६० | |
| | TENT with accessories | | | | | ४५ | |
| | Plastic tops (Tripal) | | | | १०७५ | | |
| | POLYTHIN SHEET | | | | ६४० | | |

केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट प्राप्त र खरिद गरेका राहत सामग्रीको विवरणः

| क्र.सं. | सामानहरूको विवरण | प्राप्तिको श्रोत | जम्मा परिमाण | वितरण भएको परिमाण | बाँकी |
|---|---|---|---|---|---|
| १ | चामल | केन्द्र | १६०५.२५ क्वीन्टल | १५७४ | ३१.२५ |
| २ | चिनी | केन्द्र | २९ वोरा | २९ | |
| ३ | नून | केन्द्र | ८० वोरा<br>२००० के.जी. | ७७<br>२००० | ३<br>- |
| ४ | चाउचाउ | केन्द्र | ११६९१ कार्टून | ११६७८ | १३ |
| ५ | बिस्कुट | केन्द्र | ४७०७ कार्टून | ४६३५ | ७२ |
| ६ | दालमोठ | खरिद | ८ वोरा | ८ | |
| ७ | मिक्स खाद्यवस्तु | केन्द्र | २११९कार्टून | २११९ | |
| ८ | चिउरा | केन्द्र | २१७८ बोरा | २१७८ | |
| ९ | टेन्ट | केन्द्र | ४९३ थान | - | १६८ |
| १० | त्रिपाल | केन्द्र | १९२०३ थान<br>२४६ वन्डल | १९८२६ थान | १६५ वन्डल |
| ११ | कम्मल | केन्द्र | १२८४ थान | १२८४ | |

केन्द्रबाट प्राप्त राहत सामग्री र जिल्लाबाट वितरण भएको राहत सामग्रीहरू वीचको सामन्जस्यताः

| राहत सामग्री पठाउने निकाय/ संघसंस्था | त्रिपाल | ब्ल्याङ्केट | चिउरा (के.जी.) | चामल (के.जी.) |
|---|---|---|---|---|
| केन्द्रबाट पठाइएको परिमाण | १०९३२ (थान/बण्डल) | ३२०८ (पिस/बण्डल) | ४८५०० | १५२१०० |
| केन्द्रबाट जिल्लामा प्राप्त हुन आएको राहत सामग्रीको परिमाण | १९६९६ थान २४६ बण्डल | १२८४ थान | २१७८ बोरा | १६०५२५ |

माथि उल्लेखित तालिकालाई विश्लेषण गर्दा केन्द्रबाट भक्तपुर जिल्लामा पठाईएको त्रिपाल, ब्ल्याङ्केट, चिउरा लगायतका सामानहरूको अभिलेख केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र र जिल्ला दैवी प्रकोप उद्धार समितिले भिन्न भिन्न रहेको पाईयो। तथापि उल्लेखित अभिलेखलाई विश्लेषण गर्दा केन्द्रबाट १,५२,१०० के.जी. चामल पठाएकोमा भक्तपुर जिल्लामा सो भन्दा ८,४२५ के.जी. बढी अर्थात १,६०,५२५ के.जी. चामल प्राप्त गरेको देखियो। त्यस्तै, केन्द्रबाट १०,९३२ र ३,२०८ थान/बन्डल क्रमशः त्रिपाल र ब्ल्याङ्केट पठाएकोमा भक्तपुर जिल्लामा १९,६९६ थान तथा २४६ बण्डल त्रिपाल र १,२८४ थान ब्ल्याङ्केट प्राप्त गरेको जिल्लाको अभिलेखबाट देखियो भने चिउराको हकमा केन्द्रबाट ४८,५०० के.जी. पठाएकोमा जिल्लाको अभिलेखमा २,१७८ बोरा चिउरा प्राप्त भएको भनी उल्लेख भएबाट त्रिपाल, ब्ल्याङ्केट र चिउराको परिमाणको भिन्न भिन्न ईकाई (बण्डल, थान, बोरा,के.जी...) उल्लेख गरेको देखिदा तुलना गर्न सकिने अवस्था रहेन।

## १.२ राहत सामग्रीहरूको वितरणको प्रक्रिया र वितरणको स्थितिः-

नेपाल सरकारले राहत वितरणमा एकद्वार प्रणाली लागु गर्ने नीति लिएतापनि जिल्ला दैवी प्रकोप उद्धार समितिले उपलब्ध गराएको अभिलेखमा विभिन्न संघ-संस्थाहरू मार्फत वितरण भएका राहत सामग्रीहरूको विवरण अभिलेखीकरण नगरिएको देखिदा नेपाल सरकारले लिएको एकद्वार नीति प्रभावकारी रूपमा लागु भएको देखिएन।

### १.३ वितरण प्रक्रिया र सदुपयोग बारे पीडितहरूको प्रतिक्रियाः-

भूकम्प पीडितहरुलाई वितरण भएका टेन्टहरु अस्थाई रुपमा प्रयोग गर्न दिएकोमा उक्त टेन्टहरु फिर्ता प्राप्त गर्ने गरी उपयोगमा ल्याईएको।

## २. प्राप्त रकमको खर्च तथा मौज्दात विवरणः

### २.१ जिल्ला दैवी प्रकोप उद्धार कोष,भक्तपुर

| क्र.सं. | रकम विनियोजन गर्ने निकाय | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १ | के.दै.प्र.उ.स. | रु. ४२,६७,००,०००।- | |

| क्र.सं. | रकम खर्च शीर्षक | संख्या | दर रु. (रु.) | खर्च रकम रु. |
|---|---|---|---|---|
| १ | किरिया | ३२९ | ४०,०००।- | १,३१,६०,०००।- |
| २ | मृतक परिवार | २८७ | १,००,०००।- | २,८७,००,०००।- |
| ३ | अस्थायी आवास | २५३९२ | १५,०००।- | ३८,०८,९५,०००।- |
| ४ | खाद्यान्न खरिद | | | २,८४,९६५।- |
| ५ | औषधि | | | २०,३४०।- |
| ६ | प्लास्टिक सिट | | | २९,१५४।- |
| ७ | विविध खर्च | | | ८९,०३४।- |
| **जम्मा** | | | | **४२,३१,७८,४९३।-** |

### २.२ जिल्ला विकास समितिको कार्यालय, भक्तपुर

- जिल्ला विकास समितिको कार्यालयले सुत्केरी सामग्री र पौष्टिक आहार रु.१,८०,०००।- मा खरिद गरी ६० प्याकेट बनाई आमा समूह मार्फत वितरण गरेको देखियो ।
- गा.वि.स. र न.पा.लाई प्राप्त रकम निर्देशिका/निर्देशानुसारको प्रक्रिया अपनाई सर्वदलीय संयन्त्रको सिफारिशको आधारमा आवश्यक सामग्रीहरू खरिद गरि वितरण गरेको।

## २.३ जिल्ला शिक्षा कार्यालय, भक्तपुर

**प्राप्त रकमको शीर्षकगत विवरण**

मर्मत - रु. ६८,२०,०००।-

पोशाक/झोला - रु. १,८९,००,०००।-

**अस्थायी सिकाई कक्षा (Temporary Learning Center-TLC) निर्माण सम्बन्धी**

- बिभिन्न संघ-संस्थाहरूलाई सम्झौता गरि निर्माण गर्न जिम्मा दिएको अस्थाई सिकाई केन्द्रहरुको संख्या जम्मा ८५ रहेको देखिएको ।

**पोशाक तथा झोला वितरण सम्बन्धमाः**

२०७१ को Flash Report मा उल्लेखित विद्यार्थी सख्यालाई आधारमानी उल्लेखित शीर्षकमा प्राप्त रकम रू. १,८१,३७,०००।- सबै विद्यार्थीहरूलाई पीडित मानी दामासाहीले वितरण गर्ने गरी विद्यालयको खातामा निकासा गरेको तथा विद्यालय मर्मत शीर्षकमा निकासा भएको रू. ६५,७०,०००।- पेश्की निकासा गरेको देखिएको। उल्लेखित रकम पेश्की फछ्यौंटको क्रममा रहेकोले के-कसरी खर्च गरिएको छ भन्ने सम्बन्धमा सम्बन्धित निकायबाट अनुगमन हुनुपर्ने देखियो।

## २.४ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुर

- **प्राप्त रकमः-** रु.१,००,००,०००।-
- **खानेपानी कार्यालयबाट भएको खरिद प्रक्रिया र खरिद भएका सामानहरूको विवरणः**

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण | खर्च रकम रु. | खर्च प्रक्रिया |
|---|---|---|---|---|
| १ | एच डी पी पाइप | ४५०० मी. | २,५६,६०९।६९ | कोटेशन |
| २ | पानी टंकी धारा | २५ गोटा | ८,२०,६२८।- | कोटेशन |
| ३ | पाइपलाइन मर्मत | | ९०,७०४।४६ | कोटेशन |
| ४ | वालकोट खानेपानी लाइन मर्मत | | ९४,५१०।६६ | |
| ५ | चाँगु खानेपानीको लागि फिटिंग्स | | १,४१,५१८।९४ | कोटेशन |
| ६ | पानी टंकी धारा फिटिंग | २० गोटा | ५,४८,५७५।२२ | कोटेशन |
| ७ | पानी टंकी धारा फिटिंग | ५ गोटा | १,२६,५८९।३८ | कोटेशन |

| | | | | |
|---|---|---|---:|---|
| ८ | पानी टंकी धारा फिटिंग | २ गोटा | ३७,६०१।- | कोटेशन |
| ९ | पानी टंकी धारा फिटिंग | ८ गोटा | १,९०,७०७।८४ | कोटेशन |
| १० | टेन्ट | १० थान | ६०,०००।- | कोटेशन |
| ११ | टहरो निर्माण | | १,३४,०८८।- | |
| १२ | पाइपलाइन मर्मत कटुन्जे | | २,७४,८७७।- | कोटेशन |
| १३ | एच डी पी पाइप | | २,९६,१०८।- | कोटेशन |
| १४ | चर्पीको प्यान खरिद | १२०० | १४,३८,७१६।- | कोटेशन |
| १५ | पानी टंकी धारा फिटिंग | २० | ५,२७,१२०।- | कोटेशन |
| **जम्मा** | | | **५०,४७,३५४।१९** | |

- **उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरण :-** एउटै प्रकृतिको कामको लागि पटक-पटक कोटेशनद्वारा काम गराएको देखिएको र खरिद गरिएका सामनहरुको गुणस्तर, साइज र परिमाण स्पष्ट खुलेको नदेखिएको।

## २.५ जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर

- **प्राप्त रकमः-** रू.४,००,०००।-
- **औषधि प्राप्ति र वितरणको विवरणः-**
  - स्वास्थ्य सेवा विभाग आपूर्ति महाशाखाबाट हस्तान्तरण भई प्राप्त औषधिहरु अभिलेख राखी विभिन्न स्वास्थ्य सेवा केन्द्र मार्फत वितरण भएको देखिएको।
  - औषधिको प्रयोग अवधिको मिति थोरै रहेको अवस्थामा समेत औषधि प्राप्त भएको देखिएको।

## २.८ जिल्ला पशु सेवा कार्यालय, भक्तपुर

**प्राप्त रकम**

- राहत वितरणको संबन्धमा जिल्ला पशु सेवा कार्यालयले आन्तरिक स्रोतबाट रु.९,६६,०००।- औषधि लगायतका सामग्रीहरुमा खर्च गरेको देखियो ।

- **जिल्ला पशु कार्यालयबाट भएको खरिद प्रक्रिया र खरिद भएका सामानहरूको विवरणः**

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण | दर | खर्च रकम | खर्च प्रक्रिया |
|---|---|---|---|---|---|
| **1.** | Himax Ointment 50 Gram | Tube | 60 | | सोझै |
| **2.** | Dexavet 100 ml | Vil | 60 | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **3.** | Proxivet 100 ml | Vil | 60 | | |
| **4.** | Pop Bandage | Piece | 100 | | |
| **5.** | Betadine 100 ml | vil | 120 | | |
| **6.** | Tr. Iodine 450 ml | Bottle | 60 | | |
| **7.** | Surgical Mask | Piece | 2500 | | |
| **8.** | Surgical Gloves | Pair | 500 | | |
| **9.** | Lime | Kg | 3500 | | |
| **10.** | Phenyle 5 lit. | Jar | 60 | | |
| **11.** | Bleaching Powder | Kg | 100 | | |
| **12.** | Calcium Oral 0.5 Lit | Bottle | 464 | | |
| **13.** | Livol 0.5 Lit | Bottle | 14 | | |
| **14.** | Himax Oint 100 Gm | Tub | 100 | | |
| **15.** | Diarok Pd 250 Gm | Pocket | 200 | | |
| **16.** | Himalayan Battisa 500 gm | Pocket | 200 | | |
| **17.** | Rofoxadin bolus | Box | 16 | | |
| **18.** | Omaprozole | Box | 140 | | |
| **19.** | L-Gon 500 ml | Bottle | 42 | | |
| **20.** | Megafrex | Bottle | 108 | | |
| **21.** | UMMB 1 kg | Piece | 500 | | |
| **Total** | | | | **9,66,000/-** | |

## २.९ जिल्ला कृषि विकास कार्यालय, भक्तपुर

- **विऊ, विजन प्राप्ति र वितरणको विवरण**:- १९.८७८ मे.टन. धान मध्ये १ मे.टन रा.वि.वि.कंपनीबाट प्राप्त र १७.८७८ मे.टन स्थानीय कृषक तथा सहकारीबाट खरिद भएको तथा १ मे.टन धानको प्याकेट प्राप्त भएको ।

  कृषि विकास कार्यालयबाट भएको खरिद प्रक्रिया र खरिद भएका सामानहरूको विवरण:

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण | खर्च रकम रु. | खर्च प्रक्रिया |
|---|---|---|---|---|
| १ | धानको विऊ | १८.८७८ | १६,१२,६२२।- | सोझै |

- **उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरण** :- कृषि सेवाकेन्द्र मार्फत प्रभावित क्षेत्रमा वितरण भएको तर धानको वीऊ राख्ने समय घर्केपछि ढिलो वितरण भएको पाइयो।

## २.१० डिभिजन सडक कार्यालय, भक्तपुर

- **प्राप्त रकम :-** रू.२५,००,०००।-
- **सडक खण्डमा क्षति पुगेको विवरण :-** क्षति पुगेको सडक खण्डमा यातायात सुचारू गर्न परिचालन गरिएका हेभी ईक्वीप्मेण्ट, सवारी साधन तथा अन्य औजारहरूको प्रयोग र खर्चको विवरणः

**इन्धन** - १७,८२,८२४।-

**अपरेटर** - ७,८९,३००।-

**डोजर भाडा** - ४५,८६,८१८।-

**फिर्ता** - ८,७४,०५८।-

## गोरखा जिल्लाः

### १. गोरखा जिल्लामा भूकम्पका कारण भएको मानवीय तथा भौतिक क्षतिको विवरणः

| | |
|---|---|
| मृतक संख्या | ४८६ जना |
| घाइते | १३४८ जना |
| बेपत्ता | १४ जना |
| क्षति भएको घरधुरी संख्या | ६३,८९८ |
| पूर्ण क्षति भएको विद्यालयका कक्षाकोठा | ३०५२ |
| आंशिक क्षति भएको विद्यालयका कक्षाकोठा | ११८५ |
| नोटः२०६८ को जनगणना अनुसार गोरखा जिल्लामा ६६,४५८ घरधुरी रहेको देखिन्छ। | |

**गा.वि.स. अनुसार घरधुरी क्षतिको विवरणः**

| सि.नं. | गा.वि.स. | क्षति भएको घरधुरी संख्या | २०६८ को जनगणना अनुसार घरधुरी संख्या |
|---|---|---|---|
| १. | आँपपिपल | ११४१ | ११२३ |
| २. | आरुआर्वाङ | १२३२ | ९९८ |
| ३. | आरुचनौटे | ९४१ | १०६९ |
| ४. | आरुपोखरी | १२३२ | १०७९ |
| ५. | अश्राङ | ९०१ | ८३१ |
| ६. | बगुवा | ५९८ | ४९४ |
| ७. | बक्राङ | ८८८ | ७२३ |
| ८. | भिरकोट | १२७३ | १३८८ |
| ९. | भुम्लिचोक | ७३७ | ६८५ |
| १०. | बिही | २४० | २०८ |
| ११. | बोर्लाङ | १३७२ | ११७९ |
| १२. | बुंकोट | १५२० | १६०१ |
| १३. | छेकम्पार | २५७ | २६३ |
| १४. | छोप्राक | १६६१ | १५३१ |
| १५. | चुम्चेत | २०४ | २६६ |
| १६. | च्याङ्ली | १३०६ | १५३२ |
| १७. | दर्बुङ | ८७५ | ७६३ |

| | | | |
|---|---|---|---|
| १८. | देउराली | १०२३ | १४२२ |
| १९. | धावा | १०१७ | ८८१ |
| २०. | धुँवाकोट | ९२६ | १११० |
| २१. | फुजेल | १२६७ | ११५३ |
| २२. | गाईखुर | १११२ | १२७६ |
| २३. | गाँखु | ७६९ | ६९४ |
| २४. | घैरुङ | १०१९ | ९६६ |
| २५. | घ्याल्चोक | १३२४ | १२९८ |
| २६. | गुम्दा | ६४५ | ५३५ |
| २७. | हंसपुर | १०५६ | ९२४ |
| २८. | हर्मि | ११०० | ९०७ |
| २९. | जौवारी | ८२७ | ७४० |
| ३०. | काशीगाऊ | ५०८ | ४१४ |
| ३१. | केराबारी | २९९ | ५७२ |
| ३२. | केरौजा | ८४२ | ७७३ |
| ३३. | खरिबोट | ५७५ | ५३८ |
| ३४. | खोप्लाङ | १४८० | १३८७ |
| ३५. | लाप्राक | ६०४ | ५२९ |
| ३६. | लापु | ५०६ | ४५० |
| ३७. | ल्हो | २१४ | २५६ |
| ३८. | मकैसिङ | ५९५ | ५५२ |
| ३९. | मनकामना | १२८० | १३९२ |
| ४०. | मान्वु | १६९३ | १३८८ |
| ४१. | मसेल | १०७५ | १०१५ |
| ४२. | मुच्चोक | ९७६ | ८९९ |
| ४३. | नामजुङ | ८६८ | ८०९ |
| ४४. | पालुङटार न.पा. | १६०३ | २८७४ (पालुङटार र फिनाम गा.वि.स.बाट न.पा. भएको) |
| ४५. | पाँचखुवा देउराली | ५७५ | १०२६ |
| ४६. | पन्द्रुङ | ६२६ | ६६४ |
| ४७. | प्रोक | १४२ | १८७ |
| ४८. | सामागाउँ | ९३ | १९७ |
| ४९. | सौरपानी | १४०० | १३२५ |
| ५०. | श्रीनाथकोट | ९१४ | ७७१ |

| | | | |
|---|---|---|---|
| ५१. | सिमजुङ | ८८६ | ८४१ |
| ५२. | सिर्दिवास | ५९० | ५७२ |
| ५३. | स्वारा | ८२४ | ७८५ |
| ५४. | ताक्लुङ | ११८३ | ११२१ |
| ५५. | ताकुकोट | १०१६ | ९०२ |
| ५६. | ताकुमाझलाकुरीबोट | ६२६ | ५५४ |
| ५७. | तान्द्राङ | ११५५ | १०३८ |
| ५८. | ताङ्लीचोक | ८२३ | ८०२ |
| ५९. | ताप्ले | १२६६ | ११२० |
| ६०. | थालाजुङ | ७०२ | ६८१ |
| ६१. | थुमी | ११४५ | १०८० |
| ६२. | उहिया | ४७९ | ४२७ |
| ६३. | बारपाक | १०३१ | १०६९ |
| ६४. | गोरखा नगरपालिका | ६००० | ८७९३ |

*नोट- पूर्ण क्षति भएका घरधुरीहरुमध्ये ३८५४० घरधुरीलाई नेपाल सरकारले र २५३५८ घरधुरीलाई विभिन्न संघसंस्थाहरुले एकद्वार प्रणालीअनुसार रु.१५,०००।- का दरले राहत रकम वितरण भएको ।*

## २. गोरखा जिल्लाको निकायगत विवरण तथा वस्तुस्थितिः

### क) जिल्ला दैवी प्रकोप उद्धार समिति, गोरखाः

### २.१ जिल्ला दैवी प्रकोप उद्धार कोषमा प्राप्त रकम, खर्च र मौज्दातको विवरणः

प्राप्त रकमको विवरणः

| निकाय र शीर्षक | रकम रु. |
|---|---|
| गृह मन्त्रालयबाट | ६८,०७,००,०००।- |
| जिल्ला विकास समितिबाट | ६०,००,०००।- |
| गोरखा नगरपालिकाबाट | १०,००,०००।- |
| विभिन्न संघसंस्थाबाट चन्दा सहयोग | ३९,८६,२५२।- |

खर्चको विवरणः

| खर्च शीर्षक | खर्च रकम रु. | खर्च प्रक्रिया | कैफियत |
|---|---|---|---|
| त्रिपाल खरिद | ४०,३६,६५८।- | सोझै खरिद | - स्पेसिफिकेशन नबनाई सीधै खरिद गरेको। |
| प्लाष्टिक खरिद | २,२१,८९१।- | सोझै खरिद | ***- एउटै फर्म श्रेष्ठ ब्रदर्शबाट एकै मितिमा २*** |
| खाद्यान्न खरिद | ९,५४,७००।- | सोझै खरिद | |
| इन्धन खरिद | १०,३६,२०६।- | | |

| | | | |
|---|---|---|---|
| विविध (खटिने कर्मचारी, सेना, प्रहरी, सवारी चालकलाई चिया नास्ता तथा खाना आदि) | ६,४२,८६५।- | | ***वटा बिलबाट खरिद गरेको देखिएको।*** |
| स्टेशनरी तथा राहत सामग्री | ३,२८,०९२।- | सोझै खरिद | |
| ढुवानी | ८,२५,१९२।- | प्रयोग भएको गाडीको गाडीधनीको भरपाई | |
| मर्मत | १,६४,८९८।- | | |
| फर्निचर | ४२,१२५।- | | |
| मेशिनरी औजार | १,७०,४९९।- | सोझै खरिद | |
| छपाई | २,९८,८९३।- | | |
| औजार खरिद | ३५,८२८।- | | |
| ज्याला | १३,०००।- | | |
| क्रिया खर्च तथा क्षतिपूर्ति (रु.१ लाख ४० हजारका दरले) | ६,४६,००,०००।- | | |
| राहत (रु.१५ हजारका दरले) | ५७,८१,००,०००।- | | |
| **जम्मा** | **६५,१४,७०,८४७ ।-** | | |

- **जम्मा बाँकी रकम** ४,०२,१५,४०५।-

## त्रिपाल खरिदको दररेटः

*चितवन प्लाष्टिक ट्रेडर्सबाट २०७२।१।२३ मा खरिद, बिल नं. ९२९*

| सि.नं. | विवरण | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | ६x९ त्रिपाल | १८० थान | ३११।०४ | ५५,९८७।२० |
| २ | ९ x१२ त्रिपाल | १४० थान | ६२२।०८ | ८७,०९१।२० |
| ३ | १२ x १५ त्रिपाल | ५४ थान | १०३६।८० | ५५,९८७।२० |
| ४ | १२ x १८ त्रिपाल | ६३ थान | १२४४।१६ | ८७,३८२।०८ |
| ५ | १५ x १८ त्रिपाल | ३४ थान | १५५५।२० | ५२,८७६।८० |
| ६ | १५ x २१ त्रिपाल | ५२ थान | १८१४।४० | ९४,३४८।८० |
| ७ | १८ x २४ त्रिपाल | ५० थान | २४८८।३२ | १,२४,४१६।- |
| ८ | १८ x १७ त्रिपाल | ४८ थान | २७९९।३६ | १,३४,३६९।२८ |
| ९ | १८ x ३० त्रिपाल | ५१ थान | ३११०।४० | १,५८,६३०।४० |
| १० | १८ x ३३ त्रिपाल | ५२ थान | ३४२१।४४ | १,७७,९१४।८८ |
| ११ | १८ x ३६ त्रिपाल | ६ थान | ३७३२।४८ | २२,३९४।८८ |
| १२ | ७२” सादा प्लाष्टिक रोल | १९० के.जी. | २४५।- | ४६,५५०।- |
| **जम्मा — भ्याटसहित** | | | | **१२,३०,५१२।०५** |

श्रेष्ठ ब्रदर्शबाट २०७२।१।२१ मा खरिद, बिल नं. ८०

| सि.नं. | विवरण | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | HDPE त्रिपाल हेभी | १०२०.९ के.जी. | २३६।- | |
| जम्मा — भ्याटसहित | | | | २,७२,२५३।६१ |

श्रेष्ठ ब्रदर्शबाट २०७२।१।२१ मा खरिद, बिल नं. ८०३

| सि.नं. | विवरण | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | HDPE त्रिपाल हेभी | १०७५.५ के.जी. | २३६।- | |
| जम्मा — भ्याटसहित | | | | २,८६,८१४।३४ |

श्रेष्ठ ब्रदर्शबाट २०७२।१।२२ मा खरिद, बिल नं. ८०४

| सि.नं. | विवरण | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | HDPE त्रिपाल हेभी | १०७५.५ के.जी. | २३६।- | |
| जम्मा — भ्याटसहित | | | | २,८६,८१४।३४ |

श्रेष्ठ ब्रदर्शबाट २०७२।१।२३ मा खरिद, बिल नं. ८०५

| सि.नं. | विवरण | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | HDPE त्रिपाल हेभी | १०७५.५४ के.जी. | २३६।- | |
| जम्मा — भ्याटसहित | | | | २,८६,८२५।०१ |

नेपाल सरकार केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट प्राप्त रकम, जिल्ला स्थित अन्य कार्यालयहरूबाट प्राप्त रकम तथा विभिन्न संघ, संस्थाहरूबाट जिल्ला दैवी प्रकोप उद्धार कोषमा रकम संकलन तथा खर्च भएको देखियो। यसरी संकलन भएको रकम जिल्ला दैवी प्रकोप उद्धार समितिले ठूलो परिमाणमा त्रिपाल तथा HDPE प्लाष्टिक सिट खरिद गरेको देखियो।यसरी खरिद गर्दा स्पेसिफिकेशन नबनाई सीधै बजारबाट खरिद गरेको देखिएको र सो को नमूना समेत नराखेको र सम्पूर्ण त्रिपाल वितरण गरिसकेको कारण खरिद गरिएका त्रिपालहरुको गुणस्तर के थियो भन्ने स्पष्ट हुन सकेन। यसरी खरिद गरिएको मूल्य रू.११,८३,९६२।०५ का त्रिपालहरू चितवन प्लाष्टिक ट्रेडर्सबाट खरिद गरको र सो को औषत मूल्य भ्याट सहित रू.६।५४ प्रति वर्ग फिट रहेको पाईयो भने मिति २०७२।१।२१ गते देखि मिति २०७२।१।२३ गते सम्म श्रेष्ठ ब्रदर्शबाट खरिद गरिएको HDPE प्लाष्टिक सिटको जम्मा मूल्य रू.११,३२,७०७।३० तथा औषत मूल्य

प्रति के.जी. रू.२३६।- पर्न आएको देखियो। यसैगरी, मिति २०७२।१।१७ गते जिल्ला दैवी प्रकोप उद्धार समितिले मूल्य रू.१७,६२,१६०।९९ बराबरको टारपोलिन प्रति वर्ग फिट रू.६।४४ मूल्य दरमा सरावगी ब्रदर्शबाट खरिद गरिएको देखिएकोले जिल्ला दैवी प्रकोप उद्धार कोषले खरिद गरेको राहत सामग्रीहरूको फरक फरक मूल्य देखिन आएको र खरिद गर्दा अपनाउनुपर्ने सामान्य प्रक्रियाहरु, जस्तैः- नमूना संकलन, स्पेशिफिकेशन तोक्ने, अनुमानित मूल्य खुलाउने, सम्भव भएसम्म कोटेशनको आधारमा दररेट संकलन गर्ने जस्ता कार्य नगरेको देखिदा सम्बन्धित नियमनकारी निकायहरूबाट थप अनुगमन तथा अनुसन्धान हुनुपर्ने देखिन्छ।

## २.२. राहत सामग्रीहरूको आपूर्ति तथा वितरण नीतिः

केन्द्रीय स्तरबाट प्राप्त, स्थानीय खरिद तथा विभिन्न संघ, संस्थाहरुबाट संकलित राहत सामग्रीहरु जिल्ला दैवी प्रकोप उद्धार समितिबाट निर्णय भई प्राथमिकीकरणको आधारमा स्थानीय स्तरका दलीय संयन्त्र, गाउँ दैवी प्रकोप उद्धार समिति (Village Disaster Rescue Committee-VDRC) र वडा नागरिक मञ्च समेतको सहयोग लिई वितरण गरिएको भन्ने जिल्ला स्थित विभिन्न सरकारी कार्यालयका प्रमुखहरूसँग गरिएको अन्तरक्रियाबाट जानकारी हुन आयो। यसैगरी, जिल्ला स्थित अन्य कार्यालयहरू विशेषगरी नगरपालिका, गा.वि.स. हरूबाट खरिद तथा संकलन गरिएका राहत सामग्रीहरू समेत सम्बन्धित कार्यालयहरूबाट वितरण गरेको देखियो।

## २.३. पीडित पहिचान तथा भौतिक क्षतिको विश्लेषण गर्न लिइएका आधारहरूः

क) पहिलो चरणमा नेपाल प्रहरीको स्थानीय इकाईहरू (ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी) मार्फत जिल्लाको मानवीय तथा भौतिक क्षतिको विवरण संकलन गरिएको भन्ने जानकारी प्राप्त भयो।

ख) दोस्रो चरणमा जिल्लास्थित अधिकृतस्तरका कर्मचारीको नेतृत्वमा टोली खटाई दलीय संयन्त्र समेतको सहयोगमा क्षतिको विवरण संकलन गरिएको भन्ने जानकारी प्राप्त भयो।

ग) तेस्रो चरणमा केन्द्रस्तरबाट खटाइएको प्राविधिक इन्जिनियर र शाखा अधिकृत समेत ५ जनाको टोली बनाई ६० गा.वि.स. र २ वटा न.पा.मा टोली खटाई क्षतिको

मूल्याङ्कन प्रतिवेदन तयार गरिएको र त्यसै प्रतिवेदनमा आधारित रही राहत रकम वितरण गरेको भन्ने जानकारी प्राप्त भएको।

घ) भूकम्प पश्चात् जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठक बसी विपद् व्यस्थापनको जिम्मेवारी पाएका वा जिम्मेवारी दिन सकिने प्रकृतिका विभिन्न स्थानीय संयन्त्र, समिति, मञ्च आदिलाई परिचालन गरिएको।

ङ) गोरखा जिल्लाबाट विपद् व्यवस्थापनको लागि गठन गरिएको समितिहरूः

- १५ सदस्यीय राहत सामग्री संकलन, व्यवस्थापन तथा वितरण समिति
- ५ सदस्यीय स्वास्थ्य सेवा, सम्न्वय तथा व्यस्थापन समिति
- ५ सदस्यीय टेण्ट, पाल खरिद तथा संकलन समिति
- ५ सदस्यीय खाद्यान्न संकलन तथा व्यवस्थापन समिति
- स्थानीय स्तरको दलीय संयन्त्र सहितको समिति
- वडा स्तरमा गठित वडा नागरिक मञ्च

## २.४. खर्च सम्बन्धी विधि प्रकृयाः

- जिल्ला स्थित कार्यालयहरूले जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय तथा निर्देशन अनुसार विपद् व्यवस्थापन, राहत सामग्री लगायतका शीर्षकमा खर्च गरेको तर निर्णय गर्दा के कुन स्थानमा के कति रकम खर्च गर्ने हो बस्तुनिष्ठ आधार उल्लेख गरि निर्णय गरेको देखिएन भने खर्च गरिएको उल्लेखित रकमको सम्बन्धमा सम्बन्धित नियमनकारी निकायहरूबाट समेत अनुगमन भएको देखिएन।
- राहत तथा उद्धार सम्बन्धी अत्यावश्यक वस्तुहरूको खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम संक्षिप्त कार्यबिधी अपनाई अधिकांश खरिद कार्य भएको पाईयो ।
- स्थानीय विकास मन्त्रालयबाट जनसहभागितामा आधारित विकास कार्यक्रम अन्तर्गत गा.वि.स. तथा न.पा. हरूलाई विनियोजित रकम सम्बन्धित न.पा. तथा गा.वि.स.हरूबाट स्थानीय माग तथा स्थानीय संयन्त्रको सिफारिशको आधारमा खर्च गरेको देखियो।
- त्यस्तै, विद्यालयहरुलाई तत्काल राहतका लागि विनियोजित रकम खर्च गर्ने अख्तियारी र लेखापरीक्षण समेत सम्बन्धित विद्यालयबाट हुने गरी सम्बन्धित विद्यालयहरुकै खातामा रकम निकासा गरेको पाईयो।
- खानेपानी तथा सरसफाई, सिंचाइ र भू-संरक्षण सम्बन्धी योजनाहरुमा माग र आवश्यकताका आधारमा सम्बन्धित उपभोक्ता समितिहरुको निवेदन र सम्बन्धित गा.वि.स.को सिफारिशको आधारमा उपभोक्ता समिति मार्फत कार्य भएको पाईयो।

## २.५. राहत सामग्रीको श्रोत र संकलन तथा वितरणको विस्तृत विवरणः

केन्द्रीय निकाय (नेपाल खाद्य संस्थान थापाथाली र नेशनल ट्रेडिङ लिमिटेडको अभिलेखबाट गोरखा जिल्लामा पठाईएका राहत सामग्रीहरूको विवरणः

| सि.नं. | सामग्रीको नाम | परिमाण |
|---|---|---|
| 1 | Rice (Quintal) | 2309 |
| 2 | Salt (Quintal) | 152 |
| 3 | Sugar (Quintal) | 57 |
| 4 | Noodles (Carton) | 10534 |
| 5 | Beaten Rice (Quintal) | 348 |
| 6 | Biscuit (Carton) | 10552 |
| 7 | Tripal/Tent (Pcs/Bundle) | 26136 |
| 8 | Water (Case, Truck) | 646 |
| 9 | Potato (Quintal) | 169 |
| 10 | Wheat/Flour (Quintal) | 125 |
| 11 | Pulse (Quintal) | 92 |
| 12 | Mixed Food (Carton/Kg..) | 5372 |
| 13 | Gud/Shakkhar (Kg/Box) | 222 |
| 14 | Bedsheet/Blanket (Pcs/Bundle/…) | 3398 |
| 15 | Clothes and Accessories (Pcs/Bundle/Cartoon..) | 1140 |
| 16 | Utensils (Pcs/Carton, Bag…Pair) | 363 |
| 17 | Sanitary Items (Box, Carton, Pair, Pcs..) | 333 |
| 18 | Baby Food (Carton, Kg, Bag,….) | 124 |
| 19 | Spices (Pcs, Kg, Box, Carton, Quintal) | 4011 |
| 20 | Medicines (Carton, Box, Pcs, Bag…) | 31 |
| 21 | Juice (Carton, Ltr, Bag,…) | 168 |
| 22 | Tea and Coffee (Pkt, Carton, Bag, ……) | 143 |
| 23 | Oil (Ltr, Kg, Carton, Bag, Pcs) | 344 |
| 24 | Torch, Battery and Solar Items (Pcs, Carton, Box, Bag, …) | 1010 |
| 25 | Transformer and Accessories (Pcs) | 0 |
| 26 | Dalmod and Fried Foods | 2539 |
| 27 | Gas Range/Cylinder (Pcs, Box, Carton) | 306 |
| 28 | Miscellenous (Carton, Box, Pcs, Bag…Kg…) | 2452 |

**भन्सार विभागको अभिलेख बमोजिम भन्सार नाकाहरूबाट सोझै गोरखा जिल्ला पठाईएका राहत सामग्रीहरूको विवरणः**

| सि.नं. | सामानको नाम | सामानको परिमाण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | KG | BAG | BDL | PCS | SET | CTN | PKT | Mtr |
| १ | चामल | १५४०१५ | ७०४ | | | | | | |
| २ | चिउरा | १७३४२ | १०३ | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | **ब्लाङ्केट** | १५३५.५ | ३६ | १२८ | ७६५३४ | | ३ | | |
| ४ | **भाडाकुँडा** | | | | ३९०५६ | २२५० | १३ | | |
| ५ | **मेडिसिन** | ९१३ | | | | | १६६ | ५ | |
| ६ | **मिक्स फुड** | ८५० | | | | | १०४४ | ६१५ | |
| ७ | **टेन्ट त्रिपाल** | ३३९६ | ५० | ३८१ | ८३३०८ | ५५५ | २९४ | ५२ | ५०० |

**जिल्ला दैवी प्रकोप उद्धार समिति, गोरखामा प्राप्त राहत सामग्रीहरूको सामन्जस्यताः**

| राहत सामग्री पठाउने निकाय/ संघसंस्था | त्रिपाल (थान) | चामल (के.जी.) | चिउरा (के.जी.) | चाउचाउ (के.जी.) | ब्लांकेट (थान) |
|---|---|---|---|---|---|
| नेपाल सरकार, केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट पठाइएको परिमाण | २६१३६ | २३०९०० | ३४८०० | क) १०५३४ kg<br>ख) १८०० कार्टन- उद्योग मन्त्रालयबाट | ३३९८ बण्डल/थान |
| केन्द्रबाट पठाइएको राहत सामग्रीहरू जिल्लामा प्राप्तिको अवस्था | २५८६१ | २१८४५९ | ३१३०२ | क) १०४३७ kg<br>ख) १८०० कार्टन- उद्योग मन्त्रालयबाट | ३५५४२ थान |
| | २७५ (नपुग) | १२४४१ (नपुग) | ३८९८ (नपुग) | ९७ (नपुग) | ३२१४४(+) |

केन्द्रबाट उपलब्ध भएको विवरण र जिल्लामा प्राप्त विवरण तुलना गर्दा मुख्य राहत सामग्रीहरुमा केही थपघट भएको पाइयो। सम्बन्धित पदाधिकारीहरुको भनाइ अनुसार राहत सामग्रीको परिमाण घटी बढी हुनाको कारणहरु देहाय बमोजिम रहेको पाईयोः-

१. भूकम्प पश्चात् शुरुका केही दिनहरुसम्म अभिलेख दुरुस्त राख्न नसकेको;
२. हेलिकोप्टरबाट वितरण भएका राहत सामग्रीहरूको विवरण अद्यावधिक नभएको;
३. राहत सामग्रीको अभिलेखिकरण गर्दा केन्द्र तथा स्थानीय निकायहरूले राखेको अभिलेखमा उल्लेख भएको मापन इकाईमा एकरूपता नदेखिएको (जस्तै- के.जी./प्याकेट/बण्डल/थान/बोरा आदि);
४. एउटै सवारी साधनमा भन्सार नाकाबाट गोरखा जिल्ला लगायत अन्य छिमेकी जिल्लाहरु (मकवानपुर, धादिङ्ग र नुवाकोट) को लागि समेत संयुक्त रूपमा राहत सामग्रीहरू पठाईएको तर यसरी संयुक्त रूपमा पठाईएका राहत सामग्रीहरू मध्ये कुन कुन जिल्लालाई कति कति परिमाणमा उल्लेखित सामग्रीहरू प्राप्त भयो भन्ने अभिलेख अद्यावधिक नभएकोले भंसारबाट सीधै बिभिन्न जिल्लाहरूलाई पठाईएको राहत सामग्री र जिल्लाहरूले प्राप्त गरेको सामग्रीहरू वीच सामनजस्यता देखिएन।

## गोरखा जिल्लामा प्राप्त जम्मा राहत सामग्री र वितरणको अवस्थाः

| सामग्रीको विवरण | नेपाल सरकारको श्रोतबाट | संघ-संस्था तथा अन्य निकायबाट | जम्मा संकलन | जम्मा वितरण | मौज्दात सामग्री |
|---|---:|---:|---:|---:|---:|
| चामल (के.जी.) | ३२१४३० | ७५०८७१ | १०७२३०१ | ९५४१०३ | ११८१९८ |
| चिउरा (के. जी.) | ३१३०२ | २५३७४० | २८५०४२ | २८४९५९ | ८३.२ |
| चाउचाउ के.जी. | १४५७३.९ | ३७८३८.४ | ५२४१२.३ | ५२४१२.१ | ०.२ |
| विस्कुट के.जी. | २४८२५ | ४८८७५ | ७३६९९.९ | ७३५६५.४ | १३४.४६ |
| पानी (के.जी.) | ३१०० | ६३९३२ | ६७०३२ | ६५४२७ | १६०५ |
| चिनी ( के.जी.) | २९१४ | १२१३८ | १५०५२ | १४३५३ | ६९९ |
| दाल (के.जी.) | ५५२८ | ६७३६४ | ७२८९२ | ७१७८५ | ११०७ |
| नून (के.जी.) | ४९३० | ९२८३९ | ९७७६९ | ९५१६० | २६०९ |
| भुजा (के.जी.) | ४४६ | २२८३५ | २३२८१ | २३२१३ | ६८ |
| तेल लिटर (१ कार्टुन – ६ लिटर) | ४५२ | ४६४४९.५ | ४६९०१.५ | ४६९०१.५ | ० |
| आलु केजीमा (१ बोरा–५० केजी) | ४०४०० | ९५८७ | ४९९८७ | ४४९३७ | ५०५० |
| आटा केजीमा (१ बोरा–५० केजी) | १७७७७ | २९०६१ | ४६८३८ | ४६७४१ | ९७ |
| त्रिपाल (थान) | ५४२९८ | ५५६९१ | १०९९८९ | ५४७९६ | ५५१९३ |
| म्याट्रेस | ६१३४ | २०६३७ | २६७७१ | ११४६९ | १५३०२ |
| कम्वल (थान) | ४६९९७ | ४५३८४ | ९२३८१ | ५३४३६ | ३८९४५ |
| जस्ता (वण्डल) | ० | ८७७१ | ८७७१ | ८७७१ | ० |
| Generator | ० | १० | १० | ५ | ५ |
| Gas Cylinder | ९९ | ० | ९९ | ० | ९९ |
| Solar Lights (Pics) | १०३२ | ७६७ | १७९९ | ४१३ | ० |

## केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र लगायतले गोरखा जिल्लामा पठाएको राहत सामग्री र गोरखा जिल्लामा प्राप्त कूल राहत सामग्रीको सामनजस्यताः

| सामानको विवरण | | सामानको परिमाण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | KG | BAG | BDL | PCS | SET | CTN | PKT | MTR |
| चामल | केन्द्रबाट पठाईएको | ३८४९१५ | ७०४ | | | | | | |
| | जिल्लामा प्राप्त | १०७२३०१ | | | | | | | |
| टेन्ट/ त्रिपाल | केन्द्रबाट पठाईएको | ३३९६ | ५० | ३८१ | PCS ८३३०८ PCS/BDL २६१३६ | ५५५ | २९४ | ५२ | ५०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्लामा प्राप्त | १०९९८९ | | | | | | | |
| चिउरा | केन्द्रबाट पठाईएको | ५२१४२ | १०३ | | | | | | |
| | जिल्लामा प्राप्त | २८५०४२ | | | | | | | |
| ब्लाङ्केट | केन्द्रबाट पठाईएको | १५३५.५ | ३६ | १२८ | PCS ७६५३४ PCS/BDL ३३९८ | | ३ | | |
| | जिल्लामा प्राप्त | ९२३८१ | | | | | | | |

माथि उल्लेखित तालिकालाई विश्लेषण गर्दा जिल्ला दैवी प्रकोप उद्धार समितिलाई विभिन्न श्रोत (केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र, विभिन्न संघ-संस्था, स्थानीय स्तरबाट संकलित, भंसार कार्यालय) हरूबाट प्राप्त भएको राहत सामग्रीहरूको अभिलेख श्रोतगत रूपमा नराखी राहत सामग्रीहरूको प्रकारको आधारमा एकमुष्ट राखेको पाईएकोले राहत सामग्रीहरूको श्रोत कार्यालयहरूको अभिलेख र जिल्ला दैवी प्रकोप उद्धार समिति, गोरखाले राखेको अभिलेख तुलना गरी अध्ययन गर्न सकिने अवस्था देखिएन।

## ख) जिल्लास्थित अन्य कार्यालयको विनियोजित रकम, खर्च र मौज्दात/फिर्ता रकमः

| निकाय / कार्यालय | विनियोजित रकम | खर्च विवरण | | मौज्दात/ फिर्ता रकम रु. | खर्च प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|---|
| | | शीर्षक | रकम रु. | | | |
| संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट | ५,४०,००,००० | प्रति गा.वि.स. ९ लाखका दरले ६० गा.वि.स.लाई | ५,४०,००,००० | - | मन्त्रालयबाट निकासा भएको हकमा मन्त्रालयको निर्देशन बमोजिम गा.वि.स.हरुलाई खर्च र ले.प. गर्ने गरी पेश्की गएको। | गा.वि.स.बाट भएको खर्चको विवरण संकलनको क्रममा रहेको। |
| | | क्षति मूल्याङ्कन टोली ६९ लाई प्रति टोली रु.२५ हजारका दरले | १७,२५,००० | - | मन्त्रालयको निर्देशानुसार | |

| निकाय / कार्यालय | विनियोजित रकम | खर्च विवरण | | मौज्दात/ फिर्ता रकम रु. | खर्च प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|---|
| | | शीर्षक | रकम रु. | | | |
| जिविसको आन्तरिक श्रोतबाट | १०८९११३ | अबरुद्ध सडक खोल्ने तथा पहिरो पन्छाउने कार्य | १०,८९,११३ | - | साइटको अवस्था अनुसार अबरोध सडक खुलाउन र पहिरो पन्छाउने कार्य भएको । | - DDRC को निर्णय अनुसार जिविसको आन्तरिक श्रोतबाट खर्च भएको। - इञ्जिनियरको नेतृत्वमा खटिएको प्राविधिक टोलीबाट जिल्लास्थित अबरोध सडक खुलाउन, पहिरो पन्छाउन साइटको अवस्था अनुसार कार्य भएको भनी जानकारी प्राप्त भएको। |
| | | जिल्ला दैवी प्रकोप उद्धार समितिलाई निकासा | ६०,००,००० | - | | जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय बमोजिम राहत सामग्री खरिदका लागि। |
| **जम्मा** | **५५०८९११३** | | **१२४८९११३** | - | | |

*नोटः सांसद विकास कोषको रकम भूकम्प पीडित राहतमा खर्च नभएको ।*

## २ गा.वि.स.हरुले खर्च गरेको रू.९ लाख रुपैयाँको विवरण (नमूनाका लागि)

*घ्यालचोक गा.वि.स.ले मसला पसल, शक्तिचोक गोरखाबाट २०७२।०२।१७ मा गरेको खरिद बिल*

| सि.नं. | विवरण | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | चामल - 30 kg per/pac. | ५९५ बोरा | १०५०।- | ६२४७५०।- |

| | | | | |
|---|---|---|---|---|
| २ | खाने तेल - आधा लि.का प्याकेट | ५९५ पोका | ६०।- | ३५७००।- |
| ३ | मुसुरोको दाल | ५९५के.जी. | १५५।- | ९२२२५।- |
| ४ | नुन | ५९५ पोका | १७.२० | १०२३४।- |
| ५ | **ढुवानी खर्च** | | | १४०००।- |
| **जम्मा** | | | | ९०२९०९।- |

*आरुचनौटे गा.वि.स.ले विशाल न्यू किराना स्टोर्स, गोरखाबाट मिति २०७२।०२।१० मा गरेको खरिद बिल*

| सि.नं. | विवरण | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | चामल - 20 kg per/pac. | १२०० बोरा | ७४०।- | ८८८०००।- |
| २ | चामल - 20 kg per/pac. | १६ बोरा | ७५०।- | १२०००।- |
| **जम्मा** | | | | ९०००००।- |

## ३. सिँचाइ विकास डिभिजन कार्यालय, गोरखाः

| निकाय/कार्यालय | विनियोजित रकम | खर्च विवरण | | मौज्दात/फिर्ता रकम रु. | खर्च प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|---|
| | | शीर्षक | रकम रु. | | | |
| ३. | स्थानान्तरण गर्नुपर्ने घाईतेहरू सम्बन्धित अस्पतालसम्म पुर्‍याउन भएको खर्च (एम्बुलेन्स, औषधि ढुवानी आदि) | १,८५,१९६।- | | |
| **जम्मा** | | **७,८५,१७३।-** | | |

**उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरणः-**

जिल्ला जनस्वास्थ्य कार्यालय, नुवाकोटले विभिन्न श्रोतहरूबाट प्राप्त भएको औषधिहरू जिल्लाको मागको आधारमा विभिन्न स्वास्थ्य चौकी, अस्पताल आदिलाई वितरण गरेको

## २.८. जिल्ला अस्पताल, नुवाकोट

**प्राप्त रकमः** ५ लाख

**औषधि प्राप्ति र वितरणको विवरणः-** भूकम्प पीडितहरूको उपचारका लागि भनी विभिन्न ३५ प्रकारका औषधिहरु खरिद गरेको देखिएको।

**जिल्ला अस्पतालबाट खरिद भएका औषधिहरूको विवरणः**

| क्र.सं. | रकम खर्च शीर्षक | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १. | पीडितहरूको उपचारका लागि औषधि खरिद | ५,००,०००।- | **सूचिकृत फर्म मध्ये गोसाईकुण्ड मेडिसिन सप्लायर्स, काठमाडौबाट** |

## २.९. जिल्ला पशु सेवा कार्यालय, नुवाकोटः

**प्राप्त रकमः** नभएको

**क्षेत्रीय पशु सेवा निर्देशनालय मार्फत प्राप्त हुन आएका सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरणः** दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०३।१६ समेतको निर्णयानुसार क्षेत्रीय पशु सेवा निर्देशनालयबाट प्राप्त भएका तपशिलका औषधि र अन्य सामग्रीहरु आवश्यकता अनुसार पीडितहरूलाई वितरण गरेको देखिएको।

तपशिलः

| सि.नं. | विवरण | प्राप्त परिमाण | वितरित परिमाण |
|---|---|---|---|
| १. | गाईभैसीको दाना | ५००० के.जी. | ८ वटा गा.वि.स.का किसानहरुलाई प्राप्त सबै परिमाण वितरण गरिएको। |
| २. | बंगुरको दाना | १००० के.जी. | ९ वटा गा.वि.स. का किसानहरुलाई प्राप्त सबै परिमाण वितरण गरिएको। |
| ३. | बिभिन्न प्रकारका औषधि र अन्य सामग्री समेत | ८६ प्रकारका | विभिन्न प्रभावित क्षेत्रमा सेवा केन्द्र मार्फत वितरण गरिएको। |

## २.१०. जिल्ला कृषि विकास कार्यालय, नुवाकोटः

**प्राप्त रकमः** नभएको

**विउ, विजन प्राप्ति र वितरणको विवरणः**

| सि.नं | विवरण | परिमाण | उपलब्ध गराउने निकाय |
|---|---|---|---|
| १ | विभिन्न जातका धानका वीऊहरु | ६० मे. टन | राष्ट्रिय वीऊ विजन कम्पनी |
| २ | धानका वीऊहरु | २९०० के.जी. | FAO |
| ३ | ग्रेन स्टोरेज व्याग | ८४४० थान | FAO |
| ४ | भेज किट | १०,४०० प्याकेट | राष्ट्रिय वीऊ विजन कम्पनी |
| ५ | तरकारीको वीऊ कम्पोजिट प्याकेट | ३१६० प्याकेट | |

- कृषि तथा पशु सेवा केन्द्रका प्राबिधिक, सुरक्षाकर्मी, गा.वि.स.का प्रतिनिधि, कृषक संजाल समूहका प्रतिनिधि समेत रहेको टोली मार्फत क्षेत्रफलको आधारमा प्रति किसान ५ के.जी.का दरले धानको वीऊ वितरण गरिएको पाईयो।
- कृषि तथा पशु सेवा केन्द्रका प्राबिधिक, सुरक्षाकर्मी, गा.वि.स.का प्रतिनिधि, कृषक संजाल समूहका प्रतिनिधि समेत रहेको टोलीको सिफारिशको आधारमा विभिन्न ४ क्षेत्रका गा.वि.स.हरुमा प्रति परिवार एक प्याकेटका दरले वितरण गरिएको पाईयो।
- कृषि तथा पशु सेवा केन्द्रका प्राबिधिक, सुरक्षाकर्मी, गा.वि.स.का प्रतिनिधि, कृषक संजाल समूहका प्रतिनिधि समेत रहेको टोलीको सिफारिशका आधारमा तरकारीको वीऊबिजन नुवाकोट स्थित कुमरी, भाल्चे, रालुका र शिखरबेसी गा.वि.स.का किसानहरुलाई वितरण गरिएको पाईयो।
- कृषि तथा पशु सेवा केन्द्रका प्राबिधिक, सुरक्षाकर्मी, गा.वि.स.का प्रतिनिधि, कृषक संजाल समूहका प्रतिनिधि समेत भएका टोलीको आधारमा ग्रेन स्टोरेज व्याग बिभिन्न कृषि सेवा केन्द्र मार्फत नुवाकोटका सवै गा.वि.स.हरुमा वितरण गरिएको पाईयो।

## २.११ डिभिजन सडक कार्यालय नुवाकोटः

जिल्लामा भएका सडकको क्षतिको विवरणः- जिल्ला स्थित विभिन्न सडकहरुमा भूकम्पको कारण क्षति भएको भनि भनिएता पनि पूर्ण विवरण प्राप्त नभएको ।

कार्यालयबाट भएको खरिद प्रक्रिया र खरिद भएका सामानहरूको विवरणः-

| सिनं | खर्च रकम | मन्त्रालयमा फिर्ता | खर्चसँग सम्बन्धित शीर्षक | | |
|---|---|---|---|---|---|
| | | | इन्धन खरिद | अपरेटर खर्च | डोजर भाडा |
| १ | ४३,९४,२७४। | ५६,०५,७२६। | ११,९३,९६०।- | ४४,८००।- | ३१,५५,५१४।- |

*नोटः भूकम्पबाट क्षति भएका संरचनाको भग्नावशेष तथा पहिरो हटाउन प्रयोग गरिएको हेभि ईक्विपमेन्टको लोडर अपरेटर भाडा र ईन्धन खर्च समेतमा रु. ४३ लाख ९४ हजार २ सय ७४ रुपैया खर्च गरेको देखिएको र सोको प्रमाणित नेपाली सेनाबाट भएको पाईयो ।*

## २.१२. नेपाल विद्युत प्राधिकरण नुवाकोट वितरण केन्द्रः-

**प्राप्त रकमः** नभएको

**सामान प्राप्ति र वितरणको विवरणः**

| सि.नं. | विवरण | परिमाण | उपलव्ध गराउने निकाय | वितरण |
|---|---|---|---|---|
| १. | ९ मि.को ट्युवलर पोल | १०५ थान | भारत सरकारबाट अनुदान | १०५ थान |
| २. | विभिन्न क्षमताको ट्रान्सफर्मर | १३ थान | भारत सरकारबाट अनुदान | १२ थान |
| ३. | ९५ स्क्वायल एम.एम.को ए.बि. केवल | १४०० मि. | भारत सरकारबाट अनुदान | वितरण नभएको |

भारत सरकारबाट अनुदान स्वरुप प्राप्त हुन आएका ९ मि.का ट्युवलर पोलहरु बिदुर नगरपालिका लगायत अन्य गा.वि.स.हरुमा आवश्यकता अनुसार वितरण भएको; विभिन्न क्षमताका ट्रान्सफर्मरहरु १३ थान मध्ये १२ थान वितरण भएको र १ थान भण्डारमा रहेको; त्यसैगरी ९५ स्क्वायल एम.एम.को ए.बि. केवल १४०० मि. सम्पूर्ण भण्डारमा रहेको पाईयो।

## २.१३. सिंचाई विकास डिभिजन कार्यालय, नुवाकोटः-

**प्राप्त रकमः** ५३ लाख।

**क्षतिको विवरणः** रसुवा र नुवाकोटका विभिन्न १२ वटा सिंचाई योजनाहरुमा क्षति पुगेको भन्ने प्रारम्भिक अनुमान रहेको ।

<u>सिंचाई विकास डिभिजन कार्यालय, नुवाकोटबाट भएको खरिद सम्बन्धी विवरणः</u>

| क्र.सं. | रकम खर्च शीर्षक | खर्च रकम | खर्च प्रक्रिया |
|---|---|---|---|
| १. | सिंचाई कुलो संरक्षण कार्य समेत | ४३,६२,६७८।- | उपभोक्ता समिति मार्फत |
| २. | कन्टिन्जेन्सी रकमबाट कार्यालय गाडी मर्मत गरिएको | २,३०,०००।- | सोझै खरिद |

**उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरणः-**

नुवाकोटका १० वटा र रसुवाका ४ वटा सिंचाई आयोजनाको मर्मतको लागि बजेटको सिलिङ्ग तोकी आए बमोजिम पेश भएका अनुमानित लागतको आधारमा रु. ५३,००,०००।- विनियोजन हुन आएको। जिल्ला दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०३।२५ समेतको निर्णयानुसार विभिन्न सिंचाई कुलोहरुको तत्काल मर्मत गर्नको लागि आवश्यक निर्माण सामग्रीहरू खरिद गरी निर्माण कार्य सम्पन्न गर्न उपभोक्ता समितिहरुसँग सम्झौता गरी अनुदान रकम उपलव्ध गराईएको। उपभोक्ता समितिहरुले प्राप्त गरेको उल्लेखित रकमबाट कार्य सम्पन्न गर्दा निर्माता/स्थानीय सप्लायर्सहरुबाट सामान खरिद गरेको देखियो।यसैगरी, उपभोक्ता समितिहरूले उल्लेखित सम्झौता बमोजिमको कार्य गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने उदेश्यले नमूनाको रूपमा दर्शनटार सिंचाई आयोजनामा गई हेर्दा सम्झौता बमोजिमको कार्य भएको पाईयो।

# रसुवा जिल्लाः

रसुवा जिल्लामा १ संसदीय निर्वाचन क्षेत्र, १८ गा.वि.स. रहेको र २०७२ बैशाख १२ गतेको बिनासकारी भूकम्प तथा त्यसपछिका पराकम्पनबाट जिल्लामा ६३८ जनाले ज्यान गुमाएका, ५५ वटा विद्यालय र पूर्ण र आंशिक गरी ११,९२७ घर क्षति भएको पाईयो।

## १. भूकम्प पीडितहरूको लागि राहत सामग्रीहरू सम्बन्धमाः

### १.१ राहत सामग्रीको श्रोत र प्राप्तिको विस्तृत विवरणः

केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र (नेपाल खाद्य संस्थान थापाथली र नेशनल ट्रेडिङ लिमिटेडको अभिलेख) बाट जिल्ला दैवी प्रकोप उद्धार समिति, रसुवालाई पठाईएका राहत सामग्रीको विवरणः

| सि.नं. | राहतसामग्रीकोनाम | परिमाण |
|---|---|---|
| 1 | Rice (Quintal) | 1655 |
| 2 | Salt (Quintal) | 59 |
| 3 | Sugar (Quintal) | 50 |
| 4 | Noodles (Carton) | 5231 |
| 5 | Beaten Rice (Quintal) | 234 |
| 6 | Biscuit (Carton) | 3099 |
| 7 | Tripal/Tent (Pcs/Bundle) | 8590 |
| 8 | Water (Case, Truck) | 40 |
| 9 | Potato (Quintal) | 75 |
| 10 | Wheat/Flour (Quintal) | 315 |
| 11 | Pulse (Quintal) | 27 |
| 12 | Mixed Food (Carton/Kg..) | 171 |
| 13 | Gud/Shakkhar (Kg/Box) | 141 |
| 14 | Bedsheet/Blanket (Pcs/Bundle/…) | 5443 |
| 15 | Clothes and Accessories (Pcs/Bundle/Cartoon..) | 133 |
| 16 | Utensils (Pcs/Carton, Bag…Pair) | 1061 |
| 17 | Sanitary Items (Box, Carton, Pair, Pcs..) | 7199 |
| 18 | Baby Food (Carton, Kg, Bag,….) | 61 |
| 19 | Spices (Pcs, Kg, Box, Carton, Quintal) | 172 |
| 20 | Medicines (Carton, Box, Pcs, Bag…) | 93 |
| 21 | Juice (Carton, Ltr, Bag,…) | 0 |
| 22 | Tea and Coffee (Pkt, Carton, Bag, ……) | 14 |
| 23 | Oil (Ltr, Kg, Carton, Bag, Pcs) | 154 |
| 24 | Torch, Battery and Solar Items (Pcs, Carton, Box, Bag, …) | 46 |
| 25 | Transformer and Accessories (Pcs) | 0 |
| 26 | Dalmod and Fried Foods | 129 |
| 27 | Gas Range/Cylinder (Pcs, Box, Carton) | 0 |
| 28 | Miscellenous (Carton, Box, Pcs, Bag…Kg…) | 5291 |

**भन्सार विभागको अभिलेख बमोजिम विभिन्न संघ-संस्था तथा व्यक्तिहरूले भन्सार नाकाहरूबाट सोझै रसुवा जिल्ला लिईगएका राहत सामग्रीको विवरणः**

| सि.नं. | सामानको नाम | सामानको परिमाण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | KG | BAG | BDL | PCS | SET | CTN | PKT |
| १ | चामल | २४४२० | ११५ | | | | | |
| २ | चिउरा | ११८५० | | | | | | |
| ३ | ब्लाङ्केट | | ६० | ५६५ | २६८४ | | | |
| ४ | भाडाकुँडा | | | | ४०१ | | | |
| ५ | औषधिजन्य | ११०४.५ | | | | | १९ | |
| ६ | मिक्स फुड | | | | | | ५४१ | २० |
| ७ | टेन्ट त्रिपाल | | | १४० | ७४०० | ३२ | | २६ |

**केन्द्रबाट प्राप्त राहत सामग्री र जिल्लाबाट वितरण भएको राहत सामग्रीहरू वीचको समान्जस्यताः**

नेपाल सरकारको केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र, विभिन्न संघ-संस्थाहरू र स्थानीय स्तरमा संकलन तथा खरिद गरी प्राप्त राहत सामग्रीहरु जिल्ला दैवी प्रकोप उद्धार समिति, रसुवामा जम्मा वा जानकारी गराई ३ वटा राहत वितरण स्थलमा पठाउने गरेको र सोको अभिलेख जिल्ला दैवी प्रकोप उद्धार समितिले अद्यावधिक गरेको पाईयो। साथै, उल्लेखित राहत सामग्रीको अभिलेख केही हदसम्म जिल्ला दैवी प्रकोप उद्धार समिति, रसुवाले व्यवस्थित गर्न खोजेको भए तापनि केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र (केन्द्रीय गोदाम) र जिल्ला दैवी प्रकोप उद्धार समितिको अभिलेखमा यकिन परिमाण खुल्न सक्ने तथा एकरुपता नपाईएको र दुईवटा परिमाण बीच अन्तर देखिएको हुँदा केन्द्रीय गोदामबाट रसुवा पठाईएका राहत सामग्रीहरू र प्राप्त गरेको राहत सामग्री बीच तुलना गरी परिमाण यकिन गर्न सक्ने अवस्था देखिएन।

**जिल्ला दैवी प्रकोप उद्धार समिति, रसुवाले प्राप्त गरेको मुख्य-मुख्य राहत सामग्रीको तुलनात्मक विवरणः**

| सि. नं. | राहत सामग्री पठाउने निकाय/ संघसंस्था | त्रिपाल (थान/बण्डल) | ब्ल्याङ्केट (थान/बण्डल) | चिउरा (के.जी.) | चामल (के.जी.) |
|---|---|---|---|---|---|
| १. | केन्द्रबाट रसुवा जिल्लामा पठाइएको राहत सामग्री | ८५९० | ५४४३ | २३४०० | १६५५०० |
| २. | जिल्लामा प्राप्त हुन आएको राहत सामग्री (संघ-संस्थाबाट प्राप्त गरेको समेत) | १९११० | २७३४० | १०१३०० | १२१५९०० |

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट जिल्ला दैवी प्रकोप उद्धार समिति, रसुवालाई १६५५०० के.जी. चामल पठाएको देखिन्छ भने उल्लेखित जिल्लामा सो परिमाण भन्दा बढी चामल अर्थात १२१५९०० के.जी. चामल प्राप्त गरेको देखिन्छ। त्यस्तै, केन्द्रीय अभिलेख अनुसार रसुवा जिल्लाका लागि ८५९० बन्डल/पिस त्रिपाल पठाएको देखिन्छ भने उल्लेखित जिल्ला १९११० ले पिस त्रिपाल/टेन्ट प्राप्त गरेको देखिन्छ। यसरी केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र तथा जिल्ला दैवी प्रकोप उद्धार समितिले राखेको अभिलेखमा एकरुपता नभएको र अद्यावधिक गरिएको अभिलेखमा यकिन परिमाण खुल्न नसक्ने हुँदा केन्द्रले पठाएको र जिल्लाले प्राप्त गरेको राहत सामग्रीको तुलनात्मक अध्ययन गर्न कठिन देखियो।

## १.२ राहत सामग्रीहरूको वितरणको प्रक्रिया र वितरणको स्थितिः-

- जिल्ला दैवी प्रकोप उद्धार समितिमा संकलन भएको राहत सामग्रीहरू सकेसम्म एकद्वार प्रणाली अपनाई स्थानीय संयन्त्र (वडा नागरिक मञ्च) बाट वितरण गरिएको तथा राहत वितरण कार्यमा स्थानीय स्तरमा गठित सर्वदलीय समितिले समेत संयोजनकारी भूमिका निर्वाह गरेको पाईयो।

## १.३ वितरण प्रक्रिया र सदुपयोग बारे पीडितहरूको प्रतिक्रियाः

- रसुवा जिल्लाका भूकम्प पीडितहरुले राहत वापतका रकम तथा सामग्रीहरु प्राप्त नगरेको भन्ने सम्बन्धमा कुनै गुनासाहरु रहेको नपाईएको तर केही पीडितहरूले राहत सामग्री दोहोर्याएर लिएको भन्ने स्थानीयहरूको प्रतिक्रिया रहेको पाईयो।

- शुरूका दिनमा स्थानीय संयन्त्र (वडा नागरिक मञ्च, गा.वि.स. सचिव, राजनैतिक दलका प्रतिनिधि आदि) र पछिल्लो समयमा केन्द्रबाट खटिएको प्राबिधिक टोलीले तयार गरेको क्षतिको मूल्यांकन तथा पीडितहरुको संख्यामा फरक परेकोले राहत रकम वितरणमा समस्या परेको देखिएको।

- केन्द्रबाट क्षतिको मूल्यांकन गर्न खटिएको प्राबिधिक टोलीले सबै स्थानमा स्थलगत अनुगमन नगरी पायक/अनुकुल स्थानमा बसी स्थानीय व्यक्तिहरुको भनाई कै आधारमा क्षति तथा पीडितको विवरण संकलन गरेको भन्ने विवाद रहेकोले राहत रकम वितरणमा समस्या रहेको भन्ने प्रमुख जिल्ला अधिकारी समेतको भनाई रहेको पाईयो ।यस्तै, केही गा.वि.स.हरूमा वास्तविक पीडित छुटेको, आंशिक क्षति पुग्नेको हकमा पनि पूर्ण क्षति भएको भनी भूकम्प पीडित परिचय पत्र सच्याएको पाईयो।

- रसुवा जिल्लाका केही गा.वि.स.हरू (लाङटाङ्ग, डाँडागाउँ, हाकु आदि) पूर्ण रूपमा क्षति भएको र उल्लेखित गा.वि.स.का स्थायी बासिन्दाहरू अन्यत्र गा.वि.स.मा गई अस्थायी बसोबास गर्नेको हकमा अभिलेख हेरी राहत रकम वितरण गर्ने गरिएको तर सम्बन्धित क्षति पुगेका गा.वि.स.हरूबाट निजहरूको हकमा सिफारिश नभएको कारण राहत रकम नपाएको भन्ने निजहरूको गुनासो रहेको पाईयो।

- सगोलमा रहेका एकै परिवार समेतले भूकम्प पश्चात् छुट्टिई भिन्न भएको वा सम्वन्ध बिच्छेद गरेको दाबी गरी बढी घर संख्या समेत देखाई राहत रकम लिएको भन्ने गुनासो रहेको।

- राहत स्वरूप प्राप्त खाद्यान्न लगायतका सामग्रीहरू धैवुङ गा.वि.स., कालिकास्थान स्थित कालिका हिमालय उच्च मा.वि.मा भण्डारण गरी राखेको तर उल्लेखित सामग्रीहरूको उचित व्यवस्थापन हुन नसकेको कारण तत्कालै वितरण गर्नुपर्ने भन्ने स्थानीयको माग रहेको।

- राहत सामग्रीहरू पीडितले समयमै प्राप्त गर्न नसकेको तथा सामग्रीहरूको वितरण सडक पहुँच भएका बस्तीहरूमा बढी केन्द्रीत भएको पाईएको।

## १.४ श्रोत, प्राप्ति र वितरणमा देखिएका अनियमितता वा दुरूपयोगः

- रसुवा जिल्ला स्थित धैवुङ्ग गा.वि.स. मा राजनीतिक दल एवं वडा नागरिक मञ्चको सिफारिशमा **भूकम्प पीडित परिचय पत्र वर्ग 'ख'** लिएको भूकम्प पीडितलाई **भूकम्प पीडित परिचय पत्र वर्ग 'क'** बनाई जारी गरेको ७९ वटा भूकम्प पीडित परिचय पत्रको सम्बन्धमा सिफारिश कर्ता, उक्त परिचयपत्र जारी गर्ने गा.वि.स.सचिव एवं उक्त परिचय पत्र लिने व्यक्तिले अनियमितता गरेको देखिएको।
- जिल्ला दैवी प्रकोप उद्धार समितिबाट वितरण गरिएको राहत रकम झुठ्ठा विवरण पेश गरी केही व्यक्तिहरूले बुझेको देखिएकोले सो सम्बन्धमा अनुसन्धान गरी दोहोरो तथा गैरपीडितहरूले बुझेको रकम रू. ७,१७,०००।- फिर्ता गरेको देखियो।
- जिल्ला विकास समिति, रसुवाद्वारा राहत सामग्री लोड अनलोड गरे वापतको शीर्षकमा खर्च गरिएको रकम रू. २,३८,०१४।- को भर्पाईमा गरिएका हस्ताक्षरहरू शंकास्पद देखिएको र एकै व्यक्तिले १६ घण्टा समेत काम गरेको देखिएकोले उल्लेखित कार्यालयबाट गरेको खर्च वास्तविक रहेको नदेखिएको।
- जिल्ला विकास समिति, रसुवाले भूकम्प पीडितको लागि खाद्यान्न खरिदमा पेश गरेको विजक भूकम्प गएकै मिति २०७२।०१।१२ गते उल्लेख भएको देखिदाँ उक्त मितिमा खरिद गरिएको रू.३३,६००।- बराबरको खर्च रकम शंकास्पद देखियो।
- भूकम्प पीडित राहत केन्द्र, कालिकास्थानको राहत सामग्री लिई आउने ट्रकका चालक र अन्य व्यक्तिहरुलाई होटलबास र खाना वापत भूक्तानि भएको रु. ४४,५००।- दिएको तर त्यस्तो खर्च गर्ने अख्तियारी निर्णयमा संलग्न भएको नदेखिएको।
- जिल्ला विकास समिति, रसुवाले त्रिपाल शीर्षकमा रु.१८,१९,४८०।- खर्च गरेको देखिएको; त्रिपाल खरिद भनिएकोमा Tarpauline वर्ग फिटमा खरिद गरेको देखिएको, उक्त Tarpauline को Invoice मा हातले लेखी बिभिन्न साईज उल्लेख गरी संख्या समेत तोकी "For Earthquake Victim" भनी उल्लेख भएको हुंदा निःशुल्क प्राप्त हुन आएको हो वा खरिद गरी प्राप्त गरेको हो भनी यकिन हुन नसकेको साथै त्रिपालको GSM समेत उल्लेख भएको नदेखिएको।

- जिल्ला शिक्षा कार्यालय, रसुवा मार्फत जिल्लाका विद्यालयहरुलाई अस्थायी सिकाई कक्षा (Temporary Learning Centre- TLC) निर्माण शीर्षकमा रकम निकासा गरेको देखिएता पनि जिल्ला शिक्षा कार्यालयले खाता रोक्का राखेको देखिदा हालसम्म सरकारी खर्चमा कुनै पनि अस्थायी सिकाई कक्षा निर्माण भएको नदेखिएको।

## २.प्राप्त रकमको खर्च तथा मौज्दात विवरणः

### २.१ जिल्ला दैवी प्रकोप उद्धार समितिः

| क्र.सं. | रकम विनियोजन गर्ने निकाय | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १. | केन्द्रीय दैवी प्रकोप उद्धार समिति | ३०,०८,००,०००।- | |

**जिल्लाबाट वितरित राहत रकमको शीर्षकगत विवरणः-**

| क्र.सं | रकम खर्च शीर्षक | परिमाण /संख्या | दर | खर्च रकम | खर्च प्रक्रिया |
|---|---|---|---|---|---|
| १. | मृतक परिवारलाई राहत | ४१७ | १,००,०००।- | ४,१७,००,०००।- | केन्द्रीय निर्णय |
| २. | काजकिरिया खर्च | ६२२ | ४०,०००।- | २,४८,८०,०००।- | केन्द्रीय निर्णय |
| ३. | घर क्षति राहत (पूर्ण क्षति) | ११,४४० | ५,०००।- | ५,७२,००,०००।- | केन्द्रीय निर्णय |
| ४. | घर क्षति राहत (आंशिक क्षति) | २६२ | ३,०००।- | ७,८६,०००।- | केन्द्रीय निर्णय |
| ५. | अस्थायी आवास निर्माण खर्च | ९,५१५ | १५,०००।- | १४,२७,२५,०००। | केन्द्रीय निर्णय |
| ६. | खाद्यान्न राहत | ११,७४६ | २,०००।- | २,३४,९२,०००।- | केन्द्रीय निर्णय |

***नोटः*** *नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार मृतकको किरिया खर्चको लागि रू. ४०,०००।— र मृतकको पीडित परिवारलाई रू.१ लाखका दरले रकम वितरण गरिएको र पूर्ण घर क्षति भएको भनी केन्द्र तथा जिल्लाबाट खटिएका प्राविधिक टोलीको सिफारिशको आधारमा रू. १५,००० तथा भूकम्प पीडित परिचय पत्र वितरण गरिएको पाईयो।*

### २.२ जिल्ला प्रशासन कार्यालय, रसुवा

**राहत रकम फिर्ताको विवरणः**

| सि.नं. | गा.वि.स. | संख्या | दर (रू.) | जम्मा रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | धुन्चे | ३१ | ७०००।- | २,१७,०००।- | |
| २. | भोर्ले | ६ | ७,०००।- | ४२,०००।- | |
| | | २ | ५,०००।- | १०,०००।- | |
| ३. | लहरेपौवा | ९ | ७,०००।- | ६३,०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | धैवुङ | | ७,०००।- | ३,५८,०००।- | |
| | | | ५,०००।- | | |
| | | | २,०००।- | | |
| ५. | चिलिमे | | | ५,०००।- | |
| ६. | सरमथली | | | २२,०००।- | |
| **जम्मा** | | | | **७,१७,०००।-** | |

- रसुवा जिल्ला स्थित धैवुङ्ग गा.वि.स. मा वितरित ७९ थान **"भूकम्प पीडित परिचय पत्र-२०७२"** राजनीतिक दल एवं वडा नागरिक मञ्चको सिफारिश (दवाव) मा 'ख" वर्गलाई सच्याई "क" वर्ग वनाई वितरण गरेको पाई आयोगको अनुगमन टोलीले नियन्त्रणमा लिएको।

- २०६८ सालको जनगणना र भूकम्पबाट क्षति भएका घर संख्याको तुलनात्मक विवरणः
  २०६८ सालको जनगणना अनुसार रसुवा जिल्लाको घर धुरी संख्या ९७७८ रहेकोमा मिति २०७२।१।१२ को भूकम्प पश्चात् सो जिल्लाको पूर्ण क्षति ११,९२७ र आंशिक क्षति २३ गरी जम्मा क्षति भएको घरको संख्या ११,९५० पुगेको देखिएको।

| सि.नं. | गा.वि.स | घरधुरी संख्या (२०६८ अनुसार) | परिचयपत्र वितरण (२०७२।०१।१२ को भूकम्प पछि ) | | मृतक संख्या (२०७२।०६।१३सम्म) | | घाईते संख्या (२०७२।०६।१३ सम्म ) | | वेपत्ता संख्या (२०७२।०६।१३ सम्म ) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूर्णक्षति | आंशिक क्षति | स्वदेशी | विदेशी | स्वदेशी | बिदेशी | स्वदेशी | विदेशी |
| १. | चिलिमे | ३४० | ४१७ | ९ | २ | - | २४ | - | - | - |
| २. | टिमुरे | १३० | १०९ | १ | १२ | २ | ३८ | - | १६ | - |
| ३. | हाकु | ४४३ | ७२५ | १ | ४० | - | ३९ | - | - | - |
| ४. | थुमन | २३९ | ३१६ | | ४ | - | - | - | - | - |
| ५. | भोर्ले | ११८४ | १४३१ | ७ | ३४ | - | ७१ | - | - | - |
| ६. | सरमथली | ८२१ | १०२१ | - | ३८ | - | २९ | - | - | - |
| ७. | ठुलोगाउँ | ३१७ | ३९८ | १ | ५५ | - | ३४ | - | - | - |
| ८. | यार्सा | ८२० | ९४० | ४ | २९ | - | ७१ | - | १ | - |
| ९. | लाङटाङ | १५२ | ११६ | - | १७८ | २० | - | - | ८४ | २१ |
| १०. | स्याफ्रु | ६२१ | ८३१ | - | ९ | १ | ६१ | - | - | - |
| ११. | बृध्दिम | १६१ | १७७ | - | ७ | - | ४० | - | - | - |
| १२. | गत्लाङ | ४०० | ५२० | - | ५ | - | ३० | - | - | - |
| १३. | राम्चे | ४८९ | ५८७ | - | ३१ | - | ८ | - | - | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४. | धैवुङ | ११०९ | १३३५ | - | २४ | - | ३६ | - | - | - |
| १५. | गोल्जुङ | २६९ | २८७ | - | ३ | - | ३३ | - | - | - |
| १६. | धुन्चे | ७१४ | ६३५ | - | १५ | - | ४६ | - | - | - |
| १७. | लहरेपौवा | १०५३ | १४९५ | - | ४९ | - | ५२ | - | १ | - |
| १८. | डाँडागाउँ | ४७९ | ५८७ | - | १०३ | - | ६९ | - | १० | - |
| **जम्मा** | | ९७७८ | ११,९२७ | २३ | ६३८ | २३ | ६८१ | - | ११२ | २१ |

## २.३ जिल्ला विकास समितिको कार्यालय, रसुवा

| क्र. सं. | कार्यालयको नाम | बिनियोजन | खर्च रकम | बाँकी / मौज्दात रकम |
|---|---|---|---|---|
| १. | जिल्ला बिकास समितिको कार्यालय, रसुवा | ५०,००,०००।- | ५७,३१,५१६।- (रोयल्टी बापतको रकम मध्यबाट खर्च) | ७,३१,५१६।- बढी खर्च भएको। |

- जिल्ला बिकास समिति रसुवाको रोयल्टी व्यवस्थापन तथा वितरण शीर्षकबाट रु. ५०,००,०००।- खर्च गर्ने निर्णय भएकोमा लोड अनलोडमा रु.२,३८,०१४।-, ईन्धनमा ४,०३,४९४।-, ढुवानीमा ५,६३,९०५।-, खानाखाजामा १,२२,१२५।-, स्टेशनरीमा १,९४,७०१।-, खाद्यान्न खरिदमा ७,५०,६०७।-, त्रिपाल खरिदमा १८,१९,४८०।-, दै.भ्र.भत्तामा २,२७,३४५।-, पीडित सहयोगमा ३,९४,०००।-, विविधमा २८,३४०।-, छपाईमा १,९०,१७९।-, गल/पिक खरिदमा ४,५७,९७१।-, एम्बुलेन्समा ४१,३५५।- र प्राविधिक टोलीको खर्चमा ३,००,०००।- खर्च गरेको देखिएको। यसरी जि.वि.स.ले राहत सामग्री खरिद गर्दा खर्च गरेको रकम मध्ये त्रिपाल खरिद गरेको विलमा For Earthquake Victim उल्लेख गरेको पाईएको र लोड अनलोड शीर्षकमा एकै दिनमा एकै व्यक्तिले ८ घण्टाका दरले २ सिफ्टमा काम गरेको र तिनै व्यक्तिहरुलाई राहत वितरण अवधि भरको लागि भुक्तानी गरिएको खर्चलाई स्वभाविक मान्न सकिएन।
- उल्लेखित राहत सामग्रीहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) बमोजिम छोटो प्रक्रियाद्वारा सोझै बजारबाट खरिद गरेको पाईयो।

**प्रत्येक गा.वि.स.लाई विनियोजित रकमको खर्चको स्थितिः-**

रसुवा जिल्लामा रहेका १८ वटा गा.वि.स.हरुलाई LGCDP कार्यक्रम अन्तर्गत निकासा भएको रकम रू. ९,००,०००।- (प्रति गा.वि.स.) को तुलनात्मक विवरणः

| निकाय | सामग्री | परिमाण | खर्च रकम | खर्च प्रक्रिया | बिक्रेताको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. बृध्दिम | जस्तापाता | ७६१९.९ वर्ग फिट | रु.८,७८,२६९।६७ | सोझै | सागर ईन्टरप्राईजेज बालाजु | |
| | ढुवानी | - | रु.३१,०००।- | | | |
| २. लाङटाङ | चामल | ६८८ बोरा | रु.७,९१,१६०।- | सोझै | बजरंग स्टोर्स ढुङ्गे नुवाकोट | |
| | आयोनून | ५०० पन | रु. ८,५००।- | | | |
| | तेल | १२० लि. | रु. १५,६००।- | | | |
| | ढुवानी खाना र स्टेशनरी | - | रु.८४,७४०।- | | | |
| ३. गोल्जुङ | चामल | ३३० वोरा | रु.४,३९,२३०।- | सोझै | शुभलाभ स्ट्टोर्स ढुङ्गे | |
| | खानेतेल | ३३० बाक्सा | रु.३,७९,५३३।- | | | |
| | ढुवानी | - | रु.३६,२७०।- | | | |
| | सरसफाई | - | रु.४५,०००।- | | | |
| ४. गत्लाङ | चामल | ५९५ बोरा | रु.८,१८,१२५।- | सोझै | बजरंङ्ग स्टोर्स र गणपति स्टोर्स ढुङ्गे नुवाकोट | |
| | ढुवानी | | रु.७१,४००।- | | | |
| | खानाखाजा | | रु.१०,४७५।- | | | |
| ५. धुन्चे | चिनी | २९८० kg | रु. १,७३,३४५।- | सोझै | भट्ट सप्लायर्स नुवाकोट र श्रेष्ठ सप्लायर्स धुन्चे | खर्च भएको कुल रकममा रु.४०९५१।८० को बिल देखिएन |
| | तेल | २८७२ प्याकेट | रु. ३,१६,८८०।- | | | |
| | आयोनून | ८२० प्याकेट | रु. १७,६९०।- | | | |
| | चियापत्ति | ३५८ kg | रु. १,१७,६००।- | | | |
| | ढुवानी घरभाडा | | रु. १,५४,८००।- | | | |
| ६. राम्चे | चामल | ६५० बोरा | रु. ७९,६२५०।- | सोझै | शुभलाभ स्टोर्स नुवाकोट | |
| | ढुवानी | | रु.४५,८००।- | | | |
| | स्टेशनरी र खाना | | रु.५७,९५०।- | | | |
| ७. हाकु | खाने तेल | १५८४ लि. | रु.१,७१,७०५।६० | सोझै | | २८६९९।०७ पैसा थप भ्याटमा खर्च गरेको । |
| | सावुन | ३१६८ पिस | रु.४९,०५६।४८ | | | |
| | नून | १५८४ पोका | रु.२६,९२८।- | | | |
| | दाल | १५८४ kg | रु.२,५३,४४०।- | | | |
| | मसला | ७९२ kg | रु.२,६९,२७५।५६ | | | |
| | ढुवानी र घरभाडा | | रु.८१,०००।- | | | |
| | खाना | | रु.१८,५७६।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. स्याफ्रु | जस्ता | २६ गेज ९ फुटे ९० बण्डल | रु.७,६५,८८१।- | सोझै | बैद्य ईन्टरनेशनल धुन्चे | |
| | ढुवानी / अनलोड | | रु.५०,०००।- | | | |
| | बाटो खुलाउन | | रु.५०,०००।- | | | |
| | खाना खर्च | | रु.३४,१९९।- | | | |
| ९. यार्सा | चामल | २२० बोरा | रु.२,५३,०००।- | सोझै | बजरङ्ग स्टोर्स ढुङ्गे नुवाकोट | रु. ९०००००।( मध्ये रु.७५३७४२।५१ को बिल भौचर फेला परेको वाँकी रु.१४६२५७।४९ को बिल भौचर नदेखिएको । |
| | बिभिन्न साईजका HDP पाईप | ८१०० मी. | रु.२,२५,१५५।८९ | | बज्ररङ्ग सप्लायर्स बट्टार | |
| | ह्यान्ड व्लाडर मेशिन | ५ वटा | रु.१९,२०४।३५ | | गौतम ओभरसिज टेकु | |
| | पानी ट्याङ्की | १००० लि.को ३ थान | ३५,९१०।२७ | | जगदम्वा बट्टार | |
| | ढुवानी खर्च | | रु.१४,५५६२।- | | | |
| | खाना खर्च | | रु. ७४,९१०।- | | | |
| १०. चिलिमे | तेल | ९४ बाक्सा | रु.१,१२,८००।३३ | सोझै | भट्ट सप्लायर्स ढुङ्गे | |
| | चामल | ४७० बोरा | रु. ७,२८,५००।- | | | |
| | आयोनून | १९ बोरा | रु.१९,०००।- | | | |
| | ढुवानी | | रु. ३९,९००।- | | | |
| ११. भोर्ले | १६/२० mm HDP पाईप | | रु.२,१४,७३३।९० | | जगदम्वा प्लाष्टिक ईन्डस्ट्रिज चितवन | रु. ९०००००।- मध्ये रु.८१७०६४।९२ को बिल भौचर फेला परेको वाँकी रु.८२९३५।०८ को बिल भौचर नदेखिएको । |
| | बाल्टिन जग | १५०० सेट | रु.४,९५,००१।०२ | सोझै | बैद्य ईन्टरनेशनल धुन्चे | |
| | ढुवानी | | रु.६५,८००।- | | | |
| | खानाखर्च / स्टेशनरी | | रु.४१,५३०।- | | | |
| १२. डाँडागाउ | चामल | ६४० बोरा | रु.७,२०,०००।- | सोझै | कालिका मार्केटिङ त्रिशुली | |
| | HDP पाईप | ४० मी. | रु.२३,८४४।- | | लामिछाने हार्डवयर ढुङ्गे | |
| | लोडअनलोड/ढुवानी | | रु.७६,०००।- | | | |
| | खाजा / खाना | | रु.६०,१५६।- | | | |
| १३. ठुलोगाउँ | चामल | ४७० बोरा | रु.६,०३,९५०।- | सोझै | न्यु कार्की खाद्य सप्लायर्स बट्टार नुवाकोट | |
| | तेल | ९४० लि. | रु.१,०९,०४०।- | | | |
| | गेडागुडी | ९४० kg | रु.८४,६००।- | | | |
| | ढुवानी | | रु.४८,८८९।- | | | |
| | खानाखर्च | | रु.४८,६५०।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. टिमुरे | जस्ता | ६ फुटे १२९ वण्डल | रु.८,५४,६२४।७३ | सोझै | जय पाथिभरा हार्डवयर चितवन | |
| | ढुवानी | | रु.३३,०००।- | | | |
| | खानाखर्च | | रु.१२,५४०।- | | | |
| १५. थुमन | जस्ता | बिभिन्न साईजका ९५४ पिस | रु.७,६६,८१७।५४ | सोझै | मनकामना ईन्टरप्राईजेज ढुङ्गे नुवाकोट | |
| | ढुवानी | | रु.१,०५,०००।- | | | |
| | खाना / खाजा | | रु.२५,१७०।- | | | |
| १६. लहरेपौवा | जस्तापाता | १२० वण्डल | रु.७,८२,७६५।१० | सोझै | सागर ईन्टरप्राईजेज बालाजु | |
| | ढुवानी | | रु.७५,४००।- | | | |
| १७. धैवुङ | आल्मुनियम युटेन्सिल | | १,९७,१३४।- | सोझै | सुजाता मेटल ट्रेडर्स ललितपुर | |
| | खानेपानी मर्मत तथा ज्मए पाईप खरिद | | २,८२,३३१।८० | | भण्डारी ट्रेडर्स नुवाकोट, हिसि सप्लायर्स वालाजु | |
| | जस्ता | ९०२.४ वर्ग फिट | १,०४,०१०।६२ | सोझै | सागर ईन्टर्प्राईजेज बालाजु | |
| | जि.आई.पाईप डेड ईन्च | ६० वटा | ९१,५३०।- | | मेटल टेक जोरपाटी | |
| | ढुवानी | | १,००,०००।- | | | |
| १८. सरमथली | दाल | ७०० kg | ९९,६२२।- | | बजरङ्गी स्टोर्स ढुङ्गे नुवाकोट | |
| | तेल | १४८० लि. | १,५८,८७८।- | | | |
| | ढुवानी | | ५,७२,२४४।- | | | |
| | खाना | | ६९,२७६।- | | | |

- LGCDP अन्तर्गत प्रति गा.वि.स. निकासा भएको रु. ९,००,०००।-बाट राहत सामग्री, ढुवानी, खाना/ खाजा समेतमा खर्च भएको; सरमथली गा.वि.स.ले ढुवानी शीर्षकमा अस्वाभाविक रुपमा रू. ५,७२,२४४।-खर्च गरेको देखिएकोले सम्बन्धित निकायबाट उल्लेखित खर्चहरूको अनुगमन हुनुपर्ने देखियो ।

## २.४ जिल्ला शिक्षा कार्यालयः

**भूकम्प प्रभावित विद्यालयहरुका लागि शिक्षा विभागबाट निम्न शीर्षकमा निम्नानुसारको रकम निकासा भएको देखिन्छ।**

१. अस्थायी सिकाई केन्द्र (TLC) - ८३,५५,०००।-

२. कक्षा संचालन तथा पूर्व तयारी - ६७,७०,०००।-

३. पोशाक तथा झोला - ७०,४०,०००।-

**अस्थायी सिकाई केन्द्र (Temporary Learning Center-TLC):**

जिल्ला शिक्षा कार्यालयलाई अस्थायी सिकाई केन्द्र (Temporary Learning Center-TLC) निर्माण गर्न रू.८३,५५,०००।- निकासा भएकोमा जिल्ला स्थित ९८ वटा सामुदायिक विद्यालयहरु मध्ये विभिन्न ५२ वटा विद्यालयहरुमा ५५ वटा TLC निर्माणको लागि निकासा भएको रकम रु.८२,५०,०००।- सम्बन्धित विद्यालयहरुको खातामा निकासा गरेको देखिए तापनि जिल्ला शिक्षा कार्यालयले उक्त रकम खर्च गर्न नपाउने गरी खाता रोक्का राखेको पाईयो।

**कक्षा संचालन तथा पूर्व तयारीः-**

भूकम्पबाट क्षतिग्रस्त विद्यालयका लागि बिग्रे भत्केका सामग्रीहरु पन्छाई कक्षा संचालनका लागि अस्थायी प्रवन्ध गर्ने लगायतका कार्य गर्न जिल्ला शिक्षा कार्यालय, रसुवालाई रु. ६७,७०,०००।- प्राप्त भएकोमा उक्त रकम जिल्लाका सबै विद्यालयहरुलाई क्षतिका आधारमा सम्वन्धित विद्यालयको खातामा रकम निकासा गरी खर्च समेत भएको पाईयो।

**पोशाक तथा झोला वितरण सम्बन्धमाः-**

पोशाक तथा झोला वितरण शीर्षकमा जिल्ला शिक्षा कार्यालय, रसुवालाई प्राप्त भएको जम्मा रु.७०,४०,०००।- रकम जिल्लाका सम्पूर्ण विद्यालयका कक्षा १ देखि १० सम्मका जम्मा ९,८०० विद्यार्थीहरू मध्ये ७,०४० जनालाई वितरण गरेको पाईयो।

**विभिन्न संघ-संस्थाहरूबाट निर्माण भएका TLC को विवरणः**

| सि.नं. | संस्थाको नाम | निर्माण भएको TLC संख्या |
|---|---|---|
| १. | रेष्टलेस डेभलपमेन्ट | ५९ |
| २. | सेभ द चिल्ड्रेन | १४ |
| ३. | एसिया अन्लुस | २९ |
| ४. | कृषि बन प्रतिष्ठान | १० |
| ५. | पोटेनसियल यूथ | १ |
| ६. | राधास्वामी सत्संग नेपाल | ३ |

## २.५ खानेपानी तथा सरसफाई सव-डिभिजन कार्यालय, रसुवा

सहरी विकास मन्त्रालयबाट खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रसुवालाई भूकम्प प्रभावित राहत व्यवस्थापनका लागि शिविर निर्माण, खानेपानी वितरण र सरसफाई व्यवस्थापनको लागि निर्देशन सहित रू.५०,००,०००।- प्राप्त भएकोमा सो रकमबाट सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली, २०६४ को नियम १४५(३) अनुसार छोटो प्रक्रिया अपनाई (सोझै) विभिन्न ९ वटा फर्महरुबाट रु.४९,१३,९४६।- बराबरको एच.डि.पि.ई. पाईप लगायतका सामानहरु खरिद गरेको देखियो। स्थानीय पीडितबाट प्राप्त निवेदनका आधारमा कार्यालयले निर्णय गरी उक्त सम्पूर्ण खरिद गरेका एच.डि.पि.ई. पाईप र फिटिङ्गस् वितरण गरेको देखियो। उल्लेखित सामानहरू खरिद गर्दा तथा वितरण गर्दा जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय गराएको तथा क्षतिको मूल्यांकन गरी माग फारम संकलन गरी वितरण गरेको देखिएन।

खानेपानी तथा ढल निकास विभागबाट खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय, रसुवालाई निकासा भएको नियमित वजेट तर्फको रु.६,७५,७६६।- बराबरको रकमबाट शिविर निर्माण, खानेपानी तथा सरसफाई व्यवस्थापनको लागि एच.डि.पि.ई. पाईप लगायतका सामानहरु खरिद गरेको देखियो।

**खानेपानी कार्यालयबाट खरिद भएका सामानहरूको विवरणः**

| रकम खर्च शीर्षक | परिमाण | दर | खर्च रकम | खर्च प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|
| HDPEE बिभिन्न साईजका पाईपहरु | १८,५२५ मी. | | रु.११,३७,१८९।६३ | बजारबाट सोझै खरिद | नुवाकोटबाट खरिद गरेका ११० mm को रु. २६० ले २५ मी, ३२ mm को रु. ५१ ले २०० मी., २५ mm को रु. ४५ ले २०० मी. र २० mm को रु.३० ले ४०० मी.का दरले खरिद गरेको पाईयो । |
| HDPE १६ mm | ४००० मी. | रु.१९.६० | | | |
| HDPE २० mm | ६४०० मी. | रु. २८.६० | | | |
| HDPE २५ mm | ३२०० मी. | रु. ४३.२० | | | |
| HDPE ३२ mm | २२०० मी. | रु. ४८.३० | | | |
| HDPE ४० mm | १००० मी. | रु.७४.९० | | | |
| HDPE ५० mm | | | | | |
| HDPE११० | ५०० मी. | रु.११५.९० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| mm | १२२५ मी. | रु.२५३.५० | | | |
| साईफन/प्यान, वाल्टी मग सावुन | २००० गोटा १५०० गोटा १५०० गोटा ३००० गोटा | रु. ८५० रु. ५०० रु. ३६ | रु.२९,३९,३२९।१० | बजारबाट सोझै खरिद | |
| फिटिङ्स र अन्य फुटकर | | | रु.१३,१६,०४६।५७ | बजारबाट सोझै खरिद | |
| शिविर व्यवस्थापन तथा ज्याला | | | १,९७,१४७।- | | |
| **जम्मा** | | | **५५,८९,७१२।३** | | |

- खानेपानी तथा सरसफाई सवडिभिजन कार्यालय, रसुवाले विभिन्न फर्महरुबाट शौचालय प्यान २,००० वटा खरिद गरेको पाईएकोमा एउटै फर्मबाट ५०० वटा सम्म शौचालयको प्यान खरिद गरेको देखिएको; ९ वटा फर्महरुबाट खरिद गरिएका सामग्रीको दररेट एउटै रहेको र रु.१,२६,९२१।- बराबरको सावुन खरिद गरेको देखिएकोले उल्लेखित खरिद नियमित र वास्तविक हो भन्ने अवस्था नरहेको।
- खानेपानी तथा सरसफाई सवडिभिजन कार्यालय, रसुवाबाट खरिद गरिएको पाईप तथा सरसफाई सम्वन्धी विभिन्न सामानहरु भूकम्प प्रभावितहरुलाई वितरण गरेको भनी बुझिलिनेको नाम र हस्ताक्षर सहित प्राप्त हुन आएकोमा नमूनाको रुपमा रसुवा जिल्ला स्थित धुन्चे, लहरेपौवा र धैवुङ्ग गा.वि.स. हरुसँग सो सम्वन्धमा विवरण माग गरी भिडाई हेर्दा उक्त कार्यालयले वितरण गरेको भनिएको सामान र गा.वि.स.हरुले प्राप्त गरेको सामानको विवरणमा अन्तर देखिएको।

## २.६ जिल्ला भू-संरक्षण कार्यालय, रसुवा

जिल्ला भूसंरक्षण कार्यालय, रसुवालाई भूकम्प प्रभावित क्षेत्रमा गएको पहिरो भू-क्षय नियन्त्रणको सिलसिलामा ग्यावियन तारजाली खरिद गर्नको लागि भू तथा जलाधार संरक्षण विभागबाट रु.१,२५,००,०००।- (रु. एक करोड पच्चीस लाख) प्राप्त भएकोमा सो रकमको वोलपत्र आव्हान गर्दा पेश भएका सबै बोलपत्र सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली, २०६४ को प्रक्रिया नपुगेको भनी बोलपत्र रद्द गरेको देखिएको। वोलपत्र आव्हान गर्दा लागेको खर्च रु.३५,६२८।- वाहेक वांकी रकम जिल्ला भूसंरक्षण कार्यालयबाट भू तथा जलाधार संरक्षण विभागमा फिर्ता भएको जानकारी प्राप्त भएको।

## २.७ जिल्ला स्वास्थ्य कार्यालय, रसुवाः

**प्राप्त रकमः** १०,००,०००।-(प्र.दै.प्र.उ.कोष- रू.५,००,०००।- र स्वास्थ्य सेवा विभागबाट-रू. ५,००,०००।-)

विनासकारी भूकम्पबाट सिर्जित आपतकालीन व्यवस्थापन गर्न अत्यावश्यक औषधि खरिद एवं तत्काल उपचार सेवा दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जिल्ला स्वास्थ्य कार्यालय, रसुवालाई रु.५,००,०००।- निकासा गरेकोमा गौतम मेडिको फर्मा, कोटेश्वर-३५, देवकोटा मेडिकल हल, जिरी-७ दोलखा र गौरी मेडिसिन सप्लायर्स, त्रिपुरेश्वरबाट कोटेशन लिई कम रकम कबोल गर्ने गौतम मेडिको फर्माबाट रू.१,४९,३९०।- र वंगलामुखी मेडिसिन सप्लायर्स, लोकन्थली, भक्तपुरबाट सोझै रु.२,६८,१६१।- गरी जम्मा रु.४,१७,५५१।- को औषधि खरिद गरेको देखिएको।

भूकम्प प्रभावितहरुको राहतको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष मार्फत जिल्ला स्वास्थ्य कार्यालय, रसुवालाई प्राप्त भएको रु. ५,००,०००।- बाट भूकम्प प्रभावितहरुको लागि खर्च नगरी जिल्ला स्वास्थ्य कार्यालय र सो मातहतका स्वास्थ्यकर्मी एवं कर्मचारीहरुलाई रु.३,९९,२११।- बराबरको खाद्यान्न, पाल, म्याट्रेस लगायतका बन्दोवस्तीका सामानहरु खरिद गरेको देखिएकोले अख्तियारी दिएको क्षेत्रमा खर्च गरेको पाईएन।

भूकम्प पीडितहरुका लागि स्वास्थ्य मन्त्रालयबाट बिभिन्न प्रकारका औषधिहरु पठाईएकोमा जिल्ला स्वास्थ्य कार्यालय रसुवाले आम्दानी बाँधी जिल्ला स्थित स्वास्थ्य चौकीहरुमा वितरण गरी केही औषधि भण्डारण गरेको समेत पाईयो। यसै गरी स्वास्थ्य मन्त्रालयबाट औषधि खरिद गरि पीडितहरुलाई वितरण गर्नका लागि निकासा गरिएको रु.५०००००।- मध्ये रु.४१७,५५१।- को औषधि खरिद गरेको पाईयो।

जिल्ला स्वास्थ्य कार्यालयबाट भएको खरिद प्रक्रिया र खरिद भएका सामानहरूको विवरणः

| रकम खर्च शीर्षक | परिमाण | दर | खर्च रकम | खर्च प्रक्रिया |
|---|---|---|---|---|
| औषधि खरिद<br>गौतम मेडिको फर्मा कोटेश्वरबाट १,४९,३९०।— र बंगलामुखी मेडिसिन सप्लायर्स लोकन्थली बाट २,६८,१६१।- | | | रु.४१७,५५१।- | कोटेशन दरभाउबाट |
| खाद्यान्नः<br>मास दाल<br>मुसुरो दाल<br>चामलगंगोत्री<br>चामल डवल ब्राण्ड | १५० kg<br>३२०<br>६७ बोरा<br>६५ बोरा | रु.९७.५०<br>रु.१०६<br>रु.९९०<br>रु.९२५ | रु.१,७५,०००।- | सीधै स्थानीय बजारबाट |
| म्याट्रेश<br>कालो म्याट<br>पाल<br>कम्वल | १२५ थान<br>३६.५ मी.<br>३० थान<br>४० थान | रु. १४०<br>रु. १७०<br>रु.१५५०<br>रु.६७५ | १,०९,०३५ | कोटेशन दरभाउबाट |

# काभ्रेपलान्चोक जिल्लाः

## १. भूकम्प पीडितहरूको लागि राहत सामग्रीहरू सम्बन्धमाः-

### १.१. राहत सामग्रीको श्रोत र संकलन तथा वितरणको विस्तृत विवरणः

**काभ्रेपलाञ्चोक पठाईएका राहत सामग्रीः**

भूकम्प पश्चात् जिल्ला दैवी प्रकोप उद्धार समितिलाई नेपाल सरकार, विभिन्न सरकारी, गैह सरकारी संघ-संस्था, स्थानीय खरिद तथा राहत संकलनबाट राहत सामग्री प्राप्त भएको देखियो।

केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट काभ्रेपलाञ्चोक जिल्लाको लागि पठाईएको राहत सामग्रीहरूको विवरणः

| सि.नं. | राहत सामग्रीको नाम | परिमाण |
|---|---|---|
| 1 | Rice (Quintal) | 3231 |
| 2 | Salt (Quintal) | 82 |
| 3 | Sugar (Quintal) | 59 |
| 4 | Noodles (Carton) | 14871 |
| 5 | Beaten Rice (Quintal) | 353 |
| 6 | Biscuit (Carton) | 11277 |
| 7 | Tripal/Tent (Pcs/Bundle) | 29086 |
| 8 | Water (Case, Truck) | 1639 |
| 9 | Potato (Quintal) | 182 |
| 10 | Wheat/Flour (Quintal) | 162 |
| 11 | Pulse (Quintal) | 64 |
| 12 | Mixed Food (Carton/Kg..) | 1061 |
| 13 | Gud/Shakkhar (Kg/Box) | 3050 |
| 14 | Bedsheet/Blanket (Pcs/Bundle/…) | 11820 |
| 15 | Clothes and Accessories (Pcs/Bundle/Cartoon..) | 17 |
| 16 | Utensils (Pcs/Carton, Bag…Pair) | 10011 |
| 17 | Sanitary Items (Box, Carton, Pair, Pcs..) | 28742 |
| 18 | Baby Food (Carton, Kg, Bag,….) | 119 |
| 19 | Spices (Pcs, Kg, Box, Carton, Quintal) | 1533 |
| 20 | Medicines (Carton, Box, Pcs, Bag…) | 2498 |
| 21 | Juice (Carton, Ltr, Bag,…) | 323 |

| | | |
|---|---|---|
| 22 | Tea and Coffee (Pkt, Carton, Bag, ……) | 22 |
| 23 | Oil (Ltr, Kg, Carton, Bag, Pcs) | 123 |
| 24 | Torch, Battery and Solar Items (Pcs, Carton, Box, Bag, …) | 144 |
| 25 | Transformer and Accessories (Pcs) | 0 |
| 26 | Dalmod and Fried Foods | 303 |
| 27 | Gas Range/Cylinder (Pcs, Box, Carton) | 0 |
| 28 | Miscellenous (Carton, Box, Pcs, Bag…Kg…) | 1202 |

त्यस्तै, विभिन्न भन्सार नाकाहरूबाट सोझै जिल्ला दैवी प्रकोप उद्धार समिति, काभ्रेपलाञ्चोकलाई राहत सामग्रीहरू पठाईएको भंसार विभागको अभिलेखबाट देखिन आयो। यसरी पठाईएको अभिलेखमा काभ्रेपलाञ्चोक लगायत अन्य छिमेकी जिल्लाहरूको समेत नाम उल्लेख भएबाट कुन जिल्लाको लागि के(कति राहत सामग्री तोकिएको थियो भन्ने विवरण खुलेको नदेखिएको भंसार कार्यालयहरूबाट सीधै काभ्रेपलाञ्चोक जिल्लाको लागि पठाईएको राहत सामग्रीहरूको यकिन विवरण निकाल्न सक्ने अवस्था देखिएन तथापि अभिलेखबाट खुल्न आएको विवरण निम्न बमोजिम राखी अध्ययन गरिएको छः-

| सि.नं. | सामानको नाम | सामानको परिमाण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | KG | BAG | BDL | PCS | SET | CTN | ADT | MTR |
| १ | चामल | १८,९९५ | २६० | | | | | | |
| २ | चिउरा | ८४५० | ७३ | | | | | | |
| ३ | ब्लाङ्केट | | ४२ | १४४ | ११०७३ | | | | |
| ४ | भाडाकुँडा | | | | | | | | |
| | BUCKET SET | | | | | ७५ | | | |
| | KITCHEN POT | | ३ | | | | | | |
| | Mug | | | | ७५ | | | | |
| | Kitchen set | | | | | २०० | | | |
| ५ | मेडिसिन | | | | | | ४७ | ११ | |
| ६ | मिक्स फुड | | | | | २०० | ५३ | | |
| ७ | टेन्ट त्रिपाल | ३००० | ५० | ९० | १५७६४ | | १९ | | १८४२.९ |
| | Plastic tops (Tripal) | | | | २५० | | | | |

*नोटः परिमाण खुल्न नसकेको राहत सामग्रीहरूलाई यस तालिकामा समावेश नगरेको।*

## काभ्रेपलान्चोक जिल्लामा राहत सामग्रीको प्राप्तिको विस्तृत विवरणः

| क.सं. | सामानहरूको विवरण | ईकाई | प्राप्तिको श्रोत | | जम्मा परिमाण | वितरण भएको परिमाण(खर्च | बाँकी |
|---|---|---|---|---|---|---|---|
| | | | सरकारी | अन्य | | | |
| १. | त्रिपाल | थान | ४५१५३ | ९७७८ | ५४९३१ | ५३०१६ | १९१५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | Tent | सेट | ८३४ | ३४ | ८६८ | ८५८ | १० |
| ३. | त्रिपाल कपडाको ठूलो | थान | २० | ० | २० | २० | ० |
| ४. | त्रिपाल (रोल ) | रोल | १३ | १० | २३ | २३ | ० |
| ५. | चिउरा | बोरा | २५३२ | ७५० | ३२८२ | ३२८२ | ० |
| ६. | कम्बल/ब्लाङकेट | थान | १९६६९ | २८९३ | २२५६२ | २२५६२ | ० |
| ७. | चिनी | बोरा | ११३ | २० | १३३ | १३३ | ० |
| ८. | नुन | बोरा | १४४ | १४ | १५८ | १५८ | ० |
| ९. | बिस्कुट | कार्टुन | ५५२४ | २५६ | ५७८० | ५७८० | ० |
| १०. | चामल ५० के.जी. | बोरा | ५०७४ | ५२४० | १०३१४ | १०३१४ | ० |
| ११. | चामल ३० के.जी. | बोरा | ७७६६ | ८७० | ८६३६ | ८६३६ | ० |
| १२. | Tarapauline Sheets Toilet | रोल | ० | ६ | ६ | ६ | ० |
| १३. | Solar Light | गोटा | १२४३ | ० | १२४३ | १२४३ | ० |
| १४. | जस्तापाता | बण्डल | ० | ४३ | ४३ | ४३ | ० |
| १५. | ब्लाङ्केट त्रिपाल सेट | सेट | ० | २२८ | २२८ | २२८ | ० |

केन्द्रबाट प्राप्त राहत सामग्री र जिल्लाबाट वितरण भएको राहत सामग्रीहरू बीचको सामन्जस्यताः-

नेपाल सरकारको राहत संकलन तथा वितरण केन्द्र एवं विभिन्न संघ, संस्थाबाट पठाएका राहत सामग्रीहरू जिल्ला दैवी प्रकोप उद्धार समितिमा जम्मा गरी वा जानकारी गराई वितरण स्थलमा पठाउने गरेको र सोको अभिलेख अद्यावधिक गरेको पाईयो तर केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रहरूले काभ्रेपलाञ्चोक पठाईएका राहत सामग्रीहरूको व्यवस्थित रुपमा यकिन परिमाण खुल्न सक्ने गरी तथा एकरुपता हुने गरी अभिलेख राखेको नपाईएका देखिदा केन्द्रले काभ्रेपलाञ्चोक पठाएका राहत सामग्रीहरू र काभ्रेपलाञ्चोकले प्राप्त गरेको राहत सामग्री बीच तुलना गरी यकिन विवरण निकाल्न सकिने अवस्था देखिएन तथापि अद्यावधिक गरिएको अभिलेखमा उल्लेखित मुख्य मुख्य सामग्रीहरूलाई देहाय बमोजिम अध्ययन गरिएको छ।

| सि. नं. | राहत सामग्री पठाउने निकाय/ संघसंस्था | त्रिपाल (थान/बण्डल) | ब्ल्याङ्केट (थान/बण्डल) | चिउरा (के.जी.) | चामल (के.जी.) |
|---|---|---|---|---|---|
| १. | केन्द्रबाट रसुवा जिल्लामा पठाइएको राहत सामग्री | २९०८६ | ११८२० | ३५३०० | ३२३१०० |
| २. | जिल्लामा प्राप्त हुन आएको राहत सामग्री (सरकारबाट प्राप्त) | ४५१८६ थान | १९६६९ | २५३२ बोरा | ४८६६८० |

## १.३ राहत सामग्रीहरूको वितरणको प्रक्रिया र वितरणको स्थितिः-

जिल्ला दैवी प्रकोप उद्धार समितिमा प्राप्त हुन आएको राहत सामग्रीहरू स्थानीय निकाय (गा.वि.स./न.पा.) का प्रतिनिधि, सामाजिक संघ/ संस्थाहरू तथा व्यक्तिहरूले बुझी लिई स्थानीय जनप्रतिनिधि सहितको संयन्त्रको सिफारिशको आधारमा विभिन्न स्थानहरूमा वितरण गरेको देखियो। राहत वितरणमा सडक नजिकका पीडितहरूले बढी मात्रामा राहत सामग्रीहरू पाएको तर सो अनुपातमा जिल्लाका दुर्गम स्थानहरूका पीडितहरूले नपाएको गुनासो केही पीडितहरूको रहेको पाईयो।

## १.४ वितरण प्रक्रिया र सदुपयोग बारे पीडितहरूको प्रतिक्रियाः-

- काभ्रेपलाञ्चोक जिल्लामा पीडित पहिचान गर्ने सम्बन्धमा वडा नागरिक मञ्च र केन्द्रबाट खटिएका प्राविधिक टोलीले दिएको प्रतिवेदन फरक रहेको पाईएको;
- नेपाल सरकारले उपलब्ध गराएको राहत रकम रू.१५००० को वितरण गर्दा केन्द्रीय प्राविधिक टोलीले क्षतिको मूल्यांकन गरी तयार गरेको प्रतिवेदनलाई आधारमानी वितरण गरेको देखिएतापनि उक्त टोलीले जिल्लाका सबै स्थानहरू तथा घरको निरीक्षण गरी प्रतिवेदन तयार गरेको नदेखिदा राहत रकम वितरण सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा उजुरी निवेदनहरू परेको र त्यस्ता निवेदनहरू उपर कारवाही समेत गरी रकम फिर्ता गरेको देखियो।
- उल्लेखित उजुरीहरूमा राहत रकम लिनै का लागि सम्बन्ध बिच्छेद गरेको, छुट्टी भिन्न भएको देखाएको; बैकल्पिक बासको व्यवस्था भएपनि सो राहत रकम लिदा सो उल्लेख नगरेको; बसाई सराई गरी अन्यत्रै स्थायी बसोबास गरेतापनि काभ्रेपलाञ्चोक जिल्लाको स्थायी बासिन्दा भएको भनी राहत रकम तथा भूकम्प पीडित परिचय पत्र लिएको भन्ने उल्लेख भएको।

## १.६. राहत सामग्रीमा भएको अनियमितताको सम्बन्धमा काभ्रेपलान्चोक जिल्लाबाट भएको कारवाहीको विवरणः

१. मिति २०७२।०२।०२ गते दिनको समयमा का.प.जि. बनेपा न.पा. वार्ड न.१० तरकारी बजार स्थित वर्ष ३६ को निर कुमार श्रेष्ठले संचालन गरेको दाप्चा भीमसेन ट्रेडर्सका विक्रेताले जारी गरेको बिलमा सम्पूर्ण लागत ढुवानी खर्च, २०% नाफा समेत जोडी अधिकतम खुद्रा मूल्य रू.३१२।१८ हुनु पर्नेमा निज विक्रेताले वास्तविक मूल्य भन्दा बढी फाइदा लिई बिक्री गरी क्रेतालाई ठगी गरी कालोबजार गरेकोमा जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको मिति २०७२।०२।१० गतेको पत्र आदेशले पक्राउ परेका निर कुमार श्रेष्ठको हकमा हाललाई तारेखमा रहने गरी धरौटी रकम वा

सो बराबरको जेथा जमानत रु.४,८२,६५०।-(चार लाख बयासी हजार छ सय पचास मात्र) माग भएकोमा उक्त रकम दाखिला गराई तारेखमा छुटेको।

२. मिति २०७२।०२।०३ गते दिनको समयमा का.प.जि.पाँचखाल न.पा.वार्ड न.०३ तामाघाट स्थित श्रेष्ठ हार्डवयर एण्ड पेन्ट सेन्टर पसलका संचालक का.प.जि. पाँचखाल न.पा.वार्ड न.३ तामाघाट बस्ने पुर्ण कुमारको छोरा श्रेष्ठ हार्डवयर एण्ड पेन्ट्र सेन्टरको संचालक भिम राज श्रेष्ठले रू.२३४३।१६ मा खरिद गरेको त्रिपालको चर्को मूल्य रू.३,८००।— लिई कालोबजारी गरेकोले अनुसन्धान पश्चात् रु.७२,४००।-(बहत्तर हजार चार सय) धरौटी बुझाई तारेखमा छुटेको।

२. मिति २०७२।०२।२५ गते का.प.जि.गोठपानी गा.वि.स.वडा नं.९ देखि ऐ. धुसेनी शिवालय गा.वि.स.वडा नं.-७ र सानो वाङ्गथली-६ स्थित किराना पसलका संचालक का.प.जि चौवास गा.वि.स वडा नं.७ बस्ने सूर्य बहादुर तामाङ् समेतका व्यक्तिहरूले भूकम्प पीडितलाई निःशुल्क वितरण गर्नको लागि चामल १९६ बोरा र चिउरा ६७ बोरा समेत पठाएकोमा पठाएको चामल चिउरा मध्ये का.प.जि.गोठपानी -९ बस्ने गुण प्र. चौलागाँईको पसल बाट चामल बोरा ५ र चिउरा बोरा १५, ऐ.सानो वाङथली-०६ बस्ने ठूली लामाको घर बाट ३० वोरा चामल र चिउरा बोरा ५ र ऐ. धुसेनी शिवालय -०७ बस्ने कान्छी तामाङको पसल बाट १० वोरा चामल गरी जम्मा ४५ बोरा चामल र २० बोरा चिउरा प्रतिवादीहरूले बिक्री वितरणको लागि अवैध रूपमा लुकाई छिपाई राखेको फेला परेकोमा निजहरूलाई कालो बजारी मुद्दामा पक्राउ गरी प्रतिवादीलाई जनही रू.१,२५,०००।—(एक लाख पच्चीस हजार) धरौटी माग गरी तारेखमा छाडिएको।

## २.प्राप्त रकमको खर्च तथा मौज्दात विवरणः

## २.१ जिल्ला दैवी प्रकोप उद्धार समिति,काभ्रेपलाञ्चोक

| क्र.सं. | रकम विनियोजन गर्ने निकाय | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १. | केन्द्रीय दैवी प्रकोप उद्धार समिति | १,३१,९३,००,०००।- | |

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण/ संख्या | दर | खर्च रकम | खर्च प्रक्रिया |
|---|---|---|---|---|---|
| १. | मृतक परिवारलाई राहत | २९४ | १०००००।- | २,९४,००,०००।- | |
| २. | काजकिरिया खर्च | ३२९ | ४०,०००।- | १,३१,६०,०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | अस्थायी आवास निर्माण खर्च | | १५०००।- | १,२५,०५,७०,०००।- | |
| ४ | राहत ढुवानी खर्च | | | ६,४४,०००।- | जि.दै.उ.स. को निर्णयानुसार |
| ५ | ईन्धन खर्च | | | २,२५,२४६।- | |
| ६ | खाजा खर्च | | | ७६,७५०।- | |
| ७ | ढुवानी यातायात पेश्की | | | ३,३५,०००।- | |
| कुल खर्च | | | | १,२९,५०,७७,९९६।- | |

## २०६८ सालको जनगणना र भूकम्पबाट क्षति भएका घर संख्याको तुलनात्मक विवरणः

| सिनं | गा.वि.स./न.पा. | परिवार संख्या | | जम्मा जनसंख्या | जम्मा घर | कच्ची | पक्की | पूर्ण क्षति | आंशिक क्षति | सामन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६८ को जनगणना | २०७२ भूकम्प पश्चात् | | | | | | | |
| 1 | वल्थली | 660 | 853 | 4260 | 901 | 879 | 16 | 864 | 16 | 1 |
| 2 | वाल्टिङ | 504 | 570 | 3697 | 1029 | 1028 | 0 | 827 | 148 | 53 |
| 3 | बालुवापाटीं देउपुर | 1292 | 1383 | 7847 | 2108 | 1998 | 41 | 1991 | 43 | 16 |
| 4 | बनखु | 709 | 750 | 6008 | 865 | 201 | 0 | 478 | 153 | 208 |
| 5 | बनेपा न.पा. | 5540 | 3049 | 18364 | 3196 | 1619 | 1577 | 1561 | 833 | 803 |
| 6 | बेखसिम्ले घर्तीगाउँ | 256 | 359 | 2046 | 568 | 569 | 2 | 545 | 24 | 0 |
| 7 | भीमखोरी | 1066 | 1355 | 8416 | 1748 | 1748 | 2 | 1748 | 0 | 0 |
| 8 | भुम्लुटार | 529 | 650 | 4000 | 890 | 888 | 2 | 885 | 5 | 0 |
| 9 | बिर्ता देउराली | 530 | 680 | 4448 | 910 | 1362 | 0 | 898 | 12 | 0 |
| 10 | बोल्देफेदिचे | 470 | 527 | 3811 | 757 | 727 | 0 | 675 | 73 | 8 |
| 11 | बूढाखानी | 662 | 725 | 5465 | 852 | 791 | 0 | 634 | 120 | 0 |
| 12 | चलाल गणेशस्थान | 864 | 1040 | 6119 | 1619 | 1603 | 16 | 1466 | 109 | 44 |
| 13 | चण्डेनी मण्डन | 782 | 991 | 5334 | 986 | 969 | 1 | 967 | 1 | 0 |
| 14 | चौबास | 487 | 564 | 3802 | 911 | 911 | 0 | 751 | 152 | 7 |
| 15 | च्यामराङ्बेंसी | 304 | 339 | 1915 | 567 | 567 | 0 | 567 | 0 | 0 |
| 16 | च्यासिङ्खर्क | 611 | 877 | 2375 | 564 | 564 | 0 | 549 | 33 | 0 |
| 17 | डाँडागाँउ | 484 | 522 | 3701 | 1112 | 1040 | 0 | 561 | 234 | 328 |
| 18 | देबीटार | 572 | 656 | 3507 | 984 | 978 | 1 | 933 | 45 | 2 |
| 19 | धुलिखेल न.पा. | 3279 | 3092 | 18146 | 3416 | 2098 | 1178 | 2161 | 440 | 775 |
| 20 | ढुंखर्क | 1035 | 1367 | 7812 | 2173 | 2165 | 7 | 1891 | 223 | 58 |
| 21 | धुसेनी शिवालय | 366 | 489 | 2827 | 607 | 603 | 0 | 604 | 4 | 0 |
| 22 | दोलालघाट | 467 | 567 | 3145 | 659 | 593 | 95 | 537 | 96 | 21 |
| 23 | फलाँटे भुम्लु | 303 | 394 | 2477 | 586 | 586 | 0 | 586 | 0 | 0 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 24 | फलामेटार | 668 | 821 | 5423 | 724 | 724 | 0 | 724 | 0 | 0 |
| 25 | फोक्सिडटार | 376 | 457 | 3346 | 500 | 499 | 0 | 488 | 11 | 0 |
| 26 | गैरीबिसौना देउपुर | 1203 | 1720 | 9471 | 2649 | 2576 | 77 | 2577 | 39 | 23 |
| 27 | घर्तीछाप | 411 | 468 | 3513 | 941 | 941 | 0 | 941 | 0 | 0 |
| 28 | गोकुले | 752 | 852 | 6155 | 1033 | 1033 | 0 | 904 | 129 | 0 |
| 29 | गोठपानी | 518 | 642 | 4288 | 1011 | 1011 | 0 | 1009 | 0 | 0 |
| 30 | जैसीथोक मण्डन | 667 | 885 | 4175 | 1156 | 1156 | 0 | 1071 | 64 | 21 |
| 31 | ज्याम्दी मण्डन | 1090 | 1473 | 7244 | 2413 | 2409 | 4 | 2413 | 0 | 0 |
| 32 | कलाँती भूमिडाँडा | 766 | 902 | 4780 | 0 | 948 | 7 | 897 | 30 | 8 |
| 33 | कानपुर कालापानी | 922 | 1049 | 6600 | 1510 | 1507 | 7 | 1460 | 46 | 14 |
| 34 | कात्तिके देउराली | 675 | 930 | 5450 | 1301 | 929 | 1 | 902 | 41 | 0 |
| 35 | कटुञ्जेबेंसी | 497 | 606 | 3803 | 849 | 603 | 12 | 602 | 7 | 5 |
| 36 | काभ्रेनित्यचण्डेश्वर | 1042 | 1345 | 6629 | 2082 | 602 | 1448 | 1639 | 21 | 17 |
| 37 | खहरेपाँगु | 559 | 579 | 4518 | 806 | 797 | 8 | 638 | 140 | 34 |
| 38 | खरेलथोक | 626 | 876 | 4960 | 1139 | 1138 | 0 | 1138 | 0 | 0 |
| 39 | खार्पाचोक | 335 | 423 | 2596 | 781 | 781 | 0 | 769 | 12 | 0 |
| 40 | कोलाँतीभुम्लु | 316 | 429 | 2281 | 650 | 650 | 0 | 650 | 0 | 0 |
| 41 | कोशीदेखा | 461 | 564 | 3145 | 761 | 546 | 0 | 563 | 7 | 0 |
| 42 | कुरुवास चापाखोरी | 584 | 781 | 4697 | 1022 | 1022 | 0 | 1022 | 0 | 0 |
| 43 | कुशादेवी | 1549 | 1845 | 9557 | 3206 | 2936 | 249 | 2628 | 275 | 223 |
| 44 | मेच्छे | 1263 | 1664 | 11019 | 2157 | 2125 | 0 | 2134 | 29 | 2 |
| 45 | मादनकुंडारी | 478 | 554 | 3483 | 882 | 882 | 0 | 882 | 0 | 0 |
| 46 | महादेवस्थान मण्डन | 1873 | 2551 | 12197 | 3629 | 3396 | 233 | 3402 | 13 | 208 |
| 47 | महादेवटार | 381 | 473 | 3059 | 556 | 556 | 2 | 556 | 0 | 0 |
| 48 | महांकालचौर | 787 | 847 | 5682 | 994 | 992 | 0 | 907 | 50 | 32 |
| 49 | महेन्द्रज्योति | 661 | 873 | 4324 | 1198 | 1103 | 94 | 1077 | 77 | 44 |
| 50 | माझीफेदा | 627 | 717 | 5175 | 721 | 721 | 0 | 724 | 0 | 0 |
| 51 | मंगलटार | 786 | 1025 | 5954 | 1468 | 1444 | 24 | 1369 | 71 | 30 |
| 52 | मिल्चे | 447 | 540 | 3429 | 542 | 541 | 0 | 540 | 7 | 0 |
| 53 | नाग्रेगगर्चे | 479 | 564 | 3987 | 741 | 740 | 1 | 652 | 88 | 1 |
| 54 | उग्रचण्डी नाला | 1444 | 1870 | 10065 | 2696 | 2334 | 333 | 1759 | 177 | 151 |
| 55 | नासिकास्थान साँगा | 1305 | 1323 | 7489 | 1371 | 956 | 412 | 794 | 265 | 282 |
| 56 | नयाँगाउँ देउपुर | 951 | 1150 | 6454 | 3222 | 1959 | 6 | 1257 | 6 | 0 |
| 57 | पनौती न.पा. | 5943 | 6724 | 35682 | 7389 | 5501 | 1888 | 5269 | 903 | 1217 |
| 58 | पाल्लेखेत | 806 | 1170 | 6104 | 1659 | 1656 | 2 | 1645 | 2 | 10 |
| 59 | पोखरीचौरी | 648 | 824 | 5801 | 1401 | 1401 | 0 | 1377 | 17 | 0 |
| 60 | पोखरीनारायणस्थान | 647 | 734 | 5413 | 1039 | 1039 | 0 | 1039 | 0 | 0 |
| 61 | रविओपी | 923 | 1127 | 5509 | 1662 | 1602 | 11 | 1606 | 6 | 4 |
| 62 | र्‍याले बिहावर | 977 | 1183 | 6597 | 1854 | 1855 | 4 | 1840 | 14 | 0 |
| 63 | सालधारा | 461 | 588 | 3677 | 619 | 619 | 0 | 619 | 0 | 0 |
| 64 | सल्लेभुम्लु | 489 | 592 | 3899 | 830 | 688 | 0 | 814 | 11 | 3 |
| 65 | साल्मेचाकल | 312 | 349 | 1970 | 337 | 337 | 0 | 331 | 0 | 6 |
| 66 | शंखुपार्टीचौर | 722 | 918 | 4932 | 985 | 920 | 44 | 0 | 908 | 15 |
| 67 | सानोवाडथली | 343 | 481 | 2811 | 715 | 715 | 0 | 715 | 0 | 0 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 68 | सापिङ | 786 | 975 | 6183 | 1814 | 1206 | 0 | 1211 | 4 | 0 |
| 69 | शारदा बतासे | 511 | 695 | 3751 | 692 | 691 | 2 | 691 | 2 | 0 |
| 70 | सरमथली | 239 | 316 | 1942 | 368 | 367 | 0 | 364 | 4 | 0 |
| 71 | सर्स्यूखर्क | 1095 | 1226 | 7961 | 1291 | 1291 | 0 | 1291 | 0 | 0 |
| 72 | शिखर आम्बोटे | 850 | 1055 | 7146 | 1111 | 1111 | 0 | 1108 | 3 | 0 |
| 73 | सिमलचौर श्यामपाटी | 832 | 986 | 6063 | 1295 | 1261 | 34 | 1256 | 17 | 22 |
| 74 | सिम्थली | 350 | 495 | 3335 | 865 | 865 | 0 | 865 | 0 | 0 |
| 75 | सिपाली चिलाउने | 574 | 653 | 3918 | 710 | 706 | 2 | 695 | 3 | 1 |
| 76 | सिसाखानी | 344 | 479 | 3680 | 479 | 479 | 0 | 478 | 0 | 0 |
| 77 | ठूलोपर्सेल | 578 | 691 | 4546 | 978 | 978 | 0 | 917 | 29 | 32 |
| 78 | टुकुचा नाला | 1029 | 1185 | 6245 | 1764 | 1553 | 211 | 1561 | 44 | 159 |
| 79 | उग्रतारा जनागाल | 1634 | 1558 | 7257 | 2116 | 975 | 699 | 914 | 114 | 221 |
| 80 | पाँचखाल | 7457 | 10040 | 51816 | 14192 | 13146 | 849 | 13324 | 577 | 290 |
| 81 | काशीखण्ड | 4830 | 6429 | 37322 | 9526 | 9338 | 310 | 9339 | 131 | 59 |
| **जम्मा** | | **80651** | **95070** | **548030** | **128410** | **115344** | **9912** | **111036** | **7158** | **5458** |

*(स्रोत :- जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोक तथा २०६८ सालको जनगणना प्रतिवेदन)*

नोटः माथिको तथ्याङ्कबाट काभ्रेपलाञ्चोक जिल्लाका कतिपय न.पा. तथा गा.वि.स.हरुमा २०६८ को जनगणनामा उल्लेखित घर संख्या भन्दा पनि अस्वभाविक रूपमा घर संख्या बढाई, देखाई राहत रकम तथा भूकम्प पीडित राहत परिचय पत्र लिएको देखिएको।

## २.३ जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोकः-

- राहत सामग्रीहरूको प्राप्ति र वितरणमा अपनाईएको पद्धतिः-
| ८। | प्रहरी चौकी | ३ | १० | | | |
| ९। | जल विद्युत | | २१ | | | |
| १० | सिंचाई आयोजना | | १४ | | | |

नोटः नेपाल सरकारबाट पूर्ण रूपमा घर क्षति भएका पीडितहरूको लागि रू.१५,००० का दरले सम्बन्धित गा.वि.स. सचिवहरू मार्फत वितरण गर्ने गरी पेश्की उपलब्ध गराईएकोमा उल्लेखित रकम पेश्की फछ्र्यौटकै क्रममा रहेको देखिंदा के-कति पीडितहरूले रकम प्राप्त गरे भनी तत्काल यकिन गर्न सकिने अवस्था देखिएन।

## सिंचाई डिभिजन नं. ५ कार्यालय, ओखलढुंगा

- सिंचाई डिभिजन नं. ५ कार्यालयको लागि सिंचाई विभागबाट भूकम्प प्रभावित सिंचाई आयोजनाहरूको पुनःसंचालनको लागि निकासा भएको रकम रु.७२,५०,०००।- मिति २०७२।०३।२८ मा ड्राफ्ट मार्फत प्राप्त भएकोमा भूकम्पबाट क्षति भएका भनिएका २८ वटा सिंचाई आयोजनाहरुको मर्मत संभार गरी सिंचाई कुलो सुचारु गर्न आवश्यक पोलिथिन पाईप हेटौंडाबाट सोझै खरिद गरी, हेटौंडाबाटै उपभोक्ताहरुले पाउने गरी पाईप खरिद गरेको र पाईप खरिदको रकम कारखानालाई नै भुक्तानी गरेको बुझिएकोमा उपभोक्ताले उक्त पाईप बुझे नबुझेको यकिन हुन नसकेको र भूकम्प पीडित क्षेत्रका सिंचाई आयोजनाहरुलाई खरिद गरिएको पाईप बुझ्नको लागि उपभोक्ता स्वंयम हेटौंडा जानु पर्ने गरी गरिएको खरिद कार्य भूकम्प पीडित-मैत्री र व्यबहारिक समेत भएको नदेखिएको साथै पाईपको खरिद प्रक्रिया जिल्ला दैवी प्रकोप उद्धार समितिबाट तत् तत् उपभोक्ता समितिलाई वितरण गर्ने गरी निर्णय भएको नदेखिएको र उक्त पाईप खरिद प्रक्रिया सम्बन्धी सक्कल फाईल पेश्की फछ्र्यौटको लागि सिँचाई बिभाग जाउलाखेलमा पठाई सकिएको भन्ने सम्बन्धित कार्यालय प्रमुखबाट जानकारी हुन आएकोले आयोगबाट थप छानवीन हुनु पर्ने देखिन्छ।

## २.३ जिल्ला विकास समितिको कार्यालय,ओखलढुंगा

### प्रत्येक न.पा. /गा.वि.स. कार्यालयहरूलाई विनियोजित रकमको खर्च विवरणः

- केन्द्रीय निर्देशन अनुसार प्रति गा.वि.स. रु.४,५०,०००।- दरले सम्बन्धित गा.वि.स. सचिवलाई केन्द्रीय निर्देशन अनुसारको शीर्षकमा खर्च गर्ने गरी पेश्की प्रदान गरिएकोमा निजहरूले स्थानीय माग अनुसार राहत सामग्रीहरू खरिद गरेको तथा खर्च गरिएको रकम पेश्की फछ्र्यौटको क्रममा रहेको पाईयो। उल्लेखित रकमको खर्च सम्बन्धमा सिद्धिचरण नगरपालिकाले प्राप्त गरेको रकम र खर्च बिधिको अध्ययन गर्दा प्रत्येक वडाले प्राप्त गरेको रू.२ लाखबाट स्थानीय मागको आधारमा त्रिपाल, खाद्य सामग्री, म्याट्रेश आदि सीधै बजारबाट खरिद गरेको देखियो।

## २.४ जिल्ला शिक्षा कार्यालय,ओखलढुंगा

**प्राप्त रकमको विवरण :-**

- जम्मा रु.३,९४,००,०००।- निकासा भएको।
- कक्षा कोठाको पुनर्स्थापना, खानेपानी, सरसफाईको लागि रु.१,६२,१०,०००।- खर्च भएको देखिएको।

**अस्थायी सिकाई कक्ष (Temporary Learning Center-TLC) निर्माण सम्बन्धमा**

- प्राप्त रकम रु.२,३१,९०,०००।-
- सरकारी खर्चमा निर्माण भएका अस्थायी सिकाई केन्द्र (TLC): २५७

**पोशाक तथा झोला वितरण सम्बन्धमाः**

जिल्ला शिक्षा कार्यालयले भूकम्प पीडित विद्यार्थीहरुलाई झोला र पोशाक वितरण वापत रु.१ करोड ६ लाख (प्रति विद्यार्थी रु.१०००।- का दरले) वि.स. २०७१ सालको पहिलो Flash Report को आधारमा मा.वि., नि.मा.वि. र प्रा.वि. तहका १०,६०० विद्यार्थीले पाउने गरी सम्बन्धित विद्यालयको खातामा रकम निकासा गरेको देखिएको।

**खर्चको विवरणः**

- शिक्षा मन्त्रालयबाट भूकम्प पीडित विद्यार्थीहरूको पोशाक तथा झोला शीर्षकमा विनियोजन भएको १ करोड ६ लाख रकम केन्द्रबाट निर्देशित मापदण्ड अनुसार (प्रति विद्यार्थी रू.१००० का दरले) जिल्ला शिक्षा कार्यालयलाई निकासा भएको र जिल्ला शिक्षा कार्यालयबाट सम्बन्धित विद्यालयको खातामा जम्मा गरिदिएको पाईयो। उल्लेखित रकम जिल्ला शिक्षा कार्यालयले विद्यालयको खातामा निकासा गर्दा २१ बटा गा.वि.स.का मा.वि., नि.मा.वि. र प्रा.वि. तहको २०७१ को Flash Report लाई विद्यार्थी संख्याको आधार बनाएको देखिंदा वास्तविक पीडित विद्यार्थीहरूको अग्रीम पहिचान गरी रकम माग गरेको तथा विनियोजन गरेको देखिएन। त्यस्तै, विद्यालयलाई प्राप्त उल्लेखित रकम वितरण गर्दा सबै विद्यार्थीहरूलाई पीडित मानी दामासाहीमा रकम वितरण गरेको देखिएकोले नेपाल सरकारको पीडित विद्यार्थीहरुलाई मात्र क्षतिपूर्ती स्वरूप वितरण गर्ने भनिएको रकमको सदुपयोग हुन सकेको अवस्था देखिएन।

## २.५ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,ओखलढुंगा

- **प्राप्त रकमः-** रु.२५,००,०००।-

- **खानेपानी आयोजनामा क्षति पुगेको विवरणः-** २५वटा खानेपानी आयोजनाहरू भूकम्पबाट क्षति भएको भन्ने पीडितहरूबाट डिभिजन कार्यालयमा पर्न आएको निवेदनबाट देखिएको र उल्लेखित निवेदन उपर जिल्ला दैवी प्रकोप उद्धार समितिबाट निर्णय गराई खरिद गरिएको खानेपानी पाईपहरू सम्बन्धित पीडितहरूलाई वितरण गरेको।
- **खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट भएको खरिद प्रक्रियाको विवरणः**

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण | दर (रू.) | खर्च रकम (रू.) | खर्च प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | खानेपानीका विभिन्न साईजका एच.डि.पि.पाईप | १८,४०० मिटर | प्रति मिटर २८.६८ देखि १८१.९० | रु.१५,००,११५।- बाँकी रु.९९९८८५।- रकम फिर्ता गरेको। | कोटेशनबाट खरिद |

## २.६ जिल्ला भू-संरक्षण कार्यालय, ओखलढुंगा

- **प्राप्त रकमः-** रु.७०,००,०००।- (ओखलढुंगाको लागि रू.५०,००,०००।- र सोलुखुम्बु जिल्लाको लागि रू.२०,००,०००।- गरी जम्मा रू.७०,००,०००।-
- **जिल्ला स्थित भू-क्षय वा संभावित भू-क्षयबाट पुगेको वा पुग्न सक्ने क्षतिको विवरणः-** जिल्ला दैवी प्रकोप उद्धार समितिले सिफारिश गरे अनुसार ७ वटा गा.वि.स.हरूमा पहिरो रोकथाम र भूकम्पको कारणले भत्किन लागेको खानेपानीको मुहान संरक्षण गर्नु पर्ने ।
- **भू-संरक्षण कार्यालयबाट भएको खरिद प्रक्रियाः**

| क्र.सं. | रकमखर्च शीर्षक | परिमाण | दर (रू.) | खर्च रकम (रू.) | खर्च प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | ग्याविन तारजाली | ८३३ थान | ९७.८५ प्रति के.जी. को दरले | ७०,००,०००।- | उपभोक्ता समितिले सोझै बजारबाट जाली खरिद गरेकोले उपभोक्ताको खातामा रकम पठाईएको |

- **उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरण :-** जिल्ला दैवी प्रकोप उद्धार समितिले सिफारिश गरे अनुसार ७ वटा गा.वि.स.मा पहिरो रोकथाम र भूकम्पको

कारणले भत्किन लागेको खानेपानीको मुहान संरक्षण गर्नुपर्ने भएकोले ओखलढुंगामा ९ वटा र सोलुखुम्बुमा २ वटा उपभोक्ता समिति मार्फत वितरण गरेको देखिएको।

## २.७ जिल्ला जनस्वास्थ्य कार्यालय, ओखलढुंगा

**प्राप्त रकम** :- औषधि ढुवानीमा खर्च रु.३,००,०००।- निकासा भएकोमा खर्च नभएको।

**औषधि प्राप्ति र वितरणको विवरणः-** स्वास्थ्य सेवा विभागबाट प्राप्त औषधिहरुलाई जिल्ला जनस्वास्थ्य कार्यालयको भण्डारमा राखी आवश्यकता अनुसार वितरण गर्ने गरिएको, कार्यालयमा मौज्दात औषधि र भूकम्पको लागि प्राप्त औषधिको भण्डारण एकै ठाउँमा भएको पाईएको, औषधि वितरण गर्दा स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरुलाई माग बमोजिम उपलब्ध गराईएको तथा जिल्ला अस्पतालमा आउने विरामीहरुलाई पनि माग अनुसार वितरण गरेको देखिएको, भूकम्पको कारणले केन्द्रबाट पठाएको औषधिहरुलाई अलग्गै भण्डारण गरी अभिलेखीकरण गरेको नदेखिएको।

**उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरण**

औषधीहरु भण्डारणमा देखिएतापनि भूकम्पको कारणले केन्द्रबाट पठाएको औषधिहरुलाई अलग्गै भण्डारण गरेको नदेखिएकोले तथा संघ-संस्था र कार्यालयको औषधिहरु एकै ठाँउ भण्डारण गरिएकोले मौज्दातको विवरण प्राप्त हुन नसकेको।

## २.८ जिल्ला पशु सेवा कार्यालय, ओखलढुंगा

- ओखलढुंगा जिल्ला अन्तर्गत जम्मा ६० जना कृषकहरुको ४४ वटा गाई भैंसी, ७ वटा बंगुर, १०० वटा भेडाबाख्रा र ११३ वटा कुखुरा भूकम्पको कारण मृत्यु भई क्षति पुगेको देखिएको; जिल्ला पशु सेवा कार्यालयले केन्द्रीय कार्यालयहरूबाट रकम प्राप्त नगरेको तर पशु स्वास्थ्य निर्देशनालयबाट ५०/५० के.जी. को ६० बोरा गाई भैंसीको दाना र १२ बोरा बंगुरको दाना प्राप्त गरेको देखिएको; केन्द्रबाट प्राप्त गाई भैसीको दानाहरू पीडित किसानहरूलाई न्यायोचित रूपमा वितरण गरेको नदेखिएको (जस्तैः- ऊबू गा.वि.स. २ बस्ने शेरबहादुर राईले १०० के.जी. बंगुरको दाना र कालिका-२ बस्ने मीन बहादुर बुढाथोकीले ८०० के.जी.गाई भैंसीको र २०० के.जी. बंगुरको दाना बुझेको उपलब्ध भर्पाईबाट देखिएको)।

## २.९ जिल्ला कृषि विकास कार्यालय, ओखलढुंगा

- **प्राप्त रकम** : केन्द्रबाट रकम प्राप्त नभएको।
- **विउ, विजन प्राप्ति र वितरणको विवरणः-**
  - राष्ट्रिय वीऊ विजन कम्पनी लिमिटेडबाट १७ मे. टन धानको वीऊ खरिद गरि वितरण गर्ने निर्देशानुसार रु.१४,०२,०००।- बराबरको वीऊ विजन निम्नानुसार खरिद गरी वितरण गरिएको देखिएको।
  - खुमलटार ललितपुरबाट ४५२५ के.जी. धानको वीऊ सोझै खरिद गरेको देखिएको।
  - चितवन रामपुरबाट ९ मे. टन धानको वीऊ सोझै खरिद गरेको देखिएको।
  - कालिमाटिको HARC भन्ने संस्थाबाट बाट १ मे. टन धानको वीऊ सोझै बजारबाट खरिद गरेको देखिएको।

उल्लेखित परिमाणको वीऊ विजन कृषि वन तथा वातावरण समिति मार्फत वितरण गरेको देखियो।

## २.१० डिभिजन सडक कार्यालय, हर्कपुर

- **प्राप्त रकम** : रु.१०,००,०००।-
- **सडक खण्डमा क्षति पुगेको विवरणः** ओखलढुङ्गा, हर्कपुर देखि सोलुखुम्बु सम्मको सडक खण्ड सफाई र बाटो सुचारु गर्न रु.४,२१,४९९।- खर्च भएको र रु.५,७६,५०१ रकम फिर्ता गरेको देखिन आएको।

# रामेछाप जिल्लाः

## १. भूकम्प पीडितहरूको लागि राहत सामग्रीहरू सम्बन्धमाः

### १.१ राहत सामग्रीको श्रोत र प्राप्तिको विस्तृत विवरणः

नेपाल सरकारको केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र (नेपाल खाद्य संस्थान थापाथली र नेशनल ट्रेडिङ लिमिटेड) को अभिलेखबाट जिल्ला दैवी प्रकोप उद्धार समिति, रामेछापमा पठाईएका राहत सामग्रीको विवरण देहाय बमोजिम रहेको पाईयो।

| सि.नं. | राहत सामग्रीको नाम | परिमाण |
|---|---|---|
| 1 | Rice (Quintal) | 772 |
| 2 | Salt (Quintal) | 15 |
| 3 | Sugar (Quintal) | 41 |
| 4 | Noodles (Carton) | 2720 |
| 5 | Beaten Rice (Quintal) | 97 |
| 6 | Biscuit (Carton) | 1722 |
| 7 | Tripal/Tent (Pcs/Bundle) | 22625 |
| 8 | Water (Case, Truck) | 257 |
| 9 | Potato (Quintal) | 67 |
| 10 | Wheat/Flour (Quintal) | 69 |
| 11 | Pulse (Quintal) | 2 |
| 12 | Mixed Food (Carton/Kg..) | 623 |
| 13 | Gud/Shakkhar (Kg/Box) | 1243 |
| 14 | Bedsheet/Blanket (Pcs/Bundle/…) | 6661 |
| 15 | Clothes and Accessories (Pcs/Bundle/Cartoon..) | 85 |
| 16 | Utensils (Pcs/Carton, Bag…Pair) | 997 |
| 17 | Sanitary Items (Box, Carton, Pair, Pcs..) | 785 |
| 18 | Baby Food (Carton, Kg, Bag,….) | 83 |
| 19 | Spices (Pcs, Kg, Box, Carton, Quintal) | 1697 |
| 20 | Medicines (Carton, Box, Pcs, Bag…) | 8 |
| 21 | Juice (Carton, Ltr, Bag,…) | 33 |
| 22 | Tea and Coffee (Pkt, Carton, Bag, ……) | 143 |
| 23 | Oil (Ltr, Kg, Carton, Bag, Pcs) | 15 |
| 24 | Torch, Battery and Solar Items (Pcs, Carton, Box, Bag, …) | 191 |
| 25 | Transformer and Accessories (Pcs) | 0 |
| 26 | Dalmod and Fried Foods | 423 |
| 27 | Gas Range/Cylinder (Pcs, Box, Carton) | 582 |
| 28 | Miscellenous (Carton, Box, Pcs, Bag…Kg…) | 29 |

भन्सार विभागको अभिलेख अनुसार विभिन्न संघ-संस्था, व्यक्ति, फर्महरूले भन्सार नाकाहरूबाट सोझै रामेछाप जिल्लामा पठाईएका राहत सामग्रीहरुको विवरण निम्नानुसार रहेको पाईयो ।

| सि.नं. | सामानको नाम | सामानको परिमाण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | KG | BAG | BDL | PCS | SET | CTN | PKT | Adt |
| १ | चामल | १४०४१ | ९२ | | | | | | |
| २ | चिउरा | १५२० | २१५ | | | | | | |
| ३ | ब्लाङ्केट | | १११६ | १८८ | ८६० | | १०० | १३ | |
| ४ | भाडाकुँडा | | | | | | १५ | | |
| ५ | मेडिसिन | | | | | | ५२ | | |
| ६ | मिक्स फुड | | १५० | | | | २५२८ | १८ | |
| ७ | टेन्ट त्रिपाल | २४० | ७५ | २३७ | ९९१८ | | | २७७ | ८९ |

## जिल्ला दैवी प्रकोप उद्धार समिति, रामेछापमा प्राप्त राहत सामग्रीको विवरणः

| क्र.सं. | सामानहरूको विवरण | प्राप्तिको श्रोत | जम्मा परिमाण | वितरण भएको परिमाण | बाँकी |
|---|---|---|---|---|---|
| १ | त्रिपाल | जम्मा | ४४,८६५ थान | ३४,४६९ थान | १०३७६ थान |
| | | नेपाल सरकार | १८,४५२ थान | | |
| | | गैसस बाट | २६,४१३ थान | | |
| २ | टेन्ट | जम्मा | ११९४ थान | ११६९ थान | २५ थान |
| | | नेपाल सरकार | १६१ थान | | |
| | | गैसस बाट | १०३३ थान | | |
| ३ | चामल | जम्मा | ३०३१५० के.जी. | २६६१८० के.जी. | ३७०५० के.जी. |
| | | नेपाल सरकार | २११४५० के.जी. | | |
| | | गैसस बाट | ९१७०० के.जी. | | |

## केन्द्रबाट प्राप्त राहत सामग्री र जिल्लाबाट वितरण भएको राहत सामग्रीहरू वीचको सामन्जस्यताः

जिल्ला दैवी प्रकोप उद्धार समिति, रामेछापलाई विभिन्न श्रोतहरू विशेषगरी, नेपाल सरकार केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र, भंसार कार्यालयहरू, विभिन्न संघ, संस्थाहरू र स्थानीय स्तरमा खरिद तथा संकलन गरी राहत सामग्रीहरू प्राप्त भएको देखियो तर केन्द्रीय अभिलेख भन्दा जिल्ला तहमा राखिएको अभिलेखमा प्रायः सबै राहत सामग्रीहरूको परिमाण

बढी देखिन आयो। रामेछाप जिल्लालाई प्राप्त भएको राहत सामग्रीहरू जिल्ला रेडक्रस रामेछापको Central Warehouse मा भण्डारण गरी जिल्लामा स्थापना भएका १४ वटा सेवा केन्द्रहरू मार्फत पीडितहरूको पहिचान गरी वितरण गरेको र सो को अभिलेख जिल्ला दैवी प्रकोप उद्धार समितिले अद्यावधिक गरेको पाईयो।

| सि. नं. | राहत सामग्री पठाउने निकाय/ संघसंस्था | त्रिपाल (थान/बण्डल) | चामल (के.जी.) | कैफियत |
|---|---|---|---|---|
| १. | केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट पठाइएको राहत सामग्री | २२६२५ | ७७२०० | |
| २. | जिल्लामा प्राप्त हुन आएको परिमाण (केन्द्रबाट पठाईएको मात्र) | १८४५२ | २११४५० | |
| **फरक परिमाण** | | **४१७३ थान/बण्डल कम प्राप्त** | **१३४२५० बढी प्राप्त** | |

माथि उल्लेखित तालिकालाई विश्लेषण गर्दा नेपाल सरकारको केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट रामेछाप जिल्लाको लागि पठाईएको त्रिपालहरूको अभिलेख थान तथा बण्डल नछुट्याई एकै किसिमले राखेको पाईयो भने जिल्लामा प्राप्त सोही राहत सामग्रीको थान उल्लेख गरी अभिलेखीकरण गरको पाईयो। यसैगरी, केन्द्रीय राहत संकलन केन्द्रबाट कुल २२,६२५ थान/बन्डल त्रिपाल जिल्लालाई पठाएको देखियो भने जिल्ला दैवी प्रकोप उद्धार समिति रामेछापले १८,४५२ थान त्रिपाल मात्र प्राप्त गरेको देखिएकोले ४,१७३ थान/बण्डल त्रिपाल जिल्ला दैवी प्रकोप उद्धार समिति रामेछापमा कम प्राप्त भएको देखियो। चामलको हकमा भने केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट पठाईएको भन्दा १,३४,२५० के.जी.चामल बढी प्राप्त गरेको अभिलेखबाट देखिंदा केन्द्र र जिल्ला स्तरमा राखिएको अभिलेखहरू तुलना गरी अध्ययन गर्न सकिने तथा वास्तविक परिमाण यकिन गर्न सकिने अवस्थाको देखिएन।

## १.३ राहत सामग्रीहरूको वितरणको प्रक्रिया र वितरणको स्थितिः

राहत सामग्रीहरूको प्रभावकारी वितरणको लागि देहाय बमोजिमको संयन्त्रहरूको विकास गरी परिचालन गरेको पाईयो-

- जिल्ला दैवी प्रकोप उद्धार समिति;

- सहायक प्र.जि.अ.को संयोजकत्वमा ६ सदस्यीय राहत सामग्री संकलन, भण्डारण तथा वितरण समिति;
- विभिन्न स्थानहरूमा गठित १४ वटा सेवा केन्द्र;
- प्रभावित गा.वि.स.हरूमा जिल्ला दैवी प्रकोप उद्धार समितिले तोकेको कर्मचारी, गा.वि.स. सचिव, जनप्रतिनिधि, सहितको स्थानीय संयन्त्र।

## १.४ वितरण प्रक्रिया र सदुपयोग बारे पीडितहरूको प्रतिक्रियाः

- सैपु गा.वि.स., रामेछाप न.पा. र मन्थली न.पा.का केही स्थानहरूमा राहत वितरण सम्बन्धमा अनियमितता भएको भनी परेका उजूरीहरु उपर सम्बन्धित गा.वि.स. तथा न.पा. लाई छानवीन गरी प्रतिवेदन गर्न निर्देशन गरेको भनी प्रमुख जिल्ला अधिकारीबाट जानकारी प्राप्त भएको।
- राहत वितरण सम्बन्धमा पीडितहरूको प्रतिक्रिया लिने क्रममा रामेछाप न.पा. वडा नं. ५ बस्ने प्रदिप कुमार श्रेष्ठ र विमला न्यौपाने, ऐ. वडा नं. ४ बस्ने लवश्री न्यौपाने र तुलसा कार्की समेतलाई बुझिएकोमा निजहरूले नेपाल सरकारबाट उपलब्ध गराएको रु.१५,०००।- लगायत अन्य राहत सामग्रीहरू जस्तै, त्रिपाल, खाद्यान्न आदि प्राप्त गरेको तर जिल्लाका अरू कतिपयले दोहोरो सुबिधा समेत लिएको भनी उल्लेख गरेको पाईयो।

# २. प्राप्त रकमको खर्च तथा मौज्दात विवरणः

## २.१ जिल्ला दैवी प्रकोप उद्धार कोष, रामेछाप

| क्र.सं. | रकम विनियोजन गर्ने निकाय | प्राप्त रकम (रू.) | कैफियत |
|---|---|---|---|
| १ | के.दै.प्र.उ.समितिबाट प्राप्त रकम | ७३,२४,०००००।- | |

| क्र.सं. | रकम खर्च शीर्षक | खर्च रकम (रू.) | दर (रु.) | पेश्कि फछ्र्यौट | खर्च प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | पूर्ण घर क्षति भएका पीडित | ७२,२२,२०,०००।- | रु.१५,००० का दरले | पेश्कि फछ्र्यौट हुने क्रममा रहेको | केन्द्रीय निर्देशानुसार गा.वि.स. सचिवहरू समेत मार्फत वितरण गरिएको |
| २ | मृतक राहत | ४८,००,०००।- | १ लाख | खर्च भएको | |
| ३ | किरिया खर्च | १८,४०,०००।- | ४० हजार | खर्च भएको | |
| ४ | जम्मा खर्च | ७२,८८,६०,०००।- | | | |
| ५ | बाँकी | ३५,४०,०००।- | | फिर्ता गरेको | |

## २.२ जिल्ला प्रशासन कार्यालयः

मानवीय क्षतिः

| सि.नं. | विवरण | मानवीय क्षति जिल्ला भित्र | | जिल्ला बाहिरको मानवीय क्षति | | कै. |
|---|---|---|---|---|---|---|
| | | मृतक | घाईते | मृतक | बेपत्ता भएका | |
| १ | **रामेछाप** | ४१ | १४७ | ७ | | |

**भूकम्प पीडित परिचय पत्र वितरणको आधार र अवस्था**

- प्रारम्भिक चरणमा स्थानीय राजनैतिक दलका प्रतिनिधि, वडा नागरिक मंचका प्रतिनिधि तथा गा.वि.स. सचिव समेतको स्थानीय संयन्त्रले गरेको प्रतिवेदनको आधारमा पीडितहरूको पहिचान गरिएको।
- पछिल्लो चरणमा केन्द्रबाट परिचालित प्राविधिक सहितको कार्यटोलीमा जिल्ला स्थित सरकारी कार्यालयहरूमा कार्यरत कर्माचारी, गा.वि.स.सचिव लगायतबाट क्षति मूल्याङ्कन गरी तयार गरेको प्रतिवेदनको आधारमा पीडितको पहिचान गरि परिचय-पत्र वितरण गरिएको।

- **२०६८ सालको जनगणना र भूकम्पबाट क्षति भएका घर संख्याको विवरणः**

भौतिक क्षति (विषयगत)

| सि.नं. | विवरण | भौतिक क्षति | | भूकम्पबाट क्षति पुगेको घर धुरी संख्या | २०६८ सालको जनगणनानुसारको घरधुरी संख्या | कै. |
|---|---|---|---|---|---|---|
| | | पुर्ण | आंशिक | जम्मा | जम्मा | |
| १ | घर | ४८,१४८ | - | ४८,१४८ | ४२,९१० | २०६८ सालको जनगणनामा उल्लेखित घर धुरी संख्या भन्दा क्षति पुगेको घरधुरी संख्या नै ५२३८ बढि देखिएको |
| २ | सरकारी कार्यालय | ६४ | ५८ | | | |

## २.३ जिल्ला विकास समितिको कार्यालय, रामेछाप

| जिल्ला विकास समितिको कार्यालय | | | कैफियत |
|---|---|---|---|
| १ | राहत ढुवानीमा | रु. १४,४५,३००।- | सबै रकम खर्च भएको |
| २ | लोड अनलोडमा | रु. ६८,८००।- | सबै रकम खर्च भएको |
| ३ | दै. भ्रमण भत्तामा | रु. २२,७७५।- | सबै रकम खर्च भएको |
| ४ | छपाई र फोटोकपी | रु. ३,४०,५६१।- | सबै रकम खर्च भएको |
| ५ | केन्द्रीय अनुगमन टोलीको लागि दै.भ्र. भत्ता | रु. १३,८१,६४९।- | सबै रकम खर्च भएको |
| ६ | त्रिपाल खरिद<br>(१८*२४-रू. ३४५०)-२१थान<br>(१८*३०-रू. ४३००)-५<br>(१८*३०-रू. ३८०५)-३५<br>(१८*३०-रू. २३९०)-१९<br>(१५*१८-रू. १९०२)-४५<br>(जम्मा १२६ थान) | रु. ३,९२,४६८।- | गुणस्तर नखुलेको, खरिद गरिएको त्रिपाल औषत मूल्य प्रति वर्ग फिट रू. १२ देखि रू. १५ सम्म पर्ने देखिएको। |
| ७ | संचार तर्फ | रु. ९,६००।- | सबै रकम खर्च भएको |
| ८ | ईन्धन तर्फ | रु. १,१३,४९९।- | सबै रकम खर्च भएको |
| ९ | सडक मर्मत अनुगमन | रु. १,०२,६००।- | सबै रकम खर्च भएको |
| १० | विविध | रु. ५०००।- | सबै रकम खर्च भएको |
| ११ | जम्मा खर्च | रु. ३८,८२,२५२।- | |
| १२ | बांकी, फिर्ताको प्रक्रियामा | रु. ६२,६५२।- | |

- **प्रत्येक न.पा., गा.वि.स. लाई विनियोजित रकमको खर्च विवरण सम्बन्धमाः**

  केन्द्रीय निर्देशन अनुसार प्रति गा.वि.स. रु.४,५०,०००।- दरले सम्बन्धित गा.वि.स. सचिवलाई केन्द्रीय निर्देशन अनुसारको शीर्षकमा खर्च गर्ने गरी पेश्की प्रदान गरिएकोमा निजहरूले स्थानीय माग अनुसार राहत सामग्रीहरू खरिद गरेको तथा खर्च गरिएको रकम पेश्की फछ्यौंटको क्रममा रहेको। यसैगरी, नगरपालिका वडा कार्यालयहरूबाट पनि प्रत्येक वडालाई प्राप्त रकम रू.२,००,०००।- समेत स्थानीय मागको आधारमा राहत सामग्रीहरूको खरिद गरी वितरण गरेको देखियो।

## २.४ जिल्ला शिक्षा कार्यालय, रामेछाप

**प्राप्त रकमको विवरणः-**

जिल्ला शिक्षा कार्यालय, रामेछापलाई जम्मा रु.५,८९,१८,०००।- निकासा भएकोमा रु.५,६७,९८,०००।- खर्च भएको देखियोः

**अस्थायी सिकाई केन्द्र (Temporary Learning Center-TLC) निर्माण सम्बन्धीः-**

- **प्राप्त रकमः-** रु.३,२१,७५,०००।- (जसबाट ४३८ वटा अस्थायी सिकाई केन्द्र निर्माण गर्न सम्बन्धित विद्यालयको खातामा रकम निकासा भएकोमा पेश्की फछ्र्यौटको क्रममा रहेको)
- जिल्लाका १५४९ जना सीमान्तकृत बालबालिकाहरूको लागि खाजा स्वरूप रु.७,६२,१०८।- सम्बन्धित विद्यालयको खातामा निकासा भएको देखिएको;
- पीडित विद्यार्थीहरूको लागि पोशाक तथा झोला शीर्षकमा रू.२,६७,४३,०००।- (प्रति विद्यार्थी रु.१०००।- का दरले) निकासा भएकोमा प्रा.वि. स्तरका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको लागि मात्र सम्बन्धित विद्यालयहरूको खातामा रकम जम्मा गरेको देखिएको।
- वितरण प्रक्रियाः २०७१ सालको पहिलो Flash Report लाई आधार मानी प्रा.वि. तहका २६,५२३ जना विद्यार्थीहरुलाई दामासाहीमा वितरण गर्ने गरी रू.२,६५,२३,०००।- पेश्कि गएको देखिएको।

## २.५ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछाप

- **प्राप्त रकमः-** रु.५०,००,०००।-

| क्र.सं. | रकम खर्च शीर्षक | खर्च रकम | खर्च प्रक्रिया |
|---|---|---|---|
| १ | विभिन्न ठाँउमा खानेपानीका आयोजना मर्मत एवं शौचालय निर्माण | **रु.१२,४३,६३८।- र** बाँकी **रु.३७,५५,०९९।-** फिर्ता भएको। | उपभोक्ता समिति मार्फत खर्च |

## २.६ जिल्ला भू-संरक्षण कार्यालय, रामेछाप

- **प्राप्त रकमः-** रु.७५,००,०००।-
- **खर्च विवरणः**

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण | दर (रू.) | खर्च रकम (रू.) | खर्च प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | ग्यावियन तारजाली | १०३४ थान | ३४१८।२५ प्रति थान | रु.३५,३४,४७०।५० | ७ दिने सूचना प्रकाशित |
| १ | ग्यावियन | तार ३५ | १०९३२७।५० | रु.३८,२६,४६२।५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | तारजाली | मे.टन | (प्रति मे.ट.) | | गरी टेण्डर प्रक्रियाबाट खरिद |
| **जम्मा** | | | | **७३,६०,९३३।-** | |
| **बाँकी** | | | | **१,३९,०६७** | **फिर्ता** |

**उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरणः-** जिल्ला दैवी प्रकोप उद्धार समितिले सिफारिश गरे अनुसार पहिरो रोकथाम र प्रकोप जोखिम न्यूनीकरण गर्न प्रयोजनको लागि गा.वि.स.,नगर पालिका तथा स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा वितरण गरेको देखिएको।

## २.७ जिल्ला जनस्वास्थ्य कार्यालय, रामेछाप

- **प्राप्त रकमः-** रु.८,००,०००।- (उल्लेखित रकम रू.८ लाखको औषधि स्थानीय मागको आधारमा दररेट लिई स्थानीय मेडिकल स्टोरबाट सीधै खरिद गरेको)
- **औषधि प्राप्ति र वितरणको विवरणः-** स्वास्थ्य सेवा विभागबाट प्राप्त औषधिहरुलाई जिल्ला जनस्वास्थ्य कार्यालयको भण्डारमा स्टोर दाखिला गरी आवश्यकता अनुसार वितरण गर्ने गरिएको देखिएको; कार्यालयमा मौज्दात औषधि र भूकम्पको लागि प्राप्त औषधिको भण्डारण एकै ठाउँ भएको पाईएको; औषधि वितरण गर्दा स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरुलाई माग बमोजिम उपलब्ध गराईएको तथा जिल्ला अस्पतालमा आउने विरामीहरुलाई समेत माग अनुसार वितरण गरेको देखिएको।

## २.८ जिल्ला पशु सेवा कार्यालय, रामेछाप

- **प्राप्त रकमः** जिल्ला पशु सेवा कार्यालयले राहत शीर्षकमा कुनै पनि रकम प्राप्त नगरेको तर पशु सेवा निर्देशनालयबाट गाई भैंसी र बंगुरको गरी ७४ बोरा दाना र ६००० डोज भ्याक्सिन प्राप्त भएकोमा पीडित किसानहरूलाई वितरण गरेको।

## २.९ जिल्ला कृषि विकास कार्यालय, रामेछाप

- **प्राप्त रकमः** राहत शीर्षकमा कुनै पनि रकम प्राप्त नभएको।
- **वीऊ, विजन प्राप्ति र वितरणको विवरणः-** राष्ट्रिय वीऊ विजन कम्पनी लिमिटेडबाट १० मेट्रिक टन तथा र जिल्ला कृषि विकास कार्यालयलाई उषाकिरण महिला कृषि सहकारी

संस्था, खिम्ती र कृषक जागरण कृषि सहकारी संस्था, ओखेनीबाट राष्ट्रिय वीऊ विजन कम्पनीले खरिद गरी उपलब्ध गराएको १० मेट्रिक टन समेत वितरण गरेको देखिएको।

- **खरिद भएका सामानहरूको विवरणः**

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण | खर्च रकम (रू.) | खर्च प्रक्रिया |
|---|---|---|---|---|
| १ | धानको वीऊ | १० मे.टन | ५,४४,०००।- | सोझै खरिद |
| २ | ढुवानी खर्च | | १,२०,०००।- | |

# सिन्धुली जिल्लाः

## १. भूकम्प पीडितहरूको लागि राहत सामग्रीहरू सम्बन्धमाः

### १.१ राहत सामग्रीको श्रोत र प्राप्तिको विस्तृत विवरणः

नेपाल सरकारको केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र (नेपाल खाद्य संस्थान थापाथली र नेशनल ट्रेडिङ लिमिटेड) को अभिलेखबाट जिल्ला दैवी प्रकोप उद्धार समिति, सिन्धुलीमा पठाईएका राहत सामग्रीहरुको विवरण निम्नानुसार रहेको पाईयो।

| सि.नं. | राहत सामग्रीको नाम | परिमाण |
|---|---|---|
| 1 | Rice (Quintal) | 655 |
| 2 | Salt (Quintal) | 26 |
| 3 | Sugar (Quintal) | 20 |
| 4 | Noodles (Carton) | 1230 |
| 5 | Beaten Rice (Quintal) | 48 |
| 6 | Biscuit (Carton) | 2402 |
| 7 | Tripal/Tent (Pcs/Bundle) | 6604 |
| 8 | Water (Case, Truck) | 20 |
| 9 | Potato (Quintal) | 4 |
| 10 | Wheat/Flour (Quintal) | 0 |
| 11 | Pulse (Quintal) | 0 |
| 12 | Mixed Food (Carton/Kg..) | 3029 |
| 13 | Gud/Shakkhar (Kg/Box) | 0 |
| 14 | Bedsheet/Blanket (Pcs/Bundle/…) | 162 |
| 15 | Clothes and Accessories (Pcs/Bundle/Cartoon..) | 0 |
| 16 | Utensils (Pcs/Carton, Bag…Pair) | 0 |
| 17 | Sanitary Items (Box, Carton, Pair, Pcs..) | 2 |
| 18 | Baby Food (Carton, Kg, Bag,….) | 0 |
| 19 | Spices (Pcs, Kg, Box, Carton, Quintal) | 0 |
| 20 | Medicines (Carton, Box, Pcs, Bag…) | 0 |
| 21 | Juice (Carton, Ltr, Bag,…) | 15 |
| 22 | Tea and Coffee (Pkt, Carton, Bag, ……) | 0 |
| 23 | Oil (Ltr, Kg, Carton, Bag, Pcs) | 0 |
| 24 | Torch, Battery and Solar Items (Pcs, Carton, Box, Bag, …) | 2256 |
| 25 | Transformer and Accessories (Pcs) | 0 |
| 26 | Dalmod and Fried Foods | 0 |
| 27 | Gas Range/Cylinder (Pcs, Box, Carton) | 0 |
| 28 | Miscellenous (Carton, Box, Pcs, Bag…Kg…) | 0 |

भन्सार विभागको अभिलेख बमोजिम विभिन्न संघ-संस्था, व्यक्ति, फर्महरूले भन्सार नाकाहरूबाट सोझै सिन्धुली जिल्लामा पठाईएका राहत सामग्रीको विवरण देहाय बमोजिम रहेको पाईयो।

| सि.नं. | सामानको नाम | सामानको परिमाण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | KG | BAG | BDL | PCS | SET | CTN | PKT | Adt | Rol |
| १ | चामल | ६५५७२ | ३७ | | | | | | | |
| २ | चिउरा | १७५०१ | २८२ | | | | | | | |
| ३ | ब्लाङ्केट | | ६ | २० | ७७६ | | १८ | | | |
| ४ | भाडाकुँडा | | | | ४०० | | | | | |
| ५ | मेडिसिन | | ९ | | | | ३ | | | |
| ६ | मिक्स फुड | | | | | | | २४ | | |
| ७ | टेन्ट त्रिपाल | | ५० | २६ | ९८११ | | | १११ | | |

**जिल्ला दैवी प्रकोप उद्धार समिति, सिन्धुलीको अभिलेखबाट देखिएको जिल्लामा प्राप्त राहत सामग्रीको विवरणः**

| क्र.सं. | सामानहरूको विवरण | प्राप्तिको श्रोत | जम्मा परिमाण | वितरण भएको परिमाण | बाँकी |
|---|---|---|---|---|---|
| १ | त्रिपाल | जम्मा | ५४,३२७ थान | ५४,२९७ थान | ३० थान |
| | | नेपाल सरकार | १,५०० थान | | |
| | | गैसस बाट | ५२,८२७ थान | | |
| २ | चामल | जम्मा | ३,७२,०२२ के.जी. | २९५१७३ के.जी. | ७६८४९ के.जी. |
| | | नेपाल सरकार | ५५,०४०के.जी. | | |
| | | गैसस बाट | ३,१६,९८२ के.जी. | | |

**केन्द्र तथा जिल्लाको अभिलेख वीचको भिन्नताः**

| सि. नं. | राहत सामग्री पठाउने निकाय/ संघसंस्था | त्रिपाल (थान/बण्डल) | चामल (के.जी.) | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार, केन्द्रबाट पठाइएको परिमाण | ६६०४ | ६५,५०० | |
| २. | केन्द्रबाट पठाइएको राहत जिल्लामा प्राप्त हुन आएको परिमाण | १५०० थान | ५५,०४० | |
| **फरक परिमाण** | | **५१०४ थान/बण्डल त्रिपाल कम प्राप्त** | **१०४६० के.जी. चामल कम प्राप्त** | |

जिल्ला दैवी प्रकोप उद्धार समिति, सिन्धुलीलाई विभिन्न श्रोतहरू विशेषगरी, नेपाल सरकार केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र, भंसार कार्यालयहरू, विभिन्न संघ, संस्थाहरू र स्थानीय स्तरमा खरिद तथा संकलनबाट राहत सामग्रीहरू प्राप्त भएको देखियो। यसैगरी, जिल्ला प्रकोप व्यवस्थापन संयन्त्रले संकलन तथा भण्डारण गरेर जिल्लाका प्रभावित गा.वि.स.हरूमा १३ वटा वितरण ईकाई मार्फत राहत वितरण गरी जिल्ला दैवी प्रकोप उद्धार समितमा अभिलेख अद्यावधिक गरेको पाईयो।

यसैगरी, माथि उल्लेखित तालिकालाई विश्लेषण गर्दा नेपाल सरकारको केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट पठाईएको त्रिपाल थान र बण्डल दुबैमा अभिलेख राखेको पाईयो भने जिल्लामा सोही राहत सामग्रीलाई थानमा मात्र राखेको पाईयो। केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट कुल ६,६०४ थान/बन्डल त्रिपाल जिल्ला दैवी प्रकोप उद्धार समिति, सिन्धुलीलाई पठाएको देखिए तापनि सिन्धुली जिल्लाले जम्मा १,५०० थान त्रिपाल मात्र प्राप्त गरेको अभिलेखबाट देखिन आयो। त्यस्तै, चामलको हकमा केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट सिन्धुली जिल्लालाई ६५,५०० के.जी. चामल पठाएको देखिन्छ भने सिन्धुली जिल्लाले ५५,०४० के.जी. मात्र प्राप्त गरेको देखिन्छ। यसरी केन्द्रीय राहत संकलन केन्द्र तथा जिल्ला दैवी प्रकोप उद्धार समितिले एउटै राहतका सामग्रीहरूलाई पनि फरक-फरक इकाईमा अभिलेख राखेको पाईएकोले उल्लेखित सबै सामग्रीहरूको तुलनात्मक रूपमा अध्ययन गरी परिमाण बीचको अन्तर यकिनका साथ निकाल्न सकिने अवस्था देखिएन।

### १.२ राहत सामग्रीहरूको वितरणको प्रक्रिया र वितरणको स्थितिः

- केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रबाट प्राप्त एवं स्थानीय सरकारी तथा गैर सरकारी संघ-संस्थाहरुबाट प्राप्त राहतको अभिलेखन, भण्डारण जिल्ला दैवी प्रकोप उद्धार समितिमा राखेको पाईएको।
- राहत सामग्री सम्बन्धित गा.वि.स. न.पा. प्रमुखले बुझी प्रभावित गा.वि.स. हरूमा जिल्ला दैवी प्रकोप उद्धार समितिले तोकेको कर्मचारी, गा.वि.स. सचिव सहितको स्थानीय संयन्त्रले संकलन तथा वितरण गर्ने गरी पठाईएको, केन्द्रीय खाद्य संस्थान र नेशनल ट्रेडिङ मार्फत प्राप्त केही राहत सामग्रीहरु पायक पर्ने सेवा केन्द्र मार्फत सीधै पीडितलाई वितरण गरिएको र त्यसको भर्पाई सम्बन्धित गा.वि.स. सचिवले संकलन गरी दाखिला गर्ने क्रम जारी रहेको पाईयो।

- राहत सामग्रीहरूको वितरणको लागि स्थानीय संयन्त्रमा राजनैतिक दलका प्रतिनिधि, सम्बन्धित गा.वि.स. सचिव, तथा नागरिक सचेतना मञ्च, नागरिक वडा मञ्चका व्यक्ति समेत रहेको पाईएकोले वितरणमा समस्या नदेखिएको।

## १.४ वितरण प्रक्रिया र सदुपयोग सम्बन्धमा पीडितहरूको प्रतिक्रियाः

- राहत वितरणमा अनियमितता भएको भनी परेका उजुरीहरुको छानवीन गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, जि.वि.स. र जिल्ला प्राविधिक कार्यालयका प्रतिनिधिहरू रहने गरी छानवीन समिति गठन गरेको र समितिबाट कार्य समेत भईरहेको पाईयो।
- माथि उल्लेखित राहत अनियमितता छानवीन गर्न गठित समितिले दोहोरो परिचयपत्रको आधारमा रु.१५,०००।- भुक्तानी लैजाने १९ जना व्यक्तिहरुबाट रु.२,८५,०००।- रकम फिर्ता भएको तथा अन्य उजुरी पर्न आएका ४० जनाका सम्बन्धमा निजहरूलाई तारेखमा राखी छानवीन गरिरहेको पाईयो।
- राहत स्वरूप नेपाल सरकारले वितरण गरेको रू.१५,००० को प्रभावकारिता सम्बन्धमा प्रमुख जिल्ला अधिकारी समक्ष प्रतिक्रिया लिंदा उल्लेखित रकमको सट्टा क्षतिको आधारमा सहुलियत ऋण उपलब्ध गराउँदा उपयुक्त हुने भन्ने भनाई रहेको।

## १. प्राप्त रकमको खर्च तथा मौज्दात विवरणः

## २.१ जिल्ला दैवी प्रकोप उद्धार कोषः

| क्र.सं. | रकम विनियोजन गर्ने निकाय | प्राप्त रकम (रू.) | कैफियत |
|---|---|---|---|
| १ | के.दै.प्र.उ. कोषबाट प्राप्त रकम | ३४,३४,००,०००।- | |

| क्र.सं. | रकम खर्च शीर्षक | रकम (रू.) | दर | खर्च रकम | खर्च प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | गा.वि.स. निकासा | २८,६६,२५,०००।- | रु.१५,००० का दरले | पेश्की फछौंट हुने क्रम जारी रहेको | केन्द्रीय निर्देशानुसार |
| २ | मृतक राहत | २६,००,०००।- | १ लाख | खर्च भएको | |
| ३ | किरिया खर्च | १०,००,०००।- | ४० हजार | खर्च भएको | |
| **जम्मा खर्च** | | **२९,०२,२५,०००।-** | | | |
| **बाँकी** | | **५,३१,७५,०००।-** | | **फिर्ता** | |

## २.२ जिल्ला प्रशासन कार्यालय, सिन्धुली

**मानवीय क्षतिः**

| सि.नं. | विवरण | मानवीय क्षति जिल्ला भित्र | | जिल्ला बाहिरको मानवीय क्षति | |
|---|---|---|---|---|---|
| | | मृतक | घाईते | मृतक | बेपत्ता भएका |
| १ | सिन्धुली | १५ | २३० | १४ | |

**भूकम्प पीडित परिचय पत्र वितरणको आधार र अवस्था**

- प्रारम्भिक चरणमा स्थानीय राजनैतिक दलका प्रतिनिधि, वडा नागरिक मंचका प्रतिनिधि तथा गा.वि.स. सचिव समेतको स्थानीय संयन्त्रले गरेको प्रतिवेदनको आधारमा पीडितको पहिचान गरिएको।
- सामान्य प्रशासन मन्त्रालयको मिति २०७२।०१।२४ गतेको निर्णयले केन्द्रबाट खटिएको प्राबिधिक सहितको टोली, स्थानीय गा.वि.स.सचिव र सरकारी कर्मचारी समेतको क्षति मूल्याङ्कन समितिले तयार गरेको प्रतिवेदनको आधारमा भूकम्प पीडित परिचय पत्र वितरण गरिएको।

**२०६८ सालको जनगणना र भूकम्पबाट क्षति भएका घर संख्याको विवरणः**

भौतिक क्षति विवरणः

| सि.नं. | विवरण | भौतिक क्षति | | भूकम्प पछि क्षति भएको घर धुरी संख्या | २०६८ सालको गणनानुसारको घर धुरी सं. | कै. |
|---|---|---|---|---|---|---|
| | | पुर्ण | आंशिक | जम्मा | जम्मा | |
| १ | घर | ३०,६०७ | ११,३७० | ४१,६७७ | ५७,५८१ | |
| २ | सरकारी कार्यालय | ६५ | ४६९ | | | |
| ३ | चौपाया | पशु २९१ मृत्यु र पंछी ४८६५ मृत्यु, | | | | |

## २.३ जिल्ला विकास समितिको कार्यालय, सिन्धुली

| जिल्ला विकास समितिको कार्यालय | | | कैफियत |
|---|---|---|---|
| १ | राहत सामग्रीहरूको ढुवानीमा | रु. २,४०,०००।- | |
| २ | लोड अनलोडमा | रु. ४,३३,०००।- | |
| ३ | केन्द्रीय अनुगमन टोलीलाई केन्द्रीय निर्देशन बमोजिम प्रति टोलीलाई रू. २५,००० का दरले | रु. ६,२५,०००।- | |
| ४ | त्रिपाल खरिद (१२*१५) | रु.२६,३६,४००।- | प्रति गोटा रु. ९०० का |

| | | | |
|---|---|---|---|
| | (गुणस्तर नखुलेको; सिरहा, सप्तरीको प्र.जि.अ.सँग सम्पर्क गरी झिकाईएको) | | दरले सोझै भारतीय बजारबाट खरिद गरेको (प्रति वर्ग फिट रू.५ पर्न गएको) |
| ५ | ईन्धन तर्फ | रु. ३,७७,९५०।- | |
| **जम्मा खर्च** | | **रू.४३,१२,३५०।-** | |

- **राहत सामग्रीहरूको प्राप्ति र वितरणमा अपानाईएको पद्धति**

  स्थानीय प्रकोप व्यवस्थापन संयन्त्र मार्फत राहत सामग्रीहरु सम्बन्धित न.पा., गा.वि.स.का प्रमुखले बुझी प्रभावित गा.वि.स.हरूमा जिल्ला दैवी प्रकोप उद्धार समितिले तोकेको कर्मचारी, गा.वि.स. सचिव सहितको स्थानीय संयन्त्रले वितरण गर्ने गरी पठाईएको; केन्द्रीय खाद्य संस्थान र नेशनल ट्रेडिङ मार्फत प्राप्त केही राहत सामग्रीहरु पायक पर्ने सेवा केन्द्र मार्फत सीधै पीडितहरूलाई वितरण गरिएको र वितरणको भर्पाई संकलनको जिम्मा सम्बन्धित गा.वि.स.सचिवलाई दिईएको।

- **प्रत्येक गा.वि.स.,/ न.पा.लाई विनियोजित रकमको खर्चको विवरणः**

  केन्द्रीय निर्देशन अनुसार प्रति गा.वि.स. रु.४,५०,०००।- का दरले सम्बन्धित गा.वि.स. सचिवहरूलाई उपलब्ध गराईएकोमा उल्लेखित रकम स्थानीय मागको आधारमा राहत सामग्रीहरूको खरिदमा खर्च गरिएको र उल्लेखित रकम पेश्की फछ्यौंटको क्रममा रहेको देखिएको साथै कमलामाई र दुधौली नगरपालिकालाई प्रति वडा रु.२,००,०००।- का दरले उपलब्ध गराईएको रकमको समेत स्थानीय माग अनुसार सम्बन्धित वडालाई आवश्यक देखिएको त्रिपाल, खाद्य सामग्री, म्याट्रेस आदि खरिद गरेको देखिएको।

## २.४ जिल्ला शिक्षा कार्यालय, सिन्धुलीः

**जम्मा निकासाः** रु.५,९५,०४,०००।-

**खर्चको विवरणः**

१. **अस्थायी सिकाई कक्ष (Temporary Learning Center-TLC) निर्माण सम्बन्धीः**

- उल्लेखित शीर्षकमा जम्मा निकासा रकम रु. ४,६८,००,०००।-
- सरकारी खर्चमा निर्माण सम्पन्न गर्नुपर्ने ११२ वटा अस्थाई सिकाई केन्द्र (TLC) को लागि रू.१,६८,००,०००।- सम्बन्धित विद्यालयको खातामा निकासा भएको र उल्लेखित रकमको खर्च फछ्यौंटको क्रममा रहेको।

- रू.३,००,००,०००।- सरसफाई (Debris Management) को लागि खर्च भई पेश्की फछ्र्यौटको क्रममा रहेको।

२. पोशाक तथा झोला वितरण शीर्षकमा रू.१,२७,०४,०००।- निकासा भएकोमा खर्च नभई फिर्ता पठाईएको।

## २.५ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुलीः

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुलीलाई अस्थायी आवास, खानेपानी तथा अस्थायी शौचालयको निर्माणमा खर्च गर्ने गरी रू.५०,००,०००।- निकासा भएकोमा रू.६५,२४५।- मात्र जिल्लाका अति विपन्न ३ जना मृतक परिवारको लागि अस्थायी टहरा निर्माणमा खर्च गरी बाँकी रकम रू.४९,३४,७५५।- फिर्ता पठाएको देखियो।

## २.६ जिल्ला भू-संरक्षण कार्यालय, सिन्धुली

- **प्राप्त रकमः-** रु.७५,००,०००।-
- **भू-संरक्षण कार्यालयबाट भएको खर्च विवरणः**

| क्र.सं. | रकम खर्च शीर्षक | परिमाण | दर | खर्च रकम (रू.) | खर्च प्रक्रिया |
|---|---|---|---|---|---|
| १. | तारजाली (विभिन्न साईजका) | १३०० थान (२२,८०० वर्ग मिटर) | १८० प्रति व.मी. | ६२,२४,०३१।- | टेण्डर प्रक्रियाबाट खरिद |
| २. | तार (विभिन्न गेजका) | ३,७६४ के.जी. | रु. ७४ प्रति के.जी. | | |
| **बाँकी** | | | | **६,८७,७५६।-** | **फिर्ता** |

- **उल्लेखित सामानहरूको वितरण प्रक्रिया र मौज्दात विवरण :-** स्थानीय उपभोक्ता समितिको माग तथा निवेदन, जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिश, सम्बन्धित न.पा. तथा गा.वि.स.को सिफारिश, भू-संरक्षण कार्यालयका प्राबिधिकको प्रतिवेदन समेतको आधारमा १४४ जना पीडितहरूको सूची तयार गरी ६१ जनालाई वितरण भएको तथा अन्य निवेदन उपर कार्वाही भईरहेको देखिएको।

## २.७ जिल्ला जनस्वास्थ्य कार्यालय, सिन्धुली;

- **प्राप्त रकमः-** रु. ४,००,०००।- (उल्लेखित रकम रू. ४ लाखको औषधि स्थानीय मागको आधारमा दररेट लिई स्थानीय मेडिकल स्टोरबाट सीधै खरिद गरेको)

- औषधि प्राप्ति र वितरणको विवरणः- स्वास्थ्य सेवा विभागबाट प्राप्त औषधिहरुलाई जिल्ला जन-स्वास्थ्य कार्यालयको भण्डारमा स्टोर दाखिला गरी आवश्यकता अनुसार वितरण गर्ने गरिएको देखिएको; कार्यालयमा मौज्दात औषधि र भूकम्पको लागि प्राप्त औषधिको अभिलेखिकरण एकै ठाउँ भएको पाईएको; औषधि वितरण गर्दा स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरुलाई माग बमोजिम उपलब्ध गराईएको तथा जिल्ला अस्पतालमा आउने विरामीहरुलाई समेत माग अनुसार वितरण गरेको देखिएको एवं भण्डारणमा रू.८८,५०५।- मूल्य पर्ने विभिन्न प्रकारका औषधिहरु मौज्दात रहेको विवरण प्राप्त भएको।

## २.८ जिल्ला पशु सेवा कार्यालय, सिन्धुली;

- जिल्ला पशु सेवा कार्यालयले राहत शीर्षकमा कुनै पनि रकम प्राप्त नगरेको तर पशु स्वास्थ्य निर्देशनालयबाट गाई भैंसी र बंगुरको गरी ४८ बोरा (२४००के.जी.) दाना प्राप्त भएकोमा कृषक समूह मार्फत भूकम्प पीडित कृषकहरुलाई वितरण गरेको पाईएको, सदरमुकामबाट शितलपाटी गा.वि.स.को सेवा केन्द्रसम्म उल्लेखित दानाहरु ढुवानी गर्नको लागि रु.४१,९४०।नियमित बजेटबाट खर्च भएको देखियो।

## २.९ जिल्ला कृषि विकास कार्यालय सिन्धुली;

- जिल्ला कृषि विकास कार्यालयलाई राष्ट्रिय वीऊ विजन कम्पनी लिमिटेडबाट प्राप्त २० मेट्रिक टन तथा राष्ट्रिय वीऊ विजन कम्पनी आफैले कोपिला कृषक समूहबाट खरिद गरी जिल्ला कृषि विकास कार्यालयलाई उपलब्ध गराएको २० मेट्रिक टन समेत जम्मा ४० मेट्रिक टन धानको विउ १ के.जी. देखि १७५ के.जी. सम्म वितरण गरेको देखियो। वितरण गरिएको भनिएको भरपाईमा वितरित वीऊ बिजनको परिमाण धेरै ठाँउमा केरमेट गरि सच्याईएको र कतिपय ठाँउमा बुझ्नेको दस्तखत र परिमाण समेत खुलेको देखिएन। साथै उल्लेखित विउ ढुवानीको लागि कार्यालयले सोधभर्ना लिने गरी ढुवानीमा रु.२,४०,०००।- खर्च गरेको देखियो।

## २.१० डिभिजन सडक कार्यालय खुर्कोट, सिन्धुली

- डिभिजन सडक कार्यालय खुर्कोटलाई निकासा भएको रु.५० लाखबाट सिन्धुली, रामेछाप सडक खण्डको सफाई र बाटो सुचारु गर्न रु.२७,५९,२९९।७० खर्च गरी बाँकी रहेको रु.२२,४०,७००।३० रकम फिर्ता गरेको देखियो।

# ४.२ भूकम्प प्रभावित जिल्लाहरुलाई निकासा र खर्चको विवरणः

## जिल्ला दैवी प्रकोप उद्धार समितिः

| सिनं | जिल्ला | प्राप्त बजेट | खर्च शीर्षक | खर्च दर | संख्या | खर्च रकम | मौज्दात रकम |
|---|---|---|---|---|---|---|---|
| १ | मकवानपुर | ३२,३३,०५,०००।- | क्रिया खर्च | ४०,०००।- | ६१ | २४,४०,०००।- | ५६६८८१२।- |
| | | | मृतक राहत | १,००,०००।- | ४४ | ४४,००,०००।- | |
| | | | अस्थायी आवास | १५,०००।- | नखुलेको | २९,६२,००,०००।- | |
| | | | त्रिपाल तथा प्लाष्टिकखरीद | - | - | १,४४,९४,१८८।- | |
| | | | ढुवानी | - | - | १,०२,०००।- | |
| | | | **जम्मा** | | | **३१७६३६१८८।-** | **५६६८८१२।-** |
| २ | ओखलढुंगा | २७,१८,००,०००।- | क्रिया खर्च | ४०,०००।- | ४८ | **१९,२०,०००।-** | १,०७,७५,१३१।- |
| | | | मृतक राहत | १,००,०००।- | ४४ | ४४,००,०००।- | |
| | | | अस्थायी आवास | १५,०००।- | - | २५,२७,८४,०००।- | |
| | | | त्रिपाल खरीद | - | - | ४,२९,४००।- | |
| | | | ढुवानी | | - | १४,९१,४६९।- | |
| | | | **जम्मा** | | | **२६,१०,२४,८६९।-** | **१,०७,७५,१३१।-** |
| ३. | रामेछाप | ७३,२४,००,०००।- | क्रिया खर्च | ४०,०००।- | ४६ | १८,४०,०००।- | |
| | | | मृतक राहत | १,००,०००।- | ४८ | ४८,००,००००।- | |
| | | | अस्थायी आवास | १५,०००।- | - | ७२,२२,२०,०००।- | |
| | | | **जम्मा** | | | **७२,८८,६०,०००।-** | **३५,४०,०००।-** |
| ४ | सिन्धुली | ३४,३४,००,०००।- | क्रिया खर्च | ४०,०००।- | | १०,००,००००।- | |
| | | | मृतक राहत | १,००,०००।- | | २६,००,०००।- | |
| | | | अस्थायी आवास | १५,०००।- | | २८,६६,२५,०००।- | |
| | | | **जम्मा** | | | **२९,०२,२५,०००।-** | **५,३१,७५,०००।-** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | धादिङ्ग | के.दै.प्र.उ.समितिबाट १,४१,९७,००,०००।- | क्रिया खर्च | ४०,०००।- | ६९६ | २,७८,४०,०००।- | ६,६१,५३,८००।- |
| | | | मृतक राहत | १,००,०००।- | ६४१ | ६,४१,००,०००।- | |
| | | जि.वि.स.बाट २७,००,०००।- | अस्थायी बसोबास | ५,०००।- | १९११६ | ९,५५,८०,०००।- | |
| | | | अस्थायी आवास आंशिक क्षति | ३,०००।- | ३९८३ | १,१९,४९,०००।- | |
| | | हेल्भेटास, सोर्सेट अफ बेल्जियम, पोखरा धादिङ सम्पर्क समाज, FNCCi धादिङ र तेरिया फौजामगरबाट रू.३१,७८,८००।- | खाद्यन्न खरीद | २,०००।- | १३९८४ | २,७९,६८,०००।- | |
| | | | अस्थायी आवास | १५,०००।- | ६७,६५८ | १,०१,४८,७०,०००।- | |
| | | | न.पा./गा.वि.स.लाई पेश्की | | | ११,७१,१८,०००।- | |
| | **जम्मा** | **१,४२,५५,७८,८००।-** | | | | **१,३५,९४,२५,०००।-** | **६,६१,५३,८००।-** |
| ६ | नुवाकोट | १,६९,५९,००,०००।- | क्रिया खर्च | ४०,०००।- | १०९९ | ४,३९,६०,०००।- | ३३,९५,३८५।- |
| | | | मृतक राहत | १,००,०००।- | ९९५।- | ९,९५,००,०००।- | |
| | | | अस्थायी बसोबास | ५,०००।- | ७५५६१ | ३७,७८,०५,०००।- | |
| | | | खाद्यन्न खरीद | २,०००।- | ५३६०९ | १०,७२,१८,०००।- | |
| | | | अस्थायी आवास | १५,०००।- | ६८,६१३ | ९७,५४,५०,०००।- | |
| | | | जि.वि.स.लाई सोधभर्ना | | | ४१,७०,५२९।- | |
| | | | राहत रकम ढुवानी | | | २,८६,०८६।- | |
| | **जम्मा** | **१,६९,५९,००,०००।-** | | | | **१,६९,२५,०४,६१५।-** | **३३,९५,३८५।-** |
| ७ | रसुवा | ३०,०८,००,०००।- | क्रिया खर्च | ४०,०००।- | ६६२ | २,४८,८०,०००।- | १,००,१७,०००।— |
| | | | मृतक राहत | १,००,०००।- | ४१७ | ४,१७,००,०००।- | |
| | | | घर क्षति राहत (पूर्ण) | ५,०००।- | ११४४० | ५,७२,००,०००।- | |
| | | | घर क्षति राहत (आंशिक) | ३,०००।- | २६२ | ७,८६,०००।- | |
| | | | अस्थायी आवास | १५,०००।- | ९,५१५।- | १४,२७,२५,०००।- | |
| | | | खाद्यन्न राहत | २०००।- | ११७४६ | २,३४,९२,०००।- | |
| | **जम्मा** | **३०,०८,००,०००।-** | | | | **२९,०७,८३,०००।-** | **१,००,१७,०००।—** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | काभ्रेपलाञ्चोक | १,३१,९३,००,०००।- | क्रिया खर्च | ४०,०००।- | ३२९ | १,३१,६०,०००।- | २,४२,२२,००४।- |
| | | | मृतक राहत | १,००,०००।- | २९४ | २,९४,००,०००।- | |
| | | | अस्थायी आवास (पेश्की) | १५,०००।- | | १,२५,०५,७०,०००।- | |
| | | | राहत ढुवानी खर्च | - | - | ६,४४,००००।- | |
| | | | ईन्धन खर्च | | | २,२५,२४६।- | |
| | | | खाजा खर्च | | | ७६,७५०।- | |
| | | | ढुवानी यातायात पेश्की | - | - | ३,३५,०००।- | |
| | **जम्मा** | **१,३१,९३,००,०००।-** | | | | **१,२९,५०,७७,९९६।-** | **२,४२,२२,००४।-** |
| ९ | सिन्धुपाल्चोक | १४,०३,६०,०००।- | क्रिया खर्च | ४०,०००।- | ३५०९ | १४,०३,६०,०००।- | |
| | | २६,०३,००,०००।- | मृतक राहत | १,००,०००।- | २६०३ | २६,०३,००,०००।- | |
| | | १,२३,९१,४५,०००।- | अस्थायी आवास | १५,०००।- | ८२६१० | १,२३,९१,४५,०००।- | |
| | **जम्मा** | **१,६३,९८,०५,०००।-** | | | | **१,६३,९८,०५,०००।-** | - |
| १० | दोलखा | १,२४,१९,५०,९७१।- | क्रिया खर्च | ४०,०००।- | १८२ | ७२,८०,०००।- | ९४,६१,९७१।- |
| | | | मृतक राहत | १,००,०००।- | १६५ | १,६५,००,०००।- | |
| | | | तत्काल राहत खर्च | २,०००।- | ५७७६२ | ११,५५,२४,०००।- | |
| | | | अस्थायी आवास | १५,०००।- | ७२८७९ | १,०९,३१,८५,०००।- | |
| | **जम्मा** | **१,२४,१९,५०,९७१।-** | | | | **१,२३,२४,८९,०००।-** | **९४,६१,९७१।-** |
| ११ | काठमाण्डौं | ९८,३०,००,०००।- | क्रिया खर्च | ४०,०००।- | ११२० | ४,४८,००,०००।- | |
| | | | मृतक राहत | १,००,०००।- | ७०० | ७,००,००,०००।- | |
| | | | अस्थायी आवास | १५,०००।- | ४६६०० | ६९,९०,००,०००।- | |
| | **जम्मा** | **९८,३०,००,०००।-** | | | | **८१,३८,००,०००।-** | **१६,९२,००,०००।-** |
| १२ | ललितपुर | ४६,७१,००,०००।- | क्रिया खर्च | ४०,०००।- | १८२ | ७२,९०,०००।- | ३,४४,२५,०००।- |
| | | | मृतक राहत | १,००,०००।- | १५६ | १,५५,९०,०००।- | |
| | | | अस्थायी आवास | १५,०००।- | २७३२१ | ४०,९७,९५,०००।- | |
| | **जम्मा** | **४६,७१,००,०००।-** | | | | **४३,२६,७५,०००।-** | **३,४४,२५,०००।-** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | भक्तपुर | ४२,६७,००,०००।- | क्रिया खर्च | ४०,०००।- | ३२९ | १,३१,६०,०००।- | ३५,२१,५०७।- |
| | | | मृतक राहत | १,००,०००।- | २८७ | २,८७,००,०००।- | |
| | | | अस्थायी आवास | १५,०००।- | २५३९२ | ३८,०८,९५,०००।- | |
| | | | खाद्यन्न खरीद | | | २,८४,९६५।- | |
| | | | औषधी खरीद | | | २०,३४०।- | |
| | | | प्लाष्टिक सिट | | | २९,१५४।- | |
| | | | विविध खर्च | | | ८९,०३४।- | |
| | **जम्मा** | **४२,६७,००,०००।-** | | | | **४२,३१,७८,४९३।-** | **३५,२१,५०७।-** |
| १४ | गोरखा | ६९,१६,८६,२५२।- | क्रिया खर्च तथा क्षतिपुर्ति- | १,४०,०००।- | | ६,४६,००,०००।- | ४,०२,१५,४०५।- |
| | | | अस्थायी आवास राहत | १५,०००।- | ३८५४० | ५७,८१,००,०००।- | |
| | | | त्रिपाल खरीद | | | ४०,३६,६५८।- | |
| | | | प्लाष्टिक खरीद | | | २,२१,८९१।- | |
| | | | खाद्यन्न खरीद | | | ९,५४,७००।- | |
| | | | ईन्धन खरीद | | | १०,३६,२०६।- | |
| | | | खाजा नास्ता खर्च | | | ६,४२,८६५।- | |
| | | | स्टेशनरी तथा राहत सामग्री | | | ३,२८,०९२।- | |
| | | | ढुवानी | | | ८,२५,१९२।- | |
| | | | मर्मत | | | १,६४,८९८।- | |
| | | | फर्निचर | | | ४२,१२५।- | |
| | | | मेशनरी औजार | | | १,७०,४९९।- | |
| | | | छपाई | | | २,९८,८९३।- | |
| | | | ज्याला | | | १३,०००।- | |
| | **जम्मा** | ६९,१६,८६,२५२।- | | | | **६५,१४,७०,८४७।-** | **४,०२,१५,४०५।-** |
| **कुल जम्मा** | | **१२१८६०३१०२३** | | | | **११४२८९५५००८** | **४३३७७१०१५** |

## जिल्ला दैवी प्रकोप उद्धार समितिमा प्राप्त रकम तथा खर्चको जम्मा विवरणः

| सिनं | जिल्ला | प्राप्त बजेट | खर्च रकम | मौज्दात रकम |
|---|---|---|---|---|
| १ | मकवानपुर | ३२३३०५००० | ३१७६३६१८८ | ५६६८१२ |
| २ | ओखलढुंगा | २७१८००००० | २६१०२४८६९ | १०७७५१३१ |
| ३ | रामेछाप | ७३२४००००० | ७२८८६०००० | ३५४०००० |
| ४ | सिन्धुली | ३४३४००००० | २९०२२५००० | ५३१७५००० |
| ५ | धादिङ्ग | १४२५५७८८०० | १३५९४२५००० | ६६१५३८०० |
| ६ | नुवाकोट | १६९५९००००० | १६९२५०४६१५ | ३३९५३८५ |
| ७ | रसुवा | ३००८००००० | २९०७८३००० | १००१७००० |
| ८ | काभ्रेपलाञ्चोक | १३१९३००००० | १२९५०७७९९६ | २४२२२००४ |
| ९ | सिन्धुपाल्चोक | १६३९८०५००० | १६३९८०५००० | - |
| १० | दोलखा | १२४१९५०९७१ | १२३२४८९००० | ९४६१९७१ |
| ११ | काठमाण्डौं | ९८३०००००० | ८१३८००००० | १६९२००००० |
| १२ | ललितपुर | ४६७१००००० | ४३२६७५००० | ३४४२५००० |
| १३ | भक्तपुर | ४२६७००००० | ४२३१७८४९३ | ३५२१५०७ |
| १४ | गोरखा | ६९१६८६२५२ | ६५१४७०८४७ | ४०२१५४०५ |
| **कुल जम्मा** | | **११८६२७२६०२३** | **११४२८९५५००८** | **४३३७७१०१५** |

## जिल्ला विकास समितिको कार्यालयहरूले गरेको खर्चः

| सिनं | जिल्ला | शीर्षकगत प्राप्त बजेट | खर्च शीर्षक | खर्च दर | खर्च संख्या | *खर्च रकम* | खर्च प्रक्रिया | मौज्दात रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | मकवानपुर | ९,१९,२०,०००।— आन्तरिक श्रोतबाट ३,६१,७६६।- | क्षति मुल्याङ्कन टोलीको खर्च | प्रति टोली २५,०००।- | ४४ | ११,००,०००।- | मन्त्रालयकको निर्देशानुसार | |
| | | | दैनिक भ्रमण भत्ता | | | ६१,०६८।- | नियमानुसार | |
| | | | राहत सामग्री त्रिपाल खरीद | - | - | १,६६,२५२।- | बोलपत्र | |
| | | | विविध खर्च | | | २४,३७७।- | बिल अनुसार | |
| | | | छपाई खर्च | | | ६९,५५७।- | | |
| | | | आवास क्षति आंशिक राहत | | | ९,००,००,०००।- | मन्त्रालयकको निर्देशानुसार | |
| | | | राहत सामग्री ढुवानी | | | ५४,५००।- | | |
| | | | ईन्धन खर्च | | | ८२,४८०।- | बिल अनुसार | |
| | | **१०,७३,०८,२३४।-** | **जम्मा खर्च रकम** | | | **१०,७३,०८,२३४।-** | | - |
| २ | ओखलढुंगा | | | | | | | |
| ३. | रामेछाप | ३९,४४,९०४।- | क्षति मुल्याङ्कन टोलीको खर्च(केन्द्रीय टोली) | | | १३,८१,६४९।- | | |
| | | | दैनिक भ्रमण भत्ता | | | २२,७७५।- | | |
| | | | विविध खर्च | | | ५०००।- | | |
| | | | छपाई खर्च | | | ३,४०,५६१।- | | |
| | | | संचार | | | ९६००।- | | |
| | | | राहत सामग्री ढुवानी | | | १५,१४,१००।- | | |
| | | | त्रिपाल खरीद | | | ३,९२,४६८।- | | |
| | | | ईन्धन खर्च | | | ११३,४९९।- | | |
| | | | सडक मर्मत अनुगमन | | | १०२६००।- | | |
| | | | **जम्मा** | | | **३८,८२,२५२।-** | | ६२६५२।- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | सिन्धुली | नखुलेको | क्षति मुल्याङ्कन टोलीको खर्च(केन्द्रीय टोली) | | | ६,२५,०००।- | | |
| | | | लोड अनलोड | | | ४,३३,०००।- | | |
| | | | राहत सामग्री ढुवानी | | | २,४०,०००।- | | |
| | | | त्रिपाल खरीद | | | २६,३६,४०००।- | | |
| | | | ईन्धन खर्च | | | ३,७७,९५०।- | | |
| | | | **जम्मा** | | | **४३,१२,३५०।-** | | |
| ५. | धादिङ्ग | संसदकोषबाट प्राप्त रकम अनुदान दिएको | जि.दै.प्र.उ.लाई अनुदान | | | २७,००,०००।- | | |
| | | | जस्ता खरीद गर्न जिल्ला शिक्षा कार्यालयलाई अनुदान | | | १,२४,९८,०००।- | | |
| **जम्मा** | | | | | | **१,५१,९८,०००।-** | | |
| ६ | नुवाकोट | ४१,७०,५२९।- | तत्काल राहत सामग्री खरीद | - | - | ४१,७०,५२९।- | | - |
| | | संसद कोषबाट १,२४,९८,०००।- | विद्यालय तथा सडक, सिचाई, खानेपानीलाई वितरण | - | - | १,२२,६५,०००।- | संसदकोषबाट प्राप्त रकम अनुदान वितरण गरेको | |
| | **जम्मा** | **१,६६,६८,५२९।-** | | | | **१,६४,२५,५२९।-** | **२,४३,०००।-** | |
| ७ | रसुवा | नियमित बजेटबाट ५७,३१,५१६।- | राहत सामग्री खरीद | | | ५७,३१,५१६।- | बजारबाट सोझै खरीद | |
| ८ | काभ्रेपलाञ्चोक | ४९२९३८०।- आन्तरिक बजेटबाट | त्रिपाल खरीद १७६१ थान | | | १८,०४,०००।- | | |
| | | | फारम छपाई | ११३००० | | १,७८,७६६।- | | |
| | | | राहत निवेदन फारम | १८०००० | | १,०८,८१९।- | | |
| | | | राहत निवेदन फारम | १००००० | | १,५८,२००।- | | |
| | | | राहत टोलीको मसलन्द खर्च | ८१ टोली | | २०,२५,०००।- | | |
| | | | चाईनिज हेल्थ क्याम्प इन्धन खर्च | | | २,३४,६२०।- | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | अनुगमन खर्च | | | १,३१,६३५।- | | |
| | | | खाना खाजा खर्च | | | १,२७,५५०।- | | |
| | | | भ्रमण भत्ता | | | १,६०,७९०।- | | |
| | **जम्मा** | **४९,२९,३८०।-** | - | - | - | **४९२९३८०।-** | - | - |
| ९ | सिन्धुपाल्चोक | सांसद कोषको १,२४,९८,०००।- | विभिन्न कार्यालयहरूलाई अनुदान | | | १,१२,५०,०००।- | १२,४८,०००।- | |
| १० | दोलखा | नियमित बजेटबाट ६५,००,०००।- | जि.दै.प्र.उ.समितिलाई निकासा | | | ६५,००,०००।- | | |
| ११ | काठमाण्डौं | ७५,४७,७७७।- | ३०५० थान त्रिपाल खरीद | | | ७५,४७,७९७।- | | |
| १२ | ललितपुर | नियमित बजेटबाट ८,७९,०६३।- | दालमोट खरीद | ४५ बोरा | | १,९९,४५०।- | सोझै | |
| | | | चिउरा खरीद | ७५ बोरा | | ७१,२५०।- | सोझै | |
| | | | चाउचाउ खरीद | २४८० कार्टुन | | ६,०८,३६३।- | सोझै | |
| | **जम्मा** | **८,७९,०६३।-** | | | | **८,७९,०६३।-** | | |
| १३ | भक्तपुर | नियमित बजेटबाट १,८०,०००।- | सुत्केरी सामग्री तथा पौष्टिक आहार खरीद | ६० प्याकेट | | **१,८०,०००।-** | सोझै | |
| १४ | गोरखा | नियमित बजेटबाट १०८९११३।- | अवरुद्ध सडक तथा पहिरो पन्छ्याउने कार्य | | | १०८९११३।- | | |
| | | ६०,००,०००।- | जि.दै.प्र.उ.समितिलाई दिएको | | | ६०,००,०००।- | जि.दै.प्र.उ.समितिको निर्णय | |
| | **जम्मा** | **७०,८९,११३।-** | | | | **७०,८९,११३।-** | | |

# जिल्ला शिक्षा कार्यालय

| सिनं | जिल्ला | शीर्षकगत प्राप्त बजेट | खर्च शीर्षक | विद्यालय संख्या | विद्यार्थी संख्या | *खर्च दर* | *खर्च रकम* | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|
| १ | मकवानपुर | ४,१२,०७,०००।- | अस्थाई सिकाई केन्द्र | ८५ | - | - | १,२७,५०,०००।- | - |
| | | | विद्यालय मर्मत | १८५ | - | - | १,३४,४५,०००।- | |
| | | | पोशाक तथा छात्रवृति | - | १५०१२ | - | १,५०,१२,०००।- | |
| | **जम्मा** | **४,१२,०७,०००।-** | | | | | **४,१२,०७,०००।-** | |
| २ | ओखलढुंगा | ६९,३३,०००।—<br>शोधभर्ना माग<br>१,६२,१०,०००।- | अस्थाई सिकाई केन्द्र | २५७ | - | - | २,३१,९०,०००।- | - |
| | | १,०६,००,०००।- | पोशाक तथा छात्रवृति | | १०६०० | १००० | १,०६,००,०००।- | |
| | | १,६२,५७,०००।- | विद्यालय मर्मत तथा सरसफाई | - | - | - | | १,६२,१०,०००।- |
| | **जम्मा** | **३,३७,९०,०००।-** | मौज्दात रकम बराबर शोधभर्ना माग गरेकोले विनियोजन र खर्च बराबर रहेको | | | | **३,३७,९०,०००।-** | - |
| ३ | रामेछाप | ३,२१,७५,०००।- | अस्थाई सिकाई केन्द्र | ४३८ | | | ३,२१,७५,०००।- | - |
| | | २,६७,४३,०००।- | पोशाक तथा छात्रवृति | | २६५२३ | १००० | २,६५,२३,०००।- | - |
| | **जम्मा** | **५,८९,१८,०००।-** | | | | | **५,६७,९८,०००।-** | **२१,२०,०००।-** |
| ४ | सिन्धुली | ४,६८,००,०००।- | अस्थाई सिकाई केन्द्र | ११२ | | | ४,६८,००,०००।- | - |
| | | १,२७,०४,०००।- | पोशाक तथा छात्रवृति | - | - | - | - | १,२७,०४,०००।- |
| | | आन्तरिक श्रोतबाट<br>१,८६,३०,६३२।- | विद्यालय मर्मत तथा सरसफाई | ३१४ कोठा | | | १,८६,३०,६३२।- | - |
| | **जम्मा** | **७,८१,३४,६३२।-** | | | | | **६,५४,३०,६३२।-** | **१,२७,०४,०००।-** |
| ५ | धादिङ्ग | ३,३७,०३,०००।- | अस्थाई सिकाई केन्द्र | ११०७ | | | ३,३२,०३,०००।- | ५,००,०००।-- |
| | | ४,३७,४१,०००।- | पोशाक तथा छात्रवृति | | ४३७४१ | १०००।- | ४,३७,४१,०००।- | |
| | | १,२४,९८,०००।-<br>जि.वि.स.बाट (संसद | जस्ता खरिदका लागि विद्यालयको खातामा रकम | ३१६ | - | - | १,२४,९८,०००।- | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कोषको रकम) | पठाएको | | | | | |
| | **जम्मा** | **८,९९,४२,०००।-** | | | | | **८,९४,४२,०००।-** | **५,००,०००।--** |
| ६ | नुवाकोट | ५,६७,००,०००।- | अस्थाई सिकाई केन्द्र | - | ४८० | - | ३,६५,३०,०००।- | ३,४९,०३,०००।- |
| | | ३,६५,३०,०००।- | पाठ्यपुस्तक, झोला | - | ५६८४८ | १०००।- | ५,६८,४८,०००।- | |
| | | ५,७९,४३,०००।- | निशुल्क पाठ्यपुस्तक | - | | | २,२८,९२,०००।- | |
| | **जम्मा** | **१५,११,७३,०००।-** | | | | | **११,६२,७०,०००।-** | **३,४९,०३,०००।-** |
| ७ | रसुवा | ८३,५५,०००।- | अस्थाई सिकाई केन्द्र | | ५२ | | ८२,५०,०००।- | १,०५,०००।- |
| | | ६७,७०,०००।- | कक्षा सञ्चालन पूर्व तयारी | | | | ६७,७०,०००।- | - |
| | | ७०,४०,०००।- | पाठ्यपुस्तक, झोला | | ९८ | ९८०० | ७०,४०,०००।- | - |
| | **जम्मा** | **२,२१,६५,०००।-** | TLC शीर्षकको रकम रोक्का राखेको पाईयो। | | | | **२,२०,६०,०००।-** | **१,०५,०००।-** |
| ८ | काभ्रे | ७,३४,५५,०००।- | अस्थाई सिकाई केन्द्र | | | | ७,३४,५५,०००।- | - |
| | | १,४३,२५,०००।- | विद्यालय मर्मत तथा सरसफाई | ४९८ | | | १,००,००,०००।- | ४३,२५,०००।- |
| | | ४,९९,३३,०००।- | पोशाक तथा झोला | | | | ४,९९,३३,०००।- | - |
| | **जम्मा** | **१३,७७,१३,०००।-** | | | | | **१३,३३,८८,०००।-** | **४३,२५,०००।-** |
| ९ | सिन्धुपाल्चोक | ४,५३,२०,०००।- | अस्थाई सिकाई केन्द्र | | | | ४,५३,२०,०००।- | - |
| | | ४,३६,८०,०००।- | कक्षा संचालन पूर्व तयारी | | | | ४,३६,८०,०००।- | - |
| | | ६,३८,८५,०००।- | पोशाक तथा झोला | | | | ६,२३,७४,१५०।- | १५१०८५०।- |
| | | १,८९,९३,०००।- | पाठ्यपुस्तक वितरण | | | | १,०९,११,८७३।- | ८०८११२७।- |
| | **जम्मा** | **१७,१८,७८,०००।-** | | | | | **१६,२२,८६,०२३।-** | **९५,९१,९७७।-** |
| १० | दोलखा | ३,७६,४८,०००।- | अस्थाई सिकाई केन्द्र | | | | ३,७६,४८,०००।- | - |
| | | ३,६८,९२,०००।- | कक्षा संचालन पूर्व तयारी | | | | ३,६७,८०,०००।- | १,१२,०००।- |
| | | ४,८८,८०,०००।- | पोशाक तथा झोला | | ४८,८८० | १०००।- | ४,२४,३९,०००।- | ६४,४१,०००।- |
| | | १३,१०,०००।- | शौचालय निर्माण | | | | १३,००,०००।- | १०,०००।- |
| | **जम्मा** | **१२,४७,३०,०००।-** | | | | | **११,६९,६७,०००।-** | **७७,६३,०००।-** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | काठमाण्डौं | २,४१,९५,०००।— नियमितबाट ८,००,०००।- | अस्थाई सिकाई केन्द्र | १४७ | | | २,४९,९५,०००।- | - |
| | | २५,००,०००।- | विद्यालय मर्मत | | | | २५,००,०००।- | - |
| | | ३,६९,७३,०००।- | पोशाक तथा झोला | | | | ३,६९,७३,०००।- | - |
| | **जम्मा** | **६,४४,६८,०००।-** | | | | | **६,४४,६८,०००।-** | - |
| १२ | ललितपुर | ३,४०,५०,०००।- | अस्थाई सिकाई केन्द्र पेश्की | | | | **१८,००,०००।-** | ३,२२,५०,०००।- |
| | | १,२४,५०,०००।- | विद्यालय मर्मत | | | | १,२१,७५,०००।- | २,७५,०००।- |
| | | १,६३,४४,०००।- | पोशाक तथा झोला पेश्की | | | | १,६३,४४,०००।- | - |
| | **जम्मा** | **६,२८,४४,०००।-** | | | | | **३,०३,१९,०००।-** | **३,२५,२५,०००।-** |
| १३ | भक्तपुर | | अस्थाई सिकाई केन्द्र पेश्की | | | | | |
| | | ६८,२०,०००।- | विद्यालय मर्मत | | | | ६५,७०,०००।- | २,५०,०००।- |
| | | १,८९,००,०००।- | पोशाक तथा झोला | | | | १,८१,३७,०००।- | ७,६३,०००।- |
| | **जम्मा** | **२,५७,२०,०००।-** | | | | | **२,४७,०७,०००।-** | **१०,१३,०००।-** |
| १४ | गोरखा | १०,२८,४२,२०५।- | अस्थाई सिकाई केन्द्र पेश्की | ४२४ | | | ५,३३,७५,०००।- | - |
| | | | दिवा खाजा | | | | ३५,७६,३००।- | |
| | | | पोशाक तथा झोला | | | | ४,४६,१६,६००।- | |
| | | | थप पाठ्यपुस्तक | | | | १२७४३०५।- | |
| | **जम्मा** | **१०,२८,४२,२०५।-** | | | | | **१०,२८,४२,२०५।-** | - |

## जिल्ला शिक्षा कार्यालयहरूलाई जम्मा प्राप्त रकम तथा खर्चको विवरणः

| सिनं | जिल्ला | प्राप्त रकम | *खर्च रकम* | मौज्दात |
|---|---|---|---|---|
| १ | मकवानपुर | ४१२०७००० | ४१२०७००० | |
| २ | ओखलढुंगा | ३३७९०००० | ३३७९०००० | |
| ३ | रामेछाप | ५८९१८००० | ५६७९८००० | २१२०००० |
| ४ | सिन्धुली | ७८१३४६३२ | ६५४३०६३२ | १२७०४००० |
| ५ | धादिङ | ८९९४२००० | ८९४४२००० | ५००००० |
| ६ | नुवाकोट | १५११७३००० | ११६२७०००० | ३४९०३००० |
| ७ | रसुवा | २२१६५००० | २२०६०००० | १०५००० |
| ८ | काभ्रेपलाञ्चोक | १३७७१३००० | १३३३८८००० | ४३२५००० |
| ९ | सिन्धुपाल्चोक | १७१८७८००० | १६२२८६०२३ | ९५९१९७७ |
| १० | दोलखा | १२४७३०००० | ११६९६७००० | ७७६३००० |
| ११ | काठमाण्डौं | ६४४६८००० | ६४४६८००० | |
| १२ | ललितपुर | ६२८४४००० | ३०३१९००० | ३२५२५००० |
| १३ | भक्तपुर | २५७२०००० | २४७०७००० | १०१३००० |
| १४ | गोरखा | १०२८४२२०५ | १०२८४२२०५ | |
| | **जम्मा** | **११६५५२४८३७** | **१०५९९७४८६०** | **१०५५४९९७७** |

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,

| सिनं | जिल्ला | शीर्षकगत प्राप्त बजेट | खरीद सामग्रीको नाम | विक्रेताको नाम | *खरीद प्रक्रिया* | *खरीद परिमाण* | साईज | खरीद दर | खरीद मूल्य | मौज्दात रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मकवानपुर | २५,००,०००।- | HDP पाईप खरीद | - | कोटेशन | ११६२० मिटर | | २८।६५ देखी ७०४।७० | १२,७४,३६६।- | १२,२५,६३४।- |
| २ | ओखलढुंगा | २५,००,०००।- | HDP पाईप खरीद | - | कोटेशन | १८४०० मिटर | | प्रति मिटर २८.६८ देखि १८१.९० सम्म | १५,००,११५।- | ९,९९,८८५।- |
| ३ | रामेछाप | ५०,००,०००।- | खानेपानी आयोजना मर्मत एंव शौचालय निर्माण | - | उपभोक्ता समिति मार्फत | | | | १२,४३,६३८।- | ३७,५५,०९९।- |
| ४ | सिन्धुली | ५०,००,०००।- | खानेपानी आयोजना मर्मत | - | सोझै भुक्तानी | नखुलेको | - | - | ६५,२४५।- | ४९,३४,७५५।- |
| ५ | धादिङ्ग | १,००,००,०००।- | HDP पाईप खरीद | - | सोझै खरीद | १५१००९ मिटर | विभिन्न | | ८५,१४,०१६।- | ५,४५७।- |
| | | | चर्पी निर्माण तथा फिटिङ समेत | - | सोझै खरीद | - | - | - | १४,८०,५२७।- | |
| | जम्मा | १,००,००,०००।- | - | | | | | | ९९,९४,५४३।- | ५,४५७।- |
| ६ | नुवाकोट | १,००,००,०००।- | HDP पाईप खरीद | नेपाटप ईन्डस्ट्रिज मनमैजु | सोझै खरीद | | विभिन्न | - | २२,८६,६२३।- | ७४,६६,३६०।- |
| | | | विज्ञापन, अनुगमन र ढुवानी | - | - | - | - | - | २,४७,०७१।- | |
| | जम्मा | १,००,००,०००।- | | | | | | | २५३३६४०।- | ७४,६६,३६०।- |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | रसुवा | ५०,००,०००।—<br>आन्तरिक बजेटबाट<br>६,७५,७६६।- | HDP पाईपहरु<br>HDP १६ mm<br>HDP २० mm<br>HDP २५ mm<br>HDP ३२ mm<br>HDP ४० mm<br>HDP ५० mm<br>HDP ११० mm | - | बजारबाट<br>सोझै<br>खरीद | १८,५२५ मी.<br>४००० मी.<br>६४०० मी.<br>३२०० मी.<br>२२०० मी.<br>१००० मी.<br>५०० मी.<br>१२२५ मी. | | रु.१९.६०<br>रु. २८.६०<br>रु. ४३.२०<br>रु. ४८.३०<br>रु.७४.९०<br>रु.११५.९०<br>रु.२५३.५० | रु.११,३७,१८९।६३ | ८६०५३।३ |
| | | | साईफन/प्यान<br>वाल्टी मग<br>सावुन | - | बजारबाट<br>सोझै<br>खरीद | २०००थान<br>१५००/१५००<br>३००० थान | | रु. ८५०<br>रु. ५००<br>रु. ३६ | रु.२९,३९,३२९।१० | |
| | | | फिटिङ्स र अन्य फुटकर | - | बजारबाट<br>सोझै<br>खरीद | | | | रु.१३,१६,०४६।५७ | |
| | | | शिविर व्यवस्थापन तथा ज्याला | - | - | - | - | - | रू.१,९७,१४७।- | |
| | **जम्मा** | **५६,७५,७६६।** | | | | | | | **५५,८९,७१२।३** | **८६०५३।३** |
| ८ | काभ्रे | १,००,००,०००।- | पोलिथिन पाईप | - | कोटेशन | ९०१२५ मिटर | | रू.५५।३५ | ४९,८९,०१७।- | ३६,८६,११५।- |
| | | | जि.आई पाईप, पानी टंकी समेत | - | सोझै | | | | १२,८८,२७३।- | |
| | | | नमूना टहरा निर्माण | - | सोझै | | | | ३६,५९५।- | |
| | **जम्मा** | **१,००,००,०००।-** | | | | | | | **६३,१३,८८५।-** | **३६,८६,११५।-** |
| ९ | सि.पा. | १,००,००,०००।- | पाईप खरीद | | सोझै | ७८६०० मिटर | | | ६९,६९,८३१।- | ७१,४००।- |
| | | | फिटिङ्ग | | सोझै | | - | - | २९,५८,७६९।- | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सामानखरीद | | | | | | | |
| | | जि.वि.स.बाट प्राप्त ५५,००,०००।- | पाईप खरीद | | बोलपत्र | ९८५०० मिटर | | | ४७,३९,१७४।- | २,८३,६३४।- |
| | | | फिटिङ्ग सामान खरीद | | बोलपत्र | | | | ४,७७,१९२।- | |
| | **जम्मा** | **१,५५,००,०००।-** | | | | | | | **१,५१,४४,९६६।-** | **३,५५,०३४।-** |
| १० | दोलखा | १,००,००,०००।- | पाईप खरीद | | कोटेशन | १०६००० थान | | २५०।— प्रति के.जी. | ५९,३७,८८८।९७ | |
| | | | फिटिङ सामान खरीद | | कोटेशन | | | | २९,६४,९०९।९७ | |
| | | | शौचालय प्यान खरीद | | कोटेशन | ८०० थान | | | ९,९७,११२।- | |
| | | | विविध खरीद | | सोझै खरीद | | | | १०,०८९।०६ | |
| | **जम्मा** | **१,००,००,०००।-** | | | | | | | **९९,१०,०००।-** | **९०,०००।-** |
| ११ | काठमाण्डौं | १,००,००,०००।- | एचडिपी पाईप खरीद र फिटिङ | | कोटेशन | | | | ५९,९२,८७९।७१ | ४००७१२०।२९ |
| १२ | ललितपुर | १,००,००,०००।- | | | | | | | - | १,००,००,०००।- |
| १३ | भक्तपुर | १,००,००,०००।- | एच डी पी पाइप | | कोटेशन | ४५०० मी. | | | २५६६०९।६९ | ४९५२६४५।८१ |
| | | | पानी टंकी धारा | | कोटेशन | २५ गोटा | | | ८२०६२८।- | |
| | | | पाइपलाइन मर्मत | | कोटेशन | | | | ९०७०४।४६ | |
| | | | खानेपानी लाइन मर्मत | | | | | | ९४५१०।६६ | |
| | | | चाँगु खानेपानीको लागि फिटिंग्स | | कोटेशन | | | | १४१५१८।९४ | |
| | | | पानी टंकी धारा फिटिंग | | कोटेशन | २० गोटा | | | ५४८५७५।२२ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पानी टंकी धारा फिटिंग | | कोटेशन | ५ गोटा | | | १२६५८९।३८ | |
| | | | पानी टंकी धारा फिटिंग | | कोटेशन | २ गोटा | | | ३७६०१।- | |
| | | | पानी टंकी धारा फिटिंग | | कोटेशन | ८ गोटा | | | १९०७०७।८४ | |
| | | | टेन्ट | | कोटेशन | १० थान | | | ६००००।- | |
| | | | टहरो निर्माण | | | | | | १३४०८८।- | |
| | | | पाइपलाइन मर्मत कटुन्जे | | कोटेशन | | | | २७४८७७।- | |
| | | | एच डी पी पाइप | | कोटेशन | | | | २९६१०८।- | |
| | | | चर्पीको प्यान खरीद | | कोटेशन | १२०० | | | १४३८७१६।- | |
| | | | पानी टंकी धारा फिटिंग | | कोटेशन | २० | | | ५२७१२०।- | |
| | **जम्मा** | १,००,००,०००।- | | | | | | | **५०,४७,३५४।१९** | **४९,५२,६४५।८१** |
| १४ | गोरखा | १,००,००,०००।- | शिविर निर्माण व्यवस्थापन | | | | | | १३,९८,४३६।- | २१,३६,८२० |
| | | | खानेपानी व्यवस्थापन | | | | | | १,९६,४००।- | |
| | | | HDP पाइप तथा फाइबर प्यान खरीद | | | | | | १३,५०,०००।- | |
| | | | पानीको गुणस्तर मापन तथा परीक्षण | | | | | | १,५०,००।- | |
| | | | हेलमेट र पञ्जा | | | | | | १,५९,७००।- | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | खरीद | | | | | | | |
| | | | HDP पाइप खरीद | | | | | | १९,९४,७५७।- | |
| | | | पाइप फिटिङ्ग तथा टुल्स खरीद | | | | | | ९,४६,५३७।- | |
| | | | ब्लिचिङ्ग पाउडर खरीद | | | १००० केजी | | | ७३,४५०।- | |
| | | | पोलिथिन ट्याङ्की खरीद | | | | | | ११,६३,९००।- | |
| | | | हाइजेनिक किट | | | २००० सेट | | | ५,६५,०००।- | |
| | **जम्मा** | १,००,००,०००।- | | | | | | | **७८,६३,१८०।-** | **२१,३६,८२०** |
| कुल जम्मा | | ११,६१,७५,७६६.- | | | | | | | | |

## जिल्ला भू-संरक्षण कार्यालय

| सिनं | जिल्ला | शीर्षकगत प्राप्त बजेट | खरीद सामग्रीको नाम | विक्रेताको नाम | *खरीद प्रक्रिया* | *खरीद परिमाण* | साईज | खरीद दर | खरीद मूल्य | मौज्दात रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मकवानपुर | ६०,००,०००।- | ग्याबिन तारजाली | - | कोटेशन | ६३० थान | - | ९०९३।५२ प्रति थान | ५७२८९२१।४५ | २,७१,०७८।५५ |
| २ | ओखलढुंगा | ७०,००,०००।- | ग्याबिन तारजाली | - | सोझै | ८३३ थान | ९७.८५ प्रति के.जी. | ८४०३।३६ प्रति थान | ७०,००,०००।- | - |
| ३ | रामेछाप | ७५,००,०००।- | ग्याबिन तारजाली | - | टेण्डर | ३५ मे.टन (१०३४ थान) | | ७२३५।— प्रति थान | ७३,६०,९३३।- | **१,३९,०६७।-** |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सिन्धुली | ७५,००,०००।- | ग्याबिन तारजाली | - | टेण्डर | १९८३ थान | | ३१३८ प्रति थान | ६२,२४,०३१।- | **१२,७५,९६९।-** |
| **५** | धादिङ्ग | मन्त्रालयबाट १,००,००,०००।- नियमित बजेटबाट ५६,००,०००।- | जि.आई.तार | - | टेण्डर | ५७,००० के.जी. | | प्रति के.जी. १०४।- | ५९,२८,०००।- | ५२,२२,०००।- |
| | | | ग्याबिन तारजाली | - | टेण्डर | ९८०० बर्ग मिटर | ३-१-१ | २५० | २४,५०,०००।- | |
| | | | | | | ८००० बर्ग मिटर | २-१-१ | २५० | २०,००,०००।- | |
| | **जम्मा** | **१,५६,००,०००।-** | | | | | | | **१०३७८०००।-** | **५२,२२,०००।-** |
| ६ | नुवाकोट | १,१४,००,०००।- | ग्याबिन बक्स | | टेण्डर | २०,८०० बर्ग मिटर | २-१-१ | २९१।- | ६८,३९,६६४।- | १८,३२,६१४।- |
| | | | मर्मत कार्य | - | DDRC को निर्णय | | | | २७२७७२२।- | |
| | **जम्मा** | **१,१४,००,०००।-** | ग्याबिन बक्सको तौल २७ के.जी. हुनुपर्नेमा १८ के.जी.मात्र भएको | | | | | | **९५,६७,३८६।-** | **१८,३२,६१४।-** |
| ७ | रसुवा | १,२५,००,०००।- | | | | | | | - | **१,२५,००,०००।-** |
| ८ | काभ्रे | १,००,००,०००।- | ग्याबिन बक्स खरीद | हुलाई वायर ईन्डस्ट्रिज | टेण्डर | १५००० बर्ग मिटर | | २०९।०५ | ३१,३५,७५०।- | २३९३९७०।- |
| | | | ग्याबिन तार | | | ५/१ | ८ गेज | ९७१८०।- | ४९८४३६।२० | |
| | | | ग्याबिन तार | | | ३९/३३ | १० गेज | ९७१८०।- | ३८२१६०३।५० | |
| | | | ग्याबिन तार | | | १/५४६ | १२ गेज | ९७१८०।- | १५०२४०।३० | |
| | **जम्मा** | **१,००,००,०००।-** | | | | | | | **७६,०६,०३०।-** | **२३९३९७०।-** |
| ९ | सि.पा. | १,६०,००,०००।- | ग्याबिन तार खरीद | नेपाल ब्रदर्श ट्रेडिङ्ग, सुकेधारा | टेण्डर | ४० टन | | | ४३,३९,२००।- | ४५,९३,४२८।- |
| | | | ग्याविन बक्स खरीद | नेपाल ब्रदर्श ट्रेडिङ्ग, सुकेधारा | टेण्डर | १५०० थान | | | ५०,६७,३७२।- | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तारजाली खरीद | उपभोक्ता समिति | सोझै | - | - | - | २०,००,०००।- | |
| | **जम्मा** | **१,६०,००,०००।-** | | | | | | | **१,१४,०६,५७२।-** | **४५,९३,४२८।-** |
| १० | दोलखा | १,५४,५०,०००।- | ग्याबिन तार | | टेण्डर | | | | २१,००,०००।- | २०,०००।- |
| | | | ग्याबिन तार जाली | | उपभोक्ता समिति | | | | १,३३,३०,०००।- | |
| | **जम्मा** | **१,५४,५०,०००।-** | | | | | | | **१,५४,३०,०००।-** | **२०,०००।-** |
| ११ | काठमाण्डौं | १,२५,००,०००।- | जिआई तार खरीद | | टेण्डर | ४० टन | | | ४१,५८,४००।- | **८३,४१,६००।-** |
| १२ | ललितपुर | १,५०,००,०००।- | जिआई तार खरीद | | टेण्डर | ४५ टन | | | ४६,०१,९२५।- | ६०,८३,२८३।- |
| | | | जिआई तयारी बक्स मेसिन मेड हेभी | | टेण्डर | १२०० थान | | | ४३,१४,७९२।- | |
| | **जम्मा** | **१,५०,००,०००।-** | सामान वितरण नगरी मौज्दात राखेको | | | | | | **८९,१६,७१७।-** | **६०,८३,२८३।-** |
| १३ | भक्तपुर | - | | | | | | | - | - |
| १४ | गोरखा | १,६०,००,०००।- | भु-संरक्षण कार्यक्रम | | | | | | ३५,५१,२५४।- | १,०५,४९,१९४।- |
| | | | मेशिन ताजाली खरीद | यस कन्स्ट्रक्सन सप्लार्यस, कास्की | कोटेशन | ६६०० ब.मि. | १० गेज | २५४ | १८,९९,५५२।- | |
| | जम्मा | १,६०,००,०००।- | | | | | | | **५४,५०,८०६।-** | **१,०५,४९,१९४।-** |
| **जम्मा** | | **१५,२४,५०,०००।-** | | | | | | | **९९२२७७९६।४५** | **५३२२२२०३।५५** |

## जिल्ला भू-संरक्षण कार्यालयहरूलाई जम्मा प्राप्त रकम तथा खर्चको विवरणः

| सिनं | जिल्ला | शीर्षकगत प्राप्त बजेट | खरीद मूल्य | मौज्दात रकम |
|---|---|---|---|---|
| १ | मकवानपुर | ६०००००० | ५७२८९२१.४५ | २७१०७८.५५ |
| २ | ओखलढुंगा | ७०००००० | ७०००००० | |
| ३ | रामेछाप | ७५००००० | ७३६०९३३ | १३९०६७ |
| ४ | सिन्धुली | ७५००००० | ६२२४०३१ | १२७५९६९ |
| ५ | धादिङ्ग | १५६००००० | १०३७८००० | ५२२२००० |
| ६ | नुवाकोट | ११४००००० | ९५६७३८६ | १८३२६१४ |
| ७ | रसुवा | १२५००००० | | १२५००००० |
| ८ | काभ्रे | १०००००००० | ७६०६०३० | २३९३९७० |
| ९ | सि.पा. | १६०००००० | ११४०६५७२ | ४५९३४२८ |
| १० | दोलखा | १५४५०००० | १५४३०००० | २०००० |
| ११ | काठमाण्डौं | १२५००००० | ४१५८४०० | ८३४१६०० |
| १२ | ललितपुर | १५०००००० | ८९१६७१७ | ६०८३२८३ |
| १२ | भक्तपुर | | | |
| १३ | गोरखा | १६०००००० | ५४५०८०६ | १०५४९१९४ |
| जम्मा | | १५२४५०००० | ९९२२७७९६।४५ | ५३२२२२०३।५५ |

# जिल्ला जनस्वास्थ्य कार्यालय

| सिनं | जिल्ला | शीर्षकगत प्राप्त बजेट | खरीद सामग्रीको नाम | विक्रेताको नाम | *खरीद प्रक्रिया* | *खरीद परिमाण* | साईज | खरीद दर | खरीद मूल्य | मौज्दात रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मकवानपुर | ७,००,०००।- | औषधी लगायतका सामान खरीद | - | सोझै | *बिभिन्न* | - | - | ५,७९,६५०।- | १,२०,३५०।- |
| २ | ओखलढुंगा | ३,००,०००।- | - | - | - | - | - | - | - | ३,००,०००।- |
| ३. | रामेछाप | ८,००,०००।- | औषधी खरीद | | सोझै | | | | ८००,०००।- | - |
| ४ | सिन्धुली | ४,००,०००।- | औषधी खरीद | - | कोटेशन | - | - | - | ४,००,०००।- | - |
| ५ | धादिङ्ग | १५,००,०००।- | औषधी खरीद | - | - | - | - | - | ६,००,०००।- | - |
| | | | उपचार खर्चको सोधभर्ना | - | - | - | - | - | ५,००,०००।- | |
| | | | घाईते पुर्याउन | - | - | - | - | - | २,५०,०००।- | |
| | | | ढुवानी | - | सोझै | - | - | - | १,५०,०००।- | |
| | **जम्मा** | **१५,००,०००।-** | | | | | | | **१५,००,०००।-** | - |
| ६ | नुवाकोट | १३,००,०००।- | औषधी खरीद | - | बोलपत्र | विभिन्न | | | २,९९,९९०।- | १४८२७।- |
| | | | जिल्ला अस्पतालको लागि औषधी खरीद | | बोलपत्र | विभिन्न | | | ५,००,०००।- | |
| | | | औषधी सोधभर्ना | - | - | - | - | - | २,९९,९८७।- | |
| | | | घाईते ढुवानी | - | - | - | - | - | १,८५,१९६।- | |
| | **जम्मा** | **१३,००,०००।-** | | | | | | | **१२,८५,१७३।-** | |
| ७ | रसुवा | १०,००,०००।- | औषधी खरीद | गौतम मेडिको फर्मा र बंगलामुखी मेडिसिन सप्लायर्स | कोटेशन | विभिन्न | - | - | ४,१७,५५१।- | १,८३,२३८।- |
| | | | खाद्यन्न खरीद | | सोझै | ,, | - | - | १,७५,०००।- | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म्याट्रेस समेत खरीद | | कोटेशन | - | - | - | १,०९,०३५।- | |
| | | | मर्मत, सरसफाई | | | - | - | - | १,१५१७६।- | |
| | जम्मा | १०,००,०००।- | | | | | | | ८,१६,७६२।- | १,८३,२३८।- |
| ८ | काभ्रे | २०,००,०००।- | धुलीखेल अस्पताललाई सोधभर्ना | | | | | | १०,००,०००।- | |
| | | | औषधी खरीद | बंगलामुखी मेडिसिन सप्लायर्स | कोटेशन | विभिन्न | - | - | ९,९६,०३२।२६ | |
| | जम्मा | २०,००,०००।- | | | | | | | १९,९६,०३२।२६ | ३९६७।७४ |
| ९ | सि.पा. | २,२०,०००।- | ढुवानी-आड्रा नेपाल | | | | | | २,२०,०००।- | |
| | | १०,००,०००।- | दै.प्र.उ.पुँजीगत सुधार | - | - | - | - | - | - | १०,००,०००।- |
| | | १५,५०,०००।- | औषधी तथा खाद्यान्न राहत खरीद | गौतम मेडिकल हल,कोटेश्वर समेत | | | | | १५२१६९६।४० | २८,३०३।६० |
| | जम्मा | २७,७०,०००।- | | | | | | | १७,४१,६९६।४ | १०,२८,३०३।६० |
| १० | दोलखा | १०,००,०००।- | औषधी खरीद | देवकोटा मेडिकल हल, जिरी समेत | सोझै | विभिन्न | | | ८,५०,०००।- | - |
| | | | खाना तथा ढुवानी | - | सोझै | - | - | - | १,५०,०००।- | |
| | जम्मा | १०,००,०००।- | | | | | | | १०,००,०००।- | - |
| ११ | काठमाण्डौं | ८,००,०००।- | औषधी खरीद | देवकोटा मेडिकल हल, जिरी समेत | सोझै | विभिन्न | | | ६,९७,०००।- | |
| | | | ढुवानी | - | सोझै | - | - | - | २१,७००।- | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | माईक भाडा समेत | - | सोझै | | | | ८१,३००।- | |
| | **जम्मा** | ८,००,०००।- | | | | | | | ८,००,०००।- | |
| १२ | ललितपुर | ४,००,०००।- | औषधी समेत खरीद | - | सोझै | विभिन्न | - | - | २,००,०००।- | २,००,०००।- |
| १३ | भक्तपुर | ४,००,०००।- | - | - | - | - | - | - | - | ४,००,०००।- |
| १४ | गोरखा | जिल्ला अस्पताललाई ५,००,०००।- | औषधी खरीद | | सोझै | विभिन्न | | | १,९०,६७४।- | २३८।५५ |
| | | | विजुली व्यवस्थापन | | | | | | ३२,८४३।४५ | |
| | | | औषधी सोधभर्ना | | | | | | २,७६,२४४।- | |
| | | जिल्ला जनस्वास्थ्य कार्यालयलाई १५,००,०००।- | औषधी खरीद | | सोझै खरीध | विभिन्न | | | २,४१,०००।- | ५,००,०००।- |
| | | | औषधी खरीद | | टेण्डर | विभिन्न | | | ७,५९,०००।- | |
| | **जम्मा** | २०,००,०००।- | | | | | | | **१४९९७६१।४५** | **५००२३८।५५** |

## जिल्ला पशु कार्यालयः

| सिनं | जिल्ला | शीर्षकगत प्राप्त बजेट | खर्च शीर्षक | बिक्रेताको नाम | खर्च संख्या | *खर्च रकम* | खर्च प्रक्रिया | मौज्दात रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | मकवानपुर | ६०,०००।- | ढुवानी खर्च | - | - | ६०,०००।- | - | - |
| २ | ओखलढुंगा | नभएको | - | - | - | - | - | - |
| ३ | रामेछाप | नभएको | - | - | - | - | - | - |
| ४ | सिन्धुली | ५०,०००।- | ढुवानी खर्च | - | - | ४१,९४०।- | सोझै भुक्तानी | ८,०६०।- |
| ५ | धादिङ्ग | २,००,०००।- | क्षतिपुर्ति | - | १ | १,१३,०००।- | जि.दै.प्र.उ.को निर्णय | - |
| | | | शिविर संचालन | - | - | ८७,०००।- | जि.दै.प्र.उ.को निर्णय | |
| | **जम्मा** | **२,००,०००।-** | | | | **२,००,०००।-** | | - |
| ६ | नुवाकोट | रकम विनियोजन तथा खर्च नभएको | | | | | | |
| ७ | रसुवा | ६,६०,०००।- | क्षतिपुर्ति रकम वितरण | - | - | ६,००,०००।- | दामासाही रुपले | - |
| | | | ढुवानी खर्च | - | - | ६०,०००।- | सोझै भुक्तानी | |
| | **जम्मा** | **६,६०,०००।-** | | | | **६,६०,०००।-** | - | - |
| ८ | काभ्रे | ढुवानी ८०,०००।- | मृत्य पशु व्यवस्थापन | | | १,१०,३४५।- | कोटेशन | - |
| | | आन्तरिक श्रोतबाट ६,४९,३६५।- | पीडित कृषकलाई पशु खुराक | - | - | ६,१९,०२०।- | कोटेशन | |
| | **जम्मा** | **७,२९,३६५।-** | | | | **७,२९,३६५।-** | | - |
| ९ | सि.पा. | ४,००,०००।- | औषधी खरीद | - | - | ४,००,१९१।- | सोझै | |
| १० | दोलखा | २,५०,०००।- | पीडितलाई वितरण | - | - | २,५०,०००।- | सोझै | - |
| ११ | काठमाण्डौं | ५,००,०००।- | घाँसको बिउ खरीद | शिव एग्रोभेट रामग्राम, न.प. | - | १,५०,०००।- | सोझै | - |
| | | | औषधी तथा खोप | - | - | ३,५०,०००।- | सोझै | |
| | जम्मा | **५,००,०००।-** | | | | **५,००,०००।-** | - | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | ललितपुर | ६०,०००।- | ढुवानीमा खर्च | | | ६०,०००।- | सोझै | - |
| १३ | भक्तपुर | नियमित बजेटबाट | औषधी खरीद | | | ९,६६,०००।- | सोझै | |
| १४ | गोरखा | ८०,०००।- | औषधी तथा उपकरण ढुवानी | - | - | ८०,०००।- | सोझै | |

# जिल्ला कृषि विकास कार्यालय

| सिनं | जिल्ला | शीर्षकगत प्राप्त बजेट | खरीद सामग्रीको नाम | विक्रेताको नाम | *खरीद प्रक्रिया* | *खरीद परिमाण* | साईज | खरीद दर | खरीद मूल्य | मौज्दात रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **मकवानपुर** | १६,२४,६९०।- | धान विउ खरीद | सहकारीबाट | सोझै | २१७४५ के.जी. | - | रु. ४० देखी ४२ | १४,१४,६९०।- | - |
| | | | ढुवानी | - | - | - | - | - | २,१०,०००।- | |
| | | | **जम्मा खरीद** | | | | | | १६,२४,६९०।- | - |
| २ | **ओखलढुंगा** | राष्ट्रिय बिउ बिजनबाट १४,०२,०००।- | धानको विउ खरीद | खुमलटार,ललितपुर | सोझै | ४२२५ के.जी. | - | - | १४,०२,०००।- | - |
| | | | | चितवन, रामपुर | सोझै | ९ मे.ट. | - | - | | |
| | | | | HARC बाट | सोझै | १ मे.ट. | - | - | | |
| | | | **जम्मा खरीद** | | | | | | **१४,०२,०००।-** | - |
| ३ | **रामेछाप** | ६,६४,०००।- | धान विउ खरीद | कृषि सहकारी | सोझै | १० मे.टन | - | - | ५,४४,०००।- | |
| | | | ढुवानी | - | - | - | - | - | १,२०,०००।- | |
| | | | **जम्मा खरीद** | | | | | | ६,६४,००००।- | |
| ४ | **सिन्धुली** | २,४००,०००।- | ढुवानी | - | - | | | | २,४०,०००।- | |
| ५ | **धादिङ्ग** | **नभएको** | WFP बाट ५० मेट्रिक टन धानको विउ प्राप्त | | | | | | | |
| ६ | **नुवाकोट** | **नभएको** | WFP बाट २९०० के.जी. धानको विउ प्राप्त | | | | | | | |
| ७ | **रसुवा** | **नभएको** | WFP बाट ८ मेट्रिक टन धानको विउ प्राप्त | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | काभ्रे | ३२,२३,०००।- | धान विउ खरीद | | सोझै बजार | ४२ मे.ट. | | ६० | ३२,२३,०००।- | - |
| | | आन्तरिक बजेटबाट २,००,०००।- ५,८७,०००।- | प्लाष्टिक टनेल | - | - | - | - | - | २,००,०००।- | |
| | | | धान, तरकारीको बिउ खरीद | - | - | - | - | - | ५,८७,०००।- | |
| | **जम्मा** | ४०,१०,०००।- | | | | | | | ४०,१०,०००।- | |
| ९ | **सि.पा.** | मन्त्रालयबाट ५,२२,२००।८२ जि.वि.स.बाट ४५,००,०००।- | पाईप तथा पम्पसेट खरीद | | | | | | ५,२२,२००।८२ | |
| | | | सिचाई आयोजनामा खर्च | | | | | | २०,४१,७४८।- | २४,५८,२५२।- |
| **जम्मा** | | **५०,२२,२००।८२** | | | | | | | **२५,६३,९४८।८२** | **२४,५८,२५२।-** |
| १० | **दोलखा** | WAO बाट १० मेट्रिक टन धानको विउ प्राप्त | | | | | | | | |
| ११ | **काठमाण्डौं** | ५,००,०००।- | धानको बिउ खरीद | | सोझै | ४.५ मे.ट. | | | ३,६०,०००।- | |
| | | | तरकारी किट पूर्ण प्याकेज | | | ६०० पाकेट | | | ३,१६,५००।- | |
| | | | प्लाष्टिकको टनेल | | | २०० | | ६००० | १२,००,०००।- | |
| | | | कपर अक्सी क्लोराईड | | | ११० के.जी. | | १२०० | १,३२,०००।- | |
| | | | तरकारी खेती तालिम | | | | | | १,८३,५००।- | |
| | **जम्मा** | ५,००,०००।- | **बिनियोजित भन्दा खर्च बढी भएको** | | | | | | २१,९२,०००।- | |
| १२ | **ललितपुर** | ५,३५,८७५।- | धानको बिउ खरीद | | | ७ मे.ट. | | | ५,३५,८७५।- | |
| १३ | **भक्तपुर** | राष्ट्रिय बिउ बिजनबाट प्राप्त | धानको बिउ खरीद | स्थानिय कृषक तथा सहकारी | सोझै | १८.८७८ मे.टनन | | | १६,१२,६२२।- | |
| १४ | **गोरखा** | - | | | | | | | - | |

## सडक डिभिजन कार्यालयः

| सिनं | जिल्ला | शीर्षकगत प्राप्त बजेट | खर्च शीर्षक | विक्रेताको नाम | *खरीद प्रक्रिया* | *खरीद परिमाण* | साईज | खरीद दर | खर्च मूल्य | मौज्दात रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मकवानपुर | १५,००,०००।- | ईन्धन खर्च | - | बिल अनुसार | - | - | - | ४,३३,००७।५१ | १०४४१८९।४९ |
| | | | भ्रमण खर्च | - | नियमानुसार | - | - | - | २२,८०३।- | |
| | | १५,००,०००।- | डोजर ईन्धन खर्च | - | बिल अनुसार | - | - | - | १,५३,६७०।- | १३४६३३०।- |
| | **जम्मा** | **३०,००,०००।-** | | | | | | | **६,०९,४८०।५१** | **२३,९०,५१९।४९** |
| २ | ओखलढुङ्गा | १०,००,०००।- | डोजरको प्रयोग | - | - | - | - | - | ४,२१,४९९।- | ५,७६,५०१।- |
| ३ | रामेछाप | विनियोजन तथा खर्च नभएको | | | | | | | | |
| ४ | सिन्धुली | ५०,००,०००।- | बाटो सुचारू खर्च | - | - | - | - | - | २७,५९,२९९।७० | २२,४०,७००।३० |
| ५ | धादिङ्ग | विनियोजन तथा खर्च नभएको | | | | | | | | |
| ६ | नुवाकोट | १,००,००,०००।+ | भग्नावशेष हटाउन | - | - | - | - | - | ४३,९४,२७४।- | ५६,०५,७२६।- |
| ७ | रसुवा | विनियोजन तथा खर्च नभएको | | | | | | | | |
| ८ | काभ्रे | विनियोजन तथा खर्च नभएको | | | | | | | | |
| ९ | सि.पा. | | | | | | | | | |
| १० | दोलखा | १,६१,६७,०००।- | ईन्धन तथा उपकरण भाडा | - | सोझै | - | - | - | १,६१,६७,०००।- | - |
| ११ | काठमाण्डौं | ५०,००,०००।- | ईन्धन तथा उपकरण भाडा | - | - | - | - | - | २३,१३,६३०।५६ | २६,८६,३६९।४४ |
| १२ | ललितपुर | २५,००,०००।- | ईन्धन तथा उपकरण भाडा | - | सोझै | | | | १,५५,९५१।- | २३,४४,०४९।- |
| १३ | भक्तपुर | २५,००,०००।- | ईन्धन तथा उपकरण भाडा समेत | - | सोझै | | | | ७१,५८।९४२।- | ८,७४,०५८।- |
| १४ | गोरखा | ४०,००,०००।- | सडक खुलाउन | | अमानतबाट कार्य | | | | ४०,००,०००।- | - |

## ४.३. शीर्षकगत खर्चको तालिका

### १. अस्थायी सिकाई केन्द्र, झोला तथा पोशाक र मर्मत तथा सरसफाई शीर्षकमा खर्चको विवरणः

| सि.नं. | जिल्ला | *TLC* | झोला तथा पोशाक | मर्मत तथा सरसफाई |
|---|---|---|---|---|
| १ | ओखलढुंगा | २३१९०००० | १०६००००० | १६२१०००० |
| २ | काठमाण्डौं | २४९९५००० | ३६९७३००० | २५००००० |
| ३ | काभ्रे | ७३४५५००० | ४९९३३००० | १००००००० |
| ४ | गोरखा | ५३३७५००० | ४४६१६६०० | - |
| ५ | दोलखा | ३७६४८००० | ४२४३९००० | - |
| ६ | धादिङ्ग | ३३२०३००० | ४३७४१००० | - |
| ७ | नुवाकोट | ३६५३०००० | ५६८४८००० | - |
| ८ | भक्तपुर | | १८१३७००० | ६५७००००० |
| ९ | मकवानपुर | १२७५०००० | १५०१२००० | १३४४५००० |
| १० | रसुवा | ८२५०००० | ७०४०००० | - |
| ११ | रामेछाप | ३२१७५००० | २६५२३००० | - |
| १२ | ललितपुर | १८००००० | १६३४४००० | १२१७५००० |
| १३ | सिन्धुपाल्चोक | ४५३२०००० | ६२३७४१५० | - |
| १४ | सिन्धुली | ४६८००००० | - | १८६३०६२२ |
| | जम्मा | ४२९४९१००० | ४३०५८०७५० | ७९५३०६२२ |

### २. ग्याबिन तार जाली/ग्याविन बक्स खरिद गरिएको विवरणः

| सिनं | जिल्ला | खरीद सामग्रीको नाम | खरीद मूल्य |
|---|---|---|---|
| १ | मकवानपुर | ग्याबिन तारजाली | ५७२८९२१।४५ |
| २ | ओखलढुंगा | ग्याबिन तारजाली | ७०००००० |
| ३ | रामेछाप | ग्याबिन तारजाली | ७३६०९३३ |
| ४ | सिन्धुली | ग्याबिन तारजाली | ६२२४०३१ |
| ५ | धादिङ्ग | ग्याबिन तारजाली | १०३७८००० |
| ६ | नुवाकोट | ग्याबिन बक्स | ६८३९६६४ |

| | | | |
|---|---|---|---|
| ७ | रसुवा | | - |
| ८ | काभ्रे | ग्याबिन बक्स खरीद | ७६०६०३० |
| ९ | सि.पा. | ग्याबिन तार खरीद | ११४०६५७२ |
| १० | दोलखा | ग्याबिन तार | १५४३०००० |
| ११ | काठमाण्डौं | जिआई तार खरीद | ४१५८४०० |
| १२ | ललितपुर | जिआई तार खरीद | ८९१६७१७ |
| १२ | भक्तपुर | जिआई तार खरीद | - |
| १३ | गोरखा | मेशिन ताजाली खरीद | १८९९५५२ |
| **जम्मा** | | | ९,२९,४८,८२० |

## २. पाइप खरिद सम्बन्धी विवरण:

| सिनं | जिल्ला | खरीद सामग्रीको नाम | विक्रेताको नाम | *खरीद प्रक्रिया* | *खरीद परिमाण* | साईज | खरीद दर | खरीद मूल्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | मकवानपुर | HDP पाईप खरीद | - | कोटेशन | ११६२० मिटर | | २८।६५ देखी ७०४।७० | १२७४३६६ |
| २ | ओखलढुंगा | HDP पाईप खरीद | - | कोटेशन | १८४०० मिटर | | प्रति मिटर २८.६८ देखि १८१.९० सम्म | १५००११५ |
| ३ | रामेछाप | | | | | | | |
| ४ | सिन्धुली | | | | | | | |
| ५ | धादिङ्ग | HDP पाईप खरीद | - | सोझै खरीद | १५१००९ | विभिन्न | | ८५१४०१६ |
| ६ | नुवाकोट | HDP पाईप खरीद | नेपाटप ईन्डस्ट्रिज मनमैजु | सोझै खरीद | | विभिन्न | - | २२८६६२३ |
| ७ | रसुवा | HDP पाईपहरु | - | सोझै खरीद | १८,५२५ मी. | | | ११३७१८९.६३ |
| | | HDP १६ mm | | | ४०००मी. | | रु.१९.६० | |
| | | HDP २० mm | | | ६४००मी. | | रु. २८.६० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | HDP २५ mm | | | ३२००मी. | | रु. ४३.२० | |
| | | HDP ३२ mm | | | २२००मी. | | रु. ४८.३० | |
| | | HDP ४० mm | | | १०००मी. | | रु.७४.९० | |
| | | HDP ५० mm | | | ५०० मी. | | रु.११५.९० | |
| | | HDP ११० mm | | | १२२५मी. | | रु.२५३.५० | |
| ८ | काभ्रे | पोलिथिन पाईप | - | कोटेशन | ९०१२५ मिटर | | रू.५५।३५ | ४९८९०१७ |
| | | जि.आई पाईप, पानी टंकी समेत | - | सोझै | | | | १२८८२७३ |
| ९ | सि.पा. | पाईप खरीद | | सोझै | ७८६०० मिटर | | | ६९६९८३१ |
| | | पाईप खरीद | | बोलपत्र | ९८५०० मिटर | | | ४७३९१७४ |
| १० | दोलखा | पाईप खरीद | | कोटेशन | १०६००० थान | | २५०।- प्रति के.जी. | ५९३७८८८।९७ |
| ११ | काठमाण्डौं | एचडिपी पाईप खरीद र फिटिङ | | कोटेशन | | | | ५९९२८७९।७१ |
| १२ | गोरखा | HDP पाइप तथा फाइबर प्यान खरीद | | | | | | १३५०००० |
| १३ | | HDP पाइप खरीद | | | | | | १९९४७५७ |
| **जम्मा** | | | | | | | | ४७९७४१३०।३१ |

## ४. अस्थायी आवास शीर्षकमा खर्च गरिएको कुल रकमः

| सि.नं. | जिल्ला | खर्च शीर्षक | खर्च दर | संख्या | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | मकवानपुर | अस्थायी आवास | १५,०००।- | नखुलेको | २९,६२,००,०००।- |
| २ | ओखलढुंगा | अस्थायी आवास | १५,०००।- | - | २५,२७,८४,०००।- |
| ३ | रामेछाप | अस्थायी आवास | १५,०००।- | - | ७२,२२,२०,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सिन्धुली | अस्थायी आवास | १५,०००।- | | २८,६६,२५,०००।- |
| ५ | धादिङ | अस्थायी बसोबास | ५,०००।- | १९११६ | ९,५५,८०,०००।- |
| | | अस्थायी आवास आंशिक क्षति | ३,०००।- | ३९८३ | १,१९,४९,०००।- |
| | | अस्थायी आवास | १५,०००।- | ६७,६५८ | १,०१,४८,७०,०००।- |
| ६ | नुवाकोट | अस्थायी बसोबास | ५,०००।- | ७५५६१ | ३७,७८,०५,०००।- |
| | | अस्थायी आवास | १५,०००।- | ६८,६१३ | ९७,५४,५०,०००।- |
| ७ | रसुवा | घर क्षति राहत (पूर्ण) | ५,०००।- | ११४४० | ५,७२,००,०००।- |
| | | घर क्षति राहत (आंशिक) | ३,०००।- | २६२ | ७,८६,०००।- |
| | | अस्थायी आवास | १५,०००।- | ९,५१५।- | १४,२७,२५,०००।- |
| ८ | काभ्रे | अस्थायी आवास | १५,०००।- | | १,२५,०५,७०,०००।- |
| ९ | सि.पा. | अस्थायी आवास | १५,०००।- | ८२६१० | १,२३,९१,४५,०००।- |
| १० | दोलखा | अस्थायी आवास | १५,०००।- | ७२८७९ | १,०९,३१,८५,०००।- |
| ११ | काठमाण्डौं | अस्थायी आवास | १५,०००।- | ४६६०० | ६९,९०,००,०००।- |
| १२ | ललितपुर | अस्थायी आवास | १५,०००।- | २७३२१ | ४०,९७,९५,०००।- |
| १३ | भक्तपुर | अस्थायी आवास | १५,०००।- | २५३९२ | ३८,०८,९५,०००।- |
| १४ | गोरखा | अस्थायी आवास राहत | १५,०००।- | ३८५४० | ५७,८१,००,०००।- |
| **कुल जम्मा** | | | | | **९,८८,४८,८४,०००।-** |

## ५. २०६८ सालको जनगणनामा उल्लेखित घरधुरी संख्या र भुकम्पबाट क्षति पुगेका घरधुरी संख्याको तुलनात्मक तालिकाः

| सि.नं. | जिल्ला | २०६८ सालको जनगणनामा उल्लेखित घर धुरी संख्या | भुकम्पबाट क्षति पुगेका घरधुरी संख्या |
|---|---|---|---|
| १ | गोरखा | ६६,४५८ | ६३,८९८ |
| २ | मकवानपुर | ८६,०४५ | ५१,१५९ |
| ३ | धादिङ्ग | ७३८४२ | ८९,५५६ |
| ४ | नुवाकोट | ५२,९१४ | ६८,६१३ |
| ५ | रसुवा | ९,७७८ | ११,९५० |
| ६ | काभ्रे | ८०,६५१ | ९५,०७० |
| ७ | ओखलढुंगा | ३२,५०२ | ३३,२४५ |
| ८ | रामेछाप | ४२,९१० | ४८,१४८ |
| ९ | सिन्धुली | ५७,५८१ | ४१,६७७ |
| १० | सिन्धुपाल्चोक | ६६,६३५ | ८०,००० |
| ११ | दोलखा | ४५,६८८ | ७२,८८९ |
| १२ | काठमाण्डौं | | |

| | | | |
|---|---|---|---|
| १३ | ललितपुर | | |
| १४ | भक्तपुर | | |

## ६. राहत रकम फिर्ताको विवरणः

| सि.नं. | जिल्ला | फिर्ता गर्ने व्यक्तिको सं. | फिर्ता रकम दर | जम्मा फिर्ता रकम |
|---|---|---|---|---|
| १ | धादिङ्ग | २९<br>२<br>१<br>१<br>२ | १५,०००।-<br>२२,०००।-<br>१८,०००।-<br>१०,०००।-<br>३,०००।- | ५,१३,०००।- |
| २ | नुवाकोट | २९<br>१९ | ७,०००।-<br>१५,०००।- | ४,८८,०००।- |
| ३ | सिन्धुली | १९ | १५,०००।- | २,८५,०००।- |
| ४ | रसुवा | | | ७,१७,०००।- |
| ५ | काभ्रे | पश्की फछ्र्यौट नभएकोले प्राप्त हुन नसकेको | | |
| ६ | ओखलढुंगा | | | |
| ७ | रामेछाप | ३ | १५००० | ४५,०००।- |
| ८ | सिन्धुपाल्चोक | ३८ | १५००० | ५,७०,०००।- |
| ९ | दोलखा | | | |
| १० | काठमाण्डौं | - | - | - |
| ११ | ललितपुर | ३६ | १५००० | ५,४०,०००।- |
| १२ | भक्तपुर | ५ | १५००० | ७५००० |
| १३ | गोरखा | | | |
| १४ | मकवानपुर | | | |
| **जम्मा** | | | | **३२३३०००।-** |

## ६. केन्द्रिय राहत संकलन केन्द्रबाट पठाईएका राहत सामग्री र जिल्लामा प्राप्त राहत सामग्रीको तुलनात्मक तालिकाः

| जिल्ला/ राहत सामग्री | त्रिपाल | | चामल | | ब्लाङ्केट | | चिउरा | |
|---|---|---|---|---|---|---|---|---|
| | केन्द्रबाट पठाईएको (PC/BDL..) | जिल्लामा प्राप्त (थान) | केन्द्रबाट पठाईएको (के.जी.) | जिल्लामा प्राप्त (के.जी.) | केन्द्रबाट पठाईएको (PC/BDL..) | जिल्लामा प्राप्त (थान) | केन्द्रबाट पठाईएको (के.जी.) | जिल्लामा प्राप्त (के.जी.) |
| काठमाण्डौं | ५८७७४ | ५९२९१ | ३९५४०० | ५२४००० | २२,०६३ | ४१,८०१ | ७७१०० | ७२५०० |
| ललितपुर | २०२१९ | ३५१९६ | १५८२०० | १४४३०० | ६९८९ | १३३५६ | ४०२०० | २१२४ |
| भक्तपुर | १०९३२ | १९६९६<br>२४६<br>बण्डल | १५२१०० | १६०५२५ | ३२०८ | १२८४ | ४८५०० | २१७८<br>बोरा |
| गोरखा | २६१३६ | २५८६१ | २३०९०० | २१८४५९ | ३३९८ | ३५५४२ | ३४८०० | ३१३०२ |
| मकवानपुर | ८००० | ८७१० | ४९००० | ४९५०० | ४०४ | ५६० | ९००० | ९०९७ |
| धादिङ | २५५१७ | २३२४९ | ३८७०० | २०७५० | ६२४४ | २२०९४ | २१४००० | ३३७९७० |
| नुवाकोट | १३९२७ | ३६५०४ | ५७१०० | २०४६ बोरा | ६८६५ | १५४६६ | २६२३०० | ९३८४बोरा |
| रसुवा | ८५९० | १९११० | १६५५०० | १२१५९०० | ५४४३ | २७३४० | २३४०० | १०१३०० |
| काभ्रेपलाञ्चोक | २९०८६ | ४५१८६ | ३२३१०० | ४८६६८० | ११८२० | १९६६९ | ३५३०० | ७५९६० |
| सिन्धुपाल्चोक | ६४४०४ | - | ४९१४०० | - | १६५५४ | - | ९५००० | - |
| दोलखा | ५०१४५ | - | १८२९०० | - | ६३०३ | - | ४३६०० | - |
| ओखलढंगा | १४,००० | १२,४६९ | ७१,३०० | ६३,१९० | | | | |
| रामेछाप | २२६२५ | १८४५२ | ७७२०० | २११४५० | | | | |
| सिन्धुली | ६६०४ | १५०० | ६५,५०० | ५५,०४० | | | | |

## त्रिपाल खरीद विवरण :

| सि.नं | जिल्ला | खरीद गर्ने निकाय | विक्रेता/ फर्म | GSM | त्रिपालको साईज | खरीद गरेको त्रिपाल संख्या | खरीद प्रक्रिया | प्रति बर्ग फिट मूल्य | प्रति थान त्रिपालको मूल्य | जम्मा मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मकवानपुर | जि.दै.प्र.उ. | बानिया ट्रेड्स | नखुलेको | १२x१८ | ३८३७ | | - | १५७४।३२ | ६०,४०,६६५।८४ |
| | | | | | १५x१८ | २१७६ | | - | १९६७।९० | ४२,८२,१५०।४० |
| | | | | | १२x१५ | १८२३ | | - | १३११।९३ | २३,९१,६४८।३९ |
| | | जि.वि.स. | दाहाल ट्रेड्स एण्ड जनरल अर्डर सप्लायर्स | नखुलेको | नखुलेको | ३३८२२ ब.फि. | बोलपत्र | ४।९२ | | १,६६,२५२।- |
| २. | ओखलढुंगा | जि.दै.प्र.उ. | - | - | - | - | - | - | - | ४,२९,४००।- |
| ३. | रामेछाप | जि.वि.स. | - | - | - | १२६ब.फी. | - | रू १२-१५ | | ३,९२,४६८।- |
| ४. | सिन्धुली | जि.वि.स. | - | - | - | २९२९ वटा | सोझै | | ९००।- | २६,३६,४००।- |
| ५. | धादिङ्ग | नभएको | | | | | | | | |
| ६. | नुवाकोट | नभएको | | | | | | | | |
| ७. | रसुवा | नभएको | | | | | | | | |
| ८. | काभ्रेपलाञ्चोक | जि.वि.स. | | | | १७६१ थान | | | | १८,०४,०००।- |
| | | पनौति न.पा. | सन्दिप प्लास्टिक सप्लायर्स | | | ३२० के.जी. | | ३६६.४० | | १,३२,४९०।२४ |
| | | पाँचखाल नगरपालिका | मास्के निर्माण सेवा ओखलढुङ्गा | | | | | | | २५,५८,७९०।- |
| | | फोक्सिंटार गा.वि.स. | कृष्णा सप्लायर्स बनेपा | | | १०० पिस | | | २४००।- | २,४०,०००।- |
| | जम्मा | | | | | | | | | ४७,४५,२८०।२४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | काठमाण्डौं | जि.वि.स. काठमाण्डौ | न्यू पशुपति ट्रेड एन्ड सप्लायर | - | १२ -१८ | १३८ | | | २५९२।- | ३५७६९६।- |
| | | | सेविका इन्टरप्राइजेज | २३० | १२-१५/ १२-१८/ १५-१८/ २०-२० | ३५२ | | | | ९४९११०।- |
| | | | न्यू पशुपति ट्रेड एन्ड सप्लायर | - | १२-१५/१२-१८ | १३१३ | | | | ३१८७२५६।- |
| | | | दीपेश इन्टरप्राइजेज | २३० | १२-१५/१५-१८/१२-१२ | ८०० | | | | १९४८९६८।- |
| | | | न्यू पशुपति ट्रेड एन्ड सप्लायर | - | १२-१८/१२-१५ | ३०२ | | | | ८३४७५३।६० |
| | | | नेपाल टेन्ट एन्ड टारपोलिन प्रा.लि. | - | ६-१८ | १५० | | | | २७००१४।- |
| | | काठमाण्डौ .म.न.पा. | न्यू चौधरी ट्रेडर्श | नखुलेको | ३५३७३८ वफी | २६७५ | | | | २४७६१६६।- |
| | | | क्षित्तिज ट्रेड इन्टरनेशनल | नखुलेको | ३८३०४ | ४० | | | | २६८१२८।- |
| | | | जि.वि.स.पर्सा | नखुलेको | १२१६५६ | | | | | ८२४८२७।६८ |
| | | | क्षित्तिज ट्रेड इन्टरनेशनल | नखुलेको | १६४४०२ | ३६२ सिलपोलिन | | | | १९७२८२४।- |
| | | जिल्ला प्रशासन | विभिन्न | | | २०० | | | | ३२४०००।- |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कार्यालय | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | |
| | **ललितपुर** | ल.पु.उ.म.न.पा | विभिन्न | | १५/२१ | ६ | | ७।३० प्रति बर्ग मिटर | २३००।- | १३,८००।- |
| | | | | | नखुलेको | ४ | | - | ५,०००।- | २०,०००।- |
| | **जम्मा** | | | | | | | | | **३३,८००।-** |
| | भक्तपुर | | | | | | | | | |
| | गोरखा | जि.दै.उ.स. | चितवन प्लाष्टिक ट्रेडर्स | | ६x९ | १८० थान | | | ३११।०४ | ५५९८७।२० |
| | | | | | ९x१२ | १४० थान | | | ६२२।०८ | ८७०९१।२० |
| | | | | | १२x१५ | ५४ थान | | | १०३६।८० | ५५९८७।२० |
| | | | | | १२x१८ | ६३ थान | | | १२४४।१६ | ८७३८२।०८ |
| | | | | | १५x१८ | ३४ थान | | | १५५५।२० | ५२८७६।८० |
| | | | | | १५ x२१ | ५२ थान | | | १८१४।४० | ९४३४८।८० |
| | | | | | १८x२४ | ५० थान | | | २४८८।३२ | १२४४१६।०० |
| | | | | | १८x१७ | ४८ थान | | | २७९९।३६ | १३४३६९।२८ |
| | | | | | १८x३० | ५१ थान | | | ३११०।४० | १५८६३०।४० |
| | | | | | १८x३३ | ५२ थान | | | ३४२१।४४ | १७७९१४।८८ |
| | | | | | १८x३६ | ६ थान | | | ३७३२।४८ | २२३९४।८८ |
| | | | | | ७२" प्लाष्टिक रोल | १९० केजी | | | २४५।०० | ४६५५०।- |
| | | | श्रेष्ठ ब्रदर्श | | HDPE त्रिपाल हेभी | १०२०.९ केजी | | | २३६.०० | २,७२,२५३।६१ |
| | | | | | | १०७५.५ केजी | | | २३६.०० | २,८६,८१४।३४ |
| | | | | | | १०७५.५ केजी | | | २३६.०० | २,८६,८१४।३४ |
| | | | | | | १०७५.५४ | | | २३६.०० | २,८६,८२५।०१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | केजी | | | | |
| | | गोरखा न.पा. | श्रेष्ठ ब्रदर्श | | | ६८२।७० के.जी. | सोझै | | २३१।- | १७८२०५।१८ |
| | | | | | | १७५३।३२के.जी. | | | २३१।- | ४,६०,२७१।- |
| | | | ईन्टर-टेक टार्पोलिन्स, बुटवल | | | १३८६।४४के.जी. | | | २३५।- | ३,६८,१६९।४० |
| | | | भण्डारी प्लाष्टिक हाउस | | | ९५१।२६ के.जी. | | | १६८।- | १,२०,५८७।२० |
| | | | दिप प्लाष्टिक स्टोर बुटवल | | | ४९६।४९ के.जी. | | | २३१।- | १,२९,५९८।७८ |
| | | | नवदुर्गा स्टोर | | | ६६१।४४ के.जी. | | | २१० | १,५६,९६०।- |
| | | | सरवगी ब्रदर, बिरगंज | | | २४५५१ बर्गफिट | | ६.८१ बर्ग फिट | | १,८०,९०,५०४।- |
| | | | | | | ३०७८० बर्गफिट | | ६.८१ बर्ग फिट | | २,३६,८६१।३३ |
| | | पालुङटारन.पा. | | | | | | | | २,२८,०१०।- |
| **गोरखाको जम्मा** | | | | | | | | | | **२,२१,९९,८२२।९१** |
| **त्रिपाल खरिद भएको कुल जम्मा** | | | | | | | | | | **५,६७,२१,६३१।०६** |

# भाग ५

# निष्कर्ष तथा सुझावहरू

## ५.१. निष्कर्षः

मिति २०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्प पश्चात् नेपाल सरकारले राष्ट्रिय विपद् प्रतिकार्यको ढाँचा, २०७० तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रको कार्य सञ्चालन विधि बमोजिम राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र चौथो तहमा क्रियाशील गरी तथा केन्द्रीय कमाण्ड पोष्ट स्थापना गरी राहत तथा उद्धार कार्य सञ्चालन गरेको पाईयो। भूकम्प गए लगत्तै केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठक र मन्त्रीपरिषद्को बैठकबाट भूकम्पबाट बढी प्रभावित जिल्लाहरूलाई **संकटग्रस्त क्षेत्र घोषणा गरी** अन्तर्राष्ट्रिय सहयोगको लागि समेत आव्हान गर्ने निर्णय गरेको पाईयो। स्थानीय स्तरमा समेत उद्धार तथा खोजी र राहत वितरण कार्यलाई प्रभावकारी र व्यवस्थित गर्न भूकम्प प्रभावित जिल्लाहरूमा जिल्ला दैवी प्रकोप उद्धार समितिको तत्काल बैठक बसाली आवश्यक कारबाही गर्न सम्बन्धित जिल्लाहरूका प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिइएको पाईयो। दैवी प्रकोप उद्धार तथा व्यवस्थापन सम्बन्धमा केन्द्रीय स्तरबाट भएका निर्णयहरूलाई स्थानीय स्तरसम्म सम्प्रेषण गर्न तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय गर्ने सम्बन्धमा सम्पर्क अधिकृतहरू तोक्ने, समितिहरू गठन गर्ने समेत गरेको पाईयो। गृह मन्त्रालय अन्तर्गत रहेको **राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई** भूकम्प र यसले पारेको प्रभाव तथा नेपाल सरकारबाट भएका प्रतिकारवाही सम्बन्धमा सूचना संकलन, विश्लेषण तथा सम्प्रेषण गर्ने जिम्मेवारी दिएको पाईयो। भूकम्प पीडितहरूलाई तत्काल राहत स्वरूप नेपाल सरकारबाट प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड, २०६४ बमोजिम मृतकका परिवारलाई प्रति मृतक किरिया खर्च स्वरूप रू.४०,०००।-, थप राहत खर्च स्वरूप प्रति मृतक परिवार रू.१,००,०००।-, घर पूर्ण रूपमा क्षति भएका परिवारलाई रू.१५०००।- उपलब्ध गराएको देखियो। पीडित नागरिकहरूलाई थप राहत सामग्रीहरू उपलब्ध गराउन विभिन्न श्रोतबाट प्राप्त भएका राहत सामग्रीहरूको व्यवस्थापनको लागि नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेडको गोदाम घरलाई केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रको रूपमा स्थापना गरी भूकम्प प्रभावित पीडितहरूको लागि वितरण गर्न सम्बन्धित जिल्लाहरूको जिल्ला दैवी प्रकोप उद्धार समितिलाई जिम्मा लगाएको पाईयो। पीडितहरूको खोज तथा उद्धार, राहत वितरण लगायत मानवीय संवेदनशीलताका अन्य थुप्रै विषयमा केन्द्र तथा स्थानीय निकायहरू विशेष गरी नेपाल सरकार, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, नेपाल सरकारका स्थानीय निकायहरू, गा.वि.स.सचिव, वडा सचिव, वडा नागरिक मञ्च, रेडक्रस लगायत विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरूले प्रशंसनीय भूमिका निर्वाह गरेको पाईयो तथापि समग्रमा राहत सामग्रीहरूको व्यवस्थापन, पीडितहरूको पहिचान, राहत सामग्री तथा राहत रकमको न्यायोचित निकासा, खर्च तथा वितरण,

अभिलेखीकरण जस्ता महत्पूर्ण विषयहरूमा केही कमी कमजोरीहरू रहेको देखियो जुन देहाय बमोजिम खुलाइएको छः-

## ५.१.१ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र राष्ट्रिय योजना आयोगः

- राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको "विपद् पछिको आवश्यकता आंकलन (Post Disaster Needs Assessment-PDNA)" प्रतिवेदन, २०७२ ले क्षतिको मूल्याङ्कन अनुमानित ७०६ करोड अमेरिकी डलर गरेको र सोको पुनर्स्थापनाको लागि रू.६.७ अर्ब अमेरिकी डलर आवश्यक पर्ने भनी औंल्याए तापनि नेपाल सरकारले भूकम्प पश्चात् चालु आवधिक योजनाको पूनर्मुल्याङ्कन तथा संशोधन गरेको देखिएन। साथै भूकम्प पश्चातको पुनर्निर्माण तथा पुनर्बास कार्यक्रमलाई व्यवस्थित, योजनाबद्ध र समयमै कार्य सम्पन्न गर्न नेपाल सरकारले पुनर्निर्माण प्राधिकरण हालसम्म पनि गठन गर्न सकेको देखिएन। दातृ निकाय तथा मित्रराष्ट्रहरूबाट पुनर्वास एवं पुनर्निर्माण कार्यक्रम संचालनको लागि प्राप्त अनुदान रकम तथा प्रतिवद्धता भए बमोजिमको अन्य ठूलो सहयोग रकम नेपाल सरकारले ठोस कार्ययोजना, आवश्यक कानूनी तथा नीतिगत व्यवस्था समयमै गर्न नसक्दा प्राप्त आर्थिक सहयोग फिर्ता जाने र प्रतिबद्धता भए बमोजिमको रकम प्राप्त नहुने अवस्था देखियो।
- प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुन आएको १६ अर्ब भन्दा बढी रकम मध्ये सम्बन्धित खर्च गर्ने कार्यालयहरूबाट नै लेखा परीक्षण हुने गरी १५ अर्ब रकम कोषबाट विनियोजन भएको देखियो तर कोषले उल्लेखित रकमको खर्च सम्बन्धमा आफैले अनुगमन सम्बन्धी विशेष व्यवस्था गरेको देखिएन।

## ५.१.२ गृह मन्त्रालय तथा मातहतका निकायहरूः

**विपद् प्रतिकार्य सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन सम्बन्धमाः**

- विभिन्न समयमा गरिएका भौगर्भिक खोज तथा अनुसन्धानले नेपाललाई भूकम्पको उच्च जोखिमयुक्त राष्ट्र भनी उल्लेख गरेको र उल्लेखित तथ्य संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, २००९ मा समेत उल्लेख भएको देखिन्छ भने विपद् व्यवस्थापन कार्यलाई सरकारी दायित्व र कार्यक्षेत्रमा राखी विपद् पूर्व र विपद् पछि गरिने उद्धार तथा राहतको कार्यलाई सहज रूपमा कार्यान्वयन गर्ने गराउने उद्देश्यले दातृ निकायहरूको समेत सहयोग लिई आवश्यक प्रशासनिक संरचना समेतलाई थप समावेशी बनाउने गरी विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ नेपाल सरकारबाट अवलम्बन भएको देखिन्छ। उल्लेखित रणनीतिमा विपद् जोखिम व्यवस्थापनको लागि विद्यमान कानूनी व्यवस्था र विपद् व्यवस्थापनमा संलग्न

केन्द्रीय निकाय, विभाग तथा स्थानीय निकायहरूको भूमिका, जिम्मेवारी लगायत विषयहरू प्रष्ट पारिएको समेत पाईयो। विशेष गरी, भूकम्प जस्ता प्राकृतिक विपत्तिमा राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय, केन्द्रीय दैवी प्रकोप उद्धार समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, सहरी विकास मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सो अन्तर्गतका विभाग र कार्यालयहरूबाट सम्पादन गर्नुपर्ने कार्यहरूको बारेमा स्पष्ट रूपमा उल्लेख गरिएको पाईयो। त्यसैगरी, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीतिले विपद्को समयमा कार्य गर्ने संस्थाहरूको स्थायी संयन्त्र निर्माण गरी त्यसको संस्थागत विकास गर्ने एकीकृत नीति तथा विकेन्द्रीकृत कार्यान्वयन प्रक्रिया अवलम्बन गर्ने, विपद् व्यवस्थापनमा खटिने मानवश्रोत तथा संसाधनको व्यवस्था गर्ने, प्रभावकारी विपद् व्यवस्थापनको लागि जोखिमको पूर्व आंकलन गरी आवश्यक योजना तयार गर्ने, सबै साझेदारहरूको लागि एकै किसिमको प्रतिकार्य सम्बन्धी स्पष्ट कार्यबिधि तयार गर्ने, आवश्यक न्यूनतम संसाधनको व्यवस्था गर्ने र जोखिमयुक्त क्षेत्र तथा जिल्लाहरूमा पूर्ववत तयारी गरी भण्डारण गर्ने, एकद्वार नीतिको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित सबै पक्षहरूको प्रतिनिधित्व रहने गरी संयन्त्र निर्माण, पूर्व अभ्यास तथा परिचालन गर्ने जस्ता महत्वपूर्ण कार्यहरू उल्लेख भएको देखियो तर २०७२ साल बैशाख १२ गतेको बिनासकारी भूकम्प पश्चात् उल्लेखित कार्यबिधिहरूको प्रभावकारी कार्यान्वयन भएको नदेखिएकोले पूर्व तयारीका व्यवस्थाहरू केवल कागजमा मात्र सीमित रहेको र कार्यान्वयन पक्ष कमजोर रहेको पाईयो।

- यसैगरी, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को अनुसूची ७ ले स्पष्ट रूपमा प्रमुख जिल्ला अधिकारी अध्यक्ष र स्थानीय विकास अधिकारी सदस्य सचिव रहने गरी स्थानीय स्तरका सबै संघ, संस्था, सरकारी कार्यालय, सुरक्षा निकायहरू समेतको प्रतिनिधित्व रहने गरी जिल्ला विपद् व्यवस्थापन समिति गठन गरेको पाईयो तर उल्लेखित संरचनाको भावना र जिम्मेवारी अनुसार विनासकारी भूकम्पको समयमा उद्धार तथा राहत कार्यमा सबै साझेदारहरू जिम्मेवारीबोधका साथ परिचालन भएको देखिएन भने कतिपय जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीले समन्वयकारी भूमिका समेत निर्वाह गरेको देखिएन।
- यसैगरी, नेपाल सरकारले विपद् पूर्व तयारी तथा प्रतिकार्यको लागि सबै जिल्लाहरूमा एकरूपता कायम गर्ने, जिल्ला स्थित मानवीय सहायताका क्षेत्रमा कार्यरत साझेदारहरूको पहिचान गर्ने, साझेदार निकायहरूको भूमिका तथा जिम्मेवारी तोक्ने, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, केन्द्रीय स्तरमा गठित राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र जस्तै जिल्ला स्तरमा समेत जिल्ला स्तरीय आपतकालीन कार्य

सञ्चालन केन्द्र स्थापना गर्ने लगायतका उद्देश्य राखी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ तयार गरेको देखिए तापनि सो मार्गदर्शन बमोजिम केन्द्रदेखि जिल्ला स्तरसम्म विपद् पूर्व तयारी, साझेदारहरूको पहिचान तथा जिम्मेवारी तोक्ने र पूर्व अभ्यास गरेको देखिएन जसको कारण राहत संकलन, वितरण र अभिलेखीकरण न्यायोचित र व्यवस्थित हुन सकेको पाईएन।

- केन्द्रीय कमाण्ड पोष्ट खडा गर्ने तथा उद्धार समन्वय केन्द्र स्थापना गरी खोज, उद्धार र राहत कार्यलाई तीव्र बनाउने सम्बन्धमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्णयलाई नेपाल सरकार मन्त्रीपरिषदको बैठकबाट अनुमोदन गरिएको देखिएतापनि कमाण्ड पोष्टबाट गरिएको कार्यलाई अभिलेखिकरण गर्ने, दोहोरोपना हटाउने तथा राहत संकलन तथा वितरण गर्ने कार्यलाई प्रभावकारी बनाउने, अन्य आवश्यक नीतिगत निर्णयहरू गराई खोज, उद्धार तथा राहत वितरण कार्यलाई प्रभावकारी बनाउने तर्फ धेरै निर्णयहरू भएको देखिएता पनि स्थलगत अध्ययनको क्रममा भ्रमण गरिएका जिल्लाहरूलाई उपलब्ध श्रोत र संसाधनबाट उल्लेखित निर्णयहरूको प्रभावकारी कार्यान्वयन हुन सक्ने अवस्था देखिएन।
- राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र (National Emergency Operation Center-NEOC) को विपद् व्यवस्थापनमा केन्द्रीय तथा समन्वयकारी भूमिका कानूनतः उल्लेख भएको देखिएतापनि केन्द्रले राहत संकलन र वितरण भएको राहत सामग्रीहरूको अभिलेख राखेको, प्रतिकार्य योजना बनाई न्यायोचित वितरण प्रणालीको विकास गरेको, जिल्ला दैवी प्रकोप उद्धार समितिहरूलाई आवश्यक पर्ने संसाधनको व्यवस्था गरेको नदेखिएकोले केन्द्रले आफूलाई तोकिएको जिम्मेवारी प्रभावकारी ढंगबाट पुरा गरेको भन्न सक्ने अवस्था देखिएन भने स्थलगत अध्ययनको क्रममा केन्द्रलाई पर्याप्त जनशक्ति तथा संसाधनको समेत अभाव रहेको देखियो।

**राहत सामग्रीहरूको वितरणमा नेपाल सरकारको एकद्वार नीति सम्बन्धमाः**

- राहत वितरण सम्बन्धमा नेपाल सरकारले एकद्वार प्रणाली लागु गर्ने भनी निर्णय गरे तापनि यसलाई लागु गर्ने सम्बन्धमा स्थायी संयन्त्रको क्षमताको अभाव, संयन्त्रलाई संस्थागत विकास गर्ने एकीकृत नीति तथा विकेन्द्रीकृत कार्यान्वयन प्रक्रिया अवलम्बन गर्ने सम्बन्धमा विपद् व्यवस्थापनमा खटिने मानवश्रोत तथा संसाधनको पूर्व तयारी गरेको नदेखिएको, जोखिमको पूर्व आंकलन गरी आवश्यक योजना तयार नगरिएको र समयमै सबै साझेदारहरूको परिचालन गर्ने गरी एकै किसिमको प्रतिकार्य सम्बन्धी कार्यबिधि तयार गरेको नदेखिएकोले नेपाल सरकारले अवलम्बन गरेको एकद्वार नीति प्रभावकारी रूपमा कार्यान्वयन भएको अवस्था देखिएन।

**राहत सामग्रीहरू सूचीकृत गर्ने सम्बन्धमाः**

- केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।१७ को निर्णयमा गृह, अर्थ, कृषि, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवहरूले संयुक्त रूपमा भूकम्प पीडितको लागि आवश्यक पर्ने राहत सामग्रीहरुको सूची तयार गरी केन्द्रीय दैवी प्रकोप उद्धार समितिका संयोजकबाट अनुमोदन गराई सार्वजनिक गर्ने; विभिन्न गैर सरकारी संस्था तथा निजी क्षेत्रबाट संकलन गरिने राहत सामग्रीहरु मापदण्ड बनाई दोहोरो नपर्ने गरी प्रमुख जिल्ला अधिकारीले तोकेका स्थानमा सरकारी निकायको रोहवरमा मात्र वितरण गर्ने व्यवस्था मिलाउने; वाणिज्य मन्त्रीको संयोजकत्वमा गठित कार्य टोलीले खरिद गरेका र विभिन्न दाताहरुबाट प्राप्त भएका राहत सामग्रीहरुको एकीकृत व्यवस्थापन र प्रभावकारी वितरणको प्रणाली विकास गरी आजैदेखि लागु गर्ने भनी निर्णय गरेको र उल्लेखित सूची केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०२।०३ गतेको निर्णयले मात्र पारित गरेको देखिएकोले भूकम्पबाट पीडितहरूका लागि सरकारले के कस्ता सामग्रीहरू राहतको रूपमा स्वीकार गर्न सक्ने, ती सामग्रीहरूको सरल र सहज आयातमा के कस्तो प्रक्रिया अवलम्वन गर्ने, निजी तथा अन्य गैरसरकारी प्रकृतिका र दातृ निकाय, छिमेकी राष्ट्रहरूबाट राहत स्वरूप प्राप्त हुने सामग्रीहरूको प्रभावकारी र न्यायोचित वितरण के-कसरी गर्ने भन्ने सम्बन्धमा यथेष्ट पूर्व तयारी गरेको देखिएन जसको कारण राहत स्वरूप आयात भएका सामग्रीहरू लामो समयसम्म भंसार नाकाहरूमा नै थन्किई पीडितसम्म पुग्न नसकेको अवस्था देखियो। त्यस्तै, राहत सामग्रीहरू आयात गर्ने नाममा विभिन्न व्यवसायिक फर्म तथा व्यापारीहरूले सामानहरूको पूर्ण विवरण नै नखुलाई जथाभावी आयात गरेको देखियो भने राहत सामग्रीहरूमा गरिएको भंसार छुटको सुविधा लिए पश्चात् ती सामग्रीहरू को-कसलाई वितरण गरियो वा के-कति मूल्यमा को-कसलाई विक्री गरियो भन्ने सम्बन्धमा नेपाल सरकारका सम्बन्धित निकायहरूबाट प्रभावकारी अनुगमन गरेको तथा अभिलेखहरू अद्यावधिक गरेको पाईएन।

**भूकम्प पश्चात् भएको जनधनको क्षति तथा वास्तविक पीडितहरूको पहिचान गर्ने सम्बन्धमाः**

- केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।२० गतेको निर्णयले संकटग्रस्त क्षेत्र घोषणा भएका जिल्लाका पीडितहरूको उद्धार, राहत र शीघ्र पुनर्लाभ कार्यलाई व्यवस्थित गर्न मन्त्रिपरिषद् समक्ष सिफारिस गरेको र सोही अनुसार सामान्य प्रशासन मन्त्रालयले भूकम्प प्रभावित क्षेत्रमा खटिने टोलीको संक्षिप्त कार्यबिधि, २०७२ बनाई आवश्यक प्राबिधिक सहितका कर्मचारीहरूलाई भूकम्प पीडितहरूको सूचना संकलन, क्षतिको मूल्यांकन, राहत वितरण तथा एकीकृत पुनर्वास योजना तथा अस्थायी बसोबासको व्यवस्था समेतमा सहयोग पुऱ्याउने उद्देश्यले भूकम्प प्रभावित क्षेत्रमा परिचालन गरेको देखियो।उल्लेखित कार्यबिधिसँग संलग्न फाराममा प्राबिधिक टोलीले भौतिक क्षतिको विवरण संकलन गर्दा पूर्ण, आंशिक तथा सामान्य क्षतिको विवरण स्थलगत रूपमा नै छुट्याउनु पर्ने र

१ महिनाको छोटो अवधिमा प्रतिवेदन तयार गर्नुपर्ने बाध्यता रहेकोले अभिलेख संकलनमा स्थानीय दबाव र प्रभाव पर्न गएको, कार्यटोलीले कतिपय स्थानहरूमा आफूलाई पायक पर्ने स्थानमा बसी स्थानीय संयन्त्रले उपलब्ध गराएको सूचनालाई मात्र आधार मानी प्रतिवेदन तयार गरेको देखियो। फलस्वरूप कतिपय स्थानहरूमा वास्तविक पीडितहरूको पहिचान हुन नसकेको, घरधुरी संख्या बढाई गैरपीडितहरूले समेत राहत रकम तथा भूकम्प पीडित परिचय पत्र लिएको देखियो जसको पुष्टी स्थलगत अध्ययनको क्रममा पीडितहरूसँग गरिएको अन्तरक्रिया, २०६८ सालको जनगणनामा उल्लेखित घरधुरी संख्या र क्षति भएका घरघुरी संख्याको तुलनात्मक अध्ययन, दोहोरो राहत रकम लिनेहरू उपर गरिएको कानूनी कारबाही आदिबाट हुने देखियो। यसैगरी उल्लेखित रकम वितरण सम्बन्धमा विवाद रहेकोले नुवाकोट जिल्लाको साल्मे, भाल्चे, गेर्खु लगायतका गा.वि.स.हरूमा उल्लेखित रकम पीडितहरूलाई हालसम्म पनि वितरण हुन नसकेको पाईयो। यसबाट नेपाल सरकारलाई ठूलो आर्थिक व्ययभार परेको र भविष्यमा समेत उल्लेखित प्रतिवेदनलाई आधारमानी अन्य सुबिधा उपलब्ध गराउँदा थप ठूलो व्ययभार पर्न जाने देखियो।

- यसैगरी स्थलगत भ्रमण गरिएका १४ जिल्लाहरूमा दोहोरो राहत रकम तथा भूकम्प पीडित परिचय पत्र सम्बन्धमा पर्न आएका उजुरीहरूको अध्ययन गर्दा गैरपीडितहरूले राहत रकम लिनका लागि मात्र सम्बन्ध बिच्छेद गरेको, छुट्टी भिन्न भएको देखाएको, बैकल्पिक बासको व्यवस्था भएपनि राहत रकम लिदा सो विवरण उल्लेख नगरेको, बसाईसराई गरी अन्यत्रै स्थायी बसोबास गरे तापनि पुरानो ठेगानालाई नै स्थायी बसोबास गरेको देखाई राहत रकम तथा भूकम्प पीडित परिचय पत्र लिएको पाईयो।

**राहत सामग्रीहरूको संकलन तथा वितरण सम्बन्धमाः**

- केन्द्रीयस्तर तथा विभिन्न संघ-संस्थाहरुबाट उपलब्ध गराएका राहत सामग्रीहरु जिल्ला स्थित दैवी प्रकोप उद्धार समितिले निर्णय गराई आवश्यकता अनुसार वितरण गरेको देखियो।त्यस्तै, जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय अनुसार समिति आफैंले समेत अत्यावश्यक राहत सामग्रीहरु खरिद गरी वितरण समेत गरेको पाईयो। राहत तथा उद्धार व्यवस्थापनको जिम्मेवारी पाएका जिल्ला स्थित अन्य सरकारी निकायहरुले समेत राहत सामग्रीहरु खरिद गरी वितरण गरेको पाईयो।
- राहत सामग्रीहरूको वितरण गर्दा केन्द्रीय दैवी प्रकोप उद्धार समिति तथा जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय बमोजिम जिल्लामा प्राप्त क्षतिको विवरण र गाम्भिर्यतालाई ध्यानमा राखी सोही अनुसार प्राथमिकीकरण गरी स्थानीय स्तरका दलीय संयन्त्र, वडा नागरिक मञ्च समेतको माध्यमबाट राहत सामग्रीहरु वितरण गरिएको भन्ने जिल्ला स्थित विभिन्न सरकारी कार्यालयका प्रमुखहरूसँग गरिएको अन्तरक्रियाबाट जानकारी हुन आयो तर भूकम्पबाट पीडित व्यक्तिहरूलाई वितरण गरिएको अधिकांश राहत सामग्रीहरूको भरपाई नै नगराई वितरण गरिएको र वितरण प्रणालीमा एकरूपता नभएको, राहत सामग्रीहरूको संकलन तथा

वितरणको अभिलेखीकरण व्यवस्थित नभएको तथा भएका अभिलेखहरू समेतमा एकरूपता नदेखिएको, कतिपय जिल्लाहरूमा राहत सामग्रीहरूको अभिलेख राख्दा परिमाण, किसिम, इकाई, राहत सामग्री पठाउने कार्यालय, निकाय, संस्था समेत उल्लेख नगरी अभिलेख राखेको पाईएकोले स्थानीय पदाधिकारीहरूले प्राथमिकीकरणको आधारमा दोहोरो नपर्ने गरी राहत वितरण गरेको भनी उल्लेख गरेतापनि त्यस्तो अवस्था देखिएन।

**राहत सामग्रीहरूको अभिलेखीकरण सम्बन्धमाः**

- विनाशकारी भूकम्प पश्चात् राहत वितरण तथा संकलनको अभिलेख व्यवस्थापन गर्ने दायित्व रहेको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थायी आदेश, विभिन्न नीतिगत निर्णय र सम्बन्धित नियमावलीहरूमा उल्लेख भए तापनि सो केन्द्रले उल्लेखित कार्य गर्न आवश्यक जनशक्ति तयार गरेको तथा पर्याप्त संसाधनहरूको व्यवस्था गरेको पाइएन। यसकारण उल्लेखित केन्द्रबाट राखिएका अभिलेखहरू पूर्ण छन् भन्न सक्ने अवस्था देखिएन।
- हवाईमार्ग मार्फत प्राप्त भएका राहत सामग्रीहरू मध्ये Military to Military Aid अन्तर्गत आएका सामग्रीहरू नेपाली सेनाले व्यवस्थापन गरेको तर सो को अभिलेख नेपाल सरकारले हवाई मार्ग मार्फत प्राप्त हुने राहत सामग्रीहरूको व्यवस्थापनको लागि गठन गरेको उच्चस्तरीय कार्य टोलीलाई प्राप्त भएको अवस्था देखिएन।
- नेपाल सरकारले राहत संकलन तथा वितरणको अभिलेख मिति २०७२।०१।१७ गतेसम्म व्यवस्थित गर्न सकेको तथा केन्द्रीय राहत संकलन तथा वितरणको पूर्व तयारी गरेको देखिएन तर पछिल्लो समयमा मित्र राष्ट्रहरू, दातृ निकाय तथा नेपाल सरकारबाट खरिद भएका राहत सामग्रीहरूको अभिलेख अद्यावधिक गरेको, स्थलमार्ग हुँदै विभिन्न भंसार नाकाबाट भित्रिएका राहत सामग्रीहरू बोकेका सवारी साधनहरूलाई प्रहरीद्धारा स्कटिङ्ग गरी केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रसम्म ल्याउने व्यवस्था मिलाईएको तथा राहत सामग्री बोकी आएका सवारी साधनको अभिलेख राजमार्ग स्थित प्रहरी कार्यालयहरूले समेत राख्ने गरेको पाईयो तर विभिन्न निकायहरूबाट राखिएको यस्ता अभिलेखहरूमा एकरूपता नदेखिएको, राहत सामग्रीहरूको परिमाण, इकाई, श्रोत आदि खुलाई राखेको देखिएन जसको कारण उल्लेखित निकायहरूले राखेको अभिलेखहरू भिडाई परिमाणको यकिन गर्न सक्ने अवस्था समेत रहेन।
- नेपाल सरकारको केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रले राहत सामग्रीहरू सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिहरूलाई पठाउँदा अधिकृत स्तरका कर्मचारीहरू समेत खटाएको पाईयो। केन्द्रबाट सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिलाई पठाईएका अभिलेखहरू भिडाई हेर्दा अधिकांश जिल्लाहरूले बढी परिमाणमा सामान प्राप्त गरेको देखियो। भूकम्प पश्चातका शुरुका केही दिनसम्म जिल्ला दैवी प्रकोप उद्धार समितिले समेत अभिलेख दुरुस्त राख्न नसकेको, हेलिकोप्टरबाट संकलन तथा वितरण गरिएका राहत सामग्रीहरूको

अभिलेख अद्यावधिक गरेको नदेखिएको, प्राप्त तथा वितरण गरिएको सामग्रीहरूको अभिलेखिकरणमा एकरुपता नदेखिएको पाईयो। यसैगरी, भन्सार नाकाबाट एउटै सवारी साधन (ट्रक) हरूमा विभिन्न जिल्लाहरूका लागि सीधै त्यसतर्फ पठाईएका राहत सामग्रीहरू के-कति परिमाणमा कुन-कुन जिल्लाहरूलाई वितरण गरियो भन्ने सम्बन्धमा सम्बन्धित निकायहरू (भंसार विभाग तथा मातहत भंसार कार्यालयहरू) समेत अनभिज्ञ रहेको पाईयो।

- राहत सामग्रीहरूको संकलन सम्बन्धमा जिल्ला दैवी प्रकोप उद्धार समितिहरू, जिल्ला विकास समितिको कार्यालयहरू लगायत केन्द्रीय तथा स्थानीय निकायहरूबाट छोटो प्रक्रिया अपनाई सोझै बजारबाट खरिद गरेको पाईयो। यसरी छोटो प्रक्रियाबाट गरिएको खरिद कार्य नियम संगत र समय सापेक्ष देखिएतापनि उल्लेखित खरिद कार्य गर्दा अनिवार्य रूपमा अपनाउनु पर्ने प्रक्रियाहरू जस्तै, खरिद गरिने वा गरिएको बस्तुको स्पेशिफिकेसन (Specification) तोक्ने, मापदण्ड तयार गर्ने, गुणस्तर परीक्षण गर्ने, नमूना सुरक्षित राख्ने, नमूना वा स्पेशिफिकेसन (Specification), तोकिएको परिमाण अनुसार सामानहरू आपूर्ति भए नभएको अनुगमन गर्ने जस्ता महत्वपूर्ण कार्यहरू सम्बन्धित खरिद गर्ने निकायहरूबाट भए गरेको देखिएन भने अन्य नियमनकारी निकायहरूबाट समेत सो को अनुगमन भएको देखिएन। फलस्वरूप, उल्लेखित अत्यावश्यक राहत सामग्रीहरूको खरिद मूल्यमा व्यापक भिन्नता देखियो (जस्तै- त्रिपालको हकमा रू. ५।५९ देखि रू. १४।- सम्म प्रति वर्ग फिट)। यसरी, स्थानीय स्तरमा छोटो प्रक्रियाबाट भएका ठूला खरिदहरूमा बस्तुको मूल्य र गुणस्तरमा देखिएको ठूलो अन्तरले एकातर्फ नेपाल सरकारलाई ठूलो आर्थिक व्ययभार पर्न गएको देखियो भने अर्कोतर्फ पीडितहरूले राहत स्वरूप प्राप्त गरेका सामग्रीहरूको उपयुक्त प्रयोग गर्न नसक्ने तथा खपत अवधि समेत कम हुन सक्ने अवस्था देखियो।
- केन्द्रीय तथा स्थानीय स्तरका कार्यालयहरूबाट गरिएको खरिद कार्यको प्रभावकारी अनुगमन नभएको अवस्थामा बिनाशकारी भूकम्पको कारण ठूलो मात्रामा भएको जनधनको क्षतिबाट मर्माहत बिभिन्न जिल्लाका नागरिकहरुलाई यथाशीघ्र राहत दिन आवश्यक पर्ने सामग्रीहरु केन्द्र, जिल्ला तथा विदेशबाट समेत खरिद गरेकोमा समर्थन गर्ने र थप राहत सामग्रीहरु सोझै खरिद गर्ने व्यवस्था मिलाउने भनी मिति २०७२।१।२० को केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठकबाट निर्णय भएको देखिदा केन्द्र तथा स्थानीय स्तरबाट गरिएका सबै नियमित र आकस्मिक खरिद कार्यलाई समर्थन गरेको देखियो।

**अनुगमन सम्बन्धमाः**

- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।०१।१४ गतेको निर्णयले अत्यावश्यक बस्तुको आपूर्ति नगर्ने, कालो बजारी, कार्टेलिङ, सिण्डीकेट, मूल्यबृद्धि लगायत आपूर्ति व्यवस्थालाई असहज बनाउने व्यक्ति तथा व्यवसायिक फर्महरूलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गरी गृह मन्त्रालयले तत्काल कानून बमोजिम कारवाही गर्ने भनी उल्लेख गरेको देखिएतापनि अत्यावश्यक सामग्रीहरू जस्तै, पाल, त्रिपाल, विभिन्न खाद्य सामग्रीहरूको स्थानीय बजारमा के-कसरी विक्री भईरहेको छ भन्ने सम्बन्धमा केही जिल्लाहरू जस्तै काभ्रेपलाञ्चोकले केही व्यक्तिहरू उपर कालाबजारीमा कारबाही समेत गरेको तर काठमाण्डौ जिल्ला अन्तर्गत ठूलो संख्यामा त्रिपाल लगायत बस्तुहरूको चर्को मूल्यमा बिक्री भएको तर कसै उपर कुनै कारबाही भएको नदेखिदा सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन भएको भन्न सक्ने अवस्था देखिएन।
- यसैगरी नेपाल सरकारको केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र, विभिन्न भंसार नाकाहरू, विभिन्न संघ, संस्था, व्यक्तिहरूबाट प्राप्त हुन आएका राहत सामग्रीहरू भूकम्प प्रभावित जिल्लाहरूका जिल्ला दैवी प्रकोप उद्धार समितिले पाउने गरी पठाईएको देखिएता पनि नेपाल सरकारका सम्बन्धित निकायहरूबाट उल्लेखित राहत सामग्रीहरू तोकिएको परिमाणमा सम्बन्धित जिल्लामा पुगे/नपुगेको तथा पीडितहरूलाई न्यायोचित रूपमा वितरण गरे/नगरेको सम्बन्धमा अनुगमन भएको देखिएन।

**२०६८ सालको जनगणनामा उल्लेखित घर संख्या र राहत लिने परिवारको घर संख्या सम्बन्धमाः**

- राहत रकम तथा सामग्रीहरूको न्यायोचित वितरण सम्बन्धमा आयोगबाट खटिएको टोलीले पीडितहरूको पहिचान, क्षति पुगेका घरधुरीहरूको अध्ययन, राहत रकमको वितरण सम्बन्धमा जिल्लाका केही न.पा./गा.वि.स. हरूलाई नमूना छनौट गरी २०६८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कलाई आधारमानी अध्ययन गर्दा उल्लेखित न.पा./गा.वि.स. मा अत्याधिक रूपमा घरसंख्याहरू बढेको देखियो भने भूकम्प प्रभावित प्रायः जिल्लाहरूमा पूर्ण घर क्षति संख्या देखाउनेको संख्या अस्वभाविक र अमिल्दो देखियो।

**राहत रकम वितरणमा परेको उजुरी निवेदन उपरको कारबाही सम्बन्धमाः**

- नेपाल सरकारले उपलब्ध गराएको राहत रकम वितरणमा अनियमितता भएको भनी प्रायः सबै भूकम्प प्रभावित जिल्लाहरूमा उजुरी परेको र सम्बन्धित जिल्लाबाट समेत सो सम्बन्धमा

अनुसन्धान भएको पाईयो। यसरी पर्न आएका निवेदन उजुरी सम्बन्धमा दोहोरो सुबिधा लिने तथा गैरपीडितले दाबी गरी राज्यबाट लिएको सुबिधा फिर्ता गरेको अवस्था देखियो।

### ५.१.३ अर्थ मन्त्रालय तथा मातहतः

- भूकम्प पीडितहरूलाई सहयोग लगायतका पुनर्वास एवं पुनर्निर्माण कार्यक्रम सञ्चालन गर्न २०० अर्बको राष्ट्रिय पुनर्निर्माण कोष स्थापना गर्ने, सो कार्यको लागि राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालय एवं अन्य सम्बन्धित मन्त्रालय/निकाय समेतको समन्वय र सहयोगमा अविलम्ब कार्यक्रम तयार गर्ने, सोका लागि नेपाल सरकारको तर्फबाट २० अर्ब रुपैयाँ प्रदान गर्ने र बाँकी अन्तर्राष्ट्रिय एवं अन्य स्रोतबाट परिचालन गर्ने, माथि उल्लेखित उद्देश्य पुरा गर्न आवश्यकता अनुसार चालू आ.व.को विनियोजन बजेटबाट पुनःसंरचना गर्ने र आगामी आ.व.मा बजेट सम्बन्धित मन्त्रालयहरूले व्यवस्था समेत गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७२।०१।१७ मा निर्णय भएको।
- उक्त निर्णय अनुसार स्थापना गर्ने भनिएको राष्ट्रिय पुनर्निर्माण कोष गठन भएको, सो कोष परिचालन गरि भूकम्प पीडितको पुनर्वास एवं पुनर्निर्माण कार्यक्रमको जिम्मेवारी निर्वाह गर्न पुनर्निर्माण प्राधिकरण गठन गर्ने सम्बन्धमा अध्यादेश तर्जुमा भएतापनि सो अनुसार ऐन बनीसकेको अवस्था देखिएन। सो अनुसार तत्काल गठन गर्नु पर्ने पुनर्निर्माण प्राधिकरण समेत हालसम्मगठन नभएको हुँदा यस तर्फ नेपाल सरकारबाट तत्काल कदम चाल्नु पर्ने देखिन्छ।
- अर्थ मन्त्रालयबाट विपद् व्यवस्थापनको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा मिति २०७२।०१।२४ देखि मिति २०७२।०३।२७ सम्म छ पटक गरि रू. ९ अर्ब ५० करोड निकासा भएको पाइयो। बजेटको अनुगमन र मूल्याङ्कन गर्ने अर्थ मन्त्रालय, अनुगमन महाशाखाबाट उल्लेखित निकासा भएको रकमको खर्च गर्ने कार्यविधि तर्जुमा गरेको तथा सो रकमको अनुगमन तथा मूल्याङ्कन समेत भएको पाईएन।
- मिति २०७२ साल असार १० गते (२५ जुन २०१५) मा सम्पन्न नेपालको पुनः निर्माणको लागि आयोजित अन्तर्राष्ट्रिय सम्मेलनको अवसरमा चीन, भारत, जापान, संयुक्त राज्य अमेरिका, विश्व बैंक, एसियाली विकास बैंक, युरोपियन युनियन लगायतका २५ वटा दातृ राष्ट्र/निकाय (Development Partners) बाट अनुदान बापत अमेरिकी डलर १,९७,१५,१९,९१५।- र सहुलियत पुर्ण ऋण वापत अमेरिकी डलर २,१३,८०,००,०००।- गरी जम्मा अमेरिकी डलर ४,१०,९५,१९,९१५।- बराबरको रकम Pledges भएको पाईयो। सो रकम मध्ये निम्न आयोजनाहरूमा रकम प्राप्त गर्ने विषयमा नेपाल सरकार र देहाय अनुसारका दाताहरूसँग अनुदान ऋण सहायता सम्झौता सम्पन्न भएको पाईयो।

| क्र.स. | ऋण /अनुदान प्राप्त देश/ अन्तराष्ट्रिय संस्था | संझौता भएको रकम (अ.ड.) | ऋण /अनुदान | क्षेत्र |
|---|---|---|---|---|
| ६. | विश्व बैक | ३०० मिलियन | सहुलियत पूर्ण ऋण | २००मिलियन आपतकालिन घर निर्माण र १०० मिलियन Development Policy Credit-DPC को रूपमा |
| ७. | एसियाली विकास बैक | २०० मिलियन | सहुलियत पूर्ण ऋण | विद्यालय निर्माण, ग्रामीण सडक तथा जिल्ला स्तरीय सरकारी भवन निर्माण |
| ८. | एसियाली विकास बैक | ३ मिलियन | अनुदान | प्रधानमन्त्री राहत कोषमा जम्मा भएको |
| ९. | चीन सरकार | १० मिलियन | नगद अनुदान | नेपाल सरकारको प्राथमिकता प्राप्त क्षेत्र |
| १०. | FAO | ०.५ मिलियन | प्राविधिक सहायता | कृषि क्षेत्र |

## भंसार विभाग

**भंसार महशुल छुट सम्बन्धमाः-**

- दैवी प्रकोप उद्धार तथा राहत सामग्रीमा लाग्ने महशुल छुट सम्बन्धी कार्यबिधि, २०७२ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको उक्त कार्यबिधिको बुँदा ४.२ अनुसारको समितिको सिफारिसमा सूचीकृत भएका राहत सामग्रीहरुमा भंन्सार छुट दिई भन्सार जांच पास गर्न भूकम्प पीडितको राहतको लागि जांच पास गरिएका सामग्रीहरुको घोषणा फारम समेत तयार गरी कार्यान्वयन भएको देखिएकोमा उल्लेखित स्वीकृत सूची बाहेकको राहत तथा पुनर्निमाणजन्य सामग्रीहरुमा अर्थ मन्त्रालयको पटके निर्णयबाट २०७२ भाद्र मसान्तसम्म ५९ वटा संघ-संस्थालाई भंसार महशुल छुट गरेको देखिन्छ। राहत सामग्रीहरुको भंसार महशुल छुट गर्ने प्रयोजनको लागि तयार गरेको भूकम्प पीडितको राहतको लागि जांच पास गरिएका सामग्रीहरुको घोषणा फारमले तथ्यगत र वस्तुपरक तथ्याङकहरु प्रस्तुत गरेको देखिएन।
- नेपाल सरकारले भूकम्प पीडितहरूको लागि राहत सामग्रीहरूको आयातमा भन्सार तथा अन्य शुल्क छुट गर्ने निर्णय गरे पश्चात् त्यस्ता सामग्रीहरूको आयात गर्ने व्यक्ति, संस्थाहरूले आयात गरेका सामानहरूको पूर्ण तथा यकिन विवरण खुल्ने गरी व्यवस्थित ढंगबाट लगत राख्ने कार्य भन्सार विभाग तथा यसका मातहत कार्यालयहरूबाट गरेको देखिएन। राहत

सामग्रीहरू आयात गर्ने निकाय र व्यक्तिहरूलाई प्रज्ञापनपत्र भराई उल्लेखित राहत सामग्रीहरूको वितरण पश्चात् १ महिना भित्र सम्बन्धित भंसार कार्यालयहरूमा वितरणको अभिलेख बुझाउनु पर्ने व्यवस्था गरे तापनि अधिकांश आयातकर्ताहरूले तोकिएको अवधिभित्र उल्लेखित सामग्रीहरू राहत वितरणमा प्रयोग गरिएको हो वा व्यापारिक प्रयोजनमा प्रयोग गरिएको हो सो को विवरण सम्बन्धित भंसार कार्यालयहरूमा पेश गरेको पाईएन।

- दैवी प्रकोप उद्धार तथा राहत सामग्रीमा लाग्ने महशुल छुट सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७२ को दफा ६ मा "मिति २०७२।०२।०३ गतेको निर्णयबाट सूचिकृत भएका राहत सामग्रीहरू मिति २०७२ आषाढ मसान्त भित्र भन्सार कार्यालयमा आईपुगेमा नेपाल सरकारको केन्द्रीय वेयर हाउसमा जम्मा गर्ने गरी साविकको प्रक्रिया बमोजिम राजस्व छुट दिई जाँचपास गरिनेछ" भनी नेपाल सरकारको मिति २०७२।०४।०१ गतेको निर्णयबाट कार्यविधि संशोधन भएको देखियो। प्रस्तुत प्रावधानले उक्त कार्यविधिको दफा ४(२) बमोजिम राहत सामग्री सिफारिस समितिबाट विभिन्न मितिमा गरिएका निर्णयहरू (भरपाई पेश गर्नुपर्ने) बाट तोकिएका प्रक्रियालाई सरल बनाई राहत सामग्री केन्द्रीय वेयर हाउस वा जिल्ला दैवी प्रकोप उद्धार समितिमा बुझाएको भरपाईरनिस्सा पेश गर्नु नपर्ने गरी भन्सार छुट दिएको पाईएकोले भन्सार छुटमा आयात गरिएका राहत सामग्रीहरूको सदुपयोग भएको भन्न सक्ने अवस्था देखिएन।
- उल्लेखित सामग्रीहरू वितरण गर्न एकद्वार प्रणाली नीति अवलम्बन गरे तापनि समय अभाव लगायतका कारणहरूले गर्दा भन्सार नाकाहरूबाट सोझै भूकम्प प्रभावित जिल्लाहरूमा राहतका सामग्रीहरू पठाईएको पाईयो। भन्सार नाकाहरूबाट सोझै भूकम्प प्रभावित जिल्लाहरूमा पठाईएका राहत सामग्रीहरूको लगत कट्टा गर्नेतर्फ भन्सार विभागबाट तथा उल्लेखित सामग्रीहरुको अभिलेख व्यवस्थापन तर्फ वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट कुनै पहल भएको देखिएन।
- राहत स्वरूप प्राप्त भएका सामग्रीहरूको भंसार व्यवस्थापन प्रभावकारी नभएको, नेपाल सरकारबाट भंसार छुट दिईएका सामग्रीहरूको बिक्री वितरण के-कसरी र कुन मूल्यमा भएको छ भन्ने सम्बन्धमा अनुगमनकारी निकायहरूबाट प्रभावकारी अनुगमन हुन नसकेको, कतिपय व्यवसायिक फर्महरूले भंसार छुटमा आयात गरेका सामग्रीहरु अधिक मूल्यमा विक्री गरेको देखियो।
- भंसार छुटमा आयात भएका त्रिपालको हकमा आन्तरिक राजस्व विभागबाट केही (२४ वटा) करदाताहरुले खरिद गरेको त्रिपालको मात्र विवरण परिमाण सम्लग्न संस्था मुल्य, विक्री र मौज्दात सम्बन्धमा अनुगमन गरेको देखियो। आन्तरिक राजस्व विभागले पेश गरेको उल्लेखित अनुसन्धान प्रतिवेदनमा उल्लेख गरेको विवरणमा समेत करदाताहरुबाट खरिद गरेको सम्पूर्ण विवरण समावेश भएको देखिएन।
- राजस्व चुहावट र अनियमितता नियन्त्रण गर्ने सन्दर्भमा स्थापित राजस्व अनुसन्धान विभागबाट त्रिपालको बारेमा जम्मा ९ वटा करदाताको मात्र अनुसन्धान र अनुगमन गरेको देखियो।

## ५.१.४ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा मातहत निकायहरूः

**Local Governance and Community Development Programme (LGCDP) को रकम खर्च सम्बन्धमाः**

- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले दाताहरूको बास्केट फण्डको रूपमा रहेको Local Governance and Community Development Programme (LGCDP) को बजेटबाट खानेपानी, औषधि, अस्थायी आवास, खाद्य व्यवस्थापन, शौचालय, सरसफाई लगायतका शीर्षकमा खर्च गर्ने गरी भूकम्प अति प्रभावित क्षेत्रका म.न.पा./उ.म.न.पा./न.पा. अन्तर्गतका वडा कार्यालयहरू तथा गा.वि.स.हरूलाई मापदण्ड बनाई रकम विनियोजन गरी १ महिना भित्र उल्लेखित रकम उद्धार तथा राहत कार्यमा खर्च गर्ने गरी अख्तियारी दिएको पाईयो तर उल्लेखित रकमको खर्च सम्बन्धमा कतिपय न.पा. तथा गा.वि.स.हरूले अन्य शीर्षक जस्तै- राहत सामग्रीहरूको ढुवानी समेतमा खर्च गरेको, कतिपय खरिदहरू अस्वभाविक र तत्काल स्थानीय बजारमा उपलब्ध हुन नसक्ने प्रकृति र परिमाणको सामान खरिद गरेको तथा खरिद गरिएका केही कर बिजकहरू बनावटी र नक्कली हुन सक्ने प्रारम्भिक अनुसन्धानबाट देखियो।

**जिल्ला विकास समितिको कार्यालय, म.न.पा.,उ.म.न.पा., न.पा., वडा कार्यालय तथा गा.वि.स.हरुबाट गरिएको खर्च रकम सम्बन्धमाः**

- स्थानीय स्तरका कार्यालयहरूले राहत तथा उद्धार सम्बन्धी अत्यावश्यक वस्तुहरूको खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा उल्लेख भएको संक्षिप्त कार्यबिधी अपनाई खरिद कार्य गरेको पाईयो तर उल्लेखित कार्यबिधिहरू नियमसंगत र विद्यमान परिस्थितिमा अत्यावश्यक देखिए पनि सबै जिल्ला र कार्यालयहरूबाट ऐन, नियमको मर्म र भावना अनुरूप खरिद गरेको देखिन आएन। उल्लेखित रकमको खर्च गर्दा स्थानीय माग र आवश्यकताको आधारमा त्रिपाल, चामल, जस्तापाता लगायतका राहत सामग्रीहरूमा खर्च गरेको देखियो भने खरिद गरिएका सामग्रीहरूको फरक-फरक मूल्य रहेको, सम्बन्धित निकायबाट हालसम्मपनि खरिद कार्यको अनुगमन नभएको, खरिद गरिएको सामग्रीहरू सबै वितरण भैसकेको, खर्च गरिएको रकमको हालसम्म पनि पेश्की फछ्र्यौट नगरेको पाईयो।

**जनसहभागितामा आधारित विकास कार्यक्रम (सांसद कोष) को रकम खर्च सम्बन्धमाः**

- २०७२ साल बैशाख १२ गतेको भूकम्प पश्चात् प्रभावित पुनर्निमाण र पुनर्स्थापनाको कार्यमा सम्बन्धित स्थानीय निकायहरूले तत्काल सम्बोधन गर्नुपर्ने र सोही प्रयोजनको लागि उपलब्ध

भएको रकम अपुग भएको अवस्थामा चालु आ.व. २०७१।०७२ प्रति निर्वाचन क्षेत्र छुट्याईएको रू.४१,६६,०००।- मध्येबाट नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।०१।१४ गतेको निर्णय अनुसार भूकम्पबाट क्षति भएका पूर्वाधारमा राहत सामग्री (जस्तापाता आदि) खरिद गरी उपलब्ध गराउन सकिने तर सो का लागि दोहोरो नपर्ने गरी समन्वय समेत गर्नको लागि नेपाल सरकार (माननीय उपप्रधानमन्त्री स्तर) बाट मिति २०७२।०२।३१ मा निर्णय भएको देखियो तर उल्लेखित रकम मध्ये सिन्धुपाल्चोक जिल्लाले खानेपानी आयोजनाको पुनः संचालन, नुवाकोट तथा धादिङ्ग जिल्लाले विद्यालयको जस्तापाता खरिद तथा मर्मत शीर्षकमा खर्च गर्न निकासा गरेको र अन्य जिल्लामा सो रकम खर्च नभएको देखियो।

## ५.१.५ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः

**नेपाल सरकार तथा केन्द्रीय दैवी प्रकोप उद्धार समितिबाट भएका नीतिगत निर्णय सम्बन्धमाः**

- केन्द्रीय दैवी प्रकोप उद्धार समितिको विभिन्न मितिको निर्णयले भूकम्पबाट पीडितहरूको स्वास्थ्य उपचार सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको पाईयो जसमा मुख्य गरी सबै अस्पतालहरू खुल्ला गर्ने र सबै डाक्टरहरू तथा स्वास्थ्यकर्मीहरूलाई समेत आ-आफ्नो कार्य क्षेत्रमा उपस्थित गराउने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने, भूकम्पको कारणबाट चोटपटक लागेका व्यक्तिहरूलाई सार्वजनिक, सामुदायिक र निजी अस्पताल समेतबाट सम्पूर्ण आकस्मिक उपचारको व्यवस्था गर्ने, माननीय स्वास्थ्यमन्त्रीको संयोजकत्वमा गठित कार्य टोलीले विभिन्न दाताहरूबाट प्राप्त भएका तथा खरिद गरिएका औषधि तथा अन्य स्वास्थ्य सामग्रीहरूको व्यवस्थापन र समुचित वितरणको प्रभावकारी व्यवस्था गर्ने, स्वास्थ्य मन्त्रालयले पीडितको निःशुल्क उपचारको व्यवस्था मिलाउने, पीडितको उपचारमा अन्तराष्ट्रिय मेडिकल टोलीहरू परिचालित गर्ने, भूकम्पबाट क्षति भएका स्वास्थ्य संस्थाहरूलाई निरन्तर सेवा संचालन गर्ने अवस्थामा ल्याउन तत्काल टेन्ट/पाल आदि व्यवस्था आपूर्ति समितिले मिलाउने, निजी तथा सामुदायिक अस्पतालमा भएका मेजर अप्रेसनका लागि एकमुष्ट रु.२,५०,००,०००।- र अति आवश्यक औषधि तथा औषधिजन्य उपकरणहरू जिल्लास्तरमा खरिद गर्न तथा केन्द्रीय स्तरबाट खरिद गरी आवश्यक स्थानमा परिचालन गर्न रु.३,००,००,०००।- सहित जम्मा रु.५,५०,००,०००।- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निकासा दिने लगायतका निर्णय भएको पाईयो। यसैगरी, स्वास्थ्य मन्त्रालयलाई विश्व स्वास्थ्य संगठनबाट प्राप्त रू.

१,७५,२८,२९७।५०, मन्त्रालयले विभिन्न जिल्ला र अस्पताललाई खर्च गर्ने अख्तियारी दिएको रकम रू.१,४५,००,०००।-, निक साइमन (Nick Simon) संस्थाबाट प्राप्त रकम रू.१०,१६,००,०००।- गरी जम्मा रकम रू.१८,८६,२८,२९७।५० प्राप्त भएको देखियो। उल्लेखित रकम मन्त्रालयले औषधि खरिद तथा स्थानीय अस्पतालहरूलाई निकासा गरेको पाईयो।

- नेपाल सरकारले भूकम्पबाट घाईते भएकाको ईम्प्लाण्ट तथा सो सम्बन्धी शल्यक्रिया, औषधि, ईम्प्लाण्ट झिक्ने र झिकेपछिको एक अनुगमन सम्मको सम्पूर्ण खर्चका लागि प्रतिव्यक्ति एकमुष्ट पच्चीस हजार रूपैयाँका दरले अस्पताललाई उपलब्ध गराउने र सो रकम भुक्तानी दिएपछि सम्बन्धित व्यक्ति र सरकारसँग अस्पतालले कुनै रकम नलिने र नउठाउने भनी निर्णय गरेको देखियो ।नेपाल सरकारको उक्त निर्णय मिति २०७२।०१।१७ गते मात्र भएकोले कतिपय नागरिकहरू उक्त निर्णयबारे सुसूचित भएको देखिएन भने निर्णय हुनु पूर्व निजी तथा सरकारी अस्पतालमा भर्ना भई स्वास्थ्य सेवा लिएका कतिपय घाईते तथा विरामीहरू उल्लेखित सुबिधाबाट वञ्चित भएको पाईयो।
- निजी तथा सामुदायिक अस्पतालमा भएका मेजर अप्रेसनका लागि एकमुष्ट रु.२,५०,००,०००।- र अति आवश्यक औषधि तथा औषधिजन्य उपकरणहरू जिल्लास्तरमा खरिद गर्न तथा केन्द्रीयस्तरबाट खरिद गरी आवश्यक स्थानमा परिचालन गर्न रु.३,००,००,०००।- सहित जम्मा रु.५,५०,००,०००।- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निकासा दिने गरी निर्णय गरी सोही अनुसार जिल्ला स्वास्थ्य कार्यालयहरूलाई रकम विनियोजन गरेको पाईयो तर उल्लेखित रकमको खर्च सम्बन्धमा मन्त्रालयबाट अनुगमन गरेको देखिएन।
- स्वास्थ्य सेवा विभागबाट भूकम्प प्रभावित जिल्लाहरूमा पठाईएको औषधिहरू माग अनुसार नभएको तथा कतिपय औषधिहरू म्याद समेत सकिन लागेको अवस्थाको पाईयो।
- केही जिल्लाहरूमा जिल्ला जनस्वास्थ्य कार्यालयहरूबाट स्थानीय माग बमोजिम जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय गराई साविक आपूर्तिकर्ताबाट साविक मूल्यमा औषधि खरिद गरेको देखिएतापनि कतिपय स्थानहरूमा औषधि खरिद तथा राहत व्यवस्थापनको लागि निकासा भएको रकम कार्यालयका कर्मचारीहरूको खाजा तथा खाना खर्चमा समेत प्रयोग गरेको देखियो।

## ५.१.६ वन तथा भू-संरक्षण मन्त्रालय तथा मातहतः

- विनासकारी भूकम्पले गर्दा प्रभावित जिल्लाहरूका जलाधार क्षेत्रमा पहिरोहरू गएको, जमिन चिरा परेको, खानेपानीका श्रोतहरूमा क्षति पुगेको तथा कतिपय ठाउँहरूमा मुहान सुकेको, सिंचाईको कुलो चुहिने भएको तथा कतिपय खोलाहरूमा पहिरोको कारण बहाव थुनिन गई अस्थिर जलाशय निर्माण भएको क्षेत्रमा थप क्षति हुन नदिन तथा पानीको मुहान संरक्षण तथा सुधार गर्नको लागि भनी रू.२० करोड र साविकको रू.६ लाख समेत भू तथा जलाधर संरक्षण विभागलाई स्वीकृत कार्यक्रम बमोजिम अर्थ मन्त्रालयबाट विनियोजन भएकोमा भूकम्प अति प्रभावित जिल्लाहरूको लागि ५० लाख देखि १ करोड ५० लाख रूपैयाँसम्म निकासा भएको पाईयो। उल्लेखित रकम खर्च सम्बन्धमा जिल्ला भू-संरक्षण कार्यालयहरूले ७ दिने बोलपत्र आव्हान गरी तयारी तारजाली तथा तारहरू खरिद गरेको देखियो तर आयोगको कार्यटोलीले गरेको स्थलगत अध्ययन भ्रमणका क्रममा छोटो प्रक्रिया अपनाई खरिद गरेका तारजालीहरू केही जिल्लाहरूमा भदौ मसान्तसम्म पनि वितरण नगरी मौज्दात राखेको, जिल्ला भू-संरक्षण कार्यालय रसुवालाई रू.१,२५,००,०००।- निकासा भएकोमा कुनै रकम खर्च नगरी फिर्ता गरेको देखिएकोले खरिदको औचित्य पुष्टी हुने देखिन्न भने उल्लेखित शीर्षकमा विनियोजन गरिएको रकम क्षतिको अनुमान तथा माग संकलन गरी निकासा गरेको भन्ने अवस्था समेत देखिएन। यसैगरी, जिल्ला भू-संरक्षण कार्यालय, नुवाकोटले खरिद गरेको तयारी तारजालीको नमूना परीक्षण गर्दा स्पेशिफिकेसनमा उल्लेख भए बमोजिम नभई ८.४ के.जी. कम (२७.३० के.जी. तौल हुनुपर्नेमा १८.९ के.जी.) पाईएकोले उल्लेखित सबै खरिदहरू नियमित छन् भन्न सक्ने अवस्था देखिएन।

## ५.१.७ शिक्षा मन्त्रालयः

**रकम निकासा सम्बन्धमा**

- केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट शिक्षा मन्त्रालयलाई अस्थायी सिकाई केन्द्र (**Temporary Learning Center-TLC**) निर्माण लगायतका शीर्षकमा १ अर्ब १० करोड ९८ लाख ५६ हजार र एसियाली विकास बैंकबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्राप्त हुन आएको रु.३० करोड समेत शिक्षा मन्त्रालयलाई उपलब्ध गराईएकोमा उक्त रकम भूकम्प प्रभावित क्षेत्रमा क्षति पुगेका विद्यालयहरूको आवश्यक मर्मत संभार तथा अस्थायी कक्षा कोठा निर्माण गरी कक्षा संचालनमा ल्याउने, भूकम्पका कारण वालवालिकामा पर्न गएको मानसिक तनाव हटाउने कार्यक्रम संचालन गर्ने, उक्त विद्यालयहरूको पुनर्निर्माणको लागि मध्यकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयनमा ल्याउन, झोला तथा पोशाक

वितरण गर्न समेत भूकम्प प्रभावित जिल्लाका जिल्ला शिक्षा कार्यालयलाई मापदण्ड बनाई शिक्षा विभाग मार्फत बजेट निकासा भएको र जिल्ला शिक्षा कार्यालयले सम्बन्धित विद्यालयको खातामा पेश्की स्वरुप रकम जम्मा गरेको देखिन्छ।

**अस्थायी सिकाई केन्द्र (Temporary Learning Center-TLC) निर्माण सम्बन्धमाः-**

- जिल्ला शिक्षा कार्यालय मार्फत प्राप्त भएको रकम खर्च गर्दा विद्यालयहरुले विद्यालय व्यबस्थापन समितिको निर्णय गराई अस्थायी सिकाई केन्द्र (Temporary Learning Center-TLC) निर्माण तथा झोला एवं पोशाक वितरण गरेको पाईयो। अस्थायी सिकाई केन्द्रको मापदण्ड, स्पेशिफिकेसन, टिकाउपन, निर्माण गरिने स्थानको छनौट लगायतका महत्वपूर्ण विषयहरू नेपाल सरकार, सम्बन्धित मन्त्रालय तथा विभागबाट तयार गरी सम्बन्धित जिल्लामा पठाएको देखिएन। फलतः सरकारी स्तरबाट निर्माण भएका अस्थायी सिकाई केन्द्रहरूको खर्च, फछ्र्यौटको लागि पेश गरिएको कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातमा निर्माण भएको केन्द्रको नाप, प्रयोग भएको सामग्री, ज्याला लगायतका विषयहरू स्पष्ट नखुलाई एकमुष्ठ खर्च गरेको रकम दावी गरी पेश्की फछ्र्यौटको लागि पेश गरेको देखिएकोले अस्थायी सिकाई केन्द्र (Temporary Learning Center-TLC) को निर्माण व्यवस्थित र सन्तोषजनक देखिएन भने जिल्ला शिक्षा कार्यालयहरूबाट प्रभावकारी अनुगमन भएको समेत पाईएन।
- तोकिएका शीर्षकमा खर्च गर्ने गरी विद्यालयहरूलाई रकम निकासा दिएतापनि कतिपय जिल्लाका विद्यालयहरुको बैंक खाता जिल्ला शिक्षा कार्यालयबाट रोक्का राखेको देखिएकोले एकातर्फ तत्काल खर्च गरी कार्य सम्पन्न गर्न सक्ने अवस्था देखिएन भने अर्कोतर्फ बैंक खाता रोक्का राख्नु पर्ने स्पष्ट आधार र कारणहरू खुल्न नसकेको तथा अस्थायी सिकाई केन्द्रहरू अन्य संघ, संस्थाहरूबाट समेत ठूलो संख्यामा निर्माण भएको देखिएकोले सरकारी स्तरबाट निर्माण भएका केन्द्रहरूको सम्बन्धित निकायहरूबाट अनुगमन समेत भएको देखिन नआएबाट अस्थायी सिकाई केन्द्रको निर्माणमा दोहोरोपन र रकमको समेत दुरूपयोग हुन सक्ने अवस्था देखिन आयो।

**विद्यालय पोशाक तथा झोला सम्बन्धमाः-**

- विद्यालय पोशाक तथा झोला शीर्षकमा निकासा भएको रकम जिल्ला शिक्षा कार्यालयले विद्यालयको खातामा निकासा गर्दा Need Assessment नगरी कतिपय जिल्लाहरूमा अघिल्लो शैक्षिक सत्रको Flash Report को तथ्यांङकलाई आधार मानी सबै विद्यार्थीहरूको लागि निकासा गरेको पाईयो भने केही जिल्लामा तहगत रुपमा निकासा नगरी प्रावि तहलाई मात्र

निकासा गरेको पाईएकोले वितरण प्रक्रियामा सबै जिल्लाहरुमा एउटै मापदण्ड अपनाएको देखिएन।

## ५.१.८ कृषि विकास मन्त्रालयसँग सम्बन्धित

**पशु सेवा विभाग अन्तर्गतः**

- मिति २०७२।०१।१७ गतेको केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्णय अनुसार जिल्ला पशु सेवा कार्यालयले प्राविधिक टोलीलाई प्रत्येक जिल्ला र निर्वाचन क्षेत्रमा खटाई मरेका पशुहरूको व्यवस्थापन गर्ने व्यवस्था मिलाईएको भन्ने उल्लेख गरेको देखियो तर मिति २०७२।०१।१२ गतेको विनासकारी भूकम्पबाट सो मितिसम्ममा कति पशुपंक्षी मरेको थिए, सो को व्यवस्थापनमा के-कस्तो समस्या परेको थियो, मरेका पशु व्यवस्थापनमा स्थानीय स्तरबाट के कस्तो पहल भएको छ भन्ने सम्बन्धमा जिल्ला पशु सेवा कार्यालयहरूले विवरण अद्यावधिक नगरेको अवस्थामा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।२० गतेको निर्णयले घाईते पशुपंछीको उपचार तथा पीडित कृषकलाई मापदण्ड बमोजिम राहत दिने व्यवस्थाको लागि रू.२,५०,००,०००।- कृषि विकास मन्त्रालयलाई निकासा दिने व्यवस्था गरेको पाईयो तर उक्त रकम पशु सेवा निर्देशनालयको नाममा निकासा हुनुपर्ने भएकोले कृषि विकास मन्त्रालयबाट मिति २०७२।०२।०६ गते मात्र २ करोड ५० लाख पशु स्वास्थ्य निर्देशनालयलाई उपलब्ध गराएको पाईयो।
  यसरी, मृत पशु व्यवस्थापन तथा घाईते पशुपंक्षीहरूको उपचारको लागि भनी भूकम्प गएको झण्डै १ महिना पश्चात् उल्लेखित रकम निकासा गरिनु सान्दर्भिक रहेको देखिन आएन। यसैगरी, पशु सेवा विभाग तथा निर्देशनालयहरूबाट विभिन्न मितिमा मृत पशु व्यवस्थापन तथा घाईते पशुपंछीको उपचार र रोगको महामारी फैलिन नदिनको लागि पूर्ववत रूपमा रकम विनियोजन तथा आवश्यक औषधिहरू सहित प्राविधिकहरू परिचालन गरी कार्य शुरू गरिसकेको अवस्थामा मन्त्रालयबाट पछिल्लो मितिमा गरिएको २ करोड ५० लाख रकमको विनियोजन तथा खर्च गर्न दिएको अख्तियारी सान्दर्भिक देखिएन।
- भूकम्पमा परी मरेका पशुहरूको व्यवस्थापनको लागि भनी केन्द्र तथा जिल्लाबाट खरिद गरिएका औषधिहरू स्थानीय स्तरबाट व्यवस्थापन भैसकेको तथा मरेका पशुहरू सडी गली सक्ने अवधि भन्दा पछिको समयमा उल्लेखित प्रयोजनको लागि प्राविधिक तथा औषधि खरिद तथा वितरण गरेको देखिदाँ उल्लेखित रकमहरू सदुपयोग भएको भन्ने अवस्था देखिएन।

**राष्ट्रिय वीऊ बिजन कम्पनी तथा जिल्ला कृषि विकास कार्यालय मार्फत खरिद गरिएको वीऊ बिजन सम्बन्धीः-**

- राष्ट्रिय वीऊ विजन कम्पनीले आफ्नो स्टोरबाट तथा स्थानीय सहकारी मार्फत खरिद गरी भूकम्प पीडित कृषकहरूलाई वितरण गर्न उपलब्ध गराएको ४२५ मेट्रिक टन धानको वीऊ कृषकको आवश्यकता, धान लगाउने समय आदि समेत ख्याल नगरी वितरण गरेको देखिदा उल्लेखित शीर्षकमा गरिएको खर्च सदुपयोग भएको भन्ने अवस्था देखिएन। यसरी वितरण गरिएका धानका वीऊ केही जिल्लाहरूमा एकै व्यक्तिलाई १०० के.जी. भन्दा बढी समेत वितरण गरेको देखिदा वितरण प्रक्रिया न्यायोचित समेत भएको पाईएन।

## ५.१.९ परराष्ट्र मन्त्रालयः

- मिति २०७२।१।१२ को विनाशकारी भूकम्प पश्चात् भारत र थाईलैण्ड स्थित नेपाली राजदूताबासहरूलाई क्रमशः १ लाख ५० हजार र ५० हजार गरी जम्मा २ लाख थान त्रिपाल तत्काल खरिद गरी छिटो माध्यमबाट नेपाल पठाउन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने भनी केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।१७ गतेको बैठकबाट निर्णय भएको देखियो। विदेश स्थित नेपाली कूटनीतिक नियोग मार्फत त्रिपाल/पाल खरिद गर्नका लागि र पाकिस्तानबाट सहायता स्वरूप प्राप्त हुने त्रिपाल कलकत्ता बन्दरगाहबाट काठमाण्डौसम्म ढुवानी गर्नको लागि परराष्ट्र मन्त्रालयलाई केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट रू.१२,००,००,०००।- निकासा दिने भनी केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।०१।२० गतेको बैठकबाट निर्णय भएको देखियो।
- नेपाली राजदूतावास बैङ्कक थाईलैण्डले परराष्ट्र मन्त्रालयबाट प्राप्त रू.२ करोड मध्येबाट रू.५२,६८,७७१।२० मूल्यको २२१० थान (६३,३६०.७१ वर्ग मिटर) त्रिपाल खरिद गरी पठाएको र बाँकी रकम परराष्ट्र मन्त्रालय मार्फत फिर्ता पठाएको देखियो। यसैगरी, परराष्ट्र मन्त्रालयको मिति २०७२।१।२० गतेको पत्रबाट तत्काल ५० हजार समेत कूल १ लाख थान त्रिपाल खरिद गरी पठाउन नेपाली राजदूतावास, नयाँ दिल्लीलाई पत्राचार गरेकोमा दुताबासले Armaan Building Solutions सँग १२० जि.एस.एम. का ५० हजार थान बिभिन्न साईजका त्रिपाल मूल्य रू.४,५५,०४,७३५।९४ बराबरको खरिद गरी पठाएको र बाँकी ५० हजार थान त्रिपाल मध्ये Veekay International, नयाँ दिल्लीबाट १२० GSM को मूल्य रू.१,५८,७०,९७३।५० बराबरको २५,००० थान टारपोलिन र बाँकी २५,००० थान Gujarat Craft Industries Ltd. Ahmadabad बाट १२० GSM को मूल्य रू.१,६६,६७,३७०।- बराबरको खरिद गरेको देखियो।

- नेपाली राजदूतावास, नयाँ दिल्लीले खरिद गरेको त्रिपालको विश्लेषण गर्दा Armaan Building Solution बाट खरिद गरिएको त्रिपालको औषत मूल्य प्रति वर्ग फिट रू.४।३५, Veekay International बाट खरिद गरिएको त्रिपालको औषत मूल्य प्रति वर्ग फिट रू.३।५५ र Gujrat Craft Industries Ltd. बाट खरिद गरिएको त्रिपालको औषत मूल्य प्रति वर्ग फिट रू.३।७० देखियो। उल्लेखित मूल्यमा ढुवानी खर्च, भंसार महसुल लगायतका अन्य खर्च समावेश भएको देखिदैन्। अर्कोतर्फ, सहरी विकास मन्त्रालयबाट त्रिपाल खरिदको क्रममा मन्त्रालयलाई त्रिपाल आपूर्ति गर्ने माता इन्टरप्राईजेजले हिमाल टेण्ट प्रा.लि., ललितपुरबाट त्रिपाल खरिद गर्दा १२० जिएसएमका त्रिपाल प्रति वर्ग फिट रू.४ मा खरिद गरेको देखिन आयो र सो मूल्यमा विक्रेता हिमाल टेण्ट प्रा.लि.ले उल्लेखित त्रिपाल आयात गर्दाको भंसार लगायत अन्य महसुल, निजको ढुवानी खर्च तथा नाफा समेत समावेश भएको देखियो। यसर्थ, नेपाली राजदूतावासले भारतमा नै रू.३।५५ देखि ४।३५ प्रति वर्ग फिट मूल्य पर्ने गरी गरेको त्रिपाल खरिदलाई स्वाभाविक मान्न सकिने अवस्था देखिएन।

  त्यस्तै, सहरी विकास मन्त्रालयले त्रिपाल खरिद गर्दा घाम, पानी र हावा छेक्न सक्ने त्रिपालको न्यूनतम गुणस्तर २५० जिएसएम हुनुपर्ने भएतापनि तत्कालको आवश्यकता पूर्ति गर्न भनी न्यूनतम गुणस्तर १५० जिएसएम तोकी मिति २०७२।१।२१ मा सूचना प्रकाशित गरी खरिद प्रक्रिया अघि बढाएको देखिन्छ तर दूतावासले उल्लेखित त्रिपाल खरिद गर्दा न्यूनतम गुणस्तर कायम गर्ने तर्फ प्राविधिकहरूको राय लिएको देखिदैन।

## ५.१.१० सहरी विकास मन्त्रालय तथा मातहतः

**सहरी विकास मन्त्रालयबाट खरिद गरिएको त्रिपाल सम्बन्धमाः**

- नेपाल सरकारको मिति २०७२।१।१४ गतेको निर्णयले विनासकारी भूकम्पबाट प्रभावित क्षेत्रमा राहत स्वरूप खाद्यान्न, पाल, खानेपानी लगायत अत्यावश्यक राहत सामग्रीहरू खरिद गरी तुरुन्त उपलब्ध गराउने निर्देशन भए अनुसार भूकम्प पीडितहरूलाई तत्काल राहत स्वरूप आवश्यक पर्ने पाल, त्रिपाल लगायतका अन्य आवश्यक सामग्रीहरू आपत्कालिन अवस्थामै भएपनि तत्काल खरिद गरी पीडितहरूलाई उपलब्ध गराउन मन्त्रालयको मिति २०७२।१।१९ गतेको सचिव स्तरीय निर्णयले विभिन्न व्यवसायिक फर्महरूबाट पटक पटक गरी त्रिपाल खरिद गरी नेपाल सरकारबाट संचालित केन्द्रीय गोदाममा दाखिला गरी तहाँबाटै वितरण गरेको पाईयो। उल्लेखित विषयमा आयोगबाट अनुसन्धान भई कम गुणस्तरको त्रिपाल खरिद गरी बढी गुणस्तरको देखाईएको, कम परिमाणमा आपूर्ति गरी बढी परिमाण देखाईएको, सानो साईजमा खरिद गरी ठूलो साईज देखाईएको, कम मूल्यमा खरिद

गरी बढी मूल्यमा आपूर्ति गरेको, फरक फरक आपूर्तिमा छुट्टा छुट्टै गुणस्तर परीक्षण गर्नुपर्नेमा सो नगरेको, स्पेशिफिकेसनमा उल्लेख भए अनुसार तयारी त्रिपाल आपूर्ति नगरी कच्चा त्रिपाल (रोल र के.जी. मा) आपूर्ति गरेको अनुसन्धानबाट देखिन आएकोले आरोपितहरू उपर सम्मानित बिशेष अदालतमा मुद्धा दायर समेत भएको पाईयो।

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूः**

- भूकम्प प्रभावित जिल्लाहरूको खानेपानी आयोजनाहरूको मर्मत लगायतको शीर्षकमा खर्च गर्ने गरी मन्त्रालयबाट प्रत्येक भूकम्प प्रभावित जिल्लाहरूको लागि रू.५० लाख देखि रू.१ करोडसम्म रकम विनियोजन गरेको पाईयो। यसरी विनियोजन भएको रकम खर्च सम्बन्धमा जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले छोटो प्रक्रिया अपनाई बिभिन्न साईज र परिमाणमा खानेपानीका पाईप तथा फिटिङ्सहरू खरिद गरेको पाईयो भने उल्लेखित पाईपहरू खरिद गर्दा कतिपय जिल्लाहरूले अपनाउनु पर्ने सामान्य कार्यबिधि जस्तै कोटेशनबाट खरिद गरिएकोमा कोटेशन फाराममा दररेट उल्लेख गरेको पाईएन भने खरिद गरिएका सामग्रीहरूको फरक फरक मूल्य रहेको देखियो। कतिपय जिल्लाहरूमा खरिद गरिएको सामग्रीहरू वितरण नगरी मौज्जात राखेको समेत पाईएकोले मन्त्रालयबाट खानेपानी आयोजनाहरूमा भूकम्पले पुर्‍याएको क्षति सम्बन्धी विवरण नलिई वा प्रारम्भिक प्राविधिक मूल्यांकन नगरी रकम विनियोजन गरेको देखिएकोले सो को पुष्टी हुने अवस्था देखिएन।

## ५.१.११ वाणिज्य तथा आपूर्ति मन्त्रालयः

- २०७२ बैशाख १२ गतेको विनासकारी भूकम्पको समयमा वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई नेपाल सरकार मन्त्रिपरिषद तथा केन्द्रीय दैवी प्रकोप उद्धार समितिले अत्यावश्यक वस्तुको नियमित आपूर्तिको व्यवस्था मिलाउने, भूकम्प पश्चातको विषम परिस्थितिमा अत्यावश्यक बस्तुको आपूर्ति नगर्ने र कालो बजारी, कार्टेलिङ, सिन्डीकेट, मूल्यबृद्धि लगायत आपूर्ति व्यवस्थालाई असहज बनाउने व्यक्तिहरूलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गरी गृह मन्त्रालयले तत्काल कानून बमोजिम कारवाही गर्ने, केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रको व्यवस्थापन गर्ने, पीडितहरुको लागि खाद्य सामग्रीहरु उपलब्ध गराउने लगायतको जिम्मेवारी दिएको पाईयो।
- भूकम्प गएको करिब एक हप्तासम्म वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट संचालित केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रले अभिलेखहरु अद्यावधिक गर्न सकेको नदेखिए पनि केन्द्रबाट पठाईएका राहत सामग्रीहरू वीच बाटोमा नै गायब हुने वा दुरूपयोग हुने वा विक्री वितरण हुने संभावनालाई नियन्त्रण गर्न भूकम्प गएको दोश्रो हप्ता देखि केन्द्रीय राहत संकलन तथा वितरण केन्द्र (नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेड) मा जम्मा

भएका राहत सामग्रीहरू सम्बन्धित जिल्लाहरूमा पठाउँदा राहत सामग्रीहरूको पूर्ण विवरण उल्लेख गरी चलान भर्पाई समेत बनाई कर्मचारी समेत साथ खटाई सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिमा बुझाई सो को भर्पाई केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रमा बुझाउनुपर्ने व्यवस्था मिलाई केन्द्र स्तरमा समेत अभिलेख राख्ने व्यवस्था गरेको पाईयो। यसरी राखिएका अभिलेखहरुमा कतिपय राहत सामग्रीहरुको इकाई तथा परिमाण नखुलेको, केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रले प्रयोगमा ल्याएको फर्मेट र जिल्ला दैवी प्रकोप उद्धार समितिहरुले राखेको फर्मेटमा एकरुपता नभएकोले केन्द्रबाट पठाईएका राहत सामग्रीहरु र जिल्लाले प्राप्त गरेको सामग्रीहरुको तुलनात्मक अध्ययन गरी फरक परिमाणहरुको यकिन गर्न सकिने अवस्था देखिएन।

- यसै गरी मिति २०७२।१।१३ गतेदेखि २०७२।१।२६ गतेसम्म नेपाल खाद्य संस्थानबाट भूकम्प पीडितहरुका लागि विभिन्न जिल्ला मार्फत वितरण भएको २३६८८.४० क्वीन्टल चामलको रू.१०,४६,६८,११५।- वाणिज्य तथा आपूर्ति मन्त्रालयले खाद्य संस्थानलाई सोधभर्ना दिएको र खाद्य संस्थानले टेण्डर प्रक्रियाबाट खरिद गरी तोकिएको परिमाणको खाद्यान्न खरिद गरी मौज्दात राखेको पाईयो।

  यसैगरी, मित्र राष्ट्र बंगालादेशबाट सहयोग स्वरूप प्राप्त चालम १० हजार मेट्रिक टन (९९,९८२।५० क्वीनटल) चामल मध्ये २२,१८७।५० खर्च भएको र बाँकी ७७,७९५ क्वीन्टल चामल काठमाण्डौ, विर्तामोड, लाहन लगायतको धान गोदाममा भण्डारण गरेको पाइयो।

## ५.१.१२ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र मातहतः

- केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७२।१।२२ गते बसेको बैठकको निर्णय अनुसार अवरूद्ध सडक खोल्ने कार्य र उद्धार, राहत तथा भग्नावशेष हटाउने कार्यका लागि परिचालित हेभी ईक्वीप्मेन्टको तेल र अपरेटर खर्चको लागि दश करोड (१०,००,००,०००) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निकासा भएको पाईयो जसमध्ये अवरुद्ध सडक खोल्न, उद्धार, राहत तथा भग्नावशेष हटाउने कार्यको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सडक विभागलाई रू.६ करोड र नेपाली सेनालाई रू. ७५ लाख निकासा गरी खर्च गरेको देखियो। सडक विभागलाई प्राप्त उल्लेखित रकम विभिन्न सडक डिभिजन कार्यालयहरू मार्फत उल्लेखित प्रयोजनको लागि खर्च भएको देखियो।

**रकम निकासा तथा खर्च सम्बन्धमाः**

- स्थानीय स्तरका कार्यालयहरूको लागि सम्बन्धित मन्त्रालय तथा विभागबाट निकासा भएको रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित खर्च गर्ने निकायलाई नै जिम्मेवार बनाई सोही कार्यालयहरूबाट नै लेखा परीक्षण हुने गरी अख्तियारी दिएको पाईयो। यसरी निकासा भएको रकम खर्च गर्ने सम्बन्धमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्णय, सम्बन्धित मन्त्रालयको निर्देशन तथा मापदण्ड, तत्काल राहत सहयोग सञ्चालन कार्यविधि, २०७२ लगायत अन्य विद्यमान ऐन, नियम बमोजिम खर्च गर्नुपर्ने भनी सम्बन्धित मन्त्रालय तथा विभागहरूले मातहतका कार्यालयहरूलाई निर्देशन दिएको पाईयो।
- यसैगरी, स्थानीय स्तरका कार्यालयहरूले राहात तथा उद्धार सम्बन्धी अत्यावश्यक वस्तुहरूको खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा उल्लेख भएको संक्षिप्त कार्यबिधि अपनाएको पाईयो भने अधिकांश कार्यालयहरुले यसरी खरिद गरिएको सम्बन्धमा दफा ६६ बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी गराउनुपर्नेमा सो गरिएको पाइएन। उल्लेखित कार्यबिधिहरू नियमसंगत र विद्यमान परिस्थितिमा अत्यावश्यक देखिए तापनि उल्लेखित ऐन, नियमावली र कार्यबिधिको मनसाय विपरित कतिपय कार्यालयहरूले राहत सामग्रीहरू खरिद गरेको पाईयो। विशेषगरी स्थानीय स्तरमा खरिद गरिएका त्रिपाल, खाद्य सामग्री, खानेपानी पाईप तथा फिटिङ्स, तारजाली लगायतमा एउटै मापदण्ड अपनाएको, छोटो प्रक्रिया मार्फत खरिद गर्दा अपनाउनु पर्ने अन्य प्रक्रियाहरू जस्तै, नमूना संकलन, परीक्षण, सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी गराउनुपर्ने लगायतको कार्य गरेको तथा अन्य सरकारी निकायहरूबाट उल्लेखित सामग्रीहरू के-कति मूल्यमा खरिद भएको छ भन्ने सम्बन्धमा सूचना लिने तथा खरिद मूल्यको तुलना गर्ने जस्ता कार्य गरेको देखिएन।

## ५.१.१३ राहत संकलन तथा वितरण कार्यमा संघ-संस्थाहरुको भूमिका सम्बन्धमाः

- भूकम्प पश्चात् राहत सामग्रीहरूको संकलन तथा वितरण विभिन्न व्यक्ति तथा संघ/संस्थाहरुबाट भएको देखियो तर नेपाल सरकारबाट ती सामग्रीहरू के-कुन श्रोतबाट संकलन गरियो? संकलन गरिए बमोजिम वितरण गरियो वा गरिएन? वितरण गर्दा जिल्ला दैवी प्रकोप उद्धार समितिलाई जानकारी गराईयो वा गराईएन? वितरण गर्ने स्थानको चयन तथा पीडितहरूको पहिचान केको आधारमा तय गरियो? सो कार्यले नेपाल सरकारको राहत वितरण कार्यलाई कति हदसम्म सहयोग गऱ्यो? भनी सुचना संकलन, विश्लेषण, अनुगमन तथा निर्देशन हुने गरेको देखिएन जसले गर्दा पहुँचका आधारमा सडक नजिकका गाउँ तथा वस्तीहरूंमा अधिक मात्रामा राहत सामग्रीहरूको वितरण भएको तर सडक सुविधा नभएका

भूकम्प प्रभावित दुर्गम बस्तीहरूमा लामो समयसम्म पनि कुनै पनि निकायबाट राहत नपुगेको भन्ने स्थानीयबासीहरूको गुनासो समेत रहेको पाईयो।

## ५.२ सबल पक्षहरू:

- वि.स. २०७२ साल बैशाख १२ गते नेपालमा गएको बिनासकारी भूकम्प र यसले निम्त्याएको अत्यासलाग्दो संकटको अवस्थामा पनि मानवीय उद्धार तथा सहायता कार्यमा सारा राष्ट्र एकजुट भई समर्पित भएको देखियो जुन आफैमा सराहनीय छ।
- भूकम्प पश्चात् सरकारी तथा निजी स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी, संचारकर्मी, विद्युत प्राधिकरण, नेपाल टेलीकम, स्थानीय युवा, नागरिक समाज लगायतका संस्था तथा यसका पदाधिकारीहरू, पेशाकर्मी लगायत आम नागरिक स्वतस्फूर्त रूपमा अहोरात्र राहत कार्यमा जुटेको देखिएकोले मानवीय उद्धार तथा सहायतामा सबैको एक्यबद्धता देखियो जुन उदाहरणीय छ।
- विपद् व्यवस्थापन कार्यमा राष्ट्रिय क्षमता अपूग भएको भनी नेपाल सरकारले अन्तराष्ट्रिय सहयोगको लागि समयमै आव्हान गरेको पाईयो भने विपद्का समयमा मानवीय सहायता, उद्धार र राहतका निम्ति अन्तर्राष्ट्रिय जगतबाट तत्काल उपलब्ध सहयोग र उद्धारकर्मीहरूबाट गरिएको खोज तथा उद्धार कार्य अत्यन्तै सराहनीय पाईयो।
- सरकारले सुरक्षा निकायहरूलाई पीडितको खोज, उद्धार तथा राहत वितरण जस्ता संवेदनशील र चुनौतिपूर्ण कार्यमा तत्काल परिचालन गरेको थियो। निजामती कर्मचारी, सुरक्षाकर्मीहरूले विपद्को अवस्थामा देखाएको उच्च व्यवसायिकता, पेशागत मर्यादा र मानवता प्रतिको समर्पण आज पनि आम नागरिकको मानसपटलमा ताजै रहेको छ।
- विपत्तिको समयमा पनि आम नेपालीले देखाएको धैर्यता, संयमता, भाईचारा, मानवीय भावना र सहिष्णुता अत्यन्त सकारात्मक र प्रशंसनीय देखियो।
- नेपाल सरकारले केन्द्रीय, क्षेत्रीय र जिल्ला दैवी प्रकोप उद्धार समितिलाई क्रियाशील गराई विपद् व्यवस्थापन कार्यलाई संस्थागत गर्ने, केन्द्र देखि स्थानीय स्तरका कार्यालयलाई विपद् व्यवस्थापनमा परिचालन गर्ने, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्थाहरू परिचालन गर्ने, आम नागरिकहरूलाई पीडितको उद्धार तथा राहत कार्यमा जुट्न आव्हान गर्ने जस्ता प्रशंसनीय कार्य गरेको पाईयो।
- भूकम्पबाट श्रृजित विषम परिस्थितिमा विपद्को सामना, उद्धार एवं राहतको लागि प्रधानमन्त्री राहत कोषमा जम्मा हुन आएको १६ अर्व रकम मध्ये १५ अर्ब तत्काल निकासा गरी जोखिमको सामनाको लागि खर्चको व्यवस्था गरिनु सराहनीय रह्यो।
- भूकम्प अति प्रभावित १४ जिल्ला सहित ३१ जिल्लाहरूलाई समेटेर राष्ट्रिय योजना आयोगले दातृ निकायहरूको सहयोगमा विपद्ले पारेको क्षतिको तथ्याङ्क संकलन तथा स्थलगत अध्ययन गरी "विपद् पछिको आवश्यकता आंकलन (Post Disaster Needs Assessment-PDNA)

प्रतिवेदन" समयमै तयार गरी छिमेकी मित्र राष्ट्र भारत र चीनका विदेशमन्त्रीहरू समेतको सहभागितामा मिति २०७२ साल असार १० गते "नेपालको पुनःनिर्माणको लागि अन्तर्राष्ट्रिय सम्मेलन (International Conference on Nepal's Reconstruction-ICNR)" सम्पन्न गरेको तथा दातृ संस्था एवं मित्र राष्ट्रहरूबाट सहयोगको प्रतिवद्धता समेत आएकोले उल्लेखित कार्य प्रशंसनीय भएको पाईयो।

- नेपाल र नेपालीलाई माया गर्ने विदेशी नागरिक, संघ-संस्था लगायत सर्वसाधारणहरूबाट राहत रकम तथा सामग्रीहरू प्रदान गरिनु प्रशंसनीय देखियो।
- कतिपय जिल्लाहरुले राहत सामग्रीहरूको न्यायोचित र प्रभावकारी वितरण गर्नको लागि जिल्लाका उपयुक्त स्थानहरूमा राहत वितरण सेवा केन्द्र स्थापना गरी राहत सामग्रीहरूको वितरण गरेको, विपद् व्यवस्थापन कार्यलाई विभिन्न Cluster हरूमा विभाजन गरी सोही अनुसारको परिचालन योजना समेत तयार गरी कार्यान्वयन गरेको देखिएकोले उद्धार तथा राहत कार्य व्यवस्थित रहेको, सबै साझेदारहरूको समयमै पहिचान गरी आन्तरिक श्रोत जुटाउने तथा स्थानीय स्तरमा उपलब्ध हुन सक्ने सबै श्रोतहरू परिचालन समेत गरेको कार्य प्रशंसनीय देखियो।
- गोरखा जिल्लामा पूर्ण घर क्षति भएका पीडितहरूको लागि उपलब्ध गराईएको राहत रकम रू.१५०००।- वितरण गर्दा एकद्वार प्रणालीको अवलम्वन गरी विभिन्न संघ-संस्थाहरूबाट प्राप्त रकम समेतको उपयोग गरेको देखियो। यसरी राहत रकम वितरण गर्दा नेपाल सरकारबाट ३८,५४० र विभिन्न संघसंस्थाहरूबाट २५,३५८ घरधुरीहरूलाई रू.१५०००।- का दरले राहत रकम वितरण गरेको देखिएकोले नेपाल सरकारलाई रू.३८,०३,७०,०००।- बराबरको आर्थिक व्ययभार कम पर्न गएको देखियो जुन व्यवस्था अन्य भूकम्प प्रभावित जिल्लाहरूमा भए गरेको देखिएन।
- भक्तपुर जिल्ला स्थित जिल्ला शिक्षा कार्यालय र भक्तपुर नगरपालिकाबाट वितरण भएको राहतको विवरण स्थानीय संचार माध्यम र कार्यालयबाट प्रकाशित वुलेटिन मार्फत नियमित एवं पारदर्शी रुपमा सार्वजनिक गरेको पाईयो।
- काभ्रेपलान्चोक लगायत केही जिल्लाहरुमा राहत संकलन तथा वितरणको अभिलेखिकरण अन्य जिल्लाको तुलनामा व्यवस्थित रहेको पाईयो।
- भूकम्प प्रभावित प्रायः सबै जिल्लाहरूले राहत रकम वितरण लगायतका विषयमा पर्न आएको उजुरीहरू उपर कारबाही गरेको र दोहोरो सुबिधा लिने तथा गैरपीडितहरूबाट रकम फिर्ता समेत गरेको पाईयो।
- नेपाल सरकारले सन् २००९ मा Nepal Risk Reduction Consortium (NRRC) को शुरूवात गरेको जसले सरकारी निकायहरू, अन्तराष्ट्रिय वित्तिय संस्थाहरू, विकासका साझेदार तथा दाताहरू, रेडक्रस सोसाईटी र संयुक्त राष्ट्र संघ लगायतलाई एकीकृत गरी नेपाल सरकारलाई दीर्घकालीन विपद् जोखिम न्यूनीकरण कार्ययोजना कार्यान्वयन गर्न सहयोग गर्ने, नेपाल सरकार र नागरिक समाजलाई विपद्को समयमा कार्य गर्न सक्ने गरी सहभागितामूलक

बनाउने, विपद् जोखिम न्यूनीकरण सम्बन्धी तत्कालीन, मध्यकालीन र दीर्घकालीन प्राथमिकताहरू पहिचान गर्न नेपाल सरकारलाई सहयोग गर्ने उद्देश्य राखेको हुंदा सो कार्य प्रशंसनीय देखियो।

- आम संचार माध्यमहरुले भूकम्प पश्चात् भएको क्षति, पीडितहरुको उद्धार तथा राहत, राहत सामग्री एवं राहत रकम वितरणमा भएको अनियमितता सम्बन्धमा सूचनाको श्रोतसम्म पुगी खोजमूलक समाचार प्रकाशित एवं प्रसारित गरी आम नागरिकहरूलाई समयमै सुसूचित गराएको कार्य अत्यन्त प्रशंसनीय पाईयो। साथै, संचार माध्यमहरूमा प्रकाशित तथा प्रशारित समाचारहरूलाई सूचनाको श्रोतको रूपमा लिई आयोगले समेत केही राहत सम्बन्धी अनियमितताका विषयहरूमा अनुसन्धान तहकिकात गरी आरोपित उपर मुद्धा समेत दायर गरेको सन्दर्भमा संचार माध्यमको सहयोग आगामी दिनमा पनि आयोगको लागि उत्तिकै महत्वपूर्ण रहेको छ।

## ५.३. सुझावहरू:

भूकम्प पश्चात् नेपाल सरकारबाट विभिन्न नीतिगत निर्णयहरू गरी राहत संकलन तथा वितरण गरिएको, राहत वितरण कार्यलाई सर्वसुलभ र छरितो बनाउन लामो प्रक्रियागत पद्धतिको अलावा छोटो पद्धतिको अनुशरण गरी पीडितहरूलाई सेवा दिने प्रयास गरेको, प्रधानमन्त्री राहत कोषमा जम्मा भएको रकम केन्द्रीय दैवी प्रकोप उद्धार समिति तथा विभिन्न मन्त्रालयहरू मार्फत खर्च गरेको, स्थानीय स्तरका कार्यालयहरूको मौजुदा बजेटलाई समेत रकमान्तर गरी भूकम्प पीडितहरूको लागि खर्च गरिएको देखियो जुन व्यवहारिक, बस्तुपरक र परिस्थितिजन्य रहेको पाईयो। तथापि यस्ता कार्यहरू के-कसरी गरिएका छन्; त्यसमा पारदर्शिता, मितव्ययिता अपनाईएको छ, छैन; केन्द्रीय निर्णय तथा निर्देशन बमोजिम खर्च गरिएको हो, होईन; खर्च गरिएका रकमहरू वास्तविक पीडितहरूका लागि तथा तोकिए बमोजिमको कार्यक्रमहरूमा भयो, भएन? भन्ने सम्बन्धमा निरन्तर अनुगमन, सुपरिवेक्षण तथा आवश्यक छानवीन समेत गर्न सम्बन्धित नियमनकारी निकायहरूलाई सुझाव दिई सोको प्रगति विवरण आयोगबाट लिनुपर्ने देखियो भने प्रतिवेदनमा उल्लेखित कतिपय महत्वपूर्ण विषयहरूमा आयोगबाटै छानवीन गर्नुपर्ने देखिन्छ जुन देहाय अनुसार उल्लेख गरिएको छः-

### ५.३.१ गृह मन्त्रालयसँग सम्बन्धितः

- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मार्ग निर्देशक सिद्धान्तले अवलम्बन गरेको एकद्वार नीति र समूहगत अवधारणाको आधारमा राहत रकम तथा सामग्रीहरुको संकलन तथा वितरण गर्न नेपाल सरकारको केन्द्रीय निकायका प्रतिनिधि, दातृ संस्था तथा

निकायका प्रतिनिधि, राष्ट्रिय एवं अन्तराष्ट्रिय गैर-सरकारी संस्थाका प्रतिनिधि, नागरिक समाज समेतको प्रतिनिधिहरू संलग्न रहने स्थायी प्रकृतिको सक्रिय संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न गृह मन्त्रालयले तत्काल पहल गर्नुपर्ने।

- विपद्को समयमा National Emergency Operation Center (NEOC) मार्फत विपद् सम्बन्धी कार्य गर्दा अभिलेख प्रणालीमा एकरूपता कायम हुने गरी पद्धति विकास गर्ने तथा सोही पद्धतिलाई जिल्ला दैवी प्रकोप उद्धार समितिसम्म लागु गराउने तर्फ गृह मन्त्रालयले तत्काल आवश्यक व्यवस्था गर्नुपर्ने।
- राष्ट्रिय विपद् प्रतिकार्यका लागि राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) ले अद्यावधिक रुपमा विज्ञहरुको सूची, खोज उद्धार समूहसँग रहेको उद्धार सामग्री र उपकरणहरु, अस्पतालको सूची र क्षमता, रक्त संचार तथा भण्डारण, आपतकालीन संचार व्यवस्था, एम्बुलेन्स सेवा, विपद्को समयमा राहत सामग्रीको ढुवानी आदिको पहिचान तथा अभिलेखीकरण गरी सो को परिचालन योजना समेत तयार गर्नुपर्ने।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को ४.४ (छ) मा भूकम्पलाई एक प्रमुख विपद् मानेर विपद्को प्रतिकार्य योजना तर्जुमा गर्नुपर्ने व्यवस्था भए बमोजिम योजना निर्माण भएतापनि त्यसको प्रभावकारी कार्यान्वयन भएको नदेखिएकोले उल्लेखित योजनाहरू जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा प्रभावकारी रूपमा लागु गर्न गृह मन्त्रालय तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पहल गर्नुपर्ने।
- प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ को १ (क) बमोजिम उद्धार तयारी व्यवस्थापनको लागि खोज र उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था, जोखिम बस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण अथवा स्थानान्तरण लगायतका उपयुक्त व्यवस्था गर्न अन्य सम्बन्धित निकायहरूको सहयोग लिई भूकम्प प्रतिकार्य योजना तयार गर्न गृह मन्त्रालयलले तत्काल पहल गर्नुपर्ने।
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले राष्ट्रिय विपद् व्यवस्थापन परिषद् तथा सो मातहत राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण गठन सम्बन्धी कानूनी व्यवस्था गरे अनुसार सुरक्षा निकायहरुबाट दक्ष जनशक्ति एकिकृत गरी विपद् प्रतिकार्यको पूर्व तयारी, उद्धार र राहत वितरण तथा विपद् पश्चातको पुनर्स्थापना लगायतका कार्यहरु गर्ने जिम्मेवारी तोक्न नेपाल सरकारले एउटा छुट्टै प्रतिकार्य इकाईको तत्काल गठन गर्नुपर्ने।
- गृह मन्त्रालयले विपद्को समयमा आवश्यक पर्ने राहत सामग्रीहरूको अग्रीम रूपमा सूची तयार गरी आवश्यकता अनुसार समय समयमा पुनरावलोकन गरी अद्यावधिक गर्नुपर्ने।
- भूकम्पको कारण पूर्ण रूपमा घर क्षति भई अस्थायी बसोबास गर्नुपर्ने पीडितहरुको लागि नेपाल सरकारबाट वितरण गरिएको रू.१५ हजार बराबरको राहत रकम वितरण गर्दा

**भूकम्प प्रभावित क्षेत्रमा खटिने टोलिको संक्षिप्त कार्यविधि, २०७२** तर्जुमा गरी केन्द्रहरूबाट प्राविधिक सहितको टोली परिचालन गरेको तर उक्त टोलीले तयार गरेको प्रतिवेदनमा स्थानीय दवाव र प्रभाव परी गैरपीडितहरूले समेत राहत रकम प्राप्त गरेको देखिएकोले राष्ट्रलाई ठूलो आर्थिक व्ययभार परेको र भविष्यमा पनि पर्ने देखिएकोले आगामी दिनमा उल्लेखित रकम तथा अन्य थप सुविधाहरू उपलब्ध गराउँदा आवश्यक छानवीन गरी वास्तविक भूकम्प पीडित प्रमाणित हुने स्पष्ट आधार भएपछि मात्र रकम उपलब्ध गराउन गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई लेखी पठाउने तथा गैर पीडितहरुले राहत रकम लिएको भन्ने उजुरीका सम्बन्धमा गृह मन्त्रालयले सम्बन्धित निकायहरुलाई अनुगमन तथा आवश्यक छानवीन गर्न निर्देशन दिनुपर्ने।

- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।०१।१४ गतेको निर्णयले अत्यावश्यक बस्तुको आपूर्ति नगर्ने र कालो बजारी, कार्टेलिङ, सिण्डीकेट, मूल्यबृद्धि लगायत आपूर्ति व्यवस्थालाई असहज बनाउने व्यक्ति तथा व्यवसायिक फर्महरूलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गरी गृह मन्त्रालयले तत्काल कानून बमोजिम कारवाही गर्ने भनी निर्णय भए तापनि त्यसको प्रभावकारी कार्यान्वयन भएको नदेखिएकोले गृह मन्त्रालय, अर्थ मन्त्रालय एवं वाणिज्य तथा आपूर्ति मन्त्रालयले समन्वय गरी राष्ट्रिय विपत्तिको समयमा सबै नियमनकारी निकायहरुको संयुक्त अनुगमन संयन्त्र परिचालन योजना बनाई लागु गर्नुपर्ने।
- राष्ट्रिय विपत्तिको समयमा हवाईमार्ग मार्फत आउने राहत सामग्रीहरूले भंसार छुटको व्यवस्था, अभिलेख व्यवस्थापन, राहत सामग्रीहरूको वितरण आदि विषयमा गृह मन्त्रालय तथा अर्थ मन्त्रालयले एक उच्च स्तरको संयन्त्र विकास गरी जिम्मेवारी तोक्नुपर्ने।
- नेपाल सरकारको केन्द्रीय स्तरबाट बजेट विनियोजन गर्दा वास्तविक क्षति तथा पीडितहरूको पहिचान नगरी विनियोजन गरेको, विनियोजित रकम मनोमानी ढंगबाट खर्च गरेको देखिदा विपद्को समयमा पीडित तथा क्षतिको पहिचान गर्ने आधार र संयन्त्रहरूको निर्माण गरी त्यसका आधारमा रकम विनियोजन गर्नुपर्ने तथा खर्च भएको रकमको प्रभावकारी अनुगमन गर्न संयन्त्र समेत निर्माण गर्नुपर्ने।

## ५.३.२ अर्थ मन्त्रालयसँग सम्बन्धितः

- नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७२।०१।१७ गतेको निर्णय अनुसार स्थापना गर्ने भनिएको राष्ट्रिय पुनःनिर्माण कोष आ.व. २०७१/०७२ मा गठन भई अर्थ मन्त्रालयबाट १० अर्ब रकम कोषमा जम्मा भएको देखियो। सो कोष परिचालन गरी भूकम्प पीडितको पुनर्वास एवं पुनर्निर्माण कार्यक्रमको जिम्मेवारी निर्वाह गर्न "पुनर्निर्माण प्राधिकरण" गठन गर्ने व्यवस्थाको लागि ऐन तर्जुमा भएको देखिएन। समयमा गठन हुनु पर्ने पुनर्निर्माण प्राधिकरण हालसम्मगठन नभएको कारणले पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा विलम्ब हुँदा भूकम्प

प्रभावित आम जनता प्रति सरकार उदासिन भएको सन्देश जान सक्ने तथ्यलाई मध्यनजर गरी नेपाल सरकारले तत्काल पुनर्निर्माण प्राधिकरण गठन गर्न पहल गर्नुपर्ने।

- अर्थ मन्त्रालयबाट विपद् व्यवस्थापनको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू. ९ अर्ब ५० करोड निकासा भएको पाईयो तर निकासा भएको बजेटको अनुगमन र मूल्याङकन गर्ने मुख्य जिम्मेवारी रहेको अर्थ मन्त्रालयबाट कुनै कार्यविधि नबनाई रकम निकासा भएको तथा कोषमा जम्मा भएको रकम खर्च सम्बन्धमा खर्च गर्ने कार्यालयबाट नै लेखा परीक्षण हुने व्यवस्था गरिएकोले आगामी दिनमा यस्ता प्रकृतिका रकम निकासा गर्दा खर्च गर्ने कार्यविधिको तर्जुमा र अनुगमन तथा मूल्याङ्कन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, केन्द्रीय दैवी प्रकोप उद्धार समिति तथा अन्य सम्बन्धित मन्त्रालयले संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्नुपर्ने।

**भंसार छुट सम्बन्धीः**

- दैवी प्रकोप उद्धार तथा राहत सामग्रीमा लाग्ने महशुल छुट सम्बन्धी कार्यबिधि, २०७२ को दफा ४.२ अनुसारको समितिको सिफारिसमा सूचिकृत भएका राहत सामग्रीहरुमा भंन्सार छुट दिई भन्सार जाँच पास गर्दा राहत सामग्रीहरुको भंसार महशुल छुट गर्ने प्रयोजनको लागि तयार गरेको घोषणा फारमले तथ्यगत र वस्तुपरक तथ्याङकहरु (गोटा, के.जी., रोल, बण्डल) प्रस्तुत गरेको नदेखिएकोले मालवस्तु जाँचपासको लागि वस्तुपरक तथ्याङकहरु (परिमाण, अनुमानित मुल्य, इकाई, आदि) उपलब्ध हुन सक्ने गरी "आकस्मिक व्यवस्थापन घोषणा फारम" तयार गर्न अर्थ मन्त्रालयले सम्बन्धित विभागहरूलाई निर्देशन दिनुपर्ने।

- दैवी प्रकोप उद्धार तथा राहत सामग्रीमा लाग्ने महशुल छुट सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७२ को दफा ६ मा "मिति २०७२।०२।०३ गतेको निर्णयबाट सूचीकृत भएका राहत सामग्रीहरू मिति २०७२ आषाढ मसान्त भित्र भन्सार कार्यालयमा आईपुगेमा नेपाल सरकारको केन्द्रीय वेयर हाउसमा जम्मा गर्ने गरी साविकको प्रक्रिया बमोजिम राजस्व छुट दिई जाँचपास गरिनेछ" भनी नेपाल सरकारको मिति २०७२।०४।०१ गतेको निर्णयबाट कार्यविधि संशोधन भएको देखियो। प्रस्तुत प्रावधानले उक्त कार्यविधिको दफा ४(२) बमोजिम राहत सामग्री सिफारिस समितिबाट विभिन्न मितिमा गरिएका निर्णयहरू (भरपाई पेश गर्नुपर्ने) बाट तोकिएका प्रक्रियालाई सरल बनाई राहत सामग्री केन्द्रीय वेयर हाउस वा जिल्ला दैवी प्रकोप उद्धार समितिमा बुझाएको भरपाई, निस्सा पेश गर्नु नपर्ने गरी भन्सार छुट दिएको पाईएकोले भन्सार छुटमा आयात गरिएका राहत सामग्रीहरूको सदुपयोग भएको भन्न सक्ने अवस्था नदेखिएकोले प्रस्तुत निर्णयबाट परेको प्रभावका सन्दर्भमा अनुगमन तथा मूल्याङ्कन गर्न अर्थ मन्त्रालयले अन्य सम्बन्धित मन्त्रालय, विभाग आदिको सहयोग लिई तत्काल कारबाही अघि बढाउनु पर्ने।

- नेपाल सरकारले राहतको रुपमा प्रयोग गर्न सकिने सामग्रीहरु जस्तै त्रिपाल, खाद्यान्न, औषधि आदिको आपूर्ति गर्ने व्यवसायिक फर्महरूलाई भंसार छुटको सुबिधा दिएको तर उल्लेखित

सामग्रीहरु के-कसरी बिक्री वितरण भएको छ भन्ने सम्बन्धमा सम्बन्धित अनुगमनकारी निकायहरूबाट प्रभावकारी अनुगमन भएको नपाईएकोले सो को अनुगमन तथा आवश्यक छानवीन गर्न अर्थ मन्त्रालय, गृह मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालयले तत्काल पहल गर्नुपर्ने।

### ५.३.३ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग सम्बन्धितः

- नेपाल सरकारले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका लागि दाताहरूको बास्केट फण्डको रूपमा रहेको Local Governance and Community Development Program (LGCDP) अन्तर्गतको बजेटबाट खानेपानी, औषधि, अस्थायी आवास, खाद्य व्यवस्थापन, शौचालय, सरसफाई लगायतका शीर्षकमा खर्च गर्ने मापदण्ड बनाई भूकम्प अति प्रभावित जिल्लाहरूका सिमालाई आधारमानी रू.४८ करोड ९७ लाख निकासा गरेको कारण कतिपय छिमेकी जिल्लाहरूका पीडितहरू समेत राज्यले उपलब्ध गराएको उल्लेखित सुबिधाबाट बञ्चित हुन पुगेको; जिल्ला सिमाना भित्र पनि भूकम्पको प्रभाव एकै किसिमको नदेखिएकोले केन्द्रबाट रकम निकासा गर्दा जिल्ला सिमानालाई भन्दा पनि पीडितहरूलाई आधार मान्नु पर्ने देखिदा सो सम्बन्धमा सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराई निकासा भएको रकमको खर्च सम्बन्धमा सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन तथा छानवीन हुन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिन उपयुक्त हुने।
- शीघ्र पुनर्लाभ कामका लागि नगद कार्यक्रम सञ्चालन निर्देशिका, २०७२ ले प्रत्येक गा.वि.स., न.पा. हरुले भूकम्प प्रभावित व्यक्तिहरु सो पुनर्लाभ कार्यक्रममा सरिक भए बापत् जिल्लाको प्रचलित ज्याला दरले २० दिन सम्मको ज्याला बराबरको रकम प्रत्येक प्रभावित परिवारलाई काममा सहभागी गराई रकम प्रदान गर्नु पर्ने भनिए बमोजिम निर्देशन प्रवाह गरिएकोमा भूकम्प प्रभावित कुनै पनि जिल्लाहरुबाट सो कार्यक्रमको कार्यान्वयन भएको देखिएन। प्रकोप पीडित व्यक्तिहरु आफै पुनर्स्थापित हुन श्रम गर्ने कार्यले उनीहरुमा प्रकोपको पीडा कमी हुने तथा आपतकालिन पुनर्स्थापनाको सरकारी अभियानमा बजेटको समेत सदुपयोग हुने देखिएकोले आगामी दिनहरुमा मन्त्रालय स्तरबाट निर्माण भएको नीति तथा दिईएको निर्देशन प्रभावकारी कार्यान्वयन गर्ने गराउने तर्फ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयले विशेष पहल गर्नुपर्ने।
- जिल्ला विकास समितिको कार्यालय, रसुवाले त्रिपाल शीर्षकमा गरेको खर्च रू.१८,१९,४८०।- को कागजात हेर्दा विजकमा फरक फरक हस्तलीपि रहेको, बिलमा गुणस्तर नखुलेको, नमूना संकलन नगरिएको; तथा कर विजकमा "For Earthquake Victim" समेत उल्लेख भएकोले उल्लेखित त्रिपाल राहत स्वरूप आएको हुन सक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएकोले सम्बन्धित निकायबाट थप छानवीन हुनुपर्ने।

## ५.३.४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धितः

**नेपाल सरकार तथा केन्द्रीय दैवी प्रकोप उद्धार समितिबाट भएका नीतिगत निर्णय सम्बन्धमाः**

- नेपाल सरकार मन्त्रिपरिषद् तथा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको विभिन्न मितिको निर्णयले भूकम्पबाट पीडितहरूको स्वास्थ्य उपचार सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको पाईयो तर उक्त निर्णयहरूबारे पीडितहरूलाई समयमै सुसूचित गरेको नदेखिदा आगामी दिनमा सरकारले दिन सक्ने सेवा, सुबिधा सम्बन्धमा समयमै सुसूचित गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलले विशेष व्यवस्था गर्नुपर्ने।

- भूकम्प पीडितहरूको उपचारको लागि भनी नेपाल सरकारले निजी तथा सामुदायिक अस्पतालमा रकम विनियोजन गरेको तर सो रकमको के-कसरी खर्च गरिएको छ, पीडितहरूले सेवा पाएका छन् कि छैनन्? भन्ने सम्बन्धमा अनुगमन गरेको नदेखिएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उल्लेखित खर्च रकम सम्बन्धमा अनुगमन तथा छानवीन गरी दोहोरो भुक्तानि (पीडित तथा सरकारबाट) रोक्ने तर्फ आवश्यक पहल गर्नुपर्ने।

- स्वास्थ्य सेवा विभागबाट भूकम्प प्रभावित जिल्लाहरूमा पठाईएको औषधिहरू माग अनुसार नभएको तथा कतिपय औषधिहरूको प्रयोग अवधि समेत सकिन लागेको अवस्थाको पाईएको, केही जिल्लाहरूमा जिल्ला जनस्वास्थ्य कार्यालयहरूले राहत स्वरूप औषधि खरिद गर्न पठाईएको रकम कार्यालयका कर्मचारीहरूको खाजा तथा खाना खर्च समेतमा प्रयोग गरेको देखिएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सो को छानवीन गरी आवश्यक कारबाही गर्नुपर्ने।

- भूकम्प पश्चात् बैदेशिक सहयोग तथा अन्य दातृ निकायहरूबाट प्राप्त कतिपय औषधिहरूको नाम तथा कम्पोजिशन सम्बन्धित देशको भाषामा नै लेखिएकोले प्रयोग गर्न नसक्ने अवस्थामा पाईएकोले परराष्ट्र मन्त्रालयबाट राहत स्वरूप औषधि पठाउने मित्र राष्ट्र तथा दातृ निकायहरूलाई औषधिको नाम, कम्पोजिशन र प्रयोग अवधि अंग्रेजी भाषामा उल्लेख गरी पठाउने व्यवस्था मिलाउन अनुरोध गर्नुपर्ने।

- जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौंलाई औषधि खरिद समेतका लागि रू. ८,००,०००।- प्राप्त भएकोमा औषधि आपूर्तिकर्ताहरू दोलखा जिल्ला स्थित फर्महरू समेत रहेकोले खरिद प्रक्रिया स्वभाविक नदेखिएको हुँदा सो सम्बन्धमा सम्बन्धित विभागबाट छानवीन हुनुपर्ने देखियो।

### ५.३.५ वन तथा भू-संरक्षण मन्त्रालयसँग सम्बन्धितः

- विनासकारी भूकम्पले गर्दा प्रभावित जिल्लाहरूका जलाधार क्षेत्रमा पहिरोहरू गएको, खानेपानीका श्रोतहरूमा क्षति पुगेको तथा कतिपय खोलाहरूमा पहिरोको कारण बहाव थुनिन गई अस्थिर जलाशय निर्माण भएको क्षेत्रमा थप क्षति हुन नदिन तथा पानीको मुहान संरक्षण तथा सुधार गर्नको लागि भनी रू.२० करोड र साविकको रू.६ लाख समेत भू तथा जलाधर संरक्षण विभागलाई स्वीकृत कार्यक्रम बमोजिम अर्थ मन्त्रालयबाट विनियोजन भएकोमा जिल्ला भू-संरक्षण कार्यालयहरूले छोटो प्रक्रियाबाट तार तथा तारजालीहरू खरिद गरेको देखियो तर उल्लेखित तार तथा तारजालीहरू केही जिल्लाहरूमा भदौ मसान्तसम्म पनि वितरण नगरी मौज्दात राखेको देखिएकोले रकम निकासा तथा खर्चको औचित्य पुष्टी हुने नदेखिदा क्षतिको अनुमान तथा माग संकलन पश्चात मात्र यस्ता रकमको माग तथा निकासा हुनुपर्ने।
- माथि उल्लेखित रकमको खर्च गर्दा केही जिल्लाहरूमा तोकिएको मापदण्ड तथा स्पेशिफिकेसनमा उल्लेख भए बमोजिमको तारजाली खरिद गरेको नदेखिदा उल्लेखित शीर्षकमा भएको खर्च सम्बन्धमा सम्बन्धित मन्त्रालय एवं विभागबाट अनुगमन तथा छानवीन हुनुपर्ने।

### ५.३.६ शिक्षा मन्त्रालयसँग सम्बन्धित

**रकम निकासा सम्बन्धमा**

- केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट १ अर्ब १० करोड ९८ लाख ५६ हजार र एसियाली विकास बैंकबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्राप्त हुन आएको रु.३० करोड समेत शिक्षा मन्त्रालयलाई उपलब्ध गराईएकोमा उक्त रकम भूकम्प प्रभावित क्षेत्रमा क्षति पुगेका विद्यालयहरूको आवश्यक मर्मत संभार तथा अस्थायी कक्षा कोठा निर्माण गरी कक्षा संचालनमा ल्याउने, भूकम्पका कारण वालवालिकामा भएको मानसिक तनाव हटाउने कार्यक्रम संचालन गर्ने, उक्त विद्यालयहरूको पुनर्निर्माणको लागि मध्यकालिन र दीर्घकालिन योजना बनाई कार्यान्वयनमा ल्याउने प्रयोजनको लागि निकासा गरेको पाईयो तर निर्माण गरिने अस्थायी सिकाई केन्द्रको मापदण्ड, स्पेशिफिकेसन, टिकाउपन, स्थानको छनौट लगायतका महत्वपूर्ण विषयहरूको सम्बन्धमा कार्यविधि तयार नगरी बजेट निकासा गरेको देखिदा आगामी दिनमा यस्ता रकम निकासा गर्नु पूर्व शिक्षा मन्त्रालयले आवश्यक कार्यविधि, क्षतिको प्रारम्भिक अनुमान, पीडितको पहिचान आदि गर्नुपर्ने।
- अस्थायी सिकाई केन्द्र निर्माण सम्बन्धमा मन्त्रालयबाट मापदण्ड तोकेको नपाईएकोले केन्द्रको गुणस्तर, साईज, खपत अवधि आदि फरक देखिएको, अन्य दातृ निकायहरूबाट समेत सोही स्थानमा अस्थायी सिकाई केन्द्रहरू निर्माण भएको, केही विद्यालयहरूले पुरानो

भवनमा नै तारबार गरी केन्द्रहरूको निर्माण गरेको देखिएकोले विनियोजित रकमको उदेश्य अनुरूप सदुपयोग भएको छ भन्न सक्ने अवस्था नदेखिएकोले नेपाल सरकारको विनियोजित रकमबाट बनेका अस्थायी सिकाई केन्द्रहरूको अनुगमन तथा छानवीन हुनुपर्ने।

- विद्यालय पोशाक तथा झोला शीर्षकमा निकासा भएको रकम कतिपय जिल्लाहरूमा जिल्ला शिक्षा कार्यालयले विद्यालयको खातामा Need Assessment नगरी तथा अघिल्लो शैक्षिक सत्रको Flash Report को तथ्यांङकलाई आधार मानी सबै विद्यार्थीहरूको लागि निकासा गरेको पाईयो भने केही जिल्लामा तहगत रुपमा निकासा नगरी प्रावि तहलाई मात्र निकासा गरेको पाईएकोले सो रकमको सदुपयोग सम्बन्धमा अनुगमन गर्न र आगामी दिनमा यस्ता प्रकृतिका निकासा गर्दा एउटै मापदण्ड बनाई निकासा गर्ने व्यवस्था मिलाउन शिक्षा मन्त्रालयलाई सुझाव दिन उपयुक्त हुने।

## ५.३.७ कृषि विकास मन्त्रालयसँग सम्बन्धितः

**पशु सेवा विभाग अन्तर्गतः**

- मिति २०७२।०१।१७ र मिति २०७२।०१।२० गतेको निर्णयले घाईते पशुपंछीको उपचार तथा पीडित कृषकलाई मापदण्ड बमोजिम राहत दिने व्यवस्थाको लागि रू.२,५०,००,०००।- कृषि विकास मन्त्रालयलाई निकासा दिएकोमा कृषि विकास मन्त्रालयबाट मिति २०७२।०२।०६ गते मात्र उक्त रकम पशु स्वास्थ्य निर्देशनालयलाई उपलब्ध गराएको पाईयो। मृत पशु व्यवस्थापन तथा घाईते पशुपंक्षीहरूको उपचारको लागि भनी भूकम्प गएको झण्डै १ महिना पश्चात् उल्लेखित रकम निकासा गरिनु सान्दर्भिक रहेको देखिएन। भूकम्पमा परी मरेका पशुहरूको व्यवस्थापनको लागि भनी केन्द्र तथा जिल्लाबाट खरिद गरिएका औषधिहरू स्थानीय स्तरबाट मृत पशु व्यवस्थापन भैसकेको तथा मरेका पशुहरू सडी गली सक्ने अवधी भन्दा पछिको समयमा उल्लेखित प्रयोजनको लागि खर्च गरिएको देखिएकोले कृषि मन्त्रालय तथा सम्बन्धित विभागबाट सोको अनुगमन तथा छानवीन हुनुपर्ने।
- राष्ट्रिय वीऊ विजन कम्पनीले आफ्नो वीऊ भण्डारण केन्द्रहरूबाट तथा स्थानीय सहकारी मार्फत धानको वीऊ खरिद गरी भूकम्प पीडित कृषकहरूलाई वितरण गर्न उपलब्ध गराएको ४२५ मेट्रिक टन वीऊ कृषकको आवश्यकता, धान लगाउने समय आदि समेत ख्याल नगरी वितरण गरेको देखिदा उल्लेखित शीर्षकमा गरिएको खर्च सदुपयोग भएको भन्ने अवस्था देखिएन। यसरी वितरण गरिएका धानका वीऊ केही जिल्लाहरूमा एकै व्यक्तिलाई १००

के.जी. भन्दा बढी वितरण गरेको देखिदा वितरण प्रक्रिया समेत न्यायोचित भएको नपाईएकोले वितरण र खर्च सम्बन्धमा अनुगमन गर्न तथा आगामी दिनमा मापदण्ड बनाई समयमै बीऊ बिजन वितरण गर्ने व्यवस्था मिलाउन कृषि मन्त्रालयले पहल गर्नुपर्ने।

## ५.३.८ सहरी विकास मन्त्रालयसँग सम्बन्धितः

- सहरी विकास मन्त्रालयले खरिद गरेको त्रिपालका सम्बन्धमा आपूर्तिकर्ताहरुले कम गुणस्तरको त्रिपाल खरिद गरी बढी गुणस्तरको देखाएको, कम परिमाणमा आपूर्ति गरी बढी परिमाण देखाएको, सानो साईजमा खरिद गरी ठूलो साईज देखाएको, कम मूल्यमा खरिद गरी बढी मूल्यमा आपूर्ति गरेको, फरक फरक आपूर्तिमा छुट्टा छुट्टै गुणस्तर परीक्षण गर्नुपर्नेमा सो नगरेको, स्पेशिफिकेसनमा उल्लेख भए अनुसार तयारी त्रिपाल आपूर्ति नगरी कच्चा त्रिपाल (रोल र के.जी. मा) आपूर्ति गरेको प्रारम्भिक अनुसन्धानबाट देखिन आएकोले आगामी दिनमा वास्तविक परिमाण, साईज र गुणस्तर खुलेको कारखाना मूल्यमा नै सोझै प्रतिष्ठित कम्पनिहरु मार्फत खरिद गर्ने व्यबस्था मिलाउनु पर्ने।

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूः**

- भूकम्प प्रभावित जिल्लाहरूको खानेपानी आयोजनाहरूको मर्मत लगायतको शीर्षकमा खर्च गर्ने गरी मन्त्रालयबाट विनियोजन भएको रकम खर्च सम्बन्धमा जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले छोटो प्रक्रिया अपनाई बिभिन्न साईज र परिमाणमा खानेपानीका पाईप तथा फिटिङ्सहरू खरिद गरेको पाईयो भने कतिपय जिल्लाहरूमा खरिद गरिएको सामग्रीहरू वितरण नगरी मौज्दात राखेको समेत पाईएकोले मन्त्रालयबाट खानेपानी आयोजनाहरूमा भूकम्पले पुऱ्याएको क्षति सम्बन्धी विवरण लिई, प्रारम्भिक प्राविधिक मूल्यांकन गरी रकम विनियोजन गर्नु पर्ने तथा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले गरेको खर्च सम्बन्धमा अनुगमन तथा छानवीन गर्नु पर्ने।

## ५.३.९ उद्योग मन्त्रालयसँग सम्बन्धितः

- भूकम्प पश्चात् अत्यावश्यक देखिएको त्रिपाल, पाल, खाद्य सामग्री आदिको अत्याधिक माग भएको, उल्लेखित सामग्रीहरूको कालाबजारी समेत भएको, नेपाल सरकारबाट पीडितलाई राहत स्वरूप खरिद गरिएका उल्लेखित सामग्रीहरू कारखानाबाट खरिद नगरी एजेण्ट (Agent) हरू मार्फत बजार मूल्य भन्दा पनि चर्को मूल्यमा खरिद गरिएको देखिदा राहत सामग्रीहरूको रूपमा प्रयोग गर्न सकिने र स्वदेशमा नै उत्पादन हुने चिजबस्तुहरू जस्तै, टारपोलिन, त्रिपाल, टेण्ट, कम्बल, म्याट्रेश, झुल, खाद्य सामग्री, सुख्खा खाद्य सामग्री आदि सामग्रीहरू कुन कुन स्वदेशी कारखानाबाट के कति परिमाणमा उत्पादन हुन्छन र त्यसको

औषत कारखाना तथा बजार मूल्य के कति पर्दछ भनी उद्योग मन्त्रालयले अनिवार्य रूपमा तथ्याङ्क संकलन गरी गराई अभिलेख अद्यावधिक गर्ने तर्फ तत्काल पहल गर्नुपर्ने ।

### ५.३.१० भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धितः

- सडक डिभिजन कार्यालयहरुले आपत्कालीन अवस्थामा स्थानीय स्तरमा अबरुद्ध सडक खुलाउने कार्यमा निकासा रकम खर्च गर्दा जिल्ला दैवी प्रकोप उद्धार समितिमा पूर्ण विवरण खुलाई समितिबाट प्रमाणित गराई खर्च गर्नु पर्ने व्यवस्था अबलम्बन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालयले पहल गर्नु पर्ने।

### ५.३.११ वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धितः

- वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट संचालित केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रमा राहत सामग्रीहरुको अभिलेखहरुमा कतिपय राहत सामग्रीहरुको इकाई तथा परिमाण नखुलेको, केन्द्रीय राहत संकलन तथा वितरण केन्द्रले प्रयोगमा ल्याएको ढाँचा र जिल्ला दैवी प्रकोप उद्धार समितिहरुले राखेको ढाँचामा एकरुपता नभएकोले केन्द्रबाट पठाईएका राहत सामग्रीहरु र जिल्लाले प्राप्त गरेको सामग्रीहरुको तुलनात्मक अध्ययन गरी फरक परिमाणहरुको यकिन गर्न सकिने अवस्था समेत नदेखिएकोले अभिलेख व्यवस्थापनमा एकरुपता ल्याउनको लागि केन्द्रबाट सबै विवरण खुल्ने ढाँचा बनाई लागु गर्न र विपद्को समयमा स्थापना गरिने केन्द्रिय तथा क्षेत्रीय भण्डारण केन्द्रहरू समेत अपुग देखिकोले वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवश्यक संसाधन सहितको व्यबस्था गरी थप भण्डारणहरू स्थापना गर्नु पर्ने ।

### ५.३.१२ सिंचाइ मन्त्रालयसँग सम्बन्धितः

- सिंचाई मन्त्रालयबाट भूकम्प प्रभावित जिल्लाहरुका क्षतिग्रस्त सिंचाई आयोजनाहरुको मर्मत गरी सुचारु गर्नको लागि रकम निकासा भएकोले कतिपय जिल्लाहरुले ठूलो परिमाणमा जिल्लाको यथार्थ आवश्यकताको पहिचान नगरी छोटो प्रक्रियाबाट खुल्ला तार, तारजाली, HDPE पाईपहरु खरिद गरी आयोगबाट भएको अध्ययन अवधि सम्म पनि जिल्ला स्थित कार्यालयहरुमा भण्डारण गरि राखेको देखिएको र कतिपय पाईपहरुको Specification नखुलाई खरिद गरेको पाईएकोले सो खरिद प्रक्रिया तथा रकमको उचित उपयोग संबन्धमा सिंचाई मन्त्रालयले छानवीन तथा अनुगमन गर्नुपर्ने।

## ५.३.१३ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयः

- भूकम्प पश्चात् राहत सामग्रीहरूको प्राप्ति, संकलन तथा वितरणमा संलग्न विभिन्न व्यक्ति तथा गैरसरकारी संघ/संस्थाहरुबाट सम्पादन भएको कार्यको सुचना संकलन, विश्लेषण, अभिलेखीकरण, अनुगमन तथा निर्देशन भएको नदेखिएको सन्दर्भमा राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघ-संस्थाहरूले विपद्को समयमा सम्पादन गर्ने कार्यको कार्यविधि र अनुगमनको प्रभावकारी व्यवस्था गरी पारदर्शीता प्रबर्द्धन गर्नुपर्ने।

## ५.३.१४ रकम निकासा तथा खर्च सम्बन्धमाः

- नेपाल सरकारले भूकम्पबाट पुगेको क्षतिको आंकलन, पीडितहरूको पहिचान तथा माग संकलन नगरी स्थानीय निकायहरूलाई छोटो प्रक्रिया अपनाई आवश्यक सामग्रीहरू खरिद गरी पीडितहरूलाई वितरण गर्न भनी रकम निकासा गरेको तर उल्लेखित प्रक्रिया अपनाई खरिद गरिएका सामग्रीहरू पीडितहरूलाई वितरण नगरी कार्यालयमा मौज्दात राखेको देखिएकोले छोटो प्रक्रियाबाट गरेको खरिदको औचित्य पुष्टी हुने नदेखिएकोले आगामी दिनमा माग तथा पीडितहरूको तत्कालको आवश्यकतालाई पहिचान गरे पश्चात् मात्र रकम निकासा गर्न तथा हाल भएको खर्चको सम्बन्धित निकायहरूबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने।

## ५.४ कार्यान्वयन कार्ययोजना ( Implementation Matrix )

विपद् व्यवस्थापन गर्ने सरकारको एक प्रमुख लक्ष्य हो जसका लागि माथी खण्डमा पेश गरिएका सुझावहरूको कार्यान्वयनका लागि कार्यक्रम, कार्यान्वयन गर्ने निकाय, समयावधि, श्रोत र अनुगमन मूल्याङ्कन गर्ने निकाय समेत उल्लेख गरी देहाय बमोजिम कार्यान्वयन कार्ययोजना प्रस्तुत गरिएको छ। साथै यि लगायत विभिन्न कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट सम्बन्धित निकायहरूले आवश्यक अन्य कार्यविधि समेत अवलम्वन गरी विपद्को प्रभावकारी व्यवस्थापन गर्न सक्नेछन्।

| क्र.सं. | सुझाव | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | समयावधि | श्रोत | अनुगमन मूल्याङ्कन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १. | विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को एकद्वार नीति र समूहगत अवधारणाको कार्यान्वयन गर्ने | राष्ट्रिय विपद् व्यवस्थापन परिषद् तथा राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण गठन गर्ने | नेपाल सरकार | यथासक्य चाँडो | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| | | स्थायी प्रकृतिको संयन्त्र निर्माण गर्ने | नेपाल सरकार / गृह मन्त्रालय | यथासक्य चाँडो | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| २. | राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) ले विपद् प्रतिकार्यको परिचालन योजना र अभिलेख प्रणालीको एकरूपता कायम हुने पद्धति लागु गर्ने | विज्ञ, उद्धार सामग्री, उपकरण, अस्पताल, ढुवानी, आपत्कालिन संचार आदिको पहिचान तथा अभिलेखीकरण गरी परिचालन योजना बनाउने | गृह मन्त्रालय | यथासक्य चाँडो | नियमित | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| | | एकरूपता कायम हुने अभिलेख पद्धतिलाई केन्द्र देखि जिल्ला दैवी प्रकोप उद्धार समितिसम्म लागु गराउने | गृह मन्त्रालय | यथासक्य चाँडो | नियमित | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को ४.४(छ) को व्यवस्था कार्यान्वयन गर्ने | भूकम्पलाई एक प्रमुख विपद् मानेर विपद्को प्रतिकार्य योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने | जिल्ला दैवी प्रकोप उद्धार समिति/ जि.वि.स.को कार्यालय | यथासक्य चाँडो | नियमित | गृह मन्त्रालय / संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय |
| ४. | विपद्को समयमा आवश्यक पर्ने राहत सामग्रीको सूची तयार गर्ने | राहत सामग्रीहरूको अग्रीम रूपमा सूची तयार गरी आवश्यकता अनुसार पुनरावलोकन गरी अद्यावधिक गर्ने | केन्द्रीय दैवी प्रकोप उद्धार समिति | यथासक्य चाँडो | नियमित | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| ५. | अस्थाई आवास वापत वितरण गरिएको रु.१५,०००।- को अनुगमन गर्ने | जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वय र संयोजनमा तोकिएका पदाधिकारी र संयन्त्रबाट अनुगमन, छानवीन गर्ने | गृह मन्त्रालय/ संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय | यथासक्य चाँडो | नियमित | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय/ अर्थ मन्त्रालय |
| ६. | अत्यावश्यक बस्तुको कालोबजारी, कार्टेलिङ, सिण्डीकेट र मूल्यबृद्धि गर्नेलाई कारवाही गरी आपूर्ति व्यवस्थालाई सहज पार्ने | सबै नियमनकारी निकायहरुको संयुक्त अनुगमन संयन्त्र र परिचालन योजना बनाई लागु गर्नुपर्ने | गृह मन्त्रालय / अर्थ मन्त्रालय / बाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | नियमित | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| ७. | राहत सामग्रीहरुको भन्सार छुटको व्यवस्थापन गर्ने | उच्च स्तरको संयन्त्र, कार्यविधि तर्जुमा गरि लागु गर्ने | गृह मन्त्रालय / अर्थ मन्त्रालय | निरन्तर | नियमित | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| ८. | राष्ट्रिय पुनःनिर्माण कोष र "पुनर्निर्माण प्राधिकरण" गठन गर्ने | "पुनर्निर्माण प्राधिकरण" गठनको लागि ऐन तर्जुमा गरी कार्यान्वयन गर्ने | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | यथासक्य चाँडो | नियमित | व्यवस्थापिका संसद / समिति |

<table>
<tr><td rowspan="2">९.</td><td rowspan="2">विनियोजित बजेट र रकम निकासा सम्बन्धमा</td><td>आवश्यकता पहिचान गरी मापदण्ड बनाई रकम निकासा गर्ने</td><td>सवै मन्त्रालयहरु</td><td>निरन्तर</td><td>नियमित</td><td>अर्थ मन्त्रालय / राष्ट्रिय समस्या समाधान समिति / राष्ट्रिय योजना आयोग</td></tr>
<tr><td>निकासा रकमको अनुगमन गर्ने</td><td>अर्थ मन्त्रालय</td><td>निरन्तर</td><td>नियमित</td><td>दातृ निकाय / अन्तराष्ट्रिय गैर सरकारी संस्था</td></tr>
<tr><td>१०.</td><td>भन्सार छुटमा आयात गरिएका राहत सामग्रीको प्रयोग सम्बन्धमा</td><td>व्यवसायिक फर्महरु समेतबाट भन्सार छुटमा आयात गरिएका राहत सामग्रीको प्रयोग सम्बन्धमा अनुगमन गर्ने</td><td>गृह मन्त्रालय / अर्थ मन्त्रालय / बाणिज्य तथा आपूर्ति मन्त्रालय</td><td>निरन्तर</td><td>नियमित</td><td>प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय</td></tr>
<tr><td>११.</td><td>राहत सामग्रीको पहिचान र प्राप्ति</td><td>विपद्को समयमा प्राप्त हुने राहत सामग्रीहरुको आवश्यकता र प्रयोजन खुलाई लिने (विशेषतः औषधिको Composition/ Language) व्यवस्था गर्ने</td><td>सवै मन्त्रालयहरु</td><td>निरन्तर</td><td>नियमित</td><td>प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय/ अर्थ मन्त्रालय</td></tr>
<tr><td rowspan="2">१२.</td><td rowspan="2">शैक्षिक व्यवस्थापन सम्बन्धमा</td><td>आवश्यकता पहिचान र मापदण्ड निर्धारण नगरी गरिएको खर्चको अनुगमन गर्ने (विशेषतः अस्थायी सिकाई केन्द्र, पोशाक तथा झोला)</td><td>शिक्षा विभाग र सम्बन्धित जिल्ला शिक्षा कार्यालय</td><td>यथासक्य चाँडो</td><td>नियमित</td><td>शिक्षा मन्त्रालय</td></tr>
<tr><td>आगामी दिनमा अस्थायी सिकाई केन्द्र निर्माण गर्न मापदण्ड सहितको कार्यविधि तयार गरी लागु गर्ने</td><td>शिक्षा विभाग र सम्बन्धित जिल्ला शिक्षा कार्यालय</td><td>यथासक्य चाँडो</td><td>नियमित</td><td>शिक्षा मन्त्रालय</td></tr>
<tr><td>१३.</td><td>भूकम्पमा परी मरेका पशुहरुको व्यवस्थापन सम्बन्धमा</td><td>मृत पशुको व्यवस्थापनमा गरिएको खर्चको अनुगमन गर्ने</td><td>पशु स्वास्थ्य निर्देशनालय र सम्बन्धित पशु सेवा कार्यालय</td><td>यथासक्य चाँडो</td><td>नियमित</td><td>कृषि विकास मन्त्रालय</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. | कृषि विऊविजनको बितरण | मापदण्ड बिपरित वितरित विऊ विजनको अनुगमन गर्ने | कृषि विभाग | यथासक्य चाँडो | नियमित | कृषि विकास मन्त्रालय |
| १५. | खानेपानी आयोजनाहरुको मर्मत सम्भार सम्बन्धमा | छोटो प्रक्रिया समेतबाट गरिएको खरिदको अनुगमन मूल्याङ्कन गर्ने | खानेपानी तथा ढल निकास विभाग | यथासक्य चाँडो | नियमित | शहरी बिकास मन्त्रालय |
| १६. | विपद्को बेला आवश्यक पर्ने सामग्रीको उत्पादन क्षमता र भण्डारणको अभिलेख सम्बन्धमा | विपद्को बेला आवश्यक पर्ने (त्रिपाल, खाद्यान्न आदि) सामग्रीको नेपालमा हुने उत्पादन क्षमता, भण्डारण जस्ता अभिलेखको व्यवस्थापन गर्ने | उद्योग मन्त्रालय | यथासक्य चाँडो | नियमित | गृह मन्त्रालय |
| १७. | सिंचाई आयोजनाको मर्मत सम्बन्धमा | सिंचाई आयोजनाको आवश्यक सामग्री खरिदको अनुगमन | सिंचाई विभाग | यथासक्य चाँडो | नियमित | सिंचाई मन्त्रालय |
| १८. | NGO/INGO को काम कारवाहीको समन्वय एवं पारदर्शीता सम्बन्धमा | गैरसरकारी संघ-संस्थाहरूले विपद्को अवस्थामा सम्पादन गर्ने काम कारवाहीको कार्यविधि र अनुगमनको प्रभावकारी व्यवस्थापन गर्ने | समाज कल्याण परिषद, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय | यथासक्य चाँडो | नियमित | महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय |

## ५.५ आयोगबाट छानवीन गर्नुपर्ने बिषयहरुः

### ५.५.१ नेपाली राजदुताबास, नयाँ दिल्लीबाट खरिद गरिएको त्रिपाल सम्बन्धमाः

नेपाली राजदूतावास, नयाँ दिल्लीले खरिद गरेको १ लाख थान १२० जी.एस.एम.का त्रिपालको विश्लेषण गर्दा Armaan Building Solution बाट खरिद गरिएका त्रिपालको औषत मूल्य प्रति वर्ग फिट रू.४।३५, Veekay International बाट खरिद गरिएको त्रिपालको औषत मूल्य प्रति वर्ग फिट रू.३।५५ र Gujrat Craft Industries Ltd. बाट खरिद गरिएको त्रिपालको औषत मूल्य प्रति वर्ग फिट रू.३।७० रहेको र खरिद गरेको त्रिपालको जम्मा रू.७,९१,५२,७३९।७५ पर्न गएको देखियो। उल्लेखित मूल्यमा ढुवानी खर्च, भंसार महसुल लगायतका अन्य खर्च समावेश भएको देखिएन। अर्कोतर्फ, सहरी विकास मन्त्रालयबाट त्रिपाल खरिदको क्रममा मन्त्रालयलाई त्रिपाल आपूर्ति गर्ने माता इन्टरप्राईजेजले हिमाल टेण्ट प्रा.लि. ललितपुरबाट त्रिपाल खरिद गर्दा १२० जिएसएम त्रिपाल प्रति वर्ग फिट रू.४ मा खरिद गरेको देखिन आउँछ र सो मूल्यमा विक्रेता हिमाल टेण्ट प्रा.लि.ले उल्लेखित त्रिपाल आयात गर्दाको भंसार लगायत अन्य महसुल, निजको ढुवानी खर्च तथा नाफा समेत समावेश भएको प्रा.लि.का संचालकबाट जानकारी प्राप्त भयो। यसर्थ, नेपाली राजदूतावासले भारतमा नै रू.३।५५ देखि ४।३५ प्रति वर्ग फिट मूल्य पर्ने गरी गरेको त्रिपाल खरिदलाई स्वाभाविक मान्न सकिने अवस्था देखिएन।

### ५.५.२ जि.वि.स.को कार्यालय, काठमाण्डौले खरिद गरेको त्रिपाल सम्बन्धमाः

जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौले राहत सामग्री स्वरूप नेपाल सरकार केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्देशन समेतको आधारमा चालू आ.व. ०७१।०७२ को सार्वजनिक निर्माण तर्फ विनियोजित बजेटबाट रु.७५,४७,७९७।- बराबरको ३०५० थान त्रिपाल सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) बमोजिम छोटो प्रक्रियाद्वारा सोझै बजारबाट खरिद गरेको त्रिपालको औषत मूल्य प्रति वर्ग फिट रू.१४ रूपैयाँसम्म पर्न गएको देखिएको, खरिद गरिएको त्रिपालको नमूना संकलन गरी गुणस्तर परीक्षण गर्ने कार्य समेत गरेको नदेखिएको र कर बिजकमा गुणस्तर समेत नखुलेको, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौलाई त्रिपाल आपूर्ति गर्ने व्यवसायिक फर्महरूले कर बिजकमा तथा जि.वि.स. काठमाण्डौको मिति २०७२।१।१८ गतेको टिप्पणी आदेश र निर्णयमा उल्लेख गरेको गुणस्तर (२३० जी.एस.एम.) सम्बन्धित फर्महरूले आपूर्ति समेत नगरेको प्रारम्भिक अनुसन्धानबाट

देखिंदा जि.वि.स.को कार्यालय, काठमाण्डौले खरिद गरेको त्रिपाल तथा उक्त कार्यालयलाई त्रिपाल आपूर्ति गर्ने फर्म उपर छानवीन हुनुपर्ने देखिन्छ।

### ५.५.३ काठमाण्डौं महानगरपालिकाको कार्यालय, काठमाण्डौले खरिद गरेको त्रिपाल सम्बन्धमाः

महानगरपालिकाको कार्यालय, काठमाण्डौंले क्षितिज ट्रेड ईन्टरनेशनल लगायतबाट रू.५५,४१,९४५।६८ मूल्य बराबरको त्रिपाल खरिद गरेको देखिन्छ भने उक्त खरिद गरिएका त्रिपालहरूको खरिद प्रक्रिया, मूल्य र गुणस्तरको अध्ययन गर्दा छोटो प्रक्रिया अपनाई खरिद गरेको तर खरिद गर्दा अपनाउनुपर्ने गुणस्तर परीक्षण, प्राविधिक परामर्श, नमूना संकलन जस्ता कार्य गरेको देखिएन। यस्तै, खरिद गरिएको त्रिपालको मूल्यमा विविधता देखियो भने महानगरपालिका लगायत अन्य न.पा.हरूले खरिद गरेको त्रिपालमा गुणस्तर (जी.एस.एम.) खुलेको नदेखिएको तथा वितरण प्रक्रिया समेत पारदर्शी भएको नपाईएकोले सो विषयमा छानवीन हुनुपर्ने देखियो।

### ५.५.४ जिल्ला दैवी प्रकोप उद्धार समिति, मकवानपुरबाट भएको त्रिपाल खरिद सम्बन्धमाः

जिल्ला दैवी प्रकोप उद्धार समिति, मकवानपुरले खरिद गरेको ७,८३६ थानको त्रिपाल तथा म्याट्रेसको जम्मा मूल्य रू.१,४४,९४,१८८।- र त्रिपालको औषत मूल्य प्रति वर्ग फिट रू.७।२८ पर्न गएको देखिन्छ। उल्लेखित मूल्य जि.वि.स.को कार्यालय, काठमाण्डौ लगायत अन्य कार्यालयहरूले खरिद गरेको मूल्य भन्दा सस्तो देखिए पनि खरिद प्रक्रियालाई पारदर्शी बनाउन प्राविधिक परामर्श नलिएको, खरिद गरिएको त्रिपालको नमूना नराखिएको तथा गुणस्तर परीक्षण समेत गराएको नदेखिदा कुन गुणस्तरको त्रिपाल खरिद गरेको हो भनी यकिन गर्न सकिने अवस्था देखिएन। त्यस्तै, भूकम्प पीडितहरूको लागि भनी केन्द्रीय स्टोरबाट समेत ठूलो परिमाणमा त्रिपाल पठाएको देखिंदा त्यति ठूलो परिमाणमा पाल खरिद गर्नु पर्नाको कारण समेत स्पष्ट देखिदैन्। तसर्थ, उक्त त्रिपाल तथा म्याट्रेश खरिदका सम्बन्धमा सप्लायर्सले के-कुन गुणस्तरका त्रिपाल तथा म्याट्रेश के-कति मूल्यमा खरिद गरी जिल्ला दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराएको थियो भन्ने तर्फ छानवीन हुनुपर्ने देखिन्छ।

### ५.५.५ गोरखा नगरपालिकाबाट भएको त्रिपाल खरिद सम्बन्धमाः

गोरखा नगरपालिकाले मिति २०७२।१।१८ गते तथा मिति २०७२।२।२२ गते सरावगी ब्रदर्श, वीरगंजबाट खरिद गरिएका १२० जी.एस.एम.का टार्पोलिन (१८ फिटx१५ फिट) को प्रति वर्ग फिटको भ्याट सहितको मूल्य रु.७।६९ पर्न गएको; जिल्ला दैवी प्रकोप उद्धार समिति, गोरखाले मिति २०७२।१।१७ गते सोही आपूर्तिकर्ता सरावगी ब्रदर्श, वीरगञ्जबाट खरिद गरेको त्रिपालको मूल्य प्रति वर्ग फिट रू.६।४४ पर्न गएको देखिएकोले गोरखा नगरपालिकाले खरिद गरेको टारपोलिनको मूल्य जिल्ला दैवी प्रकोप उद्धार समिति, गोरखाले खरिद गरेको मूल्य भन्दा प्रति वर्ग फिट रु.१.२५ बढी पर्न गएको देखियो जुन जिल्ला दैवी प्रकोप उद्धार समितिको दररेटलाई आधार मान्दा नगरपालिकाबाट भएको खरिदमा रू.३,४५,०९८।७० बढी पर्न गएको देखियो। यसैगरी, गोरखा नगरपालिकाले त्रिपाल खरिद गर्दा अपनाउनुपर्ने अन्य सामान्य कार्यबिधि जस्तै, नमूना संकलन, परीक्षण, दरभाउपत्र माग समेत नगरेको र खरिद गरेको त्रिपालको गुणस्तर (१२० जि.एस.एम.) कमसल देखिदा उल्लेखित विषयमा आयोगबाट थप छानवीन गर्नु पर्ने देखिन्छ।

### ५.५.६ सिंचाई डिभिजन कार्यालय, ओखलढुंगाबाट खरिद तथा वितरण भएको सिंचाई पाईप सम्बन्धमाः

सिंचाई डिभिजन नं. ५ कार्यालयको लागि सिंचाई विभागबाट भूकम्प प्रभावित सिंचाई आयोजनाहरूको पुनःसंचालनको लागि निकासा भएको रकम रु.७२,५०,०००।- मिति २०७२।०३।२८ मा ड्राफ्ट मार्फत प्राप्त भएकोमा भूकम्पबाट क्षति भएका भनिएका २८ वटा सिंचाई आयोजनाहरुको मर्मत संभार गरी सिंचाई कुलो सुचारु गर्न आवश्यक पोलिथिन पाईप हेटौंडाबाट सोझै खरिद गरी, हेटौंडाबाटै उपभोक्ताहरुले पाउने गरी पाईप खरिद गरेको र पाईप खरिदको रकम कारखानालाई नै भुक्तानी गरेको बुझिएकोमा उपभोक्ताले उक्त पाईप बुझे नबुझेको यकिन हुन नसकेको र भूकम्प पीडित क्षेत्रका सिंचाई आयोजनाहरुलाई खरिद गरिएको पाईप बुझ्नको लागि उपभोक्ता स्वंयम हेटौंडा जानु पर्ने गरी गरिएको खरिद कार्य भूकम्प पीडित-मैत्री र व्यबहारिक समेत भएको नदेखिएको साथै पाईपको खरिद प्रक्रिया जिल्ला दैवी प्रकोप उद्धार समितिबाट तत् उपभोक्ता समितिलाई वितरण गर्ने गरी निर्णय भएको नदेखिएको र उक्त पाईप खरिद प्रक्रिया सम्बन्धी सक्कल फाईल अध्ययन गर्न माग गर्दा पेश्की फछ्यौंटको लागि सिंचाई विभाग जाउलाखेलमा पठाई सकिएको भन्ने सम्बन्धित कार्यालय प्रमुखबाट जानकारी हुन आएकोले आयोगबाट सम्बन्धित फाईल झिकाई थप अध्ययन गर्नु पर्ने देखिन्छ।

## ५.५.७ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, काभ्रेपलान्चोकले गरेको खरिद सम्बन्धमाः

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, काभ्रेपलान्चोकलाई रू.१,००,००,०००।- निकासा भएकोमा कोटेशन मार्फत उल्लेखित रकम बराबरको खानेपानी पाईप, ट्याङ्की तथा फिटिङ्स खरिद गरेको देखियो। उल्लेखित खरिद जिल्लाको खानेपानी आयोजनामा पुगेको क्षतिको विवरण संकलन नगरी हचुवाको भरमा खरिद गरेको; उल्लेखित सामग्रीहरू खरिद गर्न जिल्ला दैवी प्रकोप उद्धार समितिबाट निर्णय गराएको देखिए तापनि कुन-कुन खानेपानी आयोजनामा के-कति क्षति पुगेको छ भनी लागत अनुमान यकिन नगरी निर्णय गराएको देखियो। त्यस्तै, उल्लेखित खरिद कार्यमा संलग्न भएका व्यवसायिक फर्महरूले पेश गरेको दरभाउ पत्रमा एउटै हस्तरेखा समेत भेटिएको र खरिद गरिएको धैरै सामग्रीहरू वितरण नै नगरी मौज्दात राखेको देखिदा सो सम्बन्धमा आयोगबाट छानवीन हुनुपर्ने देखिन्छ।

## ५.५.८ खानेपानी तथा सरसफाई सब-डिभिजन कार्यालय, रसुवाबाट भएको खरिद सम्बन्धमाः

खानेपानी तथा सरसफाई सब-डिभिजन कार्यालय, रसुवाले पाईप तथा सरसफाई सम्बन्धी विभिन्न सामानहरु (शौचालयको प्यान, साबुन, बाल्टिन आदि) ठूलो परिमाणमा खरिद (रू.५५,८९,७१२।-) गरी पीडितहरूलाई वितरण गरेको अभिलेखबाट देखिन आयो तर उल्लेखित सामग्रीहरु पीडितहरूलाई वितरण भए/नभएको सम्बन्धमा नमूनाको रूपमा रसुवा जिल्लाका केही गा.वि.स.हरु (धुन्चे, लहरे पौवा र धैवुङ्ग) को अभिलेख भिडाई हेर्दा उल्लेखित वितरण भएको भनिएको सामग्रीहरू स्थानीय स्तरमा प्राप्त भएको नदेखिदा खानेपानी तथा सरसफाई सब-डिभिजन कार्यालयबाट वितरण गरिएको भनिएको सामग्रीहरू अन्य गा.वि.स.हरूमा पनि पीडितहरूले नपाएको हुन सक्ने अवस्था देखियो। यसैगरी, उल्लेखित कार्यालयले विभिन्न पसलबाट एउटै दररेटमा तथा एउटै पसलबाट ५०० भन्दा बढी शौचालय प्यान खरिद गरेको देखिदा खरिद प्रक्रिया स्वभाविक मान्न सक्ने अवस्था नदेखिएकोले सो सम्बन्धमा आयोगबाट छानवीन हुनुपर्ने देखिन्छ।

### ५.५.९ जिल्ला भू-संरक्षण कार्यालय, नुवाकोटले खरिद गरेको तारजाली (ग्याविन बक्स) सम्बन्धमाः

जिल्ला भू-संरक्षण कार्यालय, नुवाकोटले बिभिन्न २४ वटा संरक्षण क्षेत्रका उपभोक्ता समितिलाई भूकम्पीय जोखिमयुक्त बस्ती संरक्षण र भू-क्षय रोकथाम गर्न २*१*१ को २,०८० थान तारजाली खरिद गरी ६९५ थान वितरण गरेको पाईयो भने बाँकी १,३८५ थान तारजाली कार्यालय परिसरमा नै मौज्दात रहेको पाइयो। जिल्ला भू-संरक्षण कार्यालय नुवाकोटले खरिद गरेको २*१*१ मि. (१००*१२० को मेस जाली तयार गर्न प्रयोग हुने ८ र १० गेजको) साईजका तारजालीको लागत अनुमान तथा दर बिश्लेषणमा २७.३० के.जी. तौल हुनुपर्ने उल्लेख भएको भए पनि उक्त तारजाली मध्ये २ थान नमुना संकलन गरी तौल गर्दा क्रमशः १८ के.जी. ९०० ग्राम र १८ के.जी. २५० ग्राम मात्र भएकोले स्पेशिफिकेसनमा तोकिए अनुसार तारजाली आपूर्ति भएको प्रारम्भिक अनुसन्धानबाट देखिन नआएकोले सो सम्बन्धमा छानवीन गर्नु पर्ने देखिन्छ।

### ५.५.१० खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखाले गरेको खरिद सम्बन्धमाः

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखालाई जिल्ला स्थित क्षति पुगेका खानेपानी आयोजनाहरूको पुनः संचालनको लागि निकासा भएको रकम रू.१,००,००,०००।- बाट खानेपानी पाईप, फिटिङ्ग लगायतमा रू.६४,६४,७४४।- र शिविर व्यवस्थापनमा रू.१३,९८,४३६।- खर्च गरेको, जिल्ला खानेपानी डिभिजन कार्यालयबाट तयार गरिएको लागत अनुमान र पेश गरिएको दरभाउ पत्रमा उल्लेखित सबै दररेट एउटै पाईएको, लागत अनुमान क्षेत्रीय निर्देशकबाट मिति २०७२।०१।२४ मा स्वीकृत भएको र सोही मितिमा उल्लेखित सामग्रीहरू आपूर्तिका लागि काका भतिज हार्डवेयर एण्ड सप्लायर्स, गोरखा र नेपाल ब्रदर्श ट्रेडिङ्ग, काठमाण्डौलाई दररेट पेश गर्न पत्राचार भएकोमा आपूर्तिकर्ताहरुले खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखाले तयार गरेको लागत अनुमानसँग हु-बहु मिल्ने गरी दररेट पेश गरेको र सोही दररेटमा सम्झौता भई सामानहरु आपूर्ति गरेको देखिदा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखाले निकासा रकम खर्च गर्दा घटाघट गरेको तथा सरकारी रकम खर्चमा मितव्ययिता अपनाएको नदेखिएकोले सो सम्बन्धमा आयोगबाट छानवीन हुनुपर्ने देखिन्छ।

## ५.६ सन्दर्भ सामग्रीहरू


१. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को निर्णयहरू,

२. केन्द्रीय दैवी प्रकोप उद्धार समितिका निर्णयहरू,

३. स्थलगत अनुगमनका क्रममा गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कृषि विकास मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, परराष्ट्र मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शिक्षा मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, उद्योग मन्त्रालय, प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी बल नेपाल भन्सार विभागबाट प्राप्त अभिलेख,

४. स्थलगत अनुगमनका क्रममा भूकम्प प्रभावित जिल्लाहरूबाट प्राप्त अभिलेख,

५. स्थलगत अनुगमन गरी यस आयोगमा दिएका प्रतिवेदनहरू,

६. भुकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना-२०७२

७. खोज, उद्धार तथा राहतको एक महिनाको प्रारम्भिक प्रतिवेदन, २०७२

८. भूकम्प प्रभावितको लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट संयोजन भएको राहत व्यवस्थापन सम्बन्धी प्रतिवेदन,

९. राहत संकलन तथा वितरण सम्बन्धमा पत्रपत्रिकामा प्रकाशित समाचारहरू,

१०. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष संचालन नियमावली, २०६३,

११. खोज तथा उद्धार राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७१,

१२. भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१,

१३. विपद् पश्चात्को शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८,

१४. गृह मन्त्रालयको प्रेस विज्ञप्तीहरू,

१५. प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४,

१६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७,

१७. राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा,२०७०

१८. विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६

१९. राष्ट्रिय योजना आयोगबाट प्रकाशित विपद्पछिको आवश्यकता आँकलन प्रतिवेदन २०७२

२०. नेपाल सरकारका आधिकारीक वेभसाईटहरू:

www.drrportal.gov.np
www.moha.gov.np
www.neoc.gov.np
www.mocs.gov.np

## ५.७ राय सुझाव लिईएका विज्ञ तथा पदाधिकारीहरूः

१. नेपाल सरकारका मुख्य सचिव, डा.सोमलाल सुवेदी

२. राष्ट्रिय योजना आयोगका निवर्तमान उपाध्यक्ष, डा. गोविन्दराज पोखरेल

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, श्री प्रेम कुमार राई

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, श्री श्रीधर सापकोटा

५. उद्योग मन्त्रालयका सचिव, श्री जयमुकुन्द खनाल

६. अर्थ मन्त्रालयका सचिव, श्री सुमन प्रसाद शर्मा

७. वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, श्री ङईन्द्र प्रसाद उपाध्याय

८. उपरथी, श्री सुन्दर पुडासैनी, नेपाली सेना

९. प्रहरी अतिरिक्त महानिरीक्षक श्री राजेन्द्रसिंह भण्डारी, प्रहरी प्रधान कार्यालय

१०. प्रहरी अतिरिक्त महानिरीक्षक श्री बिरेन्द्रबाबु श्रेष्ठ, प्रहरी प्रधान कार्यालय

११. भन्सार विभागका महानिर्देशक, श्री शिशिर ढुंगाना

१२. स्वास्थ्य सेवा विभागका महानिर्देशक, डा.शेनेन्द्र उप्रेती

१३. व्यवस्थापिका संसद सचिवालयका सहसचिव, कृष्णहरि खड्का

१४. National Emergency Operation Center का सहसचिव श्री रामेश्वर दंगाल तथा उपसचिव श्री बाबुराम भण्डारी

१५. नेपाल खाद्य संस्थान, थापाथलीका महानिर्देशक, डा.शिवहरी श्रेष्ठ

१६. नेशनल ट्रेडिङ्ग, रामशाहपथका महानिर्देशक, श्री पूर्ण शंकर वसी

१७. भूकम्प अति प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा केन्द्रीय दैवी प्रकोप उद्धार समितिका अध्यक्षहरु

१८. भूकम्प अति प्रभावित जिल्लाका जिल्ला दैवी प्रकोप उद्धार समितिका सदस्यहरू

१९. नागरिक समाजका प्रतिनिधिहरू

२०. भूकम्प अति प्रभावित जिल्लाका सम्बन्धित कार्यालय प्रमुखहरू

२१. विनाशकारी भूकम्पबाट पीडित जनसमुदाय

## ५.८ आयोगको मिति २०७२।०४।३१ गतेको निर्णयद्वारा गठित छानवीन कार्यटोली

१. प्रहरी नायव महानिरीक्षक, श्री पशुपति उपाध्याय - संयोजक

२. प्रहरी बरिष्ठ उपरीक्षक, श्री केदार रिजाल - सदस्य

३. उपसचिव, श्री हरिबाबु पोखरेल - सदस्य

४. उपन्यायाधिवक्ता, श्री रामकुमार थापा - सदस्य

५. उपसचिव, श्री कुमार बहादुर खड्का - सदस्य

६. प्रहरी नायव उपरीक्षक, श्री आनन्दजंग थापा - सदस्य

७. आर्थिक सहायक विशेषज्ञ, श्री रामहरि अर्याल - सदस्य

८. शाखा अधिकृत, श्री बोलराज आचार्य - सदस्य सचिव